Mattiuzzi, C., & Lippi, G. (2020). Cancer statistics: A comparison between World Health Organization (WHO) and Global Burden of Disease (GBD). European Journal of Public Health, 30(5), 1026–1027. https://doi.org/10.1093/eurpub/ckz216

Mufti, I. (2017). Peace and Security in South Asia: Challenges and Solutions. South Asian University.

Naidoo, S. (2022). Commentary on the contribution of Working Group III to the Sixth Assessment Report of the Intergovernmental Panel on Climate Change. South African Journal of Science, 118(9/10). https://doi.org/10.17159/sajs.2022/14690

Rahman, M. (2014). Security challenges in South Asia: Traditional versus Non-Traditional security. South Asian University.

Sen, A. (2002). Development as freedom: the spaces of Amartya Sen. Progress in Development Studies, 2(3), 183-217.

Tariq, H. (2017). Human security challenges in India. South Asian Journal. http://southasiajournal.net/human-security-challenges-in-india.

UNDP. (1994). Human Development Report 1994: New Dimensions of Human Security. O. U. Press.

भन्ने आशय प्रकट गरिएको छ । यस लेखले 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको विश्लेषणसँग सम्बन्धित अध्ययन गर्न चाहने विद्यार्थी, लेखक, जिज्ञासु, अनुसन्धातालाई सन्दर्भ सामग्रीको रूपमा काम लाग्ने विश्वास लिइएको छ ।

**मुख्य शब्दावली :** इथर, ब्रह्माण्ड, अन्वेषण, स्वैरकाल्पनिक निमाहरू ।

## अध्ययनको पृष्ठभूमि

सरुभक्त श्रेष्ठको वास्तविक नाम भक्तबहादुर श्रेष्ठ हो । उनको जन्म वि.सं. २०१३ सालमा बगर, पोखरामा भएको हो (पौड्याल, २०५७, पृ. १३१) । श्रव्य र दृश्य दुवै फाँटमा कलम चलाउने यी स्रष्टाले पूर्णाङ्कीका साथै एकाङ्कीका क्षेत्रमा पनि विशिष्टताको परिचय दिएका छन् (उपाध्याय, २०७१, पृ. २५४) । उनले एम.ए. सम्मको अध्ययन गरेका छन् । नाटक, कविता, उपन्यास र कथा विधामा विशेष रूपमा कलम चलाएका सरुभक्त बहुमुखी व्यक्तित्वका रूपमा देखापरेका छन् । उनका युद्ध उही ग्याँस च्याम्बरभित्र (२०३७), गाउँघरका नाटकहरू (२०५०), बालबालिकाहरूको नाटक (२०५३), असमय अमौसम (२०५४), निमावीय (२०५५), यसोधम्मो सनंतनो (२०५४), जस्तो दन्त्यकथा (२०५७), सिरुमा रानी (२०६१), गाउँको कथा यस्तो हुन्छ है (२०६१) र शरणार्थीहरू (२०६३) गरी तेह्रवटा नाटक र नाटक सङ्ग्रहहरू प्रकाशित भएका छन् । मदन पुरस्कार प्राप्त पागलबस्ती (२०४८) लगायत आधा दर्जन उपन्यास, ४ वटा कथासङ्ग्रह र एक दर्जनभन्दा बढी मुक्तक, गीत, खण्डकाव्य र कवितासङ्ग्रहका कृति प्रकाशित गरेका सरुभक्तले साढे दुई दर्जनभन्दा बढी पुरस्कार, पदक र सम्मान प्राप्त गरेका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राज्ञसमेत बनिसकेका सरुभक्तले थुप्रै कृतिको सम्पादन गरेका छन् । उनी अहिले पनि थुप्रै सङ्घसंस्थामा संलग्न भएर साहित्य सेवामा लागिरहेका छन् ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानमूलक लेखको उद्देश्य 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको विश्लेषण गर्नु रहेको छ । यो विज्ञान विषयमा आधारित भएर लेखिएको एक पूर्णाङ्की नाटक भएकाले यसको विषयवस्तु चयन, पात्र चयन, संवाद प्रक्रियाको आयोजना एवम् दृश्ययोजनाका दृष्टिले यसलाई विज्ञान नाटकको कोटिमा राखेर विश्लेषण गर्नु अर्को महत्त्वपूर्ण उद्देश्य राखिएको छ । यसरी नाट्यतत्त्वलाई आधार मानेर विश्लेषणात्मक अध्ययन गर्नु यस नाटकको उल्लेख्य पक्ष रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धेय विषयमा गुणात्मक ढाँचाको उपयोग गरिएको छ । विषयवस्तुलाई विश्लेषणात्मक र समीक्षात्मक विधिको उपयोग गरी निष्कर्षमा पुगिएको छ । सामग्री सङ्कलनको प्राथमिक र द्वितीयक स्रोतमध्ये द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ। यस लेखको प्राथमिक स्रोत सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटक हो भने सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका यस लेखका द्वितीयक सामग्री हुन् । यसमा पुस्तकालयको प्रयोग गरी विभिन्न सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक रूपमा विश्लेषण गरेर निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक र अवधारणात्मक ढाँचा

प्रस्तुत लेखको सैद्धान्तिक अवधारणा नाटकको तत्त्व रहेको छ । नाटकका संरचक घटकलाई नाटकको तत्त्वका रूपमा यस लेखमा विश्लेषण गरिएको छ । वर्तमान समयमा नाटकका निम्न तत्त्वहरू पाइन्छन्- कथावस्तु, पात्र, संवाद, देशकाल वातावरण, भाषाशैली र उद्देश्य । अभिनेयता नाटकको अनिवार्य शर्त हो (पौड्याल, २०५७, पृ. ६) । नाटकले जीवन जगत्को सम्पूर्ण पक्षलाई समेट्छ । प्रस्तुत विश्लेष्य नाटक प्रयोगवादी नाटक हो । नयाँ नाट्यमान्यतामा संरचित नाटक प्रयोगवादी नाटक हो । प्रथम विश्वयुद्धपछि प्रायः पश्चिमेली साहित्यकारहरू अयथार्थवादी साहित्य आन्दोलनमा सक्रिय रहे । यही अयथार्थवादी साहित्य आन्दोलनमा प्रयोगवादी नाट्यचेतनाको उदय र विकास भयो (पोखरेल, २०८१, पृ. ५३) । यसरी यस लेखमा प्रयोगवादी नाट्यचेतनाको कसीमा नाटकलाई समीक्षा गरिएको छ ।

नाटक बन्नलाई शीर्षक, कथानक, पात्र, द्वन्द्वविधान, दृश्ययोजना, संवाद, वैचारिकता, भाषाशैलीको आवश्यक पर्दछ । यिनै नाटकका तत्त्वलाई सैद्धान्तिक आधार बनाएर प्रस्तुत लेखमा 'इथरमा कोरिएको प्रेमपत्र' नाटकलाई विश्लेषण गरेर निष्कर्षमा पुग्ने कार्य गरिएको छ । यस लेखको अवधारणात्मक ढाँचालाई तल उल्लेख गरिएको छ :




उल्लिखित अवधारणात्मक ढाँचाका आधारमा नाटकका तत्त्वहरू शीर्षक, कथानक, पात्रविधान, द्वन्द्वविधान, दृश्ययोजना, संवादयोजना, वैचारिकता, भाषाशैलीका आधारमा नाटकलाई विश्लेषण र समीक्षा गरी यस अनुसन्धानमा गहन अध्ययन गरेर निष्कर्ष निकालिएको छ ।

**परिणाम तथा छलफल**

**सरुभक्तका प्रमुख नाट्यप्रवृत्ति**

वि.सं. २०३० सालमा असिना पग्लिन्छ शीर्षकको एकाङ्कीको रचना गरी नाट्यविधामा प्रवेश गरेका नाटककार सरुभक्तको प्रथम प्रकाशित नाट्यकृति सराप परेको

घर (२०३५) हो । वि.सं. २०३५ सालबाट औपचारिक नाट्ययात्राको थालनी गरेका नाटककार सरुभक्तले एकाङ्की र पूर्णाङ्की गरी एक दर्जनभन्दा बढी नाट्यसङ्ग्रह प्रकाशन गरिसकेका छन् । उनका थुप्रै नाटक/एकाङ्कीहरू रङ्गमञ्चमा मञ्चनसमेत भइसकेका छन्। बहुमुखी प्रतिभाका धनी सरुभक्तले नेपाली साहित्यका कथा, उपन्यास, कविता आदि थुप्रै विधामा कलम चलाएका भए पनि र विविध विधाका कृतिका माध्यमबाट थुप्रै पुरस्कारहरू प्राप्त गर्न सफल भए पनि उनको सबैभन्दा उन्नत विधा नाटक हो । त्यसैले उनी प्रथमतः नाटककार हुन् । त्यसपछि मात्र कवि, उपन्यासकार र कथाकार हुन् ।

सरुभक्तका एकाङ्कीमा संसारका जीवन र जगत्का विविध रूप र रङ देखिन्छन् (उपाध्याय, २०७१, पृ. ३०१) । ग्रामीण-समस्यामूलक विषयवस्तुलाई लिएर नाट्यरचना गर्न थालेका सरुभक्तले इथर (२०४४) नाटकको रचनासँगै वैज्ञानिक/प्रयोगधर्मी नाट्यधारालाई आत्मसात् गरेका हुन् । विषयगत दृष्टिले उनले सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, धार्मिक, राजनैतिक, दन्त्यकथा र विज्ञान विषयक नाटकहरूको रचना गरेका छन् । यसरी हेर्दा उनका नाटकमा विषयगत विविधता पाइन्छ । युद्ध उही ग्याँस च्याम्बरभित्र (२०३९) सामाजिक समस्यामूलक, यामभरिको चिसो सपना (२०४२), विस्फोटको तेस्रो पाइला (२०४४), इदमित्थम् (२०५२), मनोवैज्ञानिक, इथरमा कोरिएको प्रेमपत्र (२०४४) र निमावीय (२०५५) विज्ञान नाटक, एस धम्मो सनंतनों (२०४६) धार्मिक नाटक, मलामी (२०५१), असमय अमौसम (२०५४) सामाजिक नाटक र सिरुमा रानी (२०६१) लोक शैलीमा लेखिएका उनका ग्रामीण समस्यामूलक नाटक हुन् ।

प्रवृत्तिगत दृष्टिले सरुभक्त एक सफल प्रयोगवादी नाटककार हुन् । सरुभक्तले प्रयोगधर्मी र परम्पराधर्मी दुवै थरी नाटक र एकाङ्की लेखेका छन् । तर उनको प्रतिभाको चमत्कार प्रयोगधर्मी नाट्यकारितामा नै देखिन्छ (उपाध्याय, २०७१, पृ. ३०२) । उनका एकाङ्की तथा पूर्णाङ्की नाटकका विषय, पात्र, रङ्गमञ्च-योजना आदिमा प्रयोगधर्मिता पाइन्छ । यसका अतिरिक्त विज्ञान नाटकको कल्पना र प्रयोग गर्ने उनी प्रथम नेपाली नाटककार हुन् । उनको इथर र निमावीय विज्ञानलाई विषयवस्तु बनाएर रचना गरिएका विज्ञान नाटक हुन् । यी नाटकमा वैज्ञानिक प्रगति, उपलब्धि र विज्ञानले मानव जीवनमा पुऱ्याएको सन्त्रासलाई चित्रण गरिएको छ । त्यसैले नाट्यविधामा नयाँ विषय प्रवेश गराउनु उनको विशिष्टता हो । विज्ञान नाटकभित्र स्वैरकल्पनाको प्रयोगले उनी विशिष्ट प्रयोगशील नाटककारका रूपमा देखापरेका छन् । एक अध्ययनशील र चिन्तनशील नाटककार भएकाले

उनको चिन्तनशील व्यक्तित्वको सक्रियता पीडा आमन्त्रण र यामभरिको चिसो सपना नाटकका माध्यमबाट शून्यवादी चिन्तकका तहसम्म पुगेको छ ।

सरुभक्तका नाटकमा प्रेमले प्रशस्त स्थान पाएको छ । उनले आफ्ना नाटकमा प्रेमका विविध पाटाहरू प्रस्तुत गरेका छन् । उनका नाटकमा आत्मिक प्रेम, वात्सल्य प्रेम, राष्ट्रप्रेम र मानवीय प्रेमलाई प्रस्तुत गरिएको छ । दैहिक सुन्दरतामा प्रेम सीमित हुन नसक्ने मान्यता राख्ने सरुभक्तले वासनाबाट प्रेमलाई मुक्त गरी यसलाई एउटा गरिमामय वस्तुका स्थानमा पुऱ्याएका छन् । युद्ध : उही ग्याँस च्याम्बरभित्र र त्यो पत्थर मूर्ति बन्दैन नाटक यसका उदाहरण हुन् । गोलार्द्धको कालो आकाशमा रङ्गमञ्चको चित्रात्मक प्रस्तुतिको प्रयोग गरिएको छ । नेपाली नाटक परम्परामा विज्ञानलाई विभिन्न रूपमा प्रयोग गर्ने सरुभक्त पहिलो नेपाली नाटककार हुन् (पौड्याल, २०५७, पृ. १३१) ।

सरुभक्त बाल नाटककार पनि हुन् । उनले केही बाल नाटकको रचना गरेका छन् । उनले थुप्रै नाटकमा बालबालिकाप्रति अगाध स्नेहको भाव व्यक्त गरेका छन् । उनले इतिहासभित्रको इतिहास एकाङ्कीलाई आजन्म छोरीप्रति समर्पित गरेका छन् । बालबालिकाहरूका नाटकभित्रका नाटकहरूमा विषय, पात्र र तिनको भाषाको प्रयोगका माध्यमबाट बालबालिकाहरूलाई प्रधानता दिएका छन् । अन्य नाटकहरूमा पनि बालपात्रको प्रयोग गरेकामा उनी बालकलाई माया गर्ने नाटककारका रूपमा छन् ।

नाटककार सरुभक्त मानवतावादका उपासक हुन् । उनी मानव समानतामा विश्वास गर्दछन् । विश्वबन्धुत्वको भावना राख्ने व्यक्ति भएकाले इथर, एस धम्मो सनंतनों र आदि प्रवर्तक नाटकको रचना गरी आफ्नो मानवतावादी र विश्वबन्धुत्वको भावलाई प्रस्तुत गरेका छन् । उनले आफ्ना रचनाहरूमा जीवन भोगाइका क्रममा अनुभूत सत्य, पीडा, युगबोध, विकृति, आधुनिक जटिलता र कुसंस्कारलाई समस्याका रूपमा प्रस्तुत गरेका छन् ।

सरुभक्तले विषयवस्तुका दृष्टिले सामाजिक, विज्ञान, मनोविज्ञान र धार्मिक नाटक लेखेका छन् (आचार्य, २०७४, पृ. २१७) । सरुभक्तका नाटकमा प्रयोग भएका पात्रहरू समूहबोधक, विशिष्ट, सकारात्मक नकारात्मक, असल-खराब, मञ्चीय आदि विविध प्रकारका छन् । उनी छोटा वाक्य र सरल संवादको प्रयोग गर्दछन् । सर्वश्राव्य आकाशवाणी, सूत्रधार कथन, नेपथ्य र एकलापीय संवादको प्रयोग उनका नाटकमा पाइन्छ । उनले कतै ठेट नेपाली शब्द, कतै अङ्ग्रेजी शब्द र संस्कृत तत्सम शब्दहरूको प्रचुर प्रयोग गरेका छन् ।

उनका नाटकमा रसगत विविधता पाइए पनि त्रासदको प्रयोगमा उनी बढी सफल देखिन्छन् ।

**सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटकको विश्लेषण**

इथरमा कोरिएको प्रेमपत्र सरुभक्तको इथर नाटकसङ्ग्रहभित्र सङ्कलित पूर्णाङ्की नाटक हो । यो सङ्ग्रहको प्रकाशन वि.सं. २०४४ सालमा भएको हो । यो सरुभक्तको र सिङ्गो नेपाली नाट्यसाहित्यको प्रथम विज्ञान नाटक हो ।

**कथानक**

इथर नाटकको कथानक रङ्गमञ्च विधान र पात्र विवरणको स्पष्टीकरणसहित आरम्भ भएको छ (पौड्याल, २०५७, पृ. १३१) । इथरमा कोरिएको प्रेमपत्र नाटक नाटककार सरुभक्तले विज्ञानलाई विषयवस्तु बनाएर रचना गरिएको पूर्णाङ्की नाटक हो । यस नाटकमा डाक्टर, एक्स, उनकी पत्नी एक्स-१, छोरी एक्स-० सहित मानवनिर्मित मानवहरू (रोबोट ०१, ०२, ०३, +०० को अत्याधुनिक वैज्ञानिक परिवार छ । डाक्टर एक्सकी पत्नी एक्स-१ को आफ्नी छोरी एक्स-० लाई न्युक्लियर फिजिक्सको विशेष वैज्ञानिक तथा अन्तरिक्ष वैज्ञानिक बनाउने चाहना छ । ऊ आफ्नी छोरीलाई सुदूर अन्तरिक्ष भेदन गरी निहारिका, ग्यालेक्सी र सम्पूर्ण ब्रह्माण्डको छेउसम्म स्वतन्त्र रूपले वैज्ञानिक यात्रा गर्न सक्षम बनाउन चाहन्छे । अझ उसको चाहना छ- छोरीले पृथ्वीसहित पूर्ण ब्रह्माण्डका अणु-परमाणु र त्यसभन्दा पनि सूक्ष्मतम शक्तिमाथि विजय प्राप्त गरोस् । तर ऊ आफ्नो श्रीमान् डाक्टर एक्सको नीतिपरक भावुकताले यो सपना पूरा हुने देख्दिन । डाक्टर एक्स विश्वमा दिनप्रतिदिन विकसित हुँदै गएको अन्तरिक्ष भौतिकविद्हरूको आविष्कार, आणविक महायुद्ध, अन्तरिक्ष सैनीकरण र होडबाजीको विरोधमा छ । ऊ एक मानवतावादी वैज्ञानिक हो । विज्ञानले मानव जीवनमाथि निम्त्याएको अस्तित्वको खतरालाई ऊ समाप्त पार्न चाहन्छ । उसका यी चाहना र मान्यता उसले फोनमार्फत आफ्नो मित्र ग्यालेक्सी-डब्लु.एक्स.वाई. अन्तरिक्ष कार्यक्रमका महानिर्देशक डाक्टर एम.लाई बताउँछ । डाक्टर एक्स. जस्तोसुकै कठोर साधना र जुनसुकै मूल्य चुकाउन परे पनि मानव जातिको अस्तित्व सुरक्षित राख्न चाहन्छ । ऊ एक जीववैज्ञानिक भएकाले उसको उद्देश्य छ- पृथ्वीमा मानव जातिको अस्तित्व मेटिनु हुँदैन ।

ग्यालेक्सी-डब्लु. एक्स. वाई. अभियान संस्थाबाट अन्तरिक्षयान प्रक्षेपण गरी वायुमण्डल भेदन गरी ग्रह वा तारामा पठाइएको छ । गोप्य रूपमा पठाइएको यो अन्तरिक्ष यानको प्रक्षेपण कार्यलाई उनीहरूले विश्वका शान्तिकामी सङ्गठनहरूले अन्तरिक्षको सैन्यीकरण, कुसाम्राज्य र पारमाणविक युद्धको सन्त्रासबाट मुक्त हुन पृथ्वीबाट अन्य ग्रह, उपग्रह वा ताराहरूमा बसोबास गर्ने 'अन्तरिक्ष-पलायनवादी प्रवृत्ति' भनी आशङ्का गरिएको छ । डाक्टर एक्स आणविक आविष्कारलाई पूर्ण रूपमा चुनौती दिन चाहन्छ । ऊ पृथ्वीमा महान् र प्रतिभाशाली व्यक्तिको भन्दा आदर्श र चरित्रवान् व्यक्तिको आवश्यकता महसुस गर्दछ । ऊ प्रत्येक ज्ञान र विज्ञान जीवनवादी सत्यसम्म पुग्ने मानव हुनुपर्दछ भन्ने ठान्दछ ।

डाक्टर एक्सको चुनौतीलाई अन्तरिक्ष वैज्ञानिकले पनि दुई कारणले उपेक्षा गर्न सकेनन् । पहिलो त्यो चुनौती वा धम्की अति विख्यात, विश्वस्तरीय वैज्ञानिकले प्रेषित गरेको थियो र दोस्रो सम्पूर्ण मानवीय विज्ञानको गर्विलो इतिहासमा एक गम्भीरतम वैज्ञानिकले विश्वभरका न्युक्लीय विज्ञानीहरू र अन्तरिक्ष भौतिकविद्हरूलाई आह्वान गरिएको पहिलो चुनौती थियो । अन्तरिक्ष वैज्ञानिकलाई चुनौती दिँदै डाक्टर एक्सले ६ अगस्ट १९४५ मा हिरोसिमाको ५८० मिटरमाथि आकाशमा विस्फोट गरिएको १२,००० टनको बम र पचास हजार डिग्री सेन्टिग्रेड उष्ण तापयुक्त चार टनको, तीन मिटर लामो र ७१ सेन्टिमिटर चौडा लिटिल ब्वाय नामको नागासाकीमा खसालिएको बमको स्मरण गर्दै अब कुनै युद्ध र कुनै कम्प्युटरले भूल गऱ्यो भने मानव जातिको अस्तित्वलाई बचाउन सकिन्न भन्ने ठान्छ । कुनै विश्व शान्तिका नाममा गरिने अपिलले पनि मानव संहार रोक्न सक्दैन । उनी ठान्छन्- विश्व शान्तिका नाममा गरिने अपिलका स्वरहरू हत्यारा राजनीतिको विस्फोटन क्षमताभन्दा शक्तिशाली हुनुपर्दछ । विश्वशान्तिको अपिल दयाको भीख हुनुहुँदैन । लाखौँ हिरोसिमाबासीहरूका बिच प्रार्थना गर्दा डाक्टर एक्सले यही कुरा सोच्छ र उसले आफ्नो नयाँ वैज्ञानिक अन्वेषणको बाटो अपनाउँछ ।

वैज्ञानिक अन्वेषण पूर्व उसले निम्न पाँच मान्यताहरू प्रतिपादन गर्दछ :

(क) विश्वभरका शस्त्रीकरणमा संलग्न परमाणु वैज्ञानिकहरू मानव अस्तित्वका दुस्मन हुन् ।

(ख) मान्छे जातिलाई पृथ्वीमा नै जीवित रहने प्राकृत अधिकार छ र जीवनदायी पृथ्वीलाई धरतीमाताका रूपमा आदर गरी यसप्रतिको कर्तव्य पूर्ण इमानदारीपूर्वक पूरा गरिनुपर्छ ।

(ग) पृथ्वीबाट अन्य ग्रह, नक्षत्रतिर पलायन गरी अन्तरिक्षमा बस्ती बसाल्ने आयोजनाले मानवीय अस्तित्वको सङ्कट उन्मूलन हुँदैन । त्यसैले यस्ता अन्तरिक्ष अभियानहरूलाई मानवताविरोधी स्वीकार गरिनुपर्दछ ।

(घ) पृथ्वीका प्रत्येक समस्या र प्रत्येक सङ्कटको समाधान पृथ्वीमा नै खोजिनुपर्छ । यो नै मानव धर्म हो ।

(ङ) आणविक, पारमाणविक विध्वंशात्मक उपासना भयानक मानवीय रोग हो । यसलाई पूर्ण अस्तित्वविरोधी सङ्क्रामक महामारीको दर्जा प्रदान गरी उपचार विधि खोजिनु पर्दछ ।

यी पाँच पूर्व मान्यता स्थापना गरी डाक्टर एक्सले नाभिकीय महामारी विरुद्धको खोजयात्रा प्रारम्भ गर्दछ । उसको लक्ष्य छ- परमाणुको संरचनात्मक विखण्डनद्वारा उत्पन्न विस्फोटक ऊर्जा, आघात तरङ्ग, अति उच्च ताप एवम् न्युक्लीय विकिरणका जैविक प्रतिरोधक क्षमताको खोजी । उसले आफ्नो खोजलाई न्युक्लियर ब्याक्टेरियोलजी (Nuclear Bacteriology) नाम दिएको छ । ऊ आफ्नो खोजले सामान्य शरीरको उच्चतम प्रतिरोध क्षमताभन्दा लाखौँ गुणा शक्तिशाली प्रतिरोध क्षमता जागृत गर्ने विशिष्ट रासायनिक द्रव्य आविष्कार गर्न सफल भएको छ । उसले यसलाई आर्तविशिष्ट गतिरोधात्मक द्रव्य-२ भन्ने नाम दिएको छ । 'एन्टी न्युक्लियर इन्जेक्सन' लगाएको आधा सेकेन्डपछि 'दोस्रो ग्रन्थि' सक्रिय हुन्छ भन्ने उसको मान्यता छ । यी प्रयोगहरूको व्याख्यासँगै उसले आफ्नी छोरी एक्स-० मा प्रयोग गरेर देखाइरहेको छ । छोरीका शरीरमा क्रमशः ताप बढाउँदै पाँच करोड डिग्री सेन्टिग्रेडभन्दा बढी तापीय ऊर्जा र एक करोडभन्दा बढी न्युक्लीय विकिरणको शून्य प्रभाव परिरहेको देखाउँछ । ऊ इन्जेक्सनलाई क्याप्सुलमा पनि परिणत गर्न सकिने कुरा बताउँछ ।

'द्रव्य-२' इन्जेक्सनको क्षमता अवधि दश दिनको मात्र हुनु, कतिपय मृत्युकिरणका विरुद्ध यो अप्रभावित हुनु, केन्द्रीय आघातलाई रोकथाम गर्न नसक्नु, अत्यन्त महङ्गो हुनु र राजनीतिक समस्या आइपर्ने सम्भावना हुनु यसका समस्याहरू हुन् भन्दै ऊ यी समस्याको

समाधानतर्फ पनि निरन्तर लागिरहेको कुरा बताउँछ । यस कुरामा ऊ सफल हुन सके मानवको कृत्रिम जीवन निर्माण हुने पृथ्वी जीवनका लागि, जीवन पृथ्वीका लागि भन्ने आफ्नो आदर्श नारा पूरा हुने आशा राख्छ । नाटक यही समाप्त हुन्छ ।

प्रस्तुत नाटक प्रयोगधर्मी भएकाले यसमा विविध कथांशहरू जोडिएका छन् (पौड्याल, २०५७, पृ. १३१) । यसरी नितान्त वैज्ञानिक विषयवस्तुलाई लिएर स्वैरकाल्पनिक घटना र तथ्यहरूलाई बुन्दै त्यसका कथाबाट विज्ञानका नाममा मानव जीवनमाथि उत्पन्न समस्याको अन्त्यका पक्षमा आफ्ना विचारहरू प्रस्तुत गर्न नाटकको कथावस्तु चयन गरिएको छ ।

**पात्रविधान**

नाटककार सरुभक्तको विज्ञान नाटक इथरमा कोरिएको प्रेमपत्रका पात्रचयनमा प्रयोगशीलता पाइन्छ । वैज्ञानिक विषयवस्तुका सन्दर्भमा आएका पात्रहरू विषयवस्तुअनुरूप विज्ञान चेतनबाट अभिप्रेरित र विज्ञानकै उपजका रूपमा देखापरेका छन् । नाटकमा प्रयुक्त प्रमुख पात्रहरू निम्नानुसार छन् :

(अ) डाक्टर एक्स- युवा डाक्टर (प्रमुख पात्र)

(आ) एक्स-१ डाक्टर पत्नी

(इ) एक्स-० डाक्टरकी छोरी

(ई) ०१, ०२, ०३ + ०० मानव निर्मित मानव

(उ) डाक्टर एम- ग्यालेक्सी-डब्लु.एक्स.वाई. अन्तरिक्ष कार्यक्रमका महानिर्देशक ।

यस नाटकका सबै पात्रहरू या त वैज्ञानिक चेतनाले युक्त अथवा विज्ञाननिर्मित पात्रहरू मात्र छन् । डाक्टर एक्स, एक्स. १, एक्स. ०, डाक्टर एम. विज्ञान चेतनायुक्त पात्रहरू हुन् भने ०१, ०२, ०३ +०० विज्ञानका उपजका रूपमा रहेका निर्मित मानव (रोबोट) हुन् । यिनै पात्रहरूको अन्तर्क्रियाबाट नाटक निर्माण भएको छ ।

**डाक्टर एक्स :** डाक्टर एक्स एउटा युवा वैज्ञानिक हो (पौड्याल, २०५७, पृ. १३३) । ऊ नाटकको प्रमुख पात्र हो र यो नाटककारको मुखपात्र पनि हो । यसले नाटककारको मान्यता, दृष्टिकोण, सिद्धान्त र दर्शन प्रस्तुत गरेको छ । ऊ जीववैज्ञानिक हो, त्यसैले उसले

जीवनवादी दृष्टिकोण राख्दछ । ऊ मानवतावादबाट अगाडि बढेर जीवनवादी पात्रका रूपमा देखापरेको छ । विज्ञानका नाममा विकसित अस्त्र, अणुबम, एटमबम र अन्य प्रकारका मानव संहारका यन्त्रको पन्जाबाट मानिसलाई बचाउनका लागि अथक प्रयत्नका साथ लागिरहेको छ । उसले ती अस्त्रलाई निस्तेज बनाउने रसायन पत्ता लगाएको छ र क्याप्सुलमा परिणत गर्ने प्रयासमा उसको चिन्तन, प्रतिभा र लगन विलक्षण किसिमको छ । ऊ अद्भुक किसिमको चमत्कारको आविष्कार गरी मानवको जीवनलाई सुरक्षित तुल्याएर निस्फिक्री बाँच्न दिने चाहना राख्छ । त्यसैले ऊ विज्ञानवादी पात्रका रूपमा देखिएको छ । ऊ वैज्ञानिक विकासका पक्षमा छ तर विज्ञानको विकासको र उपलब्धिको दुरुपयोग नहोस् भन्ने मान्यता राख्दछ ।

**एक्स-१ :** एक्स १ डाक्टर एक्सकी श्रीमती हो (पौड्याल, २०५७, पृ. १३४) । ऊ डाक्टर एक्सका भन्दा भिन्न विचार भएकी पात्र हो । ऊ पनि विज्ञानको चामत्कारिक विकासका पक्षमा छ । बरु आफ्ना पतिको विज्ञानको चमत्कारलाई निस्तेज पार्ने विचारका विपक्षमा छ । ऊ आफ्ना लोग्नेका विचारलाई अराजक ठान्छे । उसको चाहना आफ्नी छोरी एक्स-० ठूलो अन्तरिक्ष वैज्ञानिक बनोस् भन्ने छ । उसले सुदूर अन्तरिक्ष मोह गर्न सकोस् । ऊ निहारिका, ग्यालेक्सी तथा सम्पूर्ण ब्रह्माण्डको छेउटुप्पासम्म स्वतन्त्र रूपमा विचरण गर्न सकोस्, सिङ्गो पृथ्वीसहित पूर्ण ब्रह्माण्डमाथि दिग्विजय प्राप्त गरोस् भन्ने छ । तर उसले आफ्ना सपनाहरू पतिका नीतिपरक भावुकताले मक्किँदै गएको महसुस गरेकी छ । उसले पतिको महत्तम उद्देश्यलाई अराजक ठानेकी छ । उसको म त पतिसँग नभएर चामत्कारिक विकासमा लागेका वैज्ञानिकसँगै मेल खान्छ । ऊ मानवीय र वर्गीयभन्दा व्यक्तिगत र सामान्य पात्रका रूपमा देखिएकी छ । ऊ नाटककी प्रमुख नारी पात्र हो ।

**एक्स-० :** एक्स-० डाक्टर एक्स. र एक्स-१ की छोरी हो । उसमा बालसुलभ चञ्चलता छ । ऊ बाबु र आमाकी दोहोरो आशा र परीक्षणकी वस्तु हो । उसका आफ्ना कुनै मान्यता छैनन् । तर सात वर्षकी हुँदै उसले $E= mc^2$ को फर्मुला प्रुफ गर्न थालिसकेकी छ । अन्तरिक्षसम्बन्धी फिल्म र भिडियोहरू हेर्ने उसको ठूलो सोख छ । आमा उसलाई ठूलो अन्तरिक्ष वैज्ञानिक बनाउन चाहन्छे भने बुबाको परीक्षणमा ऊ ज्ञानी र निडर भएर सहयोग पुऱ्याइरहन्छे । ऊ आफ्ना कुनै उद्देश्य र मान्यता नभएकी बालपात्र हो ।

**डाक्टर एम :** डाक्टर एम डाक्टर एक्सको स्कुले साथी हो । कफी रुचाउने डाक्टर एम् ग्यालेक्सी डब्लु.एक्स.वाई. अन्तरिक्ष कार्यक्रमको महानिर्देशक हो (पौड्याल, २०५७, पृ. १३३) । उसले अन्तरिक्ष अभियान विरोधी मित्र डाक्टर एक्स. को चुनौतीलाई गम्भीरताका साथ लिएको छ । डाक्टर एम. डाक्टर एक्स. को क्षमताप्रति उत्तिकै जानकार छ । उसको अभियानका विरुद्ध लाग्दा पनि साह्रै ठूलो दुस्मनी महसुस गरिरहेको छैन । ऊ नाटकमा डाक्टर एक्सको प्रतिद्वन्द्वीका रूपमा देखापर्दछ तर पनि ऊ डाक्टर एक्स. जति शक्तिशाली, प्रतिभावान् र जुझारु देखिँदैन । ऊ समकालीन युगको शक्तिको होडबाजीमा लागेका राष्ट्रको वैज्ञानिकको प्रतिनिधि हो । उसले कुरा मीठो गर्छ तर उसको अभियान मानव संहारका लागि केन्द्रित छ । शक्तिको होडबाजीमा लिप्त हुनु, सृष्टि संहारका नयाँ-नयाँ उपायहरू खोज्नु र शक्तिका माध्यमबाट अरू राष्ट्रहरू हत्याउन खोज्नु उसको लक्ष्य रहेको छ । त्यसैले ऊ प्रतिकूल पात्र हो ।

**निमाहरू :** नाटकमा प्रयुक्त अन्य पात्रहरूलाई निमाहरू (निर्मित मानवहरू) भनिएको छ । यस नाटकमा ०१, ०२, ०३ र +०० निमा पात्रका रूपमा देखापरेका छन् । ०१ अधबैंसे नारी पात्र हो । उसले डाक्टर एक्स. को घरमा भान्छेको काम गर्छ । उसलाई भान्छे बुढी भनी सम्बोधन गर्दा हीनताबोध हुन्छ र रिसले ओठे जवाफ दिन्छे खानपानका सन्दर्भमा पनि उसको नियम लागू हुनुपर्दछ भन्ने ठान्छे । यसले पनि ऊ स्वाभिमान र आत्मसम्मान भाव भएकी पात्रका रूपमा देखिन्छे । ऊ भान्छे बुढी भएर पनि उसमा प्रशस्त वैज्ञानिक चेत र ज्ञान छ । ०२ मानव निर्मित मानव युवा नारी पात्र हो । उसले नाटकमा गणितकी शिक्षिकाको भूमिका निर्वाह गरेकी छ । अभिभावकका रूपमा रहेकी एक्स-१ की अभिन्न साथी भएर उसे एक्स-० र +०० लाई उच्च स्तरीय गणितीय शिक्षा दिएकी छ । मानव निर्मित भएकाले उसमा सन्तान उत्पादनको सामर्थ्य पनि छैन र यौनेच्छा पनि छैन तर पनि उसभित्र पर्याप्त पुत्रस्नेह भएको कुरा उसका व्यवहारले देखाउँछ । ०३ मानव निर्मित युवा पुरुष पात्र हो । ऊ डाक्टर एक्स. को सहकर्मी भएर उसको प्रयोगशालामा काम गर्दछ । उसले डाक्टर एक्स. का इसाराहरूलाई सजिलै बुझ्छ र काममा सहयोग गर्दछ । ऊ डाक्टर एक्स.सँग हाँसी हाँसी कुराकानी गर्छ, उसको कार्यमा मुक्तकण्ठले प्रशंसा गर्छ र उसको सहयोगी हुन पाएकामा आफूलाई सौभाग्यशाली ठान्छ । एक्स-० र +०० खलपात्र हुन् । एक्स-० मानव, डाक्टर एक्स. को छोरो हो भने +०० मानव निर्मित बालपात्र हो । यी दुवै

सहपाठी हुन् । यिनीहरूलाई ०२ ले गणितको शिक्षण गर्दछिन् । सूत्रपाठ गर्दा, भिडियो फिल्म हेर्दा तथा खेलहरू खेल्दा स्वाभाविकता देखापर्दछ । +०० भन्दा एक्स-० को स्वभाव केही चकचके किसिमको छ । एक्स-० डाक्टर एक्सको परीक्षणको पात्रका रूपमा पनि देखापरेकी छ । त्यसैले उसले असचेत रूपमै भए पनि मानवहितका पक्षमा सहयोग पुऱ्याएको छ । दुवैले शिक्षिकाको मान पाएका छन् ।

यसरी नाटककार सरुभक्तले यस नाटकमा मानवीय र मानव निर्मित गरी दुई प्रकारका पात्रको प्रयोग गरेका छन् । मानवीय पात्रलाई पनि स्वाभाविक नाम नदिएर एक्स, एम, एक्स-१, एक्स-० राखेका छन् भने मानवेतर पात्रहरूको नाम पनि त्यस्तै प्रकारले ०१, ०२, ०३ र +०० राखेका छन् । मानवीय र मानव निर्मित पात्रका बिचमा भूमिका वा क्रियाशीलतामा कुनै भिन्नता पाइँदैन । पात्रहरू सबै विज्ञानसँगै सम्बन्धित छन् । त्यसैले पात्र चयनले पनि नाटकलाई सफल विज्ञान नाटक र प्रयोगवादी नाटक बनाउन सहयोग पुऱ्याएको छ ।

**द्वन्द्वविधान**

पश्चिममा द्वन्द्वलाई नाटकको प्राणतत्त्व मानिन्छ । प्रभावकारी द्वन्द्वले मात्र नाटक गतिशील र सफल बन्न सक्छ भन्ने पश्चिमी मान्यता रहेको छ । सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटकमा पनि द्वन्द्वको प्रयोग भएको छ । यसमा आन्तरिक र बाह्य दुवै प्रकारका द्वन्द्वहरू पाइन्छन् ।

इथरमा कोरिएको प्रेमपत्र नाटकमा विज्ञानको मृत्यु उन्मुख शक्ति र जीवनगतका सामर्थ्यबिचको द्वन्द्व नै प्रमुख आन्तरिक द्वन्द्व हो । दोसो विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा भीषण मानव संहारकारी बम प्रहार हुन्छन् र तिनले अकल्पनीय धनजनको क्षति पुऱ्याउँछन् । भ्रमणका क्रममा डाक्टर एक्स. त्यहाँ पुग्छ र शोक सभामा सामेल बन्छ । त्यो बेला उसभित्र मानसिक आन्दोलन सुरु हुन्छ । विज्ञानलाई वरदान ठानी त्यसैका हुटहुटीमा लाग्नेहरूप्रति ऊ सहमत हुन सक्दैन र त्यसलाई चुनौती दिँदै मानवरक्षाका लागि आणविक सस्त्रअस्त्रको विरोधमा आफूलाई उभ्याउने अठोट गर्छ । उसले विश्वमा रहेको निर्मम काटमार र हाहाकारलाई रोक्ने अठोट गर्दछ । त्यसपछि निरन्तर रूपमा आफ्नो वैज्ञानिक प्रयोगशालामा क्रियाशील भएर विविध प्रयोग र परीक्षणपश्चात् घरबाटै विश्वलाई चेतावनी दिन पुग्छ । वैज्ञानिक हातहतियार र रासायनिक हतियारलाई निस्तेज पार्ने सामर्थ्य

प्राप्त गरेपछि आफू लक्ष्यमा पुगेको घोषणा गर्दछ । यसरी डाक्टर एक्स.भित्रको अहम्ले क्रियात्मक स्वरूप प्राप्त गरी प्राक्कल्पित औषधी औजार प्राप्त गरी शास्त्रास्त्रका विरुद्ध विजय प्राप्त गर्दछ । यो यस नाटकको सशक्त आन्तरिक द्वन्द्व हो ।

यस नाटकको मुख्य द्वन्द्व आन्तरिक भएर पनि यसमा छिटफुट बाह्य द्वन्द्वहरू पनि रहेको पाइन्छ । डाक्टर एक्स र उसकी पत्नी एक्स-१ का बिच बाह्य द्वन्द्व पाइन्छ । विज्ञानको चामत्कारिक विकासका पक्षमा रहेकी एक्स-१ मान्यताका ठीक विपरीत डाक्टर एक्स. देखापर्छ । आफ्नी छोरीलाई अन्तरिक्ष वैज्ञानिक बनाउने सपना देख्ने एक्स-१ भन्दा फरक मान्यताको डाक्टर एक्स. वैज्ञानिक सन्त्रासबाट बच्नका लागि गरिएका आविष्कारको परीक्षण आफ्नी छोरीमा गर्दछ । यसरी डाक्टर एक्स. र डाक्टर पत्नीका बिच चमत्कारी भौतिक उन्नति र त्यसलाई निस्तेज पार्ने सोचका बिच बाह्य द्वन्द्व पाइन्छ । त्यस्तै ०१ र ०२ का बिच सामान्य घरायसी व्यावहारिक द्वन्द्व पाइन्छ भने एक्स-० र +०० का बिच बालसुलभ ठट्यौली द्वन्द्वहरू पाइन्छन् । यी बाह्य द्वन्द्वहरू सामान्य रूपमा मात्र देखिएको भए पनि डाक्टर एक्सका मनभित्र उब्जेको प्राक्कल्पना र उसबाट सिर्जित क्रियात्मक द्वन्द्वले सिङ्गो नाटकलाई नवीन मोडमा पुऱ्याएको छ । त्यसैले द्वन्द्वका दृष्टिले नाटक सफल देखिन्छ ।

**संवाद योजना**

इथरमा कोरिएको प्रेमपत्र नाटकले संवाद प्रयोगका दृष्टिले नवीनता राख्दछ । बालपात्रहरूले स्वाभाविक बाल सुलभ संवादको प्रयोग गरेका छन् । बालबालिकाहरूसँग अन्य पात्रहरूले गरेको संवादमा पनि स्वाभाविकता पाइन्छ । यहाँ प्रयोग गरिएका सम्पूर्ण पात्रहरू मानव निर्मित यन्त्र हुन् । यी सम्पूर्ण पात्रलाई नाटककारले मानवीकरण गरी मानवीय संवेदना र चिन्तनशीलताको प्रतिपादन गरेका छन् । प्रत्येक पात्रले प्रयोग गर्ने आकर्षक र प्रभावकारी देखिन्छ (पौड्याल, २०५७, पृ. १३४) । तर मानव निर्मित मान्छे पात्र ०१ र डाक्टर पत्नी एक्स-० का बिच यसको संवादमा केही विशिष्टता देखिन्छ । मानव निर्मित भएर पनि ०१ ले गरेको संवादमा स्तरीयता पाइन्छ । उसले निकै तार्किक र बौद्धिक संवादको प्रयोग गरेकी छ । यस नाटकमा पाइने संवादगत विशिष्टता डाक्टर एक्सको संवादमा भेटिन्छ । उसले आफ्नो प्रयोगशालाको प्रयोग आरम्भको कारण र प्राप्त गरेको सफलताको व्याख्या गर्ने क्रममा दश पृष्ठ लामो वैज्ञानिक, दार्शनिक एवम् बौद्धिक सम्भाषण

प्रस्तुत गरेको छ । वैज्ञानिकले दिएको सम्भाषण विषयअनुकूल स्तरीय भएर पनि मञ्चनीयताका हिसाबले यो निकै चर्को मूल्य पर्ने किसिमको छ । एउटै संवादकथन दश पृष्ठ लामो हुनु यसको संवादगत विशिष्टता हो र यो नौलो प्रयोग पनि हो ।

**भाषाशैली**

इथरमा कोरिएको प्रेमपत्र वैचारिक नाटक हो । विज्ञान र गणितबाट टिपिएका बिम्ब र प्रतीकको प्रयोगले नाटक ज्यादै गहन र आकर्षक बनेको छ (पौड्याल, २०५७, पृ. १३४) । यसमा विज्ञानलाई विषयवस्तु बनाइएको छ । यस नाटकमा भावनाको भन्दा वैचारिकताको प्रबलता रहेको छ । त्यसैले वैज्ञानिक विषयवस्तुलाई वैचारिकताका साथ प्रस्तुत गरिएको हुनाले नाटकको भाषाशैली ओजपूर्ण छ । गम्भीर दर्शन र चिन्तनहरू नाटकमा प्रस्तुत गरिएको छ । त्यसैले विषयको प्रकृतिअनुरूप नेपाली भाषामा अप्राप्य थुप्रै प्राविधिक शब्दावलीको प्रयोग अङ्ग्रेजीमा गरिएको छ । विज्ञान क्षेत्रमा प्रचलित थुप्रै प्राविधिक शब्दावलीको प्रयोग, बिचबिचमा थुप्रै अङ्ग्रेजी शब्दको प्रयोगले नाटकको भाषा ओजिलो बन्न पुगेको छ । यति भएर पनि अङ्ग्रेजी र वैज्ञानिक शब्दलाई नेपालीमा उल्था गरी प्रयोग गरिएकाले पठनका लागि खासै कठिनाई व्यहोर्न पर्ने स्थिति छैन तर पनि प्राविधिक शब्दहरूको प्रयोगद्वारा वैचारिक दृष्टिकोणहरू व्यक्त गरिएको हुनाले भाषाशैली निकै स्तरीय र बौद्धिक कसरत हुने खालको बन्न पुगेको छ ।

**दृश्य योजना**

मञ्चनका दृष्टिले नाटककार ज्यादै उदार देखिएका छन् । जो भए पनि हुने र जे गरे पनि हुने, यस्तो उदारता नेपाली नाटक परम्परामा थिएन (पौड्याल, २०५७, पृ. १३४) । दृश्ययोजनाका दृष्टिले इथरमा कोरिएको प्रेमपत्र नाटकमा नवीनता पाइन्छ । यस नाटकलाई अङ्कमा विभाजन गरिएको छैन, केवल दृश्यहरू मात्र छन् । यसमा जम्मा तीन दृश्य छन् । यी दृश्यलाई पहिलो, दोस्रो दृश्य नभनेर दृश्य-च र दृश्य-ज्ञ भनिएको छ । दृश्य-च मा दुईवटा कार्यव्यापार र दृश्य-ज्ञ मा एउटा कार्यव्यापार गरी तीन दृश्यमा नाटकलाई समाप्त गरिएको छ । नाटकको दृश्य परिवर्तनमा पनि नाटककारले नवीनताको प्रयोग गरेका छन् । पहिलो दृश्य दृश्य-च सकिएपछि कुनै पर्दा लाग्दैन, कुनै बत्ती पनि निभ्दैन बरु बिस्तारै उज्यालो मैलिँदै जान्छ र कक्ष-ज्ञ का ठाउँमा कक्ष-त्र अस्पष्ट रूपमा देखिन्छ । त्यसै गरी

दोस्रो दृश्य समाप्त भएपछि कक्ष-ज्ञ को उज्यालो विस्तारै मैलिँदै गएर कक्ष-त्र देखापर्छ । यसरी रमाइलो तरिकाले स्वतःस्फूर्त रूपमा दृश्य परिवर्तन हुन्छ । यो नाटकमा पाइने नवीन पक्ष हो ।

**वैचारिकता**

प्रस्तुत नाटकमा वैज्ञानिक उन्नति, आणविक-पारमाणविक तथा अन्तरिक्षसहित विश्व मानव समाजलाई प्रस्तुत नाटकले नाटकीय व्यापारको कार्यक्षेत्र बनाएको छ (पौड्याल, २०५७, पृ. १३४) । इथरमा कोरिएको प्रेमपत्र अन्तरिक्षमा जताततै व्याप्त परिवेश हो । यहाँ पृथ्वीमाथिको निलो ब्रह्माण्डीय भागलाई इथर ठानिएको छ । विश्वका रिसाहा वैज्ञानिकमा सनक चढेको हुन सक्ने सम्भावना देखिन्छ । रिसाहा वैज्ञानिकहरू हिंसाका प्रतीक हुन् । नाटकको विषय विज्ञान र पृथ्वी भएकाले इथरमा कोरिएको प्रेमपत्रले व्यञ्जनात्मक रूपमा कसैद्वारा नाश गर्न नसक्ने, मानव कल्याण र रक्षाका लागि गरिएका आविष्कार भन्ने अर्थ व्यक्त गरेको छ ।

आजको युग वैज्ञानिक युग हो । वैज्ञानिक खोज, अनुसन्धान र उपलब्धिले विश्व समुदायमा चामत्कारिक परिवर्तन ल्याइरहेको छ । तर यसले मानव समुदायमा शान्ति, विश्वबन्धुत्व र आत्मीयताको भाव जगाउनुको साटो मानवमा ईर्ष्या, लोभ, हिंसा र विद्रोहको स्थिति सिर्जना गराएको छ । विज्ञानले मानिसलाई दिनप्रतिदिन साँघुरो र अन्धो बनाउँदै लगेको छ । नयाँ-नयाँ आविष्कारका नाममा मानिसलाई स्वामित्वप्राप्तिका रोगले ग्रस्त पारेको छ । ब्रह्माण्ड ज्ञान केवल एउटा स्वप्नगत परिकल्पना मात्र हो । यो पूरा नहुँदै मानिस आफै पतन भएर जानुपर्दछ भन्ने कुरा यस नाटकमा व्यक्त गरिएको छ ।

वैज्ञानिक आविष्कारका नाममा आज मानिसहरू अन्धा भइरहेका छन् । उनीहरू निरन्तर रूपमा मानव संहारमा लागिरहेका छन् । वैज्ञानिकहरू विश्व विनाशकारी अणुबम र एटमबमहरू निर्माणमा क्रियाशील भइरहेका छन् । यसले सिङ्गो पृथ्वी, मानवजाति र स्वयम्लाई समेत कल्याण गर्दैन भन्ने नाटककारको मान्यता रहेको छ । उनी पृथ्वी र मानव अस्तित्वलाई नै समाप्त पार्ने वैज्ञानिक उपलब्धिका विपक्षमा छन् । उनी भन्छन्- विज्ञानले मानवतावादको निर्मम हत्या होइन, मानवको संरक्षण गर्नुपर्दछ, सृजनात्मकतामा वृद्धि ल्याउनुपर्छ ।

पहिलो र दोस्रो विश्वयुद्धले पृथ्वी र मानव जीवनमा ठूलो क्षति पुऱ्यायो । विश्वयुद्धको विध्वंशात्मक स्थिति भोगिसकेका सम्पन्न राष्ट्रहरू पनि मानवकल्याणका पक्षमा उभिन सकिरहेका छैनन् । आज तिनीहरूले बाह्य रूपमा विश्वशान्तिका नारा लगाउँदै भित्रभित्रै दोस्रो विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा खसालिएका बमभन्दा दुई करोड क्षमता बढीका बमहरू निर्माण गर्ने कार्यमा संलग्न छन् । यस्तो प्रकारको ध्वंसात्मक र हिंसात्मक आविष्कारको अन्त्य भएन भने एक दिन विश्वमा महाप्रलय आउँछ र सिङ्गो विश्व नै ध्वस्त हुन्छ भन्ने विचार नाटककारले यस नाटकमा व्यक्त गरेका छन् । यसका साथै नाटककारले संसार रक्षाका लागि ध्वंसात्मक वैज्ञानिक आविष्कारका विरुद्धमा आफ्ना पाँच मान्यता प्रस्तुत गर्दै राष्ट्रवादका विरोधीको भयावह स्थितिले मानव सभ्यतामा सन्त्रास र कोलाहलको अवस्था सिर्जना भएको छ । यसको गलत प्रयोगले कुनै पनि बेला पृथ्वी ध्वस्त हुनसक्छ । त्यसैले विश्वमा देखापरिरहेको भीषण वैज्ञानिक प्रतिस्पर्धा रोकिनु पर्दछ र पृथ्वी, प्राणी र मानव सबैको अस्तित्व सुरक्षित रहनुपर्दछ भन्दै पृथ्वी जीवनका लागि र जीवन पृथ्वीका लागि भन्ने विचार वाक्य प्रस्तुत गर्दछन् । यो नै यस नाटकको मूल वैचारिक स्वर हो ।

**शीर्षक सार्थकता**

इथरमा कोरिएको प्रेमपत्र सम्पूर्ण ब्रह्माण्डको काल्पनिक स्थान हो । यसले ब्रह्माण्डभरि व्याप्त काल्पनिक परिवेशको प्रतिनिधित्व गर्छ । त्यसैले यो ब्रह्माण्डको प्रतीकात्मक रूप हो । प्रेम भनेको मानवमा निहीत कोमलता र हार्दिकताको श्रेष्ठ रूप हो । यो निश्वार्थ र उत्सर्ग प्रेम हो । यसरी शाब्दिक रूपमा हेर्दा इथरमा कोरिएको प्रेमपत्रको अर्थ काल्पनिक वा प्रतीकात्मक ब्रह्माण्डमा लेखिएको प्रेमको पत्र भन्ने हुन्छ तर नाटकको शीर्षक प्रतीकात्मक रूपमा राखिएको छ । वैज्ञानिकहरूले जति वैज्ञानिक आविष्कारहरू गरेका छन् ती सबै मानव जातिलाई प्रेम गर्ने, मानव जातिको रक्षा गर्ने, मानव जातिको कल्याण गर्ने किसिमको हुनुपर्दछ । वैज्ञानिकहरूले जे-जति आविष्कार गर्दछन् ती सबै मानव अस्तित्वका लागि गरिनुपर्दछ । प्रेमीको प्रेमपत्रमा कोमलता, निश्वार्थ र हृदयको चोटको भावना भएझैं वैज्ञानिक आविष्कारमा पनि त्यस्तै प्रकारको मानव कल्याण, अस्तित्व रक्षाको भाव हुनुपर्दछ जुन कसैद्वारा हरण गर्न नसक्ने किसिमको हुनुपर्दछ भनिएको छ । त्यसैले प्रतीकात्मक रूपमा नाटकको शीर्षक सार्थक छ ।

## निष्कर्ष

सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटक एक विज्ञान नाटक हो । कथानक, दृश्यविधान, भाषाशैली, द्वन्द्वविधान, पात्रयोजना, वैचारिकता, शीर्षक सार्थकताका दृष्टिले यस नाटक उत्कृष्ट बनेको छ । नाटकको विषयवस्तु लोकप्रसिद्ध र पात्रहरू धीरप्रशान्त हुनुपर्ने नियमलाई यस नाटककले चुनौती दिएको निष्कर्ष दिन सकिन्छ । विज्ञानलाई विषयवस्तु बनाएर प्रयोगधर्मितामा केन्द्रित भएर नाटक अगाडि बढेको देखिन्छ । मानवले युद्ध, आतङ्क, हत्या, हिंसा र शस्त्रास्त्रको होडबाजीलाई त्याग्नु पर्ने मूल पक्षलाई यसले प्रस्ट पारेको छ । पात्रहरूमा नवीन प्रयोग गरेर मञ्चनमा नयाँपन दिएको छ । पाठकलाई मानव हितमा लाग्ने सत्प्रेरणा यस नाटकले दिएको छ । मानवको वैज्ञानिक अविष्कार मानव कल्याणका लागि उपयोग गरेर हतियाररहित संसारको कल्पना गरी नाटककारले सुन्दर विश्वको कल्पना गरेका छन् ।

## सन्दर्भ सामग्री

आचार्य, कुश्मिला (२०७४) नेपाली आख्यान र नाटक, काठमाडौं : इन्टेलेक्च्युएल्ज बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद (२०७१), *प्रतिनिधि नेपाली एकाङ्की विश्लेषण र मूल्याङ्कन,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

कँडेल, घनश्याम (२०४०), *केही अन्वेषण केही विश्लेषण,* काठमाडौं : भीमसेन थापा ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पोखरेल, रामचन्द्र (२०८१), नेपाली नाटकको ऐतिहासिक विकासक्रम, *नेपाली नाट्य विमर्श (सम्पा. रामचन्द्र पोखरेल),* पोखरा : नेपाल नाट्यप्रतिष्ठान, पृ.१-१२७ ।

पौड्याल, कृष्णविलास (२०५७), *नेपाली नाटक र नाटककार (ऐच्छिक विशेष अध्ययन),* काठमाडौं : नवीन प्रकाशन ।

भट्टराई, रामप्रसाद र कँडेल, श्रीप्रसाद (२०६७), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *नेपाली गद्य र नाटक,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सरुभक्त (२०४४), *इथर,* काठमाडौं : साझा प्रकाशन ।

BMC Research Journal
ISSN: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

Birendra Bidhya Mandir Campus
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# समकालीन नेपाली बालकथामा पात्र प्रयोग

**केशव भुसाल, पि.एचडी.**

उपप्राध्यापक

नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, नेपाल

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Keshab Bhusal, keshabhusal.tu@gmail.com
Orcid: https://orcid.org/0009-0005-0189-9497
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80119

## लेखसार

प्रस्तुत लेख समकालीन नेपाली बालकथामा केन्द्रित रहेको छ । यस लेखमा समकालीन नेपाली बालकथामा प्रयोग गरिएका पात्रहरूको विश्लेषण गरिएको छ । यस अध्ययनको मूलभूत उद्देश्य समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रहरूको प्रकृति तथा भूमिका विश्लेषण गर्नु रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ । यस अध्ययनमा मुख्यतया द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । यस क्रममा नेपाली तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको प्रयोग गरिएको छ । कुल पाँच ओटा कथाको अध्ययन गरिएको यस अनुसन्धानबाट पात्र प्रकृतिका दृष्टिले ईर्श्या, द्वेश र क्रोधमाथि विजय र ढोकैमा भूत कथामा मानवीय पात्रको प्रयोग गरिएको, सेती बाखी, डल्फिनको गीत, हेर्दै, खेल्दै र सिक्दै कथामा मानवीय मानवेतर पात्रको प्रयोग गरिएको, भूमिकाका दृष्टिले निर्दिष्ट सबै कथामा मूल र सहायक पात्रको प्रयोग गरिएको, प्रयुक्त पात्रहरूको प्रवृत्तिका दृष्टिले ईर्श्या, द्वेश र क्रोधमाथि विजय, डल्फिनको गीत कथामा चेप्टा र गोला पात्रहरूको प्रयोग गरिएको, सेती बाखी, ढोकैमा भूत र हेर्दै, खेल्दै, सिक्दै कथामा चेप्टा पात्रहरूको प्रयोग गरिएको लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनले समकालीन

नेपाली बालकथाका रचयिता, बालकथाको अध्ययन, अध्यापनमा संलग्न व्यक्ति तथा यस क्षेत्रमा रुचि राख्ने सबैका लागि आवश्यकीय सुझ प्रदान गर्ने अपेक्षा गरिएको छ ।

***मुख्य शब्दावली*** *:* बालसाहित्य, बालकथा, , पात्रप्रयोग, पात्र प्रकृति, पात्र *प्रवृत्ति ।*

**अध्ययनको पृष्ठभूमि**

साहित्य मानव मनमा निहित भाव वा विचारलाई कलात्मक तरिकाले पस्कने कला हो । "साहित्य विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति, काल्पनिक, भावनात्मक तथा आलङ्कारिक प्रकृतिको कुनै रचना हो" (प्र.ने.श. २०६३) । यसलाई कुनै भाषामा लेखिएका कृति, अभिलेख वा वाङ्मयका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । न्यौपाने (२०७०) का अनुसार साहित्यलाई बालसाहित्य, किशोरसाहित्य र प्रौढसाहित्यमा वर्गीकृत गरी साहित्य सिर्जन एवम् पठन कार्य गरिएको पाइन्छ ।

बालसाहित्य 'बाल' र 'साहित्य' शब्दको संयोजनबाट निर्मित शब्द हो । जसमध्ये 'बाल' को अर्थ बालबालिका र 'साहित्य' को अर्थ सिर्जनात्मक लेखन भन्ने हुन्छ । यस दृष्टिले बालबालिकाका लागि लेखिएको सिर्जनात्मक लेखनलाई बालसाहित्य भनिन्छ । पराजुली (२०६८) का अनुसार बालबालिकालार्य हाँसाउँदै, रमाउँदै, खेलाउँदै अप्रत्यक्ष रूपमा नैतिकताको पाठ पढाउने साहित्यलाई बालसाहित्यका भन्न सकिन्छ । बालसाहित्यको रचना बालबालिकालाई प्रभाव पार्ने गरी निश्चित शैलीशिल्पका साथ गरिएको हुन्छ । बालबालिकाका लागि लेखिने साहित्यमा बाल मानसिकता, बाल बौद्धिकता तथा बाल विकासमा ध्यान दिने गरिन्छ । बालबालिकाको कलिलो उमेर एवम् मष्तिस्कमा साहित्य, ज्ञान, विज्ञान तथा प्रविधिसम्बन्धी क्षमता विस्तार गर्दै राष्ट्र, राष्ट्रियता तथा मानवताका विषय एवम् भावनालाई विशिष्ट ढङ्गले जागृत गराउने हेतु बालसाहित्यमा रहन्छ । यस्तो साहित्यमा बालबोध्य भाषाशैली तथा आदर्शयुक्त नैतिक भाव प्रबर्धन गर्ने ध्येय राखिएको हुन्छ । मूलतः बालसाहित्य बालबालिकाकै लागि लेखिने भएकाले विषय, भाषा, शैली तथा प्रस्तुतिमा बालसुलभता हुनु आवश्यक हुन्छ । प्रधान (२०६९) का अनुसार बालसाहित्य बालककै निम्ति लेखिने हुँदा विषय चयन, भाषिक स्तर र शैलीगत रोचकतामा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । यी मूलभूत आधारहरू एक किसिमले बासाहित्य रचयिताका निम्ति आचारसंहिता नै हुन् । यसअतिरिक्त बालसाहित्यिक रचनाको प्रयोजनलाई पनि निकै महत्त्वपूर्ण मान्ने गरिन्छ ।

बालसाहित्यअन्तर्गत बालबालिकाका लागि लेखिएका बालकथा, बालकविता, बालउपन्यास, बालोपयोगी जीवनी आदि पर्दछन् । जसमध्येको एक प्रमुख विधा बालकथा हो । बालकथा

बालबालिकाका लागि लेखिएको गद्य आख्यानात्मक रचना हो । यसलाई बालसाहित्यको महत्त्वपूर्ण विधाका रूपमा लिइन्छ । बालकथामा बालबालिकाको रुचिअनुसारका विषयवस्तु, पात्र प्रयोग, भाषाशैली, परिवेश आदिको उपयुक्त प्रयोग गरिएको हुनुपर्ने मानिन्छ ।

बालकथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको हुन्छ । कथामा प्रयोग गरिएका पात्रहरूले अलग, अलग भूमिका निर्वाह गरी कथालाई पूर्ण तुल्याएका हुन्छन् । कथामा प्रयुक्त पात्र र तिनको भूमिका अध्ययनका दृष्टिले नेपाली बालकथाहरूको कमै मात्रामा अध्ययन, अनुसन्धान गरिएको पाइन्छ । यसलाई दृष्टिगत गरी प्रस्तुत अध्ययनमा समकालीन नेपाली बालकथामा प्रयोग गरिएका पात्रहरूको अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रहरूको अध्ययन रहेको छ । यसका विशिष्ट उद्देश्यका रूपमा समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रको प्रकृति, प्रवृत्ति र भूमिका विश्लेषण गर्नु रहेका छन् ।

## सैद्धान्तिक आधार

कथाका पात्रहरूको वर्गीकरण र भूमिका सम्बन्धमा विभिन्न विद्वान्हरूले धारणा प्रस्तुत गरेको पाइन्छ । भण्डारी र अन्य (२०६५) का अनुसार कथाका पात्रहरूलाई स्वभाव, लिङ्ग, कार्य, प्रवृत्ति, वर्ग, आसन्नता, र आबद्धताका आधारमा वर्गीकरण गर्न सकिन्छ । यी विभिन्न आधारमध्ये स्वाभावका आधारमा कथाका पात्रलाई स्थिर र गतिशील वा चेप्टा र गोला गरी दुई प्रकारमा, लिङ्गका आधारमा पुरुष र स्त्री वर्गमा, कार्यका आधारमा प्रमुख, सहायक र गौण प्रकारमा, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल वर्गमा, वर्गीय आधारमा उच्च, मध्य र निम्न प्रकारमा, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य स्वरूपमा, आबद्धताका आधारमा बद्ध र मुक्त वर्गमा वर्गीकरण गर्न सकिन्छ । लम्साल र अन्य (२०७०), अधिकारी र गौतम (२०७५), शर्मा २०७९) लगायतका विद्वान्हरूले पनि कथाका पात्रहरूलाई स्वभाव, कार्य, वर्ग, आसन्नता, आबद्धतालगायतका आधारमा वर्गीकरण गरेको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूमध्ये कथाको प्रारम्भदेखि अन्त्यसम्म एउटै स्थितिमा रही स्वभाव परिवर्तन नगर्ने पात्रलाई स्थिर पात्र र कथाको कार्यव्यापारबाट प्रभावित भई स्वभाव परिवर्तन गरी आफ्नै सोचअनुसार अगाडि बढ्ने पात्रलाई गतिशील पात्र भनिन्छ । कथामा पुरूष पात्रको भूमिकामा रहने पात्रलाई पुरुष र स्त्री पात्रको भूमिकामा रहने पात्रहरूलाई स्त्री पात्र भनिन्छ । कथामा उपस्थित भई केन्द्रीय भूमिका निर्वाह गरी

कथाको उद्देश्यलाई पूर्णता दिने पात्रलाई प्रमुख पात्र, प्रमुख पात्रको सहयोगी भएर कथामा कार्यव्यापारलाई सम्पन्न गर्ने पात्रलाई सहायक पात्र र कथामा कुनै उल्लेखनीय भूमिका निर्वाह नगर्ने पात्रहरूलाई गौण पात्र भनिन्छ । कथामा खराब चरित्रको रूपमा देखापर्ने पात्रलाई प्रतिकूल पात्र र सत् चरित्रको रूपमा देखापर्ने पात्रलाई अनुकूल पात्र भनिन्छ । । कथामा सामाजिक रूपमा भौतिक सुखसुविधाले पूर्ण अभिजात्य वर्गका चरित्रलाई उच्च पात्र, भौतिक रूपमा मध्य स्थिति रहेका पात्रहरूलाई मध्यम पात्र र सामाजिक रूपमा अत्यन्त निम्नस्तर जीवन बिताएका तथा ठुलाबडा भनाउँदाहरूबाट हेपिएका पात्रहरूलाई निम्न पात्र भनिन्छ । त्यसैगरी कथामा कुनै घटना वा कार्य व्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने पात्रहरूलाई मञ्चीय पात्र र प्रत्यक्ष रूपमा सहभागी नबनाई अन्य पात्रहरूका माध्यमबाट सूक्ष्म रूपमा प्रस्तुत हुने पात्रहरूलाई नेपथ्य पात्र भनिन्छ । कथाको संरचनाबाट पात्रलाई हटाउँदा कथा अपूर्ण बन्न पुग्ने भूमिकामा रहेका पात्रहरूलाई बद्ध पात्र र कथाको संरचनाबाट हटाउँदा पनि कथा नखल्बलिने भूमिकामा रहेका पात्रलाई मुक्त पात्र भनिन्छ। बालकथामा प्रयुक्त भई भूमिका निर्वाह गर्ने यी विविध प्रकृतिका पात्रहरूले कथालाई पूर्ण तुल्याएका हुन्छन् । यस किसिमको सैद्धान्तिक अवधारणालाई अध्ययनीय प्रतिमानका रूपमा लिई प्रस्तुत अध्ययनमा वर्तमान बालकथामा उपस्थित भई भूमिका निर्वाह गरेका पात्र र तिनको प्रकृति विश्लेषण गरिएको छ ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययनमा निम्नानुसारका विधि अवलम्बन गरिएको छ :

**अध्ययनीय दृष्टिकोण**

अध्ययनीय दृष्टिकोणलाई अध्ययन, अनुसन्धानार्थ मार्गनिर्देश गर्ने तौरतरिकाका रूपमा लिइन्छ । डेन्जिन एन्ड लिङ्कन (सन् २००५) का अनुसार अध्ययनीय दृष्टिकोण सैद्धान्तिक कुरालाई प्रायोगिक जगत्सँग संयोजित तुल्याउने मार्गदर्शन हो । यस अध्ययनमा वास्तविकता अनुसन्धाताको ज्ञान निर्माणमा आधारित हुन्छ भन्ने मान्यतालाई अङ्गीकार गरिएको छ ।

**अध्ययन ढाँचा**

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यसमा समकालीन नेपाली बालकथाहरूको विश्लेषणार्थ गुणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## अध्ययनीय विषय र नमुना छनोट

प्रस्तुत अध्ययनको मुख्य विषय समकालीन नेपाली बालकथा रहेको छ । यसमा नमुना छनोटका लागि सोद्देश्यमूलक नमुना छनोटको विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा दशकीय आधारमा पछिल्लो दशकलाई समकालीन समय मानी २०६७ देखि २०७७ सालसम्म प्रकाशित नेपाली बालकथासङ्ग्रहहरूबाट पाँच ओटा बालकथासङ्ग्रह लिइएको छ । जसअन्तर्गत रमेश विकलको मलाई पुस्तक मन पर्छ, भागीरथी श्रेष्ठको रिमोट कन्ट्रोल, शान्ति सापकोटाको नारायणीपारि, विनय कसजुको डल्फिनको गीत र विजयराज आचार्यको कुटी कथा सङ्गहको सुरुमा रहेका कथाहरूलाई छनोट गरिएको छ । यी कथा छनोटका क्रममा सम्बन्धित सङ्ग्रहका भूमिकामा उल्लिखित बालबालिकाको उमेर र लेखकीय विचारलाई आधार बनाइएको छ ।

## तथ्य विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनमा गुणात्मक विधिका आधारमा प्राप्त तथ्यको विश्लेषण गरिएको छ । यसमा सङ्कलन गरिएका सामग्रीहरूको विश्लेषणार्थ आगमन विधिको अवलम्बन गरिएको छ । यस क्रममा समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रको प्रकृति, प्रवृत्ति र भूमिकालाई अलगअलग तरिकाले विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

समकालीन नेपाली बालकथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको पाइन्छ । यस अध्ययनमा नमुनाका रूपमा छनोट गरिएका पाँच ओटा बालकथाहरूमा प्रयुक्त पात्रहरूको व्याख्या विश्लेषण निम्नानुसार गरिएको छ :

## ईर्ष्या, द्वेष र क्रोधमाथि विजय कथामा पात्र प्रयोग

कथाकार रमेश विकलद्वारा लिखित ईर्श्या, द्वेश र क्रोधमाथि विजय कथा वि. सं २०६९ मा प्रकाशित मलाई पुस्तक मन पर्छ बालकथासङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा म पात्र, गुरु रामदासजी र दुष्ट मानिसलगायतका पात्रहरूको प्रयोग गरिएको छ ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले हेर्दा प्रस्तुत कथामा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । जसअन्तर्गत म पात्र, गुरु रामदासजी र दुष्ट मानिस रहेका छन् । यस कथामा विभिन्न क्षमता भएका, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका पात्रहरूको भने प्रयोग गरिएको छैन

प्रस्तुत कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्र र गौण पात्रको प्रयोग गरिएको देखिन्छ । जसमध्ये गुरु रामदासजी र दुष्ट मानिस मूल पात्रका रूपमा देखिएका छन् भने म पात्र गौण पात्रका रूपमा देखिएको छ ।

परिवर्तनशीलताका दृष्टिले प्रस्तुत कथालाई हेर्दा यस कथामा चेप्टा र गोला दुबैखाले पात्रको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा सुरुदेखि अन्त्यसम्म गुरु रामदासजी विचार र व्यवहारले एकैनासका देखिएकाले उनी चेप्टो पात्रको भूमिकामा रहेका छन् भने रामदासजीलाई जथाभावी भन्दै हिँड्ने दुष्ट मानिस रामदासजीका कुराबाट प्रभावित भई कथाको उत्तरार्द्धमा परिवर्तित भएकाले गोलो चरित्रको भूमिकामा देखिएको छ ।

**सेती बाखी कथामा पात्र प्रयोग**

कथाकार भागीरथी श्रेष्ठद्वारा लिखित सेती बाखी कथा वि. सं. २०७१ मा प्रकाशित रिमोट कन्ट्रोल बालकथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यस कथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको छ । यस कथामा प्रयुक्त पात्रहरूअन्तर्गत माया, मायाकी आमा, मायाका बुबा, पशु डाक्टर, बगरे, सेती बाखीलगायत रहेका छन् ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले हेर्दा प्रस्तुत कथामा मानवीय-मानवेतर पात्रको प्रयोग गरिएको छ । यस कथामा मानवीय पात्रका रूपमा माया, मायाकी आमा, मायाका बुबा, पशु डाक्टर र बगरेको प्रयोग गरिएको छ भने मानवेतर पात्रका रूपमा सेती बाखीको प्रयोग गरिएको छ । यसलाई नियाल्दा प्रस्तुत कथामा मानवेत्तरभन्दा मानवीय पात्रको अधिक प्रयोग देख्न सकिन्छ । यस कथामा अलौकिक क्षमतायुक्त, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका पात्रको भने प्रयोग गरिएको छैन ।

सेती बाखी कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्र र गौण पात्रको प्रयोग गरिएको देखिन्छ । जसमध्ये माया र सेती बाखी मूल पात्रका रूपमा देखा परेका छन् भने मायाका आमाबुबा, पशु डाक्टर, बगरे लगायतका पात्र गौण पात्रका रूपमा देखिएका छन् ।

कथामा प्रयुक्त पात्रलाई परिवर्तनशीलताका दृष्टिले हेर्दा यस कथामा चेप्टा पात्रहरूको प्रयोग गरिएको देखिन्छ । गोला पात्रहरूको प्रयोग गरिएको छैन ।

**ढोकैमा भूत कथामा पात्र प्रयोग**

कथाकार शान्ति सापकोटाद्वारा लिखित ढोकैमा भूत कथा वि. सं. २०७३ मा प्रकाशित नारायणीपारि बालकथासङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा विभिन्न किसिमका पात्रको प्रयोग गरिएको छ । जसअन्तर्गत सिमु, सिमुकी मम्मी, प्रहरी र रमेश अङ्कल लगायत रहेका छन् ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले प्रस्तुत कथामा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । जसअन्तर्गत सिमु, सिमुकी मम्मी, प्रहरी र रमेश अङ्कल रहेका छन् । प्रस्तुत कथामा विभिन्न क्षमता भएका, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका पात्रहरूको प्रयोग भने गरिएको छैन ।

ढोकैमा भूत कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्र र गौण पात्रको प्रयोग गरिएको देखिन्छ । जसमध्ये सिमु मूल पात्रका रूपमा देखिएकी छ भने सिमुकी मम्मी, प्रहरी, रमेश अङ्कल सहायक वा गौण पात्रका रूपमा देखिएका छन् ।

परिवर्तनशीलताका दृष्टिले हेर्दा यस कथामा चेप्टा पात्रहरूको प्रयोग गरिएको देखिन्छ । गोला पात्रहरूको प्रयोग गरिएको छैन ।

**डल्फिनको गीत कथामा पात्र प्रयोग**

कथाकार विनय कसजुद्वारा लिखित डल्फिनको गीत कथा वि सं. २०७४ मा प्रकाशित डल्फिनको गीत बालकथासङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा विभिन्न किसिमका पात्रको प्रयोग गरिएको छ । यस कथामा रमैया, रमैयाका आमाबुबा, डल्फिनलगायतका पात्रहरू प्रयोग गरिएका छन् ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले नियाल्दा प्रस्तुत कथामा मानवीय पात्रका रूपमा रमैया र रमैयाका आमाबुबाको प्रयोग गरिएको छ भने मानवेतर पात्रका रूपमा डल्फिनको प्रयोग गरिएको छ । प्रस्तुत कथामा प्रयुक्त कतिपय पात्रहरू विभिन्न क्षमता भएका, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका रहेका छन् । यस किसिमको भूमिकामा रहेको पात्रका रूपमा डल्फिनलाई लिन सकिन्छ । डल्फिनले रमैयालाई पिठ्युमा राखेर बोक्ने गरेको, डल्फिनहरूको स्कुल रहेको, उक्त स्कुलमा रमैयालाई लग्ने गरेकोजस्ता सन्दर्भबाट यसको पुष्टि हुन्छ ।

डल्फिनको गीत कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्र र गौण पात्रको प्रयोग गरिएको छ । प्रस्तुत कथामा रमैया र डल्फिनलाई मूल

पात्रका रूपमा प्रयोग गरिएको छ भने रमैयाका आमाबुबा, रमैयाका साथीलगायतका पात्रलाई गौण पात्रका रूपमा प्रयोग गरिएको छ ।

परिवर्तनशीलताका दृष्टिले हेर्दा डल्फिनको गीत कथामा चेप्टा र गोला दुबैखाले पात्रको प्रयोग गरिएको छ । प्रस्तुत कथामा डल्फिनसँग खेल्न पाउँदा विद्यालय जान मन नगरेकी रमैया डल्फिनको सल्लाहबमोजिम विद्यालय जान मन गर्नु र जानुले उनको भूमिका गोलो पात्रका रूपमा देखिएको छ भने अन्य पात्रहरू आफ्नो विचार र व्यवहारमा अपरिवर्तनशील देखिएकाले तिनको भूमिका चेप्टो खालको रहेको छ ।

**हेर्दै, खेल्दै, सिक्दै कथामा पात्र प्रयोग**

कथाकार विजयराज आचार्यद्वारा लिखित हेर्दै, खेल्दै, सिक्दै कथा वि. सं. २०७७ मा प्रकाशित कुटी बालकथासङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको छ । जसअन्तर्गत सिएल सर, शर्मिला, रोशन, निर्मला, उमानन्द, धर्म डङ्गोल, प्राकृतिक विज्ञान सङ्ग्राहलयका स्टाफहरू, डिएम सर र परी लामालगायतका पात्रहरू देखा परेका छन् ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले हेर्दा हेर्दै, खेल्दै, सिक्दै कथामा मानवीय पात्रको अधिक प्रयोग गरिएको पाइन्छ । जसअन्तर्गत सिएल सर, शर्मिला, रोशन, निर्मला, उमानन्द, धर्म डङ्गोल, प्राकृतिक विज्ञान सङ्ग्राहलयका स्टाफहरू, डिएम सर र परी लामालगायतका पात्रहरू रहेका छन् भने मानवेतर पात्रको निकै कम प्रयोग गरिएको छ । जसअन्तर्गत बाँदरको प्रयोग गरिएको छ । प्रस्तुत कथामा विभिन्न क्षमता भएका, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका पात्रहरूको प्रयोग गरिएको छैन।

हेर्दै, खेल्दै, सिक्दै कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्रका रूपमा सिएल सर देखिएका छन् भने सहायक पात्रका रूपमा उनका विद्यार्थी : शर्मिला, रोशन, निर्मला, उमानन्द, परी लामा तथा धर्म डङ्गोल, प्राकृतिक विज्ञान सङ्ग्राहलयका स्टाफहरू र डिएम् सर देखा परेका छन् ।

परिवर्तनशीलताका दृष्टिले हेर्दै, खेल्दै, सिक्दै कथालाई नियाल्दा यस कथामा चेप्टा पात्रहरूको प्रयोग गरिएको देखिन्छ ।

पात्र प्रयोगका दृष्टिले अध्ययन गरिएका समकालीन नेपाली बालकथाको समष्टिगत स्थितिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

***समकालीन नेपाली बालकथामा पात्र प्रयोग***

| कथा | पात्र प्रकृति | भूमिका | पात्र प्रवृत्ति |
|---|---|---|---|
| ईर्ष्या, द्वेष र क्रोधमाथि विजय | मानवीय | मूल-सहायक | चेप्टा-गोला |
| सेती बाखी | मानवीय-मानवेतर | मूल-सहायक | चेप्टा |
| ढोकैमा भूत | मानवीय | मूल-सहायक | चेप्टा |
| डल्फिनको गीत | मानवीय-मानवेतर | मूल-सहायक | चेप्टा-गोला |
| हेर्दै, खेल्दै, सिक्दै | मानवीय-मानवेतर | मूल-सहायक | चेप्टा |

यसलाई दृष्टिगत गर्दा समकालीन नेपाली बालकथाहरूमा मानवीय, मानवेतर, मूल, सहायक, चेप्टा र गोला प्रकृतिका पात्रहरूको प्रयोग गरिएको देख्न सकिन्छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा उल्लिखित व्याख्या विश्लेषणका आधारमा विभिन्न निष्कर्ष निकालिएको छ। नेपाली बालसाहित्यका क्षेत्रमा कलम चलाइरहेका विद्वान्हरूका धारणालाई दृष्टिगत गरी हेर्दा प्रस्तुत अध्ययनमा प्रयुक्त समकालीनता शब्दले वर्तमान समयमा चलिरहेको अवधिलाई जनाउँछ । जसको अवधि एक दशकको हुने मानिएको छ । नेपाली बाल साहित्यअन्तर्गत पर्ने बालकथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको पाइन्छ । नेपाली बालकथामा प्रयोग गरिएका पात्रहरूलाई हेर्दा कतिपय पात्रहरू मानवीय त कतिपय पात्रहरू मानवेतर प्रकृतिका देखिएका छन् । पात्रका यी दुई प्रकृतिमध्ये मानवेतर पात्रका तुलनामा मानवीय पात्रहरूको प्रयोग अधिक रहेको देख्न सकिन्छ । नेपाली बालकथाहरूमा प्रयुक्त पात्रहरूलाई भूमिकाका दृष्टिले हेर्ने हो भने बालकथाहरूमा मूल र सहायक पात्रको प्रयोग गरिएको देख्न सकिन्छ । जसमध्ये मूल पात्रले कथाको विषयवस्तुलाई मुख्य रूपमा अगाडि बढाएको देखिन्छ भने सहायक पात्रहरूले त्यस कार्यमा सहयोग पुऱ्याएको देख्न सकिन्छ । त्यसैगरी समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रहरूलाई पात्र प्रवृत्तिका दृष्टिले अवेक्षण गर्दा बालकथाहरूमा चेप्टा र गोला पात्रहरूको प्रयोग गरिएको पाइन्छ । जसमध्ये चेप्टा पात्रहरूले कथामा आई अपरिवर्तनशील वा स्थिर स्वभाव देखाएका छन् भने गोला पात्रहरूले कथामा परिवर्तनशील वा अस्थिर स्वभाव देखाएका छन् । यस आधारमा समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रहरूको स्थिति बालआख्यानको सैद्धान्तिक मान्यता एवम् मर्मसँग मिल्दो देख्न सकिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, गणेशराज र गौतम, बासुदेव (२०७५), नेपाली कथा र उपन्यास, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रिविशाल (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

आचार्य, विजयराज (२०७७), *कुटी,* काठमाडौं : विवेक सिर्जनशील पब्लिकेसन प्रा. लि. ।

कसजू, विनय (२०७४), *डल्फिनको गीत,* काठमाडौं : विवेक सिर्जनशील पब्लिकेसन प्रा. लि. ।

डेन्जिन, के. एन. एम. र लिङ्कन, एस. आइ. (सन् २००५), *द सेज हेन्डबुक अफ क्वालिटेटिभ रिसर्च,* लन्डन : सेज पब्लिकेसन ।

न्यौपाने, छायादत्त (२०७०), बालसाहित्यको परिचय र नेपाली परम्परा, *नवप्रज्ञापन बालसाहित्य विशेषाङ्क,* काठमाडौं ।

पराजुली, रञ्जुश्री (२०६८), *नेपाली बालसाहित्यको नालीबेली,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

प्रधान, प्रमोद (२०६९), *नेपाली बालसाहित्यको इतिहास,* काठमाडौं: विवेक सिर्जनशील प्रकाशन

बन्धु, चूडामणि (सन् २००७), नेपाली बालसाहित्य प्रकाशनको सय वर्ष, *नेपाली बालसाहित्यको सय वर्ष,* काठमाडौं : नेपाली बालसाहित्य समाज ।

भण्डारी, पारसमणि र अन्य (२०६५), नेपाली गद्य र नाटक, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

विकल, रमेश (२०६९), *मलाई पुस्तक मन पर्छ,* काठमाडौं : बुक प्यालेस ।

शर्मा, मोहनराज (२०७९), शैलीविज्ञान, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, तेजप्रकाश (२०७०), नेपाली बालकथाको विकासक्रम, *नवप्रज्ञापन,* काठमाडौं : नवराज रिजाल।

श्रेष्ठ, भागीरथी (२०७१), *रिमोट कन्ट्रोल* काडमाडौं : बालसंसार प्रा. लि. ।

सापकोटा, शान्ति (२०७३), *नारायणीपारि,* काठमाडौं : विवेश सिर्जनशील प्रकाशन प्रा. लि.

सिग्देल, सोमनाथ शर्म्मा (२०१५), *साहित्य प्रदीप,* काठमाडौं: नेपाल एकेडेमी

**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# माध्यमिक तहका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

**ओमप्रकाश आचार्य, पि.एचडी.**
**उपप्राध्यापक**
**जुम्ला बहुमुखी क्याम्पस, त्रि. वि.**

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Om Prakash Acharya, omacharya3851@gmail.com
Orcid: https://orcid.org/0009-0000-4362-5156
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80172

## लेखसार

नेपालको शैक्षिक संरचना अनुरुप माध्यमिक तह विद्यालय तह हो । कक्षा ९ देखि कक्षा १२ सम्मको कक्षागत तहलाई माध्यमिक तह भनिन्छ । कक्षा १० उत्तीर्ण भएपछि एस.इ.इ. (सेकेन्डरी एजुकेसन इग्जामाइनेसन) को परीक्षा हुने गर्दछ । यस परीक्षामा उत्तीर्ण भएपछि कक्षा ११ मा अध्ययन गर्न पाइन्छ । यस अध्ययनमा कक्षा १० लाई केन्द्रविन्दुमा राख्दै एस.इ.इ.को परीक्षा दिन तयारी अवस्थामा रहेका विद्यार्थीहरुको निमन्त्रणापत्र लेखन क्षमता के कस्तो छ ? उनीहरुमा देखापरेका निमन्त्रणा पत्र लेखनका मूलभूत समस्याहरु के के छन् ? समस्या समाधान के कसरी गर्न सकिन्छ ? भन्ने जिज्ञासा एवम् अनुसन्धेय प्रश्नमा आधारित भई माध्यमिक तहका विद्यार्थीहरुको निमन्त्रणापत्र लेखन क्षमताको पहिचान गर्नु, लेखनमा आइपरेका समस्याहरु उल्लेख गर्नु, समस्या समाधानका उपाय सुझाउनु जस्ता उद्देश्यमा यो अध्ययन केन्द्रित रहेको छ । स्रोत सामग्री संकलन पद्धति पुस्तकालयीय हो भने क्षेत्रगत अध्ययन विधि अवलम्बन गरिएको छ । जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकाका ४ वटा सामुदायिक माध्यमिक विद्यालयका ११० जना विद्यार्थीहरु नमुनाका रूपमा रहेका छन् । ११० जना विद्यार्थीहरुमा निमन्त्रणापत्र लेखन क्षमताको प्रश्नावलीका सहायताबाट परीक्षण गरी निमन्त्रणापत्र

लेखनको प्रत्येक विद्यार्थीको विश्लेषण गरी क्षमतालाई प्रतिशतमा राखिएको छ । यसले जुम्ला जिल्लाका चन्दननाथ नगरपालिकाका माध्यमिक तहका कक्षा १० का विद्यार्थीहरुको निमन्त्रणापत्र लेखन क्षमताको पहिचान, लेखन क्षमतामा देखिएका समस्या, र समाधानका लागि सुझाव पेश गरिएको छ । शिक्षण सिकाइमा केन्द्रित यस अनुसन्धानात्मक लेखले निमन्त्रणापत्र लेखन क्षमताको अवस्था, शिक्षण सिकाइ सिद्धान्त र प्रयोग निर्माणमा मद्दत गर्नेछ ।

**मुख्य शब्दावली :** शिक्षण, निमन्त्रणा, व्यावहारिक, परीक्षण, अनुसन्धेय ।

## अध्ययनको पृष्ठभूमि

दैनिक जिवनसँग सम्बन्धित लेखन व्यावहारिक लेखन हो । व्यवहार संचालनका लागि व्यावहारिक लेखन आवश्यक पर्दछ । मानिसका व्यावहारिक जीवनसँग सम्बन्धित लेखनलाई व्यावहारिक लेखन भनिन्छ (ओझा, २०७५ : ३५) । निमन्त्रणापत्र लेखन औपचारिक प्रकृतिको लेखन हो भने यसमा लेखनको सामान्य र स्तरीयता देखापर्दछ । ढाँचामा आधारित लेखन जटिल प्रकृतिको हुन्छ । ढाँचाभन्दा फरक तरिकाले लेखिएको लेखन प्रभावकारी मानिदैन । भाषामा यस्ता व्यावहारिक लेखनको शिक्षण सिकाइ गरिन्छ । नेपाली भाषा नेपालको सरकारी कामकाजको, साझा सम्पर्कको भाषा हो । नेपाली भाषामा दैनिक व्यवहार गर्न सक्षम बनाउन विद्यालयदेखि विश्वविद्यालय तहसम्मका तह कक्षामा नेपाली विषयलाई अनिवार्य विषयका रूपमा पठनपाठन गरिदै आएको छ । माध्यमिक तहमा नेपाली भाषाका चार भाषिक सीप (सुनाइ , बोलाइ , पढाइ र लेखाइ) मा निपूर्ण बनाउन नेपाली विषयलाई अनिवार्य विषयका रूपमा पठनपाठन गरिन्छ । लेखाइ भाषाको चौथो र अन्तिम प्रदानात्मक भाषिक सीप हो । यही भाषिक सीपसँग निमन्त्रणापत्र लेखन सम्बन्धित छ । माध्यमिक तहको एस.इ.इ. पार गर्ने अवस्थाको कक्षामा अध्ययनरत विद्यार्थीहरुमा व्यावहारिक लेखन क्षमताको निमन्त्रणापत्र लेखनको अध्ययन गरिएको छ । एस.इ.इ.उत्तीर्ण गर्ने अवस्थामा पुग्दा समेत व्यावहारिक लेखनमा विद्यार्थीहरु अलमलिएको स्थितिमा उनीहरुको स्तर अनुरुपको व्यावहारिक लेखनमा निमन्त्रणापत्र लेखनको दक्षता र क्षमताको यस अध्ययनमा खोजी गरिएको छ । उनीहरू लेखनमा कति सक्षम छन् ? उनीहरूमा लेखनका समस्या के के हुन् ? यस्ता लेखनगत समस्या समाधानका उपायहरू के के हुनसक्छन् ? भन्ने विषय केन्द्रित माध्यमिक तहका विद्यार्थीहरूको व्यावहारिक लेखन क्षमताअन्तर्गत निमन्त्रणापत्र लेखनको अध्ययन कार्य गरिएको छ ।

**समस्याकथन**

क) माध्यमिक तहका विद्यार्थीहरुको निमन्त्रणपत्र लेखन क्षमता कस्तो छ ?

ख) निमन्त्रणापत्र लेखनमा आइपरेका समस्याहरु के के हुन् ?

ग) देखापरेका समस्याहरूको समाधानका उपायहरू के के हुनसक्छन् ?

**अध्ययनको उद्देश्य**

यस अध्ययनको मुख्य उद्देश्य भनेको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गर्नु हो । अध्ययनका थप विशिष्टीकृत उद्देश्यहरु यसप्रकार छन् :

क) माध्यमिक तहका विद्यार्थीहरुको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गर्नु ,

ख) निमन्त्रणापत्र लेखन क्षमतामा आइपरेका समस्याहरु उल्लेख गर्नु ,

ग) लेखनमा आइपरेका समस्याहरुको समाधानका उपायहरु सुझाउनु ।

**अध्ययनको महत्व**

व्यावहारिक लेखन क्षमता राम्रो भएमा दैनिक लिखित व्यवहारका कामकाज गर्न सजिलो हुने गर्दछ । भाषाका माध्यमबाट दैनिक व्यवहार हुने गर्दछ । नेपालको विद्यालय तहको शिक्षामा नेपाली भाषालाई नेपाली विषयका रूपमा पठनपाठन गरिदै आएको छ । भाषाका चार सीपमा निपूर्ण गराउनु यसको उद्देश्य हो । माध्यमिक तहका विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमताअन्तर्गत निमन्त्रणापत्र लेखनको अध्ययन गरी तहगत रुपमा व्यावहारिक लेखनअन्तर्गत निमन्त्रणापत्र लेखन क्षमता हुनुपर्ने जतिको विकास भए नभएको यस अध्ययनबाट पत्ता लाग्नेछ । उनीहरूको लेखनमा देखिएका समस्या र समाधानका लागि उपायहरू समेत सुझाउन सकिने भएकाले यस अध्ययनको औचित्य/महत्त्व अत्यधिक छ । भाषाका सन्दर्भमा, व्यावहारिक लेखनका सन्दर्भमा, निमन्त्रणा लेखनका सन्दर्भमा शिक्षण सिकाइका सन्दर्भमा, पाठ्क्रमका सन्दर्भमा, पाठ्पुस्तकका सन्दर्भमा यस अध्ययनको औचित्य एवम् महत्व पुष्टि हुन्छ । माध्यमिक तहका विद्यार्थीहरुको नेपाली भाषाको व्यावहारिक लेखनअन्तर्गत निमन्त्रणापत्र लेखन क्षमतामा सीमित रहेको छ । माध्यमिक तहको कक्षा दशमा आधारित छ । व्यावहारिक लेखनको निमन्त्रणापत्र लेखनमा सीमित रहेको छ ।

## पूर्वकार्यको पुनरावलोकन

यसमा नेपाली भाषा व्याकरण, नेपाली भाषा शिक्षणसँग सम्बन्धित पूर्वकार्यको पुनरावलोकन गरिएको छ

लामिछाने (२०५७) द्वारा नेपाली भाषा शिक्षण परिचय लेखिएको छ । यसमा भाषा शिक्षणका सन्दर्भमा नेपाली भाषा शिक्षण, विविध सन्दर्भमा नेपाली शिक्षण, पहिलो भाषा सिकाइ, दोस्रो भाषा सिकाइ, बहुभाषिकता, सुनाइ शिक्षण, बोलाइ शिक्षण, पढाइ शिक्षण, लेखाइ शिक्षणसम्बन्धी विभिन्न कार्यकलापका सम्बन्धमा उल्लेख गरिएको छ । भाषिक सीप विकासका लागि अवलम्बन गरिने उपायका सम्बन्धमा यस पुस्तकमा समेटिएको छ । लेखन सीपका बारेमा सैद्धान्तिक आधारको जानकारी प्राप्त हुन्छ ।

यादव र रेग्मी (२०५९) द्वारा भाषाविज्ञान पुस्तक लेखिएको छ । यसमा भाषा, भाषाविज्ञान, भाषिक एकाइको अध्ययन ध्वनिविज्ञान, वर्णविज्ञान, रुपविज्ञान, वाक्यविज्ञान, अर्थविज्ञानको सैद्धान्तिकताका सम्बन्धमा चर्चा गरिएको छ । यो नेपाली भाषासँग सम्बन्धित भएर अध्ययन गरिएको भाषाको अध्ययनका लागि प्रयुक्त हुने सामग्री हो । यसबाट नेपाली भाषाको व्यवस्थाका सम्बन्धमा यथेष्ट जानकारी प्राप्त हुन्छ ।

अधिकारी (२०६४) द्वारा नेपाली भाषा शिक्षण लेखिएको छ । यसमा भाषा शिक्षणको सैद्धान्तिक आधारका सम्बन्धमा उल्लेख गरिएको छ । पहिलो भाषा, दोस्रो भाषा सिकाइ दोस्रो भाषा शिक्षण, नेपाली भाषा शिक्षणको आवश्यकता, दोस्रो भाषाका रुपमा नेपाली शिक्षणको आवश्यकता, बहुभाषिकता र नेपाली शिक्षणका सम्बन्धमा उल्लेख गरिएको छ । यसले नेपाली भाषा शिक्षण सिकाइका सम्बन्धमा देखिएका समस्या र समाधानका उपायहरु उल्लेख गरिएको छ । नेपाली भाषा शिक्षण सिकाइ गर्दा मातृभाषाले पुऱ्याउने सहजता असहजता समेत उल्लेख गरिएको छ । यसले गर्दा मातृभाषी विद्यार्थीहरुलाई नेपाली भाषा शिक्षण सिकाइ गर्दा कुन शिक्षण सामग्री, कस्तो शिक्षण विधि, कुनकुन भाषिक सीपको कार्यकलाप गराएर भाषिक क्षमता, लेखन सीप, लेखन क्षमताका सम्बन्धमा केही सैद्धान्तिक आधार थाहा पाउन मद्दत पुगेको छ ।

अधिकारी (२०६८) द्वारा प्रयोगात्मक नेपाली व्याकरण लेखिएको छ । यसमा नेपाली भाषाको वर्ण अक्षर, शब्द, पदावली , वाक्य, सङ्कथन व्यवस्थाका सम्बन्धमा लेखिएको छ । नेपाली भाषाका स्वरवर्णहरु, व्यञ्जनवर्ण, नेपाली अक्षरको संरचना, नेपाली वर्णविन्यास, सन्धि, शब्दवर्ग, शब्दनिर्माण, रुपायन प्रक्रिया, सङ्गति रचना, क्रिया कोटि र रचना, वाक्यान्तरण र रचना, प्रेणार्थक र रचना, कारक

र विभक्ति, उक्ति परिवर्तन,वाक्यका सम्बन्धमा नेपाली भाषामा रहेको व्यवस्थाका सम्बन्धमा उल्लेख गरिएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा नेपाली भाषा शिक्षणका सन्दर्भहरु लेखिएको छ । यसमा भाषा शिक्षण, विविध सन्दर्भमा नेपाली शिक्षण, मातृभाषामा शिक्षण, भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तकका सैद्धान्तिक तथा प्रायोगिक सन्दर्भहरुको चर्चा गरिएको छ । मातृभाषामा शिक्षणलाई स्थानीय तहमा शिक्षाको नीति तय गर्दा स्थानीय पाठ्यक्रम र स्थानीय (मातृभाषाका) आधारमा शिक्षा लिनसक्ने प्रावधानसँग सम्बन्धित भएर नेपालमा रहेका प्रमुख मातृभाषाको स्थितिका सम्बन्धमा उल्लेख गर्दै मातृभाषामा शिक्षण गरिनु आवश्यक भएकोले यसको महत्व र प्रयोजन अत्यन्तै उल्लेख्य मात्रामा रहेको कुरा प्रस्तुत भएकोले मातृभाषाका सम्बन्धमा जानकारी लिन सहयोग पुगेको छ ।

**अध्ययन विधि :**

गुणात्मक र परिमाणात्मक दुवैको संयुक्त मिश्रित अनुसन्धान ढाँचामा माध्यमिक तहका विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको अनुसन्धान गरिएको छ । परिमाणात्मक अनुसन्धान ढाँचामा शूक्ष्म सांख्यिकीको प्रयोग गरिएको छ । क्षेत्रगत अध्ययन विधि अवलम्बन गरिएको छ । माध्यमिक तहका विद्यार्थीहरुको नेपाली भाषाको व्यावहारिक लेखनअन्तर्गत निमन्त्रणापत्र लेखन क्षमतामा सीमित रहेको छ । माध्यमिक तहको कक्षा दशमा आधारित छ । व्यावहारिक लेखनको निमन्त्रणापत्र लेखनमा सीमित रहेको छ । जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा संचालित सामुदायिक माध्यमिक विद्यालयमा कक्षा दशमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु अध्ययनको जनसंख्या हुन् ।

यस अध्ययनका लागि प्राथमिक र द्वितीय तथ्याङ्कका स्रोतहरु हुन् । प्राथमिक स्रोतअन्तर्गत प्रत्यक्ष भेटघाट , प्रश्नावली रहेको छ भने द्वितीय स्रोतअन्तर्गत व्यावहारिक लेखन सम्बद्ध निमन्त्रणापत्र लेखनका सामग्री छन् । यस अध्ययनको नमुना छनोट उद्देश्यमूलक रहेको छ । चन्दननाथ नगरपालिकामा संचालित ६ वटा माध्यमिक विद्यालयमध्ये दूरीका आधारमा जम्मा ४ वटा सामुदायिक माध्यमिक विद्यालय छनोट गरिएको छ । उक्त विद्यालयमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुलाई गोलाप्रथाका आधारमा छात्र/छात्राहरुमध्येबाट प्रति विद्यालय ३० जना विद्यार्थीका दरले चारवटा विद्यालयबाट जम्मा ११० जना विद्यार्थीहरु अध्ययनका लागि नमुनाका रुपमा छनोट गरिएको छ । यस अध्ययनको प्रमुख सामग्री भनेको प्रश्नावली हो । निमन्त्रणापत्र लेखन नमुना प्रस्तुत गर्न लगाइएको छ। शिक्षकका लागि समेत निमन्त्रणापत्र लेखनका शिक्षण, सिकाइ सन्दर्भमा आधारित भएर प्रश्नावली तयार पारिएको छ । व्याख्या विश्लेषण प्रक्रिया वर्णनात्मक र विश्लेषणात्मक छ । विद्यार्थीहरुको निमन्त्रणापत्र लेखनको संरचना, भाषिक शुद्धता (लेखाइ सीप) विषय अनुरुप प्रस्तुतिलाई आधार मानेर

मूल्याङ्कन गरी प्रत्येक विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको विश्लेषण गरी प्रतिशतमा नतिजा विश्लेषण गरिएको छ ।

**परिणाम तथा छलफल**

यस अध्ययनको विश्लेषण निमन्त्रणापत्र लेखनसम्बन्धी लेखनको आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति, व्याकरणिक स्तरका आधार अध्ययन गरिएको छ ।

**निमन्त्रणापत्र लेखन क्षमता**

कसैलाई कुनै अवसरमा आमन्त्रण गर्नका लागि लेखिने व्यावहारिक लेखनको एक विषय क्षेत्र निमन्त्रणापत्र लेखन हो । लिखित रुपमा निम्ता दिनका लागि लेखिने निमन्त्रणापत्रको आन्तरिक संरचना हुने गर्दछ, विषयवस्तुको प्रस्तुति र व्याकरणिक तत्वले समेत प्रभाव पार्दछ । विवाहको निमन्त्रणापत्र लेखन क्षमता परीक्षणमा श्री कर्णाली मा. वि. जुम्लाका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमतामा निमन्त्रणापत्र लेखनलाई आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति, व्याकरणिक तत्वका आधारमा अध्ययन गरिएको छ ।

**आन्तरिक संरचना**

निमन्त्रणापत्र लेखनको आन्तरिक संरचनामा मिति, विषय, सम्बोधन, संरचना र शैली रहने गर्दछ । माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुलाई आफ्नो दाजुको विवाहका लागि आफन्तजनलाई दिइने निमन्त्रणाको ढाँचामा निमन्त्रणापत्र लेख्न दिइएकोमा लेखनको आन्तरिक संरचनामा आधारित भएर रहेको लेखन क्षमता यसप्रकारको छ ।

**तालिका १ निमन्त्रणापत्र लेखनको आन्तरिक संरचनामा आधारित लेखन क्षमता विवरण**

| आन्तरिक संरचनात्मक एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा |
|---|---|---|---|---|
| मिति | २१ | ९ | ३० | ७० |
| विषय | २३ | ७ | ३० | ७६.६६ |
| सम्बोधन | ३ | २७ | ३० | १० |
| संरचना | ८ | २२ | ३० | २६.६६ |
| शैली | ८ | २२ | ३० | २६.६६ |

स्रोत : लेखन परीक्षण

निमन्त्रणापत्रको आन्तरिक संरचनामा हुनुपर्ने कुराहरु समेटेर लेख्न सक्ने विद्यार्थीहरु ४२ प्रतिशत मात्र रहेका छन् । कतिपयले मिति नै नलेखेका लेखे पनि माथि नै लेखेका छन् । विषय अर्थात् निमन्त्रणा भनेर उल्लेख गर्ने विद्यार्थीको संख्या कम मात्रामा छ । कसलाई निमन्त्रणा गरिएको हो सम्बोधन नगरेर लेख्ने विद्यार्थी ९० प्रतिशत रहेका छन् । विवाहको निमन्त्रणापत्रमा हुने संरचनामा आधारित भएर लेख्ने २६.६६ प्रतिशत विद्यार्थी रहेका छन् । अन्य विद्यार्थीहरुले मनगढन्ते रुपमा लेखेका छन् ।
निमन्त्रणापत्रको शैलीमा लेख्नसक्ने विद्यार्थीहरुको संख्या समेत कम रहेको छ । यसरी निमन्त्रणापत्रको आन्तरिक संरचनामा आधारित भएर लेख्नसक्ने विद्यार्थीहरु ४२ प्रतिशत छन् ।

**विषयवस्तुको प्रस्तुति**

निमन्त्रणा पत्रमा विषयवस्तुको प्रस्तुति उचित रुपमा हुनुपर्दछ । सन्देश के हो, प्रस्तुति कस्तो छ, भाषा कस्तो प्रयोग भएको छ, विषयवस्तुको क्रम मिलाइएको छ कि छैन, समापन कसरी गरिएको छ भन्ने कुराले उल्लेख्य भूमिका खेलेको हुन्छ ।

**तालिका २ निमन्त्रणा लेखनमा विषयवस्तुको प्रस्तुतिगत क्षमता**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा |
|---|---|---|---|---|
| सन्देश | २५ | ५ | ३० | ८३.३३ |
| प्रस्तुति | ७ | २३ | ३० | २३.३३ |
| भाषा | २१ | ९ | ३० | ७० |
| विषयवस्तुको क्रम | ७ | २३ | ३० | २३.३३ |
| समापन | ७ | २३ | ३० | २३.३३ |

स्रोत : लेखन परीक्षण

श्री कर्णाली मा. वि. जुम्लाका विद्यार्थीहरुको निमन्त्रणापत्र लेखनमा विषयवस्तुको प्रस्तुतिको अध्ययन यसका एकाइमा आधारित भएर गर्दा माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुले निमन्त्रणा के को हो स्पष्ट रुपमा लेख्न सकेका छैन्न । कसलाइ लेखिएको हो खुलाएका छैनन् । केही विद्यार्थीहरुको लेखाइ यस्तो समेत रहेको छ: जसरी भएपनि छोरी छोरालाई आशिर्वाद दिन र खाना खान आउनु होला भनेर समेत लेखेका छन् । विषवस्तुको क्रम समेत मिलाएर लेख्न सक्ने विद्यार्थीहरु समेत कम मात्रामा छन् । विषयवस्तुको प्रस्तुतिमा केन्द्रित भएर लेख्नसक्ने क्षमता भएका विद्यार्थीहरु ४४.६६ प्रतिशत मात्र रहेका छन् ।

**व्याकरणिक तत्व**

लेखनमा व्याकरणिक तत्वको मेल अनिवार्य हुन्छ । निमन्त्रणापत्रको लेखनमा शब्दचयन, वर्णविन्यास, सङ्गति, वाक्यगठन र अनुच्छेदगठनको उचित मेल हुनुपर्दछ ।

**तालिका ३ व्याकरणिक तत्वका आधारमा निमन्त्रणा पत्र लेखन क्षमता**

| व्याकरणिक तत्वगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा |
|---|---|---|---|---|
| शब्दभण्डार | १६ | १४ | ३० | ५३.३३ |
| वर्णविन्यास | १४ | १६ | ३० | ४६.६६ |
| सङ्गति | १३ | १७ | ३० | ४३.३३ |
| वाक्यगठन | १२ | १८ | ३० | ४० |
| अनुच्छेगठन | १२ | १८ | ३० | ४० |

स्रोत : लेखन परीक्षण

श्री कर्णाली मा.वि.जुम्लाका विद्यार्थीहरुको निमन्त्रणापत्र लेखनमा व्याकरणिक तत्त्वका आधारमा लेखन क्षमता भएका विद्यार्थीहरु ४४.६६ प्रतिशत रहेका छन् । शब्दभण्डारमा कमजोर रहेका छन् । निमन्त्रणापत्र लेखनमा प्रयोग हुने शब्दको अभाव रहेको छ । वर्णविन्यासगत त्रुटि समेत यथेष्ट मात्रामा रहेको छ । सङ्गति र वाक्यगठनमा समेत कमजोर छन्: । हाम्रा सुपुत्र सुपुत्रीलाई आशिर्वाद दिनहुन हार्दिक अनुरोध गर्दछु, हार्दिक निमन्त्रणापत्र व्यक्त गर्दछु, विवाह यही महिनाको १८ गते हुने भएका यहाँ हार्दिक स्वागत गर्दछु जस्तो प्रयोग भएको पाइन्छ ।

**लेखन क्षमता**

आफ्नो दाजुको विवाहको लागि आफन्तलाई निमन्त्रणा गर्नका लागि विवाहको निमन्त्रणापत्र लेखनको प्रश्नावली दिएकोमा श्री चन्दननाथ मा.वि. खलङ्गाका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको निमन्त्रणा लेखनको आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति र व्याकरणिक तत्वगत क्षमताको अध्ययन यसप्रकार छ ।

**आन्तरिक संरचना**

निमन्त्रणापत्र लेखनको आन्तरिक संरचनामा मिति, विषय, सम्बोधन, संरचना र शैलीको अध्ययन गरिएको छ । कुन मितिका लागि कुन विषयमा कसलाई कसरी निमन्त्रणा गरिएको छ भन्ने कुराको पूर्ण विवरण निमन्त्रणापत्रमा हुनुपर्छ ।

**तालिका ४ आन्तरिक संरचनाका आधारमा लेखन क्षमता**

| आन्तरिक संरचनात्मक एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा |
|---|---|---|---|---|
| मिति | २६ | ४ | ३० | ८६.६६ |
| विषय | २७ | ३ | ३० | ९० |
| सम्बोधन | ४ | २६ | ३० | १३.३३ |
| संरचना | ९ | २१ | ३० | ३० |
| शैली | ९ | २१ | ३० | ३० |

स्रोत : लेखन परीक्षण

श्री चन्दननाथ मा. वि. का कक्षा १० का विद्यार्थीहरुको निमन्त्रणापत्र लेखनमा आन्तरिक संरचनालाई अध्ययन गर्दा केही विद्यार्थीहरुले विवाहको मिति कहिले हो नलेखेका एवम् कतिले कुन विषयका लागि निम्ता गरिएको हो सो समेत उल्लेख नगरेर भावनात्मक अभिव्यक्ति मात्र उल्लेख गरेका छन् । निमन्त्रणा कसलाई गरिएको हो सम्बोधन गरिनु पर्दछ । श्री भरत कठायत ज्यू, श्री रामलाल कठायत ज्यू भनेर सम्बोधन सहितको लेखन गर्ने विद्यार्थीको संख्या कम मात्रामा रहेको छ । निमन्त्रणापत्रको संरचनामा नै धेरै विद्यार्थीहरु अर्थात् ७० प्रतिशत जति अलमलिएका छन् । वैवाहिक कार्यक्रम नै नराखेर केटापक्ष केटीपक्ष भनेर मात्र उल्लेख गरेका छन् भने आमन्त्रणको शैलीमा समेत विद्यार्थीहरु कमजो छन् । यदी तपाइ नआएमा हाम्रो दाजुको लाज हुनेछ, सम्पूर्ण चिने जानेका आफन्त गोतालाई घरमा आउनका लागि अनुरोध गर्दछु ।

**विषयवस्तुको प्रस्तुति**

निमन्त्रणा लेखनमा विषयवस्तुको प्रस्तुति महत्वपूर्ण हुने गर्दछ । सन्देश, प्रस्तुति, आदर, विषयवस्तुको क्रम, समापनको यथोचित मेल हुनुपर्दछ ।

**तालिका ५ विषयवस्तु प्रस्तुतिका आधारमा लेखन क्षमता**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा |
|---|---|---|---|---|
| सन्देश | २६ | ४ | ३० | ८६.६६ |
| प्रस्तुति | ६ | २४ | ३० | २० |

| | | | | |
|---|---|---|---|---|
| भाषा | २५ | ५ | ३० | ८३.३३ |
| विषयवस्तुको क्रम | ६ | २४ | ३० | २० |
| समापन | ६ | २४ | ३० | २० |

स्रोत : लेखन परीक्षण

निमन्त्रणापत्र लेखनमा विषयवस्तुगत प्रस्तुतिअन्तर्गत पूर्ण सन्देश अभावको लेखन छ भने प्रस्तुतिगत कमजोरी समेत यथेष्ट छ । आज गराइने विहेमा सहभागि भइदिन हुन हार्दिक अनुरोध गर्दछु । यो आयुष रमेश आचार्य र सपना उपाध्यायको साथ शुभ विवाह सुसम्पन्न होस् जस्तो अभिव्यक्तिगत प्रस्तुति एवम् वैवाहिक कार्यक्रमको रुपरेखा विहिन प्रस्तुतिको लेखन गर्ने विद्यार्थीहरुको संख्या बढी नै छ । प्रार्थी सहितको लेखनमा समापन गर्ने विद्यार्थीहरुको संख्या समेत ३० प्रतिशत मात्र रहेको छ । अन्य विद्यार्थीहरुले मनगढन्ते लेखाइबाट निमन्त्रणाको समापन गरेका छन् । यसरी विषयवस्तुको प्रस्तुतिगत लेखन क्षमता भएका विद्यार्थीहरु औसतमा ४६ प्रतिशत छन् भने लेखन क्षमता कमजोर भएका विद्यार्थीहरु ५४ प्रतिशत छन् ।

**व्याकरणिक तत्व**

लेखनमा व्याकरणिक तत्त्व अनिवार्य हुने गर्दछ । उचित शब्दभण्डार, वर्णविन्यास, सङ्गति, वाक्यगठन एवम् अनुच्छेद गठनको प्रयोग गरिएको खण्डमा लिखित अभिव्यक्ति प्रभावकारी हुनेगर्दछ । निमन्त्रणापत्रको लेखनमा यिनै कुराहरुको उचित संयोजन गरिनु आवश्यक हुन्छ ।

**तालिका ६ व्याकरणिक तत्वका आधारमा लेखन क्षमता**

| व्याकरणिक तत्त्वगत एकाइ | सही लेख्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा |
|---|---|---|---|---|
| शब्दभण्डार | १३ | १७ | ३० | ४३.३३ |
| वर्णविन्यास | १२ | १८ | ३० | ४० |
| सङ्गति | १५ | १५ | ३० | ५० |
| वाक्यगठन | १४ | १६ | ३० | ४६.६६ |
| अनुच्छेद गठन | १४ | १६ | ३० | ४६.६६ |

स्रोत : लेखन परीक्षण

श्री चन्दननाथ मा.वि.खलङ्गा, जुम्लाका कक्षा १० का विद्यार्थीहरुको निमन्त्रणापत्र लेखनमा व्याकरणिक तत्वको क्षमता परीक्षण गर्दा अधिकांश विद्यार्थीहरुले कथ्य भाषामा प्रयोग हुने शब्दावली प्रयोग गरेका छन् । जस्तै : निमन्त्रणा, जिमन, वैवाहित, दशलिभीहरु जस्ता शब्दको प्रयोग गरेका छन् । वर्णविन्यासमा समेत कमजोर नै छन् । विवाहामा, धन्यवाद, निमन्त्रण, गदछु गदै जस्ता त्रुटिहरु गरेका छन् । श्री विमल भण्डारीको विवाह अलीसा थापामा हुन गइरहेको विवाहमा विमल भण्डारीलाई उनुको विवाहमा दिएको मनकामना समस्त भण्डारी परिवार, जुम्ला जस्ता सङ्गतिगत त्रुटि गरेका छन् भने वाक्यगठनमा समेत ५० प्रतिशत भन्दा बढी विद्यार्थीहरु कमजोर छन् हुन गइरहेको शुभविवाहमा तपाइलाई हार्दिक स्वगत निमन्त्रण गर्दछ । शुभविवाहमा सम्पूर्ण नातेदारहरुलाई यो निमन्त्रणा पत्र पेश गर्दछु । आज मिति २०७६।०८।१६ गते हुनगइरहेको विवाहमा साथी नविन तिमिलाई हाम्रो निमन्त्रणा तपसिलको मिति अनुसार उपलब्ध भइदिनु होला ।

**लेखन क्षमता**

महत्त्वपूर्ण कार्यमा आफन्तजन, प्रियजनलाई निमन्त्रणा गर्नका लागी लेखिने पत्र निमन्त्रणपत्र हो । आफ्नो दाजुको विवाहमा आफन्तलाई आमन्त्रण गर्न तयार पार्न लगाईएको निमन्त्रणापत्र लेखनलाई यसको आन्तरिक संरचना ,विषयवस्तुको प्रस्तुति र व्याकरणिय तत्वका आधारमा अध्ययन गरिएको छ । श्री जनता मा.वि. महतगाँउ ,जुम्लाका माध्यामिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमताको अध्ययनमा निमन्त्रणपत्र लेखनको अध्ययन गर्दा उनीहरु को लेखन क्षमतालाई यस प्रकार अध्ययन गरिएको छ ।

**आन्तरिक संरचना**

निमन्त्रणापत्र लेकनका केही आन्तरिक संरचना हुने गर्दछन । मिति सम्बोधन, विषय संरचना र शैली यसअर्न्तगत पर्दछन निमन्त्रणापत्र लेखनका सनर्दभमा श्री जनता मा.वि. महतगाँउ, जुम्लाका विद्यार्थीहरुको आन्तरिक संरचनात्मक आधारमा रहेको लेखन क्षमता यस प्रकारको छ :

**तालिका ७ आन्तरिक संरचनाका आधारमा लेखन क्षमता**

| आन्तरिक संरचनात्मक एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा |
|---|---|---|---|---|
| मिति | १० | १५ | २५ | ४०% |
| सम्बोधन | ३ | २२ | २५ | १२% |

| | | | | |
|---|---|---|---|---|
| विषय | १४ | ११ | २५ | ५६% |
| संरचना | ६ | १९ | २५ | २४% |
| शैली | ७ | १८ | २५ | २८% |

स्रोतः लेखन परीक्षण

श्री जनता मा.वि.का विद्यार्थीहरुको निमन्त्रणापत्र लेखनमा रहेको आन्तरिक संरचनाको अध्ययन गर्दा मिति लेखनमा केही विद्यार्थीहरुले छोडेका कुन मितिमा हुने विवाह हो उल्लेख नै नभएको लेखेकामध्ये केहीले अंग्रेजी अंकमा लेखेका छन । कसलाई निमन्त्रणा गरिरहेको हो उल्लेख नभएको धेरै नै संख्यामा छ । विवाहमा हजुरहरु हाम्रो गाँउमा तथा घर वा विवाह मण्डपमा उपस्थित हुन भनि हजुरलाई यो पत्र पठायको छु भन्ने जस्तो शैली प्रयोग भएको छ । निमन्त्रणापत्र लेखेको आन्तरिक संरचनामा आधारित भएर निमन्त्रणापत्र लेख्न सक्ने क्षमता भएका विद्यार्थीहरु औसतमा ३२ % आन्तरिक संरचनात्मक आधारमा लेखन क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ६८% रहेका छन ।

**विषयवस्तुको प्रस्तुति**

निमन्त्रणापत्र लेखनमा विषयवस्तुको प्रस्तुतिअर्न्तगत सन्देश प्रस्तुति, भाषा विषयवस्तुको क्रम र समापन पक्षमा आधारित भएर अभ्ययन गर्दा श्री जनता मा. वि.का विद्यार्थीहरुको निमन्त्रणापत्र लेखनमा विषयवस्तुको प्रस्तुतीगत क्षमता यस प्रकारको छ ।

**तालिका ८ विषय वस्तुको प्रस्तुतिका आधारमा**

| **विषयवस्तुको प्रस्तुतिगत एकाइ** | **सही लेख्ने वि.संख्या** | **त्रुटि गर्ने वि.संख्या** | **जम्मा वि.संख्या** | **लेखन क्षमता भएका वि.प्रतिशतमा** |
|---|---|---|---|---|
| सन्देश | ११ | १४ | २५ | ४४% |
| प्रस्तुति | ७ | १८ | २५ | २८% |
| भाषा | ८ | १७ | २५ | ३२% |
| ६ | १९ | २५ | २४% | २४% |
| समापन | ६ | १९ | २५ | २४% |

स्रोतः लेखन परीक्षण

श्री जनता मा.वि.का माध्यामिक तह कक्षा १० का विद्यार्थीहरुको व्यावहारिक लेखन लेखन क्षमताको अध्ययनका निमन्त्रणापत्र लेखनअर्न्तगत विषयवस्तुको प्रस्तुतिगत अध्ययन गर्दा यसका निश्चित एक आधारित हुँदा विवाहको सन्देश, आमन्त्रणको सन्देश हुनुपर्नेमा सुपुत्र सुपुत्रीको नाम मात्र लेखेर विद्यार्थीहरुले अन्त्य गरेका छन् । यसरी निमन्त्रणापत्र लेखनको विषयवस्तुको प्रस्तुतिका आधारमा लेखन क्षमता भएका विद्यार्थीहरु औसतमा ३०.४% मात्र छन भने विषयवस्तुको प्रस्तुतिका आधारमा लेखन क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ६९.६% रहेका छन ।

**व्याकरणिक तत्व**

लेखनमा ब्याकरणिक तत्वको महत्त्वपूर्ण भूमिका हुन्छ । शब्दभण्डार, वर्णविन्यास सङ्गति, वाक्यगठन, अनुच्छेगठनले अभिव्यक्ति संगठित हुने गर्दछ ।

**तालिका ९ व्याकरणिक तत्वका आधारमा लेखन क्षमता**

| ब्यकरणिक तत्वगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा |
|---|---|---|---|---|
| शब्दभण्डार | ९ | १६ | २५ | ३६% |
| संङ्गगति | ७ | १८ | २५ | २८% |
| संङगति | ९ | १६ | २५ | ४४% |
| वाक्यगठन | ८ | १७ | २५ | ४०% |
| अनुच्छेदगठन | ८ | १७ | २५ | ४४% |

स्रोतः लेखन परीक्षण

निमन्त्रणापत्र लेखनमा शब्द भण्डारका आधारमा कमजोर नै रहेका छन् । दुलही ,दुल्हा ,विमा जस्ता उच्चार्यगत जुम्ली भाषाकै शब्द प्रयोग केही विद्यार्थीले गरेका छन् । अफ, आशिर्वाद ,आयर, निमन्त्रण वर वदुलाई जस्ता वर्णविन्यासगत त्रुटि समेत गरेका छन् । संङ्गति र वाक्यगठनका क्षेत्रमा समेत त्रुटि रहेको छ ।

**लेखन क्षमता**

निमन्त्रणापत्र लेखनलाई आन्तरिक संरचना विषयवस्तुको प्रस्तुति र ब्याकरणिक तत्वका आधारमा लेखन क्षमताको अध्ययन गर्दा श्री भैरव मा.वि. धुपीढुस्का, जुम्लाका माध्यमिक तह कक्षा १० अध्ययनरत विद्यार्थीहरुको लेखन क्षमता यसप्रकार छ :

**आन्तरिक संरचना**

आकर्षक एवम् प्रभावकारी निमन्त्रणापत्र लेखनका लागि आन्तरिक रुपमा आवश्यक पर्ने कुराहरु आन्तरिक संरचनाअर्न्तगत पर्दछन् :

**तालिका १० आन्तरिक संरचनाका आधारमा लेखन क्षमता**

| आन्तरिक संरचनात्मक एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | निमन्त्रणा पत्र नलेख्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि. प्रतिशतमा |
|---|---|---|---|---|---|
| मिति | ७ | १० | ८ | २५ | २८% |
| सम्बोधन | ३ | १४ | ” | २५ | १२% |
| विषय | ७ | १० | ” | २५ | २८% |
| संरचना | ३ | १४ | ” | २५ | १२% |
| शैली | ४ | १३ | ” | २५ | १६% |

स्रोत : लेखन परीक्षण

आफ्नो दाजुको विवाहका लागि आफन्तजनलाई विवाहका निमन्त्रणा दिने सिलसिलामा कुन मितिमा विवाह कार्य क्रम हो उल्लेख नगरेर लेख्ने विद्यार्थीहरु रहेका छन् भने कसलाई निमन्त्रणा हो जन्मदिनको शुभकामना पुजा हो के हो उल्लेख नगरेर भावनात्मक लेखाई समेत विद्यार्थीहरुले लेखेका छन । विवाहको निमन्त्रणाको संरचामा आधारित भएर लेख्ने विद्यार्थी संख्या समेत थोरै रहेको छ । कसलाई निमन्त्रणा हो सम्बोधन , निमन्त्रणापत्र, कार्यक्रम सहित आमन्त्रण, विवाह कार्यक्रम, दर्शनाअभिलाषी, प्रार्थी जस्तो संरचना लेखिनु पर्नेमा यी सबैकुरा समेटेर लेखर अधिकांश विद्यार्थीहरुले वेहुलापक्ष वेहुली पक्ष भन्दै तिनका नातेदारको नाम मात्र लेखेका छन् केहीले कुनै पक्ष त केहीले कुनै पक्ष छुटाएर लेखेका छन ।

**विषयवस्तुको प्रस्तुति**

निमन्त्रणापत्रको लेखनमा विषयवस्तुको प्रस्तुतिअर्न्तगत सन्देश, प्रस्तुति, भाषा, विषयवस्तुको क्रम समापन समेटेको लेखाइको आधारलाई अध्ययन गरिएको छ ।

**तालिका ११ विषयवस्तुको प्रस्तुतिका आधारमा**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | निमन्त्रणा पत्र नलेख्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा |
|---|---|---|---|---|---|
| सन्देश | ७ | १० | ८ | २५ | २८% |
| प्रस्तुति | ३ | १४ | ” | २५ | १२% |
| भषा | ३ | १० | ” | २५ | १२% |
| विषयवस्तुको क्रम | २ | १५ | ” | २५ | ८% |
| समापन | ३ | १४ | ” | २५ | १२% |

स्रोत : लेखन परीक्षण

चिट्ठीको प्रस्तुति परिचयात्मक प्रस्तुति रहेको छ । निमन्त्रणात्मक प्रस्तुति छैन । विवाह हुने डिल्ली भण्डारी र तारा साउँद यस शुभ विवाहमा यहाँलाई हार्दिक स्वागत गर्दछ यहाँ यस विवाहमा आएर वर वदुलाई आर्शिवाद दिनु हुनछ भनि आशा राख्याछ । जस्तो भाषाको प्रयोग छ भने विषयवस्तुको क्रम मिलाएर लेखने क्षमता कम विद्यार्थीहरुमा मात्र छ । यस विवाहमा सबै जनालाई चुला निम्तो छ जस्तो अभिव्यक्ति बाटै लेखाइको समापन समेत भएका विद्यार्थीहरु औसतमा १४.४% प्रतिशत रहेका छन् भने विषयवस्तुको प्रस्तुतिगत लेखन क्षमता कमजोर भएका विद्यथार्हिरुको संख्या औसतमा ८५.६% प्रतिशत रहेको छ ।

**ब्याकरणिक तत्त्व**

लेखनमा ब्याकरणिक तत्त्वले प्रभाव पार्छ । निमन्त्रणापत्र लेखनमा शब्दभण्डार अर्थात् शब्दको प्रयोग वर्णविन्यास, संज्ञति, वाक्यगठन र अनुच्छेदगठन केन्द्रित भएर ब्याकरणिक तत्वको अध्ययन गरिएको छ ।

**तालिका १२ व्याकरणिक तत्वका आधारमा लेखन क्षमता**

| ब्याकरणिक तत्वगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | निमन्त्रणापत्र नलेख्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा |
|---|---|---|---|---|---|
| सन्देश | ४ | १३ | ८ | २५ | १६% |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रस्तुति | ३ | १४ | ” | २५ | १२% |
| भषा | ३ | १४ | ” | २५ | १२% |
| विषयवस्तुको क्रम | ३ | १४ | ” | २५ | १२% |
| समापन | ३ | १४ | ” | २५ | १२% |

स्रोत : लेखन परिक्षण

श्री भैरव मा.वि. का विद्यार्थीहरुमा शब्दभण्डार अर्थात्, शब्द प्रयोग गत क्षमता कमजोर रहेका छ । वेहुलापट्टी विवाह काड जस्तो शब्दको प्रयोग गरेका छन् । गर्दछु , अनुच्छेद, भएकाले भयकोछ विवाह । जस्तो वर्णविन्यासगत त्रुटि गरेका छन् । सङ्गतिगत कमजोरी पनि यथेष्ट मात्रामा छ । जस्तै : यस विवाहमा आएर वर वदुलाई आई आर्शिवाद दिनु हुन्छ आश राख्यो छ । कक्षा १० मा अध्ययनरत विद्यार्थीको वाक्यगठनमा समेत कमजोरी रहेको छ । दाजु हजुरले पनि भाउजु घरमा भित्राउनु भएका रहेछ । हजुरको विवाह शैशाख १८ गतेका दिनमा हुने रहेको छ । त्यही वेलामा नआएर हजुरलाई शुभ विवाह दाजु भनेर हजुरलाई धन्येवाद छ । जस्ता वाक्यागठन एवम् यही वर्ष २५ गतेका दिन विवाहा हुने भएकाले चेप्ट्या थापालाई हार्दिक अनुरोद गदछु मात्र लेखेर निमन्त्रणाको लिखित अनुच्छेद गठन गरेका छन् । यसरी निमन्त्रणापत्र लेखनमा व्याकरणिक तत्वगत लेखन क्षमता भएका विद्यार्थीहरुको संख्या औसतमा १२.८% प्रतिशत रहेको छ भने व्याकरणिक तत्त्वगत आधारम लेखन क्षमता कमजोर भएका विद्यार्थीहरुको संख्या ८७.२% प्रतिशत रहेको छ ।

**निष्कर्ष**

निमन्त्रणापत्र लेखन व्यावहारिक लेखन हो । निमन्त्रणापत्र लेखनको परीक्षण गर्दा श्री कर्णाली मा. वि. का ४३.७७% विद्यार्थीहरु निमन्त्रणापत्र लेखन क्षमता भएका छन् भने ५६.२३ % विद्यार्थीहरु निमन्त्रणापत्र लेखन क्षमता कमजोर रहेका छन् । परीक्षण गरिएका जम्मा विद्याथीहरु मध्ये श्री चन्दननाथ मा.वि.का ४७.१२% विद्यार्थीहरु लेखन क्षमता भएका छन भने ५२.८८% विद्यार्थीहरु निमन्त्रणापत्र लेखनमा कमजोर रहेका छन श्री जनता मा.वि. का ३१.७३% विद्यार्थीहरु निमन्त्रणापत्र लेखन क्षमता भएका छन् भने ६८.२७% विद्यार्थीहरु निमन्त्रणापत्र लेखनम कमजोर रहेका छन् । श्री भैरव मा. वि. का जम्मा विद्यार्थीहरु मध्ये १५.४७% विद्यार्थीहरुमा मात्र निमन्त्रणापत्र लेखन क्षमता रहेको छ भने ८४.५३% विद्यार्थीहरुमा निमन्त्रणापत्र लेखन क्षमता कमजोर रहेको छ ।

माध्यामिक तह कक्षा १० का विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमता परीक्षण गर्दा श्री कर्णाली मा.वि.का ५१.८९% प्रतिशत विद्याथीहरुमा व्यावहारिक लेखन क्षमता कमजोर रहेको छ । श्री चन्दननाथ मा. वि.का ५६.९३ विद्यार्थीहरुमा व्यावहारिक लेखन क्षमता छ भने ४३.०७% विद्यार्थीहरुमा ब्यवहारिक लेखन क्षमता कमजोर रहेको छ । श्री जनता मा. वि. का ४०.९% विद्यार्थीहरुमा ब्यवहारिक लेखन क्षमता रहेको छ भने ५९.१ % विद्यार्थीहरुमा ब्याहारिक लेखन क्षमता कमजोर रहेको छ । यो अनुसन्धानात्मक लेख हो । साना अनुसन्धानसँग (SRDIG) सम्बन्धित *माध्यमिक तहका विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमता* शीर्षकमा रहेर विश्वविद्यालय अनुदान आयोगको अनुदानमा सम्पन्न अनुसन्धानबाट यो लेख तयार पारिएको हो । अनुसन्धानमा सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६४), *प्रारम्भिक नेपाली* : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, ओमप्रकाश (२०७८), *माध्यमिक तहका विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमता,* : विश्वविद्यालय अनुदान आयोग ।

ओझा, रामनाथ (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन* : करुधरा पब्लिकेसन प्रा.लि. ।

खनाल, श्रीराम (२०६९), *विज्ञापन , जनसम्पर्क र मिडियाका मुद्दाहरु* , विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), *नेपाली भाषा शिक्षण*, एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन*, विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, लक्ष्मी (२०६९), *तनहुँ जिल्ला कक्षा आठ पुरा गरेका विद्यार्थीहरुको निवेदन लेखन क्षमताको अध्ययन,* त्रि. वि., नेपाली भाषा शिक्षा विभाग ।

लम्साल, रामचन्द्र र अन्य (२०६२), *नेपाली भाषा शिक्षण*, विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०५७), *नेपाली भाषा शिक्षण परिचय,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र अन्य (२०६५), *अनिवार्य नेपाली*, अस्मिता पब्लिकेसन पा. लि. ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *शोधविधि*, साझा प्रकाशन ।

Best, j. w. and kahn, j. v. (1999). *Research in Education* (7th ed.). New Delhi: Prentice Hall of India.

BMC Research Journal
ISSN: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

Birendra Bidhya Mandir Campus
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# लोकगीत सिद्धान्तका आधारमा आठहजारी तिजगीतको विश्लेषण

**डम्बरबहादुर पुन, पि.एचडी.स्कलर**
उपप्राध्यापक/सदस्य
त्रिवि अनुगमन निर्देशनालय
कीर्तिपुर, नेपाल

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Dammar Bahadur Pun, dambarpun06@gmail.com
Orcid: https://orcid.org/0009-0008-9548-6336
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80138

## लेखसार

प्रस्तुत लेखमा आठहजार क्षेत्र सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकामा प्रचलित तिजगीतको विश्लेषण गरिएको छ । तिजगीतको विश्लेषण गर्ने क्रममा पहिले सिद्धान्तको चर्चा गरी निष्कर्ष निकालिएकाले यसमा निगमनात्मक विधिको प्रयोग गरिएको छ । तिजगीत विश्लेषण गर्नका लागि लोकगीतका महत्त्वपूर्ण तत्त्वहरू प्रस्तुति, विषयवस्तु, साहित्यिकता, संरचना र भाषाशैली आदिलाई आधार लिइएको छ । यसका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । विश्लेषणका क्रममा तिजगीतमा अटलसौभाग्यका सामग्री पहिरिएर मादल, बाँसरी, मुजुरा, खैँजडीजस्ता वाद्य सामग्रीसहित वा वाद्य सामग्री नबजाई ताली मात्र बजाएर पनि नृत्यका साथमा प्रस्तुत गर्ने गरेको पाइन्छ । यसरी प्रस्तुत गरिएको तिजगीतमा यस क्षेत्रको भूगोल, यहाँको समाज, यहाँका बासिन्दाले मान्ने धर्म संस्कृति, यस क्षेत्रको आर्थिक अवस्था, यहाँका नारीले भोगेको जीवन, यस क्षेत्रको प्रकृतिजस्ता विषयवस्तु समेटिएका पाइन्छन् । संरचनाका हिसाबले यी तिजगीतका पहिलो पङ्क्ति र दोस्रो पङ्क्ति फरकफरक संरचनाका साथ प्रस्तुत भएका पाइएका छन् । माथि हेर्दा कालो लेख कैलास भन्ने गीतको पहिलो पङ्क्ति २३ अक्षर र दोस्रो पङ्क्ति २५ अक्षर, माथिबाट सुवाचरी झर्‍यो भन्ने गीतको पहिलो पङ्क्ति १९ अक्षर र दोस्रो पङ्क्ति २१

अक्षरका साथ प्रस्तुत भएका पाइन्छन् । यसरी यस क्षेत्रका तिजगीतहरू ११, १३, १९, २३ र २५ अक्षरका अनेक संरचनाका साथ प्रस्तुत भएका पाइन्छन् । यी तिजगीतहरू शृङ्गार, करुण रसका साथै अन्य रसहरू र श्रुत्यनुप्रास, वृत्त्यनुप्रास, उपमा, उत्प्रेक्षा, अतिशयोक्ति, स्मरण अलङ्कार आदिका साथै विम्ब, प्रतीकजस्ता साहित्यिक विशेषताले ओतप्रोत भएका भेटिन्छन् । भाषाशैलीका हिसाबले यी तिजगीतहरूमा मूलः रूपमा खसानी उपभाषिका र आंशिक रूपमा पर्वती उपभाषिकाका स्थानीय शब्द, अनुकरणात्मक शब्द, द्वित्व, थेगा, रहनी र निपातको प्रयोग भएको पाइन्छ । लोकजीवनले आफ्ना मनका भावना पोख्ने क्रममा छोरी (छाडेर), मोल (मुल्य), तइँ (त्यहाँ), सुकिला (सफा) आदि स्थानीय भाषिकाका शब्दहरूको प्रयोग गरेको देखिन्छ । यी गीतमा लोकजीवनले पचाइसकेका झपक्कै, लपक्कै, थपक्कै-जस्ता अनुकरणात्मक शब्द र ढिकढाक, झनझन आदि द्वित्व शब्दको प्रयोगले गीतलाई श्रुतिमधुर बनाउने काम गरेका छन् । यसै गरी नि, लै, त जस्ता निपात र बरिलै आदि थेगाको प्रयोगले अभिव्यक्तिमा चमक थप्ने, चोटिलो बनाउने वा चमक थप्ने काम गरेका छन् । यसप्रकारका तिजगीतको अध्ययनबाट लोकगीतका अध्येता तथा लोकगीतप्रति चासो राख्ने व्यक्तिहरू विशेष लाभान्वित हुने देखिन्छ ।

**मुख्य शब्दावली :** नृत्यवाद्य, रस, अलङ्कार, संरचना, खसानी

## अध्ययनको पृष्ठभूमि

आठहजार क्षेत्रभित्र सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकाको भूभाग पर्दछ । यस क्षेत्रमा अनेक जातजातिका मानिसको बसोबास भए तापनि यहाँ सामान्यतया धार्मिक, सांस्कृतिक एवम् भाषिक रूपमा एकता पाइन्छ । यहाँ अनेक प्रकारका लोकगीतहरू प्रचलनमा रहेको पाइन्छ । ती गीतमध्ये तिजगीत पनि एकप्रकारको लोकगीत हो । यहाँ पाइने यिनै तिजगीतको निगमनात्मक र विश्लेषणात्मक विधिबाट अध्ययन गर्ने काम यस अध्ययनमा गरिएको छ । यी तिजगीतहरूलाई सामान्यतया मादल, बाँसुरीलगायतका वाद्य सामग्री तथा नृत्यका साथमा प्रस्तुत गर्ने गरिन्छ । यहाँका तिजगीतमा यस क्षेत्रको भूगोल, समाज, धर्मसंस्कृति, नारी जीवन, आर्थिक अवस्था र यहाँको प्रकृतिका विषयवस्तुहरू समावेश भएको पाइन्छ। यस क्षेत्रका तिजगीतहरू रस, अलङ्कार, विम्ब, प्रतीकका हिसाबले सशक्त देखिन्छन् । यी तिजगीतहरू अनेक प्रकारका संरचनाका साथ प्रस्तुत भएको भेटिन्छ । यी गीतमा मूल रूपमा खसानी उपभाषिका र आंशिक रूपमा पर्वती उपभाषिकाका शब्दहरूको प्रयोग भएको पाइन्छ । लोकगीत सिद्धान्तका आधारमा यी तिजगीतको विश्लेषण गर्ने काम यस अनुसन्धानमूलक लेखमा गरिएको छ ।

**लोकगीतको सैद्धान्तिक पर्याधार**

सामान्यतया जनसाधारणले सजिलैसँग गाउन सक्ने र सजिलै बुझ्न सक्ने गीतलाई लोकगीत भनिन्छ । यी गीतमा स्थानीय मन, मुटु र माटोसँग साइनो गाँसिएको पाइन्छ । दिनभरिको थकाइ मेट्न, दुःखका समयमा मनको बह पोख्न, सुखमा हाँसो ठट्टा गर्न र फुर्सदको समयमा मनोरञ्जन प्रदान गर्न लोकगीतको महत्त्वपूर्ण भूमिका हुन्छ । लोकगीतले बैँसालु मनभित्रका उल्लास र वेदनाहरू, बालवयका चञ्चलताहरू, प्रौढ जीवनका मृगतृष्णा र असन्तोषहरू र बुढ्यौलीका राग र विरागहरूलाई एक गलाबाट अर्को गलामा सम्प्रेषित गरेको भेटिन्छ (पुन, २०८१, पृ.२) । यसप्रकारका लोकगीतहरू संसारभरि छरिएर रहेका पाइन्छन् ।

लोकगीतको सैद्धान्तिक पक्षको अध्ययनका लागि विभिन्न विद्वान्हरूका लोकगीतसम्बन्धी धारणाहरूको चर्चा आवश्यक हुन्छ । लोकगीत भनेको के हो भन्ने सम्बन्धमा विश्वभरिका विद्वान्हरूले भिन्न भिन्न किसिमका विचारहरू अभिव्यक्त गरेको देखिन्छ । हिन्दी साहित्यका अध्येता श्याम परमारले *मालवी लोकसाहित्य* (इ. १९६९) मा लोकगीत प्रकृतिको उद्गार हो, जो तडकभडकबाट टाढा रहेको पारदर्शी सिसाजस्तै स्वच्छ हुन्छ, सरलता, रसमाधुर्य र लयात्मकता यसका गुण हुन्, लोकगीत परम्पराको महानदी हो, जसमा ससाना नदी मिसिएका हुन्छन् भन्ने धारणा व्यक्त गरेको पाइन्छ (पृ. ३०) । यसैगरी हिन्दी साहित्यका अर्का अध्येता सत्येन्द्रले *लोकसाहित्य विज्ञान* (इ. १९७१) मा लोकगीतमा लोकमानसको आभास अभिव्यक्त भएको पाइन्छ, लोकगीत एउटा दैवी वाक्यजस्तै भएकाले यसको कुनै निर्माता र स्वरसन्धाता हुँदैन, यसले मानव समुदायमा स्वयम् उद्धरित भएर कुनै प्रयास विना सजिलै कण्ठबाट कण्ठमा निस्केर आफ्नो परम्परा स्थापित गरेको हुन्छ भन्ने मान्यता राखेको देखिन्छ (पृ. ३२६-३२७) । यसरी नै सन्तराम अनिलले *कन्नौजी लोकसाहित्य* (इ. १९७५) मा लोकगीत सामान्य जनताका संवेदनशील भावुक हृदयका त्यस्ता उद्गार हुन्, जुन सङ्गीतका सुदृढधारामा छन्दोबद्ध भएर प्रवाहित हुन्छन् भन्ने धारणा व्यक्त गरेको देखिन्छ (पृ. ४४) ।

यसरी नै नेपाली लोकसाहित्यका अध्येता काजीमान कन्दङ्वाले *नेपाली जनसाहित्य* (२०२०) मा जहाँ जनसमूहका दैनन्दिनका भावनाहरू लयदार भाषामा खुलुलु बगेका हुन्छन्, यसैलाई लोकगीत वा जनगीत भनिन्छ भन्ने मान्यता राखेको पाइन्छ (पृ. १०) । लक्ष्मण लोहनीले रोदीघर (२०२२) मा लोकगीत भावुक हृदयको स्पन्दनशील लयदार कवितामय सामयिक ध्वनि भएकाले जीवनको कटुता र खल्लोपनामा मनोहरताको मलम लगाउने काम गर्दछ भन्ने विचार व्यक्त गरेको देखिन्छ (पृ. १) । धर्मराज थापाले *गण्डकीका सुसेली* (२०३०) मा लोकगीत चोखो लय र शब्दको

प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको मानव सिर्जनाको पहिलो प्रस्फुरण हो भन्ने धारणा व्यक्त गरेको देखिन्छ (पृ. ख) । नेपाली लोकसाहित्यका अध्येता शम्भु कोइरालाले *लोकसाहित्य* (२०५५) मा लोकगीत उन्मुक्त गलाबाट स्वतः निःसृत अनुभूतिको हार्दिक र तीव्रतर उच्छ्वासलाई कुनै शास्त्रीय नियमको पालना नगरी मार्मिक र हृदयस्पर्शी अभिव्यक्ति प्रस्तुत गर्दछ (पृ. ३४) भन्ने धारणा राखेको पाइन्छ ।

यसै गरी नेपाली लोकगीतका अध्येता कृष्णप्रसाद पराजुलीले *नेपाली लोकगीतको आलोक* (२०५७) मा लोकगीत लोकह्रदयको स्वतःस्फूर्त सुकोमल, लयात्मक, अविच्छिन्न तथा सहज गीति प्रवाह भएकाले यसमा असङ्ख्य जनताका हृदयमा कलकलाउने लोकजीवनका रागात्मक ढुकढुकीहरू सुरिला कण्ठमा सल्बलाउने गरेको कुरा उल्लेख गरेका छन् (पृ. ६९-७०) । चूडामणि बन्धुले *नेपाली लोकसाहित्य* (२०५८) मा लोकगीत भनेको लोकजीवनको रागात्मक अभिव्यक्ति भएकाले यसमा लोकजीवनका दुःखसुख, आँसुहाँसो, आशा-निराशाका साथै लोकका चालचलन, विधिव्यवहार, आस्था र मान्यताहरूको चित्रण गरिएको हुन्छ भन्ने धारणा प्रकट गरेको देखिन्छ (पृ. ११५) । यसैगरी लोकसाहित्यका अध्येता मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले *लोकवार्ताविज्ञान र लोकसाहित्य* (२०६३) मा लोकभावना वा विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनेका छन् (पृ. ७४) । नेपाली लोकसाहित्यका अध्येता राजेन्द्र गिरीले *लोकसाहित्य परिचय* (२०७५) मा 'मानव हृदयका प्राकृतिक भावनाहरू तथा विविध अनुभूतिको स्वतःस्फूर्त अभिव्यक्ति भएको लोकसंस्कृति र लोकविश्वासको प्रभाव रहेको आनन्ददायक सङ्गीतबद्ध मौखिक परम्परामा जीवित लयपूर्ण मानव उद्गार लोकगीत हो' (पृ. १०) भन्ने धारणा राखेको पाइन्छ । यसरी नै नेपाली लोकगीतका अध्येता कपिलदेव लामिछानेले *लोकसाहित्य सिद्धान्त* (२०७७) मा लोकगीत परम्परित हुन्छ, यो हस्तान्तरणीय हुन्छ, यो लयात्मक र गेयात्मक हुन्छ, यसमा लोकभाषाको प्रयोग हुन्छ, यसको रचनाकार अज्ञात हुन्छ, यो सरल, संक्षिप्त र प्रभावकारी हुन्छ, यसमा आदिमता र नवीनताको संगम हुन्छ भन्दै लोकसमुदायले परम्परागत रूपमा गाउँदै र सुनाउँदै आएका गेयात्मक लोकसाहित्य लोकगीत हो, आख्यानमुक्त एवम् लघु आकारमा रहेको लोकगीतमा लोकसंस्कृति र लोकजीवनको जीवन्त झलक पाइन्छ (पृ.१२७) भनेर लोकगीतको परिभाषा पनि दिएको पाइन्छ ।

उल्लिखित विद्वान्हरूका लोकगीतसम्बन्धी परिभाषामा एकरूपता पाउन सकिँदैन । यी लोकगीत अध्येताका लोकगीतसम्बन्धी अभिलक्षण र लोकसाहित्यको अध्ययनबाट लोकगीतको परिभाषालाई यसरी प्रस्तुत गर्न सकिन्छ- *लोकगीत जनसाधारणको सुमधुर साङ्गीतिक अभिव्यक्ति*

*हो । यसमा मौखिक एवम् श्रुति परम्परामा पुस्तान्तरण हुँदै प्राचीन कालदेखि हालसम्मका लोकका भावना र विचारहरू प्रतिविम्बन भएका पाइन्छन् । संस्कृतिको संवाहकका रूपमा रहेको रसानुभूतियुक्त लोकजीवनको सामूहिक चेतनाको प्रतिफलका रूपमा प्रस्तुत भएको लयात्मक अभिव्यक्ति नै लोकगीत हो ।*

माथि चर्चा गरिएका लोकगीतका अध्येताका लोकगीतसम्बन्धी धारणाबाट लोकगीतका विशेषताहरूको अध्ययन गर्न सकिन्छ । लोकगीतलाई विशिष्टीकृत गरी यसलाई असाधारण, असामान्य वा विलक्षणपूर्ण बनाउने गुण नै लोकगीतका विशेषता हुन् । लोकगीतका आफ्नै प्रकारका विशेषताहरू रहेका पाइन्छन् । लोकगीतमा पाइने यसप्रकारका विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ-

(१) मौखिक परम्परा तथा परिवर्तनशीलता, (२) सामूहिक भावभूमि, (३) अज्ञात रचनाकार र अज्ञात रचनाकाल, (४) अकृत्रिमता, (५) सरलता, सहजता र स्वच्छन्दता, (६) लयात्मकता तथा सङ्गीतात्मकता, (७) लोकतत्त्वको प्रयोग, (८) हार्दिकता, रागात्मकता र स्वतःस्फूर्तता, (९) स्वतन्त्रता र स्वच्छन्दता, (१०) विषयगत विविधता र (११) मनोरञ्जनात्मक एवम् पदेशात्मकजस्ता विशेषताहरू पाउन सकिन्छ (पुन, २०८१, पृ. १७) । लोकगीतका यी अध्येताहरूले लोकगीतका तत्त्वहरूका बारेमा पनि अध्ययन गरेको पाइन्छ । लोकगीत बन्नका लागि आवश्यक पर्ने उपकरणलाई लोकगीतका तत्त्व भनिन्छ । यी तत्त्व वा अङ्गका अभावमा लोकगीतको स्वरूप बन्न सक्दैन । लोकगीतका यी तत्त्वलाई उपकरण, अङ्ग, अवयव, संरचक घटक आदि नामले पनि चिन्ने गरिन्छ । यी अध्येताहरूका विचारबाट लोकगीतका अनिवार्य तत्त्वअन्तर्गत कथ्य वा विषयवस्तु, भाषा, संरचना (स्थायी, अन्तरा र थेगो), भाका (गति, यति, लय), सङ्गीत, काव्यात्मकता र उद्देश्य अनि ऐच्छिक तत्त्वअन्तर्गत निरर्थक अंश र फाँकी, वाद्य, नृत्य र अभिनय, आभूषण आदि तत्त्वहरू पाउन सकिन्छ (पुन, २०८१, पृ.९) । यसप्रकारका लोकगीतको सैद्धान्तिक धरातलमा केन्द्रित भएर आठहजारी तिजगीतको विश्लेषण गर्ने काम यस अध्ययनमा गरिन्छ ।

**अध्ययन विधि**

लोकगीत सिद्धान्तका आधारमा आठहजारी तिजगीतको विश्लेषण शीर्षकको यो अनुसन्धानमूलक लेख गुणात्मक र प्रायोगिक अध्ययनमा आधारित छ । क्षेत्रकार्यबाट सङ्कलित सामग्रीको निर्मलीकरण गर्न लोकगीत सिद्धान्तको आधार लिइएको छ । लोकगीत सिद्धान्तका आधारमा तिजगीतको विश्लेषण गरिएकाले यो लेख गुणात्मक र प्रायोगिक अध्ययनमा आधारित छ । यस लेखमा सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधि र सङ्कलित सामग्रीको निर्मलीकरणका

लागि निगमनात्मक विधि र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । प्रस्तुत अनुसन्धानमूलक लेखको सामग्री सङ्कलनका क्रममा समग्र अध्ययन क्षेत्रको भौगोलिक प्रतिनिधित्व हुने गरी सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकालाई अध्ययन स्थलका रूपमा छनोट गरी तिजगीतको सङ्कलन कार्य गरिएको छ । यी तिजगीतको सङ्कलन गर्न सहभागितामूलक अवलोकन, निरपेक्ष अवलोकन, सामूहिक छलफल विधिको उपयोग गरिएको छ । त्यसैले यस लेखको सामग्री सङ्कलनका निम्ति क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको स्पष्ट हुन्छ ।यस क्षेत्रका लोक गायकबाट सङ्कलन गरिएका तिजगीतको विश्लेषणका लागि विभिन्न विद्वान्का कृतिहरूलाई पनि आधार लिइएको छ । त्यसैले तिजगीत विश्लेषणका लागि पुस्तकालयीय कार्यको पनि प्रयोग गरिएको छ । यस क्षेत्रका समग्र तिजगीतको निर्मलीकरणका लागि लोकगीत सिद्धान्तको चर्चा गर्दै तिजगीतको विश्लेषण गरिएकाले परम्परागत निगमनात्मक विधिको सहायता लिइएको छ । यसका साथै लोकगीत सिद्धान्तलाई टेकेर तिजगीतका समग्र पक्षको विश्लेषण गरिएकाले यसमा आधुनिक विश्लेषणात्मक विधिको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

## परिणाम तथा छलफल

आठहजारी तिजगीतहरू साहित्यिकताका हिसाबले सशक्त देखिन्छन् । लोकगीत तत्त्वका आधारमा यस क्षेत्रका तिजगीतको विश्लेषणका क्रममा लोकगीतका संरचनागत पक्ष र साहित्यिक पक्षको प्राप्त गर्नु नै यस अध्ययनको परिणाम हो । यसप्रकारको परिणाम प्राप्तिका लागि यी तिजगीतहरूको प्रस्तुति, विषयवस्तु, संरचना, साहित्यिकता र भाषाशैलीका विषयमा छलफल गर्ने कार्य यस अध्ययनमा भएको छ । यस अनुसन्धानमूलक लेखमा रहेका छलफलका विषयलाई निम्नानुसार प्रस्तुत गरिन्छ-

## तिजगीतको प्रस्तुति

यस क्षेत्रमा प्रचलित लोकगीतहरूमध्ये तिजगीत पनि एक हो । तिज पर्व हरेक वर्षमा भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाउने गरेको पाइन्छ । हिन्दु नारीहरूका लागि महत्त्वपूर्ण मानिने तिज पर्वमा द्वितीयाको दिन रातिसम्म बसेर व्रतालुहरू माछा, मासु, दुध, दही, रोटी, मिठाई आदि दर खाने परम्परा रहेको देखिन्छ । परम्परागत रूपमा यसप्रकारको प्रचलन भए तापनि हाल आएर श्रीकृष्ण जन्माष्टमीबाट नै घरघरमा आलोपालो गरी जमघट भएर दर खाने गरेको पनि पाइन्छ । दर खाने बेलादेखि नै तिजका गीतका साथ नृत्य प्रस्तुत गर्ने गरेको पाइन्छ । भाद्र शुक्ल तृतीयाको दिन हिन्दु नारीहरूले निराहार रही शिवपार्वतीको पूजा आराधना गर्ने प्रचलन रहेको भेटिन्छ । तिजमा व्रत

बस्नुका पछाडि अविवाहिता नारीहरूले योग्य वर पाउन र विवाहिता नारीले आफ्नो पतिको दीर्घायु अर्थात् अटल सौभाग्य, जन्मजन्मान्तरको पाप नाशका साथै सन्तानको कल्याणको अपेक्षा रहेको पाइन्छ । तिजमा धेरै महिलाहरू जम्मा भएर खुला ठाउँ, मन्दिर वरिपरि, घर आँगन, चौतारी आदिमा नाच्ने गाउने गर्दछन् । तिजको नाचगान कार्यक्रममा पुरुषहरूको सहभागिता पनि महत्त्वपूर्ण रूपमा रहेको पाइन्छ । सामान्यतया तिजका गीतहरू मादल, खैँजडी, मुजुरा, बाँसुरी बजाएर थपडी बजाउँदै गाउने गरिन्छ । वाद्य सामग्रीको अभाव भएको अवस्थामा भने थपडी मात्र बजाएर पनि तिजगीतहरू गाउने गरेको देखिन्छ । यी गीतहरू एकल वा समूह दुवै रूपमा गाउन सकिन्छ । समूहमा गाउँदा गीत जान्ने महिलाले गीत प्रारम्भ गर्ने र अन्य महिलाले स्वरमा स्वर मिलाई गीत छोप्ने गरेको पाइन्छ । गीत प्रस्तुतिका क्रममा सकेसम्म विवाहिता महिलाहरूले रातो कपडा साडीका साथै अटल सौभाग्यका सामानहरू टीका, पोते, चुरा, सिँदुर, गरगहना आदि पहिरिएको पाइन्छ । यस समयमा अविवाहित महिलाहरूले राम्रा रङ्गीबिरङ्गी नयाँ कपडाहरू पहिरिएको देखिन्छ । गीत र नृत्यलाई प्रभावकारी बनाउनका लागि हाल आएर विभिन्न सङ्घसंस्था आदिबाट तिजगीत तथा नृत्य प्रतियोगिताको आयोजना पनि गरेको पाइन्छ ।

## तिजगीतका विषयवस्तु

आठहजारी तिजगीतमा यस क्षेत्रका समाजमा पाइने विविध पक्षहरू विषयवस्तुका रूपमा समेटिएको पाइन्छ । विशेष गरेर यस क्षेत्रको भूगोल, समाज, धर्मसंस्कृति, आर्थिक, नारीजीवन, प्रकृति आदि पक्षहरू यी तिजगीतका विषयवस्तु बनेका पाइन्छन् । यी गीतमा पाइने विषयवस्तुहरूको निम्नानुसार अध्ययन गरिन्छ-

## भूगोल

आठहजार क्षेत्र सल्यान जिल्लाको दक्षिणपूर्वी भाग र रोल्पा जिल्लाको पश्चिम दक्षिणी भागमा पर्दछ । तुल्सीपुर दाङदेखि करिब १५ कि.मि. उत्तरी क्षेत्रबाट यस क्षेत्रको प्रारम्भ हुन्छ । यस क्षेत्रको प्रमुख व्यापारिक केन्द्र कपुरकोट बजार हो । सानातिना अन्य बजारहरूमा रिम शीतलबजार, बागटाङे, कोइला, छायानाथ, निगालपानी, सिमपानी, लिङ्दुङ, नेर्पा, गाङ, टिला बजार प्रमुख रूपमा रहेका छन् । यो क्षेत्र मध्यपहाडी क्षेत्रमा अवस्थित समशीतोष्ण जलवायु भएको क्षेत्र हो । यहाँ विभिन्न प्रकारका लेकबेसी, खोलानाला, भिरपाखा, जङ्गल, उकाली–ओराली, देउराली, भन्ज्याङ, चौतारी, छहरा झरना र पाखापखेराहरू पाइन्छन् । यहाँका गाउँबेसीको आह्लादकारी दृश्यावलोकन गर्न सकिने दयधुरी, थर्कोट, खानी, रुम्टी, झारखर्का, थुर्पा, दुम्ला, तिखुल्ले, तिलाचौर, झिन्वा,

चोलिफिजे, भ्याउखर्का, खर्सुवास लेकहरू रहेका छन् (पुन, २०७३, पृ. १०) । यहींको भूगोल चबी खोला र रिम गाउँलाई विषय बनाएर प्रस्तुत गरिएका तिजगीतका नमुनाहरू यसप्रकार छन्-

गैराबारी अमिलाको बिरुवा, टिपन सकिन खाइन बरिलै
चबीपारि दिनु भयो बाबाले, तरन सकिन आइन बरिलै
हरिया चौरमा सुकिला जन्ती मैयाँलाई लिन आका बरिलै
धुरुमा धुरु नरोऊ मैयाँ नानी रिमाली साउका दिम्ला बरिलै

यसका साथै यस क्षेत्रको अन्य भूगोललाई समेत विषयवस्तु बनाएका तिजगीतहरू यहाँ प्रशस्त मात्रामा पाइन्छन् ।

**समाज**

आठहजार क्षेत्र बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक समाज भएको क्षेत्र हो । खास गरेर यहाँ ब्राह्मण, ठकुरी, क्षेत्री, मतुवाला, योगी, मगर, नेवार, विश्वकर्मा, ताम्रकार, सार्की, गन्धर्व, दमाई र बादी जातिहरूको मिश्रित बसोबास भएको पाइन्छ । सङ्ख्यात्मक रूपमा मतुवाला, मगर र क्षेत्री जातिको बाहुल्यता रहेको छ भने ब्राह्मण, नेवार, विश्वकर्मा, सार्की दमाई जातिहरू मध्यम रूपमा र योगी, ताम्रकार, गन्धर्व, सुनार र बादी जातिहरूको सङ्ख्या एकदमै न्यून अवस्थामा रहेको छ । ब्राह्मण, विश्वकर्मा, सार्की, दमाई, ताम्रकार, सुनार र बादी जातिले धेरै मात्रामा जातीय पेसा अँगालेको पाइन्छ भने अन्य जातिले कृषि व्यवसाय गरेको पाइन्छ (पुन, २०७३, पृ. १२) । थोरै व्यक्ति मात्र अन्य पेसामा संलग्न रहेका छन् । ताम्रकारहरूले बनाएका थाल, बटुका आदि विषय प्रस्तुत गरिएको तिजगीत यसप्रकार छ-

हाम्रा बाबाले दिएको दाइजो थाल र बटुकी झालेमाले गाई
कैले काहिँ म माइत आउँदा हाँसेर बोले है मेरा दाजुभाइ

यहाँका बासिन्दाहरूमध्ये पुरुष जातिले इच्छाअनुसार कमिज, भोटो, सुरुवाल, धरो, कोट, टोपी, पाइन्ट, ज्याकेट, जाँघे, जुत्ता, चप्पल आदि र महिला जातिले इच्छाअनुसार गुन्यु, चोली, घलेक, पटुका, सारी, धोती, फरिया, ब्लाउज, कुर्ता, सुरुवाल आदि पोसाक पहिरिने गर्दछन् । चोली, गुन्यु, फरिया आदि विषयवस्तु प्रस्तुत गरिएको तिजगीत यसप्रकार छ-

चोली मेरो हरायो केरा घारीमा
कृष्णजीले पानी खाने सुनको झारीमा

यस गीतमा चोलीका स्थानमा गुन्यु, फरिया आदि शब्द राखेर अन्य शब्दलाई दोहोऱ्याएर गाएको भेटिन्छ । यसबाट के स्पष्ट हुन्छ भने यस क्षेत्रका लोकगीतमा यहाँको समाजसँग सम्बन्धित विषयवस्तुहरू प्रयोग भएका देखिन्छन् ।

**धर्मसंस्कृति**

यस क्षेत्रको समाजमा विभिन्न प्रकारका धार्मिक तथा सांस्कृतिक विशिष्टताहरू पाउन सकिन्छ । विशेष गरेर विभिन्न प्रकारका लवाइखवाइ, चाडपर्व, पूजापाठ, तीर्थव्रत, धर्मकर्म, कला, जात्रा, नृत्य, मानवीय संस्कारसँग सम्बन्धित अनेक धर्मसंस्कृतिहरू यहाँको समाजमा यत्रतत्र पाउन सकिन्छ । यहाँको समाजले परम्परागत रूपमा चलिआएका धामीझाँक्री, भूतप्रेत, देवीदेवता, बोक्सी, चुरेनी, तन्त्रमन्त्र, टुनामुनाजस्ता आध्यात्मिक मूल्य र मान्यता तथा नैतिक भावनामा समेत विश्वास गरेको पाइन्छ । यहाँको समाजमा सत्कर्म, सदाचार, सद्भाव, सद्व्यवहार आदिबाट विगतको पाप नष्ट, वर्तमानको सफलता, उज्ज्वल भविष्य र ब्रह्मप्राप्ति तथा मानव पुनर्जन्म हुन्छ भन्ने लोकविश्वास रहेको पाइन्छ (पुन, २०८१, पृ. ६६) । यस क्षेत्रका लोकगायकले यी र यस्तै धार्मिक तथा सांस्कृतिक पक्ष समेटिएका तिजगीतहरू गाउने गरेको पाइन्छ । महिलाहरूले पहिरिने विविध प्रकारका संस्कृतिको प्रतिनिधित्व गर्ने गरगहना र सौभाग्यका प्रतीक मानिने सिँदुर, पोते, टीका, चुरा आदिको चर्चा गरिएका तिजगीतका केही नमुनाहरू यहाँ निम्नानुसार प्रस्तुत गरिन्छ-

शिरमा लाउने शिरफूल कोले दियो नानीलाई, परदेशी केटाले दियो बरिलै
परदेशी केटाले मोहनी लाए छ, मन मेरो बिलरी भयो बरिलै

यस गीतमा शिरफूलको स्थानमा गली लाउने तिलहरी, नाकै लाउने नथिया, नारी लाउने बालाजस्ता गहनाहरूको उल्लेख गरेर गाउने गरेको पाइन्छ ।

तइँर तल टिकुलीको दोकान, किनु कि नकिनु चर्को मोल छ
किन्ने भए जल्दी किन्देऊ बाबाले, यो बाल बइँस जान लाग्यो

यस गीतमा टिकुलीको स्थानमा पोते, चुरा, रैँया आदि वस्तुको उल्लेख गरेर गाउने गरेको भेटिन्छ ।

गली लाउने तिलरी तइँ छ तखतैमा
नाच्न पाइन भनौले नाच बखतैमा

यस गीतमा पनि तिलहरीको स्थानमा शिरै लाउने शिरफूल, कानै लाउने कुन्नल, खुट्टा लाउने कलियाजस्ता गहनाहरूको उल्लेख गरेर गाएको पाइन्छ ।

यस क्षेत्रका बासिन्दाले अनेक प्रकारका कलाहरू पनि निर्माण गर्ने र बिक्रीवितरण गर्ने गरेको देखिन्छ । आफ्नो संस्कृतिको झलक दिने विभिन्न प्रकारका हस्तकलाहरू विशेष गरेर स्वर्णकलाहरू-तिलहरी, नौगेडी, ढुङ्ग्री, मारवाडी, शिरफूल, च्याप्टे, झुम्केबुलाकी, फुली, क्लिप, चन्द्रमा, औंठी, सिक्री, लट्कन, नेकलेस आदि, चाँदीकलाहरू– कल्ली, पाइजु, बाला, माला, औंठी, चुरी आदि, ताम्रकलाहरू-गाग्री, ताउला, हुन्डा, होत्तर, कर्चुला आदि, फलामकलाहरू– खुकुरी, हँसिया, चुलेसी, खुर्पा, ओदान, फरुवा, कुटो, कोदालो, चक्कु, बसुलो, बन्चरो आदि, काष्ठकलाहरू-कोर्रे, ठेकी, गाबु, मुकुण्डो, पिर्का, खुर्पेटो, देवीदेवताका मूर्ति आदि, वनस्पतिजन्यकलाहरू- डोको, राङ्डे, डालो, छिट्टो, ढक्की, नाङ्लो, स्याउँ, मान्द्रो, डोक्सी, थुन्से, भार आदि शिल्पकलाहरू यहाँका बासिन्दाले बनाउने, उपयोग गर्ने र बिक्री पनि गर्ने प्रचलन छ । यस समाजमा परम्परागत रूपमा चलिआएका शिरफूल, तिलहरी, टिकुली, नथिया, बाला, बिज आदि शिल्पकलाहरू यहाँका तिजगीतका विषयवस्तु भएर प्रस्तुत भएका उदाहरणहरू यसप्रकार छन्-

शिरमा लाउने शिरफूल कन्तुरमा राखिथेँ उगारेर हेर्दा छैन बरिलै
कि त दियौ राजाले मनकी प्यारीलाई कि त फाल्यौ राजाले जूवा खेलेर
यो घरको सम्पत्ति नखाई नलाई सकियो पिपलपाते लहरीले कम्मर कसियो

यस गीतमा अन्य शब्दको पुनरावृत्ति गरी शिरफूलका स्थानमा गली लाउने तिलहरी, चानै लाउने टिकुली, नाकै लाउने नथियाजस्ता नयाँ शब्द थपेर गाउने गरेको पाइन्छ । यसप्रकारका धर्मसंस्कृतिसँग सम्बन्धित विषयवस्तुहरू यस क्षेत्रका तिजगीतमा समावेश भएको भेटिन्छ ।

**जीविकोपार्जन**

आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलाप र तत्पश्चात प्राप्त शैक्षिक उपलब्धिले विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई महत्त्वका साथ हेर्दछ । आन्तरिक रूपमा गरिने मूल्याङ्कनले शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षित उपलब्धि हासिल भए नभएको कुरालाई केन्द्रविन्दुमा राखी समग्र शैक्षिक कार्यक्रमको लेखाजोखा गर्न सहज पुऱ्याउँछ । शिक्षण सिकाइ कार्यकलापले बालबालिकाहरूमा देखापरेका व्यवहारिक परिवर्तनबारे थाहा पाउन, शैक्षिक प्रगति अवनती पत्ता लगााउन, विद्यार्थीको सिकाइ स्तरको अवस्था पहिचान गर्न आन्तरिक मूल्याङ्कन गर्ने गरिन्छ । आन्तरिक मूल्याङ्कनले विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गर्दै आवश्यकताअनुसार उपचारात्मक सहयोग उपलब्ध गराउँन र अपेक्षित उपलब्धि प्राप्त गर्न निरन्तर मूल्याङ्कन गर्नुपर्ने हुन्छ । आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा बढी प्रभाव पार्दछ । विद्यार्थीमा मूल्याङ्कनको प्रभाव सकारात्मक परेको छ भने सिकाइ उपलब्धि राम्रो हुने र मूल्याङ्कनको प्रभाव यदि नकारात्मक परेको छ भने सिकाइ उपलब्धिमा अवरोध भई सिकाइ पनि नराम्रो हुने गर्छ । बालबालिकाहरूका लागि आन्तरिक मूल्याङ्कन सिकाइमा देखिएका विविध समस्याहरू सुधार गर्ने, शिक्षण सिकाइ कार्यकलापका सम्पूर्ण प्रक्रियामा सुधार गर्ने,

विद्यार्थीको शैक्षिक स्तर थाहा पाउने, विद्यार्थीमा देखिएका विभिन्न कमी कमजोरी केलाई सुधारका लागि पृष्ठपोषण दिने, विद्यार्थीको क्षमता र कमजोरी पत्ता लागाउने, विद्यार्थीलाई सिकाइप्रति अभिप्रेरित गर्ने र समग्र शैक्षिक प्रणालीमा आवश्यक सुधार गर्न आन्तरिक मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका खेल्दछ ।

आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनभित्र निरन्तर मूल्याङ्कन प्रक्रियालाई बढी महत्त्वका साथ हेरिएको कुरा सूचक प्रधानाध्यापक, शिक्षकका विचारमा स्पष्ट भएको पाइन्छ । सूचकका अनुसार विद्यार्थीमा सिकाइको स्तर पत्ता लगाउन, कम सिकेका वा सिक्न नसकेका विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण अभ्यासमा जोड दिन, विद्यार्थीलाई भाषिक सिप सिक्नका लागि अभिप्रेरित गर्न सहयोग पुऱ्याउने कुरा स्पष्ट देखिन्छ । वहाँहरूका दृष्टिमा आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा धेरैजसो सकारात्मक प्रभाव पार्ने भएकाले शैक्षिक क्षेत्रमा यसको बढी महत्त्व रहेको देखिन्छ । निरन्तर मूल्याङ्कन हुने विद्यार्थीको सिकाइ उपलब्धि राम्रो भएको पाइन्छ । कक्षाकोठामा आन्तरिक मूल्याङ्कन गर्न विद्यार्थीलाई कक्षा कार्य गराउने, परियोजना कार्य गर्न लगाउने, व्यवहार परिवर्तनसम्बन्धी कार्य गर्ने, सिर्जनात्मक कार्य गर्न लगाउने, हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्न लगाउने, विद्यालयको हाता सरसफाइ गर्न लगाउने गरेको पाइन्छ । यसरी माथिका विभिन्न तथ्य तथा विश्लेषणका आधारमा आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलबिधमा प्रत्यक्ष तथा परोक्ष प्रभाव पारी विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन महत्त्वपूर्ण भूमिका खेल्दछ ।

## सन्दर्भ सामग्री

अधिकारी, बिष्णुप्रसाद (२०७६). *निम्न माध्यमिक तह अध्यापन अनुमति पत्र परीक्षा दर्पण.* आशिष बुक हाउस ।

आचार्य, पदमराज (२०७५). *प्राथमिक शिक्षक अध्यापन अनुमति पत्र दिग्दर्शन.* पैरवी प्रकाशन ।

गोतामे, विष्णुप्रसाद (२०७०). *शिक्षक तालिमको प्रभावकारिताले सिकाएका पाठहरू.* शिक्षा, पृ. १२७-१४० ।

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* कानुनी किताव व्यवस्था समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०६९). *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६–८).* सानोठिमी ।

पाठ्यक्रम विकास केन्द्र (२०७७). *प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रम.*सानोठिमी

पाठ्यक्रम विकास केन्द्र (२०७७). *आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम.* सानोठिमी ।

पाठ्यक्रम विकास केन्द्र (२०७६).*राष्ट्रिय पाठ्यक्रम प्रारूप.* सानोठिमी ।

पाठ्यक्रम विकास केन्द (२०७६). *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन.* सानोठिमी ।

पुनवार्स नगरपालिका (२०७८). *विद्यार्थी मूल्याङ्कन तथा व्यवस्थापन कार्यविधि.* ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७५). *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, वनिता (२०६५). *प्राथमिक तहका शिक्षकहरूको पेसागत दक्षताको स्थिति.* अप्रकाशित शोधपत्र. पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, लेखनाथ, खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६६). *शैक्षिक मनोविज्ञान,* कीर्तिपुरः सनलाइट प.

शर्मा, गोपीनाथ ( २०७१). *नेपालको शैक्षिक इतिहास.* मकालु प्रकाशन ।

शिक्षा ऐन (२०२८) एवम् शिक्षा नियमावली (२०५९). कानुन किताव व्यवस्था समिति ।

शिक्षा मन्त्रालय (२०७३). विद्यालय क्षेत्र विकास योजना. शिक्षा मन्त्रालय ।

BMC Research Journal
ISSN: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

Birendra Bidhya Mandir Campus
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# उच्च तहमा साहित्यशास्त्र शिक्षणका विधिको उपयोग

**नारायणप्रसाद पन्थ, पि.एचडी.**

उपप्राध्यापक

बुटवल बहुमुखी क्याम्पस, त्रि. वि.

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Dr. Narayan Prasad Pant, panthanarayan25@gmail.com
Orcid: https://orcid.org/0009-0006-0535-1151
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80144

## लेखसार

सृजनात्मक कृति कला हो । कृतिको शिल्प, तत्त्व र प्रयोजनको विवेचना गर्ने ग्रन्थ कलाशास्त्र हो । त्यसैले काव्य वा साहित्य कला हो र त्यसको सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृतिलाई साहित्यशास्त्र भनिन्छ । प्रस्तुत लेखको उद्देश्य उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गर्नु रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा रुपन्देही जिल्लाका पाँचओटा क्याम्पसमा नेपाली अध्यापन गर्ने दशजना शिक्षकहरूलाई सहभागीका रूपमा लिइएको छ । यसका निम्ति निर्दिष्ट शिक्षकसँग अन्तरवार्ताद्वारा तथ्य सङ्कलन गरिएको छ । यस कार्यका लागि द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय कार्यबाट सैद्धान्तिक सामग्री सङ्कलन गरी उक्त तथ्यहरूको विश्लेषण गरिएको छ । शिक्षकले बताएअनुसार साहित्यशास्त्र शिक्षणलाई भाषाशिक्षण तथा साहित्यशास्त्र सम्बद्ध विषयवस्तुको सिकाइसँग जोड्नु आवश्यक छ । विद्यार्थीका शैक्षिक तथा मनोवैज्ञानिक स्तरअनुसार समयसापेक्ष हुने गरी विषयवस्तु छनोट र स्तरण गर्नुपर्दछ । यस अध्ययनमा कक्षाको परिस्थिति, साहित्यशास्त्र सम्बद्ध विषयवस्तुको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने शिक्षकका अनुभव रहेको निचोड निकालिएको छ । त्यसैले यो अध्ययन शिक्षक, विद्यार्थी, साहित्यप्रेमी तथा पाठकवर्गलाई उपयोगी हुने अपेक्षा गरिएको छ ।

**मुख्य शब्दावली :** आलोचनात्मक दृष्टिकोण, कलापक्ष, समालोचना प्रणाली, समीक्षणात्मक कृति ।

**अध्ययनको पृष्ठभूमि**

साहित्यशास्त्रले साहित्यिक कृतिको सूक्ष्म अध्ययन एवम् विश्लेषण गर्दछ । यसको मुख्य उद्देश्य विद्यार्थीमा साहित्यको विवेचनाका लागि सुझ तथा अन्तर्दृष्टि पैदा गरी साहित्य लेखनका लागि आवश्यक कलापक्षको बोध गराउनु हो । साहित्यका सिद्धान्तहरूको अध्ययन गर्ने शास्त्रलाई साहित्यशास्त्र भनिन्छ । सृजनात्मक कृति कला हो । त्यस्तो कृतिको शिल्प, तत्त्व र प्रयोजनको विवेचना गर्ने ग्रन्थ कलाशास्त्र हो । काव्य वा साहित्य कला हो र त्यसको सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृति साहित्यशास्त्र हो । यसको जन्म सृजनशील प्रतिभाबाट र आस्वादनशील प्रतिभाबाट हुन्छ । पूर्वीय साहित्यमा *काव्य* भन्नेको साहित्य भनेर बुझिने बृहत् अर्थमा *काव्य* शब्दको प्रयोग गरिन्छ । यसको प्रयोजन सिर्जनात्मक तथा साहित्यिक लेखनकै परिभाषा, कारक वा हेतु र उद्देश्य रहेको हुन्छ ।

*साहित्य* शब्द *काव्य* शब्दभन्दा पछि व्यवहारमा आएको भए पनि यसले समग्र वाङ्मय जगत्सँग सम्बन्धित भाषिक लेख रचना र रागात्मक पक्षसँग सम्बन्धित विशिष्ट लेख रचनाहरूलाई समेट्न सक्ने स्थितिमा रहेको देखिन्छ ( भण्डारी र पौडेल, २०६९, पृ.२) । यसबाट रचनालाई विश्लेषणात्मक ढङ्गले हेर्ने, मनन गर्ने र गुण दोष पत्ता लगाउने आधार प्राप्त गर्न सकिन्छ । साहित्यिक कृतिलाई स्थापित सिद्धान्तका आधारमा मिले नमिलेको हेर्ने आधार प्राप्त हुन्छ ।

काव्य वा साहित्य कला हो र त्यसको सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृति साहित्यशास्त्र हो । एउटाको जन्म कारयित्री (उत्पादनशील वा सृजनशील) प्रतिभाबाट हुन्छ र अर्काको जन्म भावयित्री (आस्वादनशील वा उपभोगशील) प्रतिभाबाट ( उपाध्याय २०६७, पृ. ३) हुन्छ । पूर्वीय साहित्यमा 'काव्य' भन्नाले साहित्य भनेर बुझिने बृहत् अर्थमा 'काव्य' शब्दको प्रयोग भएको पाइन्छ । यसको प्रयोजन सिर्जनात्मक तथा साहित्यिक लेखनकै परिभाषा, कारक वा हेतु र उद्देश्य हो । यसमा देखिने काव्य दोष, छन्दजस्ता विभिन्न काव्य-तत्त्व अनि अलङ्कार, रीति, वक्रोक्ति र औचित्य-सिद्धान्तहरूको प्रतिपादनले काव्यका अनेक पक्षीय सूक्ष्म विश्लेषण प्रस्तुत गरेका छन् । मुख्यतः काव्य-लक्षणमा काव्यको अनेक कोणबाट चिनारी प्रस्तुत गरिएको छ । काव्य-हेतुमा प्रतिभा, व्युत्पत्ति र अभ्यासको चर्चा गर्दै उत्कृष्ट काव्य सृजनाका लागि प्रतिभाको आवश्यकता देखाइएको छ भने व्युत्पत्ति सामर्थ्यले बौद्धिक रचना सिर्जना गर्न सक्ने जनाइएको छ जुन आधुनिक प्रयोगवादी रचनाहरूमा बढी लागू हुन सक्छ । काव्य-प्रयोजनमा पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष) का अतिरिक्त यश, व्यवहारिक ज्ञान, कान्तासम्मित उपदेश आदि कुराको प्रतिपादन गरिएको छ (पौडेल, २०५७, पृ. १६५) । साहित्य भावको कलात्मक प्रकटीकरण र विशिष्ट प्रयोग हो ।

साहित्यशास्त्रमा काव्य परिभाषा, काव्य हेतु, शब्दशक्ति, काव्यगुण, काव्यदोष, रस सम्प्रदाय, रसनिष्पत्तिका प्रमुख मान्यता, उत्पत्तिवाद, साधारणीकरण, नवरस, अलङ्कार, रीति, गुण, ध्वनि, वक्रोक्ति सम्प्रदाय र पाश्चात्य वादहरू एवम् समालोचनाजस्ता विषयको अध्ययन गरिन्छ ।

प्रस्तुत लेखको उद्देश्य उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गर्नु रहेको छ । उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गर्नु यस लेखको प्राज्ञिक समस्या रहेको छ । साहित्यशास्त्रका विषयमा थुप्रै अध्ययन तथा अनुसन्धान भएका छन् । उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान तथा विश्लेषण गरी उपयोगका बारेमा यसलाई स्पष्ट पार्ने अध्ययनको अभाव रहेका परिप्रेक्ष्यमा यस अध्ययनलाई अगाडि बढाइएको छ । यस लेखबाट उच्च तहमा साहित्यशास्त्र शिक्षणका विधिको उपयोगका बारेमा अध्ययन गर्न चाहने अनुसन्धाता, विद्यार्थी तथा जिज्ञासु पाठक लाभान्वित हुने हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

**अध्ययन विधि**

प्रस्तुत लेखका लागि रुपन्देही जिल्लामा रहेका पाँचओटा क्याम्पसहरू सहिद नारायण पोखेल बहुमुखी क्याम्पस, पर्रोहा बहुमुखी क्याम्पस, बुटवल बहुमुखी क्याम्पस, सिद्धार्थ बहुमुखी क्याम्पस र भैरहवा बहुमुखी क्याम्पस गरी जम्मा पाँचओटा क्याम्पसमा नेपाली विषय अध्यापन गर्ने दुई दुई जनाका दरले दशजना शिक्षकलाई सहभागी गराइएको छ । नेपाली विषय शिक्षकसँग भेटघाट गरी ब्ली र टेलर (सन् २००२) ले भनेझैं अन्तरवार्ता गरी तथ्य सङ्कलन गरिएका छन् । उक्त तथ्यहरूलाई गुणात्मक अनुसन्धानको ढाँचाअनुसार उच्च तहमा साहित्यशास्त्र शिक्षणका विधिको उपयोगको व्याख्या तथा विश्लेषण गरिएको छ । यस लेखमा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिँदै नेपाली विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरिएका छन् । सहभागी शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार गरी क्रमशः शिक्षक दश गरी सङ्केत गरिएको छ । यही सङ्केतका आधारमा साझा धारणा प्रस्तुत गरी आवश्यकताअनुसार व्यक्तिगत धारणा उल्लेख गरिएका छन् । यस लेखमा आवश्यक सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ । यसबाट निकै थोरै मात्रामा चर्चा गरिएका उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचानसँग सम्बद्ध तथ्य प्राप्त गरिएको छ । यस लेखमा उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी तथ्यपरक विश्लेषण तथा निरूपण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

साहित्यशास्त्रले साहित्यिक कृतिको सूक्ष्म अध्ययन र विश्लेषण गर्दछ । साहित्यशास्त्र शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा साहित्यको विवेचना र विश्लेषणका लागि सुझ तथा अन्तर्दृष्टि पैदा गरी साहित्य लेखनका लागि आवश्यक हुने कलापक्षको बोध गराउनु रहेको हुन्छ । यसबाट पूर्वीय र पाश्चात्य साहित्य समालोचनाका पद्धतिहरू, साहित्यिक मान्यता, विधागत स्वरूप र तत्त्वहरूका बारेमा जानकारी प्राप्त हुन्छ । "रस, भाव, ध्वनि, रीति, वृत्ति, गुण, अलङ्कार, औचित्य, वक्रोक्ति जस्ता दर्जनौँ विशेषताद्वारा अनुप्राणित कपिकल्पना प्रस्तुत काव्यको समीचीन रूपमा समीक्षा गर्ने शास्त्र काव्यशास्त्र, लक्ष्यशास्त्र, अलङ्कारशास्त्र, साहित्यशास्त्र नामबाट पनि प्रसिद्ध छ" (ढकाल, २०६७, पृ. (क) । अङ्गेजी भाषामा प्रयुक्त लिटरेचर (Literature) एउटै शब्दले साहित्यलाई बुझाउँछ । साहित्यशास्त्र र कला दुवै हो । त्यसैले साहित्य वा काव्य शब्द नै बढी प्रचलित पाइन्छ ।

नेपाली बृहत् शब्दकोष, २०७२ अनुसार साहित्य - ना. सं.१. सहित हुनाको भाव, गुण वा अवस्था; साथ रहेको स्थिति । २. कुनै देश वा जातिको व्यावहारिक वा भावनात्मक विषयसम्बन्धी ग्रन्थ, लेख आदि, वाङ्मय । ३. जीवन जगत्सँग सम्बद्ध विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदिका दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख, ग्रन्थ आदि । ४. इतिहास, पुराण, पुराकथा वा समाज आदिबाट उपजीव्य वस्तु लिएर रस, छन्द, अलङ्कार आदिले यथासम्भव सजाई रचिएको गद्य वा पद्यकृति; काल्पनिक र भावुकतापूर्ण पद्यमय वा गद्यमय रचना (कविता, खण्डकाव्य, महाकाव्य, नाटक, कथा, उपन्यास आदि) । ५. परस्पर सापेक्ष पदको एउटै क्रियामा हुने अन्वय । ६. गद्य वा पद्य कृतिहरूबाट हुने रसको आस्वाद । कार- ना.साहित्यका ग्रन्थहरू लेख्ने व्यक्ति, गद्य वा पद्य कृतिको रचयिता, कवि वा गद्यकार, लेखक । साहित्यानुरागी - वि. साहित्यमा अनुराग राख्ने, साहित्य प्रेमी ( पृ. १२६९) । नेपाली बृहत् शब्दकोष, २०७२ अनुसार शास्त्र- ना. सं १. सम्बन्धित गहन ज्ञानका साथै सर्व साधारणको कल्याण तथा अनुशासनका नियम विधान लेखिएको वा समष्टि अध्ययनको सञ्चित भण्डार भएको विशेष ग्रन्थ (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्द, ऋग्वेद, यजुर्वेद, सामवेद, आयुर्वेद, धनुर्वेद, गन्धर्व वेद, अथर्व वेद, मीमांसा, न्याय, धर्मशास्त्र, पुराण र अर्थशास्त्र गरी अठार प्रकारका) । २. कुनै विषयसम्बन्धी आवश्यक तथा गूढ र ज्ञातव्य कुरा क्रमपूर्वक लेखिएको ग्रन्थ; विज्ञान । ३. यथार्थ वा वास्तविक ज्ञान, विद्या; सिद्धान्त ग्रन्थ । - कार - वि. शास्त्र, विशेषत : धर्मशास्त्रको रचना गर्ने । शास्त्रको ज्ञाता; शास्त्र जान्ने । - दर्शी- वि. शास्त्रज्ञ । - विद्- वि. शास्त्रको ज्ञाता; शास्त्रज्ञ । विहित- वि. शास्त्रमा बताइए

अनुसारको; शास्त्र सम्मत । - सङ्गत- वि. शास्त्रमा मिल्ने; शास्त्र सम्मत । सम्मत- वि. शास्त्रको कथन वा नियम विरुद्ध नभएको, शास्त्र विहित । - सिद्ध- वि. १. शास्त्रद्वारा सिद्ध वा प्रमाणित । २. शास्त्र विहित । शास्त्रार्थ- ना. १. शास्त्रको निर्दिष्ट अर्थ वा तात्पर्य । २. शास्त्रसम्बन्धी तथा शास्त्रीय विषयमा गरिने छलफल वा तर्क वितर्क ( पृ. ११८८) । यसरी सृजनात्मक कृति कला हो । त्यस्तो कृतिको शिल्प, तत्त्व र प्रयोजनको विवेचना गर्ने ग्रन्थ कलाशास्त्र हो । त्यसैले काव्य वा साहित्य कला हो र त्यसको सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृति नै साहित्यशास्त्र हो ।

साहित्यका विभिन्न सिद्धान्तहरूको अध्ययन गर्ने शास्त्र साहित्यशास्त्र भएकाले यसबाट रचनालाई विश्लेषणात्मक ढङ्गले हेर्ने, मनन गर्ने र गुणदोष पत्ता लगाउने आधार प्राप्त गर्न सकिन्छ । यसबाट साहित्यिक कृतिलाई स्थापित सिद्धान्तका आधारमा मिले नमिलेको हेर्ने आधारसमेत प्राप्त हुन्छ । संस्कृतमा साहित्यका चारओटा नाम पाइन्छ, वाङ्मय, शास्त्र, काव्य र साहित्य । अङ्गेजी भाषामा लिटरेचर (Literature) एउटै शब्दले साहित्यलाई बुझाउँछ । साहित्य शास्त्र र कलां दुवै हो तापनि शास्त्रीय रूपमा भन्दा कलात्मक रूपमा नै यो प्रिय हुनाले यसलाई सम्झनासाथ कलाको सम्झना हुन्छ । यस रूपले साहित्य वा 'काव्य शब्द नै बढी चर्चित र प्रचलित भएका छन् (ढुङ्गेल र दाहाल, २०७०, पृ ३) । साहित्यशास्त्रबाट पूर्वीय र पाश्चात्य साहित्य समालोचनाका पद्धतिहरू, मान्यता, विधागत स्वरूप र तिनका तत्त्वका बारेमा जानकारी प्राप्त हुन्छ । "साहित्यशास्त्रबाट विभिन्न प्रकारका पूर्वीय र पाश्चात्य साहित्य समालोचनाका पद्धतिहरू, साहित्यका अनेकानेक मान्यता, विधागत स्वरूप र तिनका तत्त्वका बारेमा जानकारी लिने अवसर प्राप्त हुन्छ" (शर्मा र पौडेल, २०७२, पृ.२३५) । यसले साहित्यिक कृतिको सूक्ष्म अध्ययन र विश्लेषण गर्छ । "साहित्यशास्त्रमा अलङ्कार र छन्दजस्ता विषयवस्तुको अध्ययन हुन्छ । कुनै रचनालाई विवेचनात्मक रूपले हेर्ने, मनन गर्ने, त्यसका गुणदोष पहिल्याउने र त्यसलाई अझ सुन्दर बनाउने आधारहरूको खोजी गरिन्छ" (ढकाल र खतिवडा, २०७५, पृ.१०६) । साहित्यका विविध सिद्धान्तहरूको अध्ययन गर्ने शास्त्रलाई साहित्यशास्त्र भनिन्छ । यसले पूर्वीय तथा पाश्चात्य दृष्टिले साहित्यिक विधाहरूको अध्ययन गर्दछ । साहित्यशास्त्र शिक्षणको मुख्य उद्देश्य साहित्य विवेचना र विश्लेषणका लागि अन्तर्दृष्टि उत्पन्न गराउनु हो (पन्थ, २०७८) । यसरी साहित्यशास्त्रले साहित्यिक कृतिको सूक्ष्म अध्ययन तथा विश्लेषण गर्दछ । यसमा अलङ्कार र छन्दजस्ता विषयवस्तुको अध्ययन हुन्छ । कुनै रचनालाई विवेचनात्मक रूपले हेर्ने, मनन गर्ने, त्यसका गुणदोष पहिल्याउने र त्यसलाई अझ सुन्दर बनाउने आधारहरूको खोजीसमेत गरिन्छ ।

प्रस्तुत लेख साहित्यशास्त्र सिद्धान्तको मान्यतामा आबद्ध भएर तयार गरिएको छ । साहित्यशास्त्र साहित्य सम्प्रदायको पनि महत्त्वपूर्ण मान्यता हो । यस लेखको उद्देश्य उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी तथ्यपरक विश्लेषण गर्नु रहेको छ । यसरी उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी तथ्यपरक विश्लेषण गर्ने मुख्य शोधसमस्यामा आधारित यो लेख उक्त प्राज्ञिक समस्याको समाधान खोज्नमा केन्द्रित छ ।

**छलफल तथा परिणाम**

प्रस्तुत लेखमा उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी तथ्यपरक अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ :

**साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण :** साहित्यशास्त्र शिक्षणमा साहित्यिक कृतिको सूक्ष्म अध्ययन विश्लेषण गरिन्छ । साहित्यशास्त्र शिक्षणको प्रयोजन साहित्यिक कृतिको अध्ययनबाट रसास्वादन गराउनु, साहित्यको विवेचना र विश्लेषण गर्ने क्षमताको विकास गराउनु, पूर्वीय र पाश्चात्य समालोचना पद्धतिसँग परिचित गराउनु, अन्तर्निहित विश्लेषण शक्तिको सम्बर्द्धन गराउनु, विवेचनात्मक लेखनको विकास गराउनु, साहित्य विवेचना र विश्लेषणमा सुझ अन्तर्दृष्टि दिएर साहित्य लेखनकलाको जानकारी गराउनु, छन्द, अलङ्कार, प्रतीक, रस, गुणजस्ता साहित्यिक तत्त्वको पहिचान गरी भाषालाई सन्दर्भ अनुकूल प्रयोग गर्ने क्षमताको विकास गराउनु हो । उच्च तहमा साहित्यशास्त्र शिक्षणमा विभिन्न विधि र प्रक्रियाहरू अपनाउन सकिन्छ । यसकममा यही विधि नै प्रयोग गर्नुपर्छ भन्ने अनिवार्य छैन । यहाँ उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभवको पहिचान गरी विश्लेषण गरिएको छ ।

शिक्षक एकका अनुसार उच्च तहमा साहित्यशास्त्र शिक्षणमा आफूले साहित्यशास्त्रसँग सम्बन्धित विषयवस्तुको परिस्थितिअनुरूप हाउभाउ र अभिनयद्वारा प्रभावपूर्ण ढङ्गले विषय वा प्रसङ्गलाई प्रस्तुतीकरण गर्ने गरिएको छ । शिक्षक दुईका अनुसार साहित्यको अध्ययन गरी रसास्वादन गराउने, शब्दशक्तिको पहिचान गर्न लगाउने, साहित्य तत्त्वका सम्बन्धमा परिचित गराउने, पूर्वीय तथा पाश्चात्य साहित्य शिक्षणबारे परिचित गराउने र साहित्यिक रचनाका सुन्दर पक्ष पहिचान गरी आनन्दानुभूति गराउँदै शिक्षण गर्ने र अर्न्तनिहित क्षमताको विकास गराउने क्रियाकलाप सञ्चालन गर्ने गरिएको छ । शिक्षक तीनका अनुसार विश्लेषण गर्ने क्षमता उजागर गराएको, साहित्यको विवेचना गर्ने गराएको, पूर्वीय र पाश्चात्य समालोचना पद्धतिसँग परिचित गराएको, विश्लेषण शक्तिको सम्बर्द्धन गर्न मदत गरेको, विवेचनात्मक लेखनका प्रवृत्तिलाई विकसित गराएको, साहित्य विवेचना र साहित्य लेखन कलाको जानकारी गराउँदै कक्षाको अनुकुलताका

आधारमा शिक्षणक्रम परिवर्तन गर्ने गरिएको छ । शिक्षक चारका अनुसार साहित्यिक रचनामा प्रस्तुत भएका तथ्यहरूको जानाकारीसहित रचनामा प्रस्तुत भएका भाव र विचारहरूको पहिचान गरी तिनको उपयोगितासहित छन्द, अलङ्कार, प्रतीक, रस तथा गुणजस्ता साहित्यिक तत्त्वको पहिचान गरी भाषालाई सन्दर्भअनुकूल कक्षाको अनुकुलताका आधारमा शिक्षणक्रम परिवर्तन गर्ने गरिएको छ।

शिक्षक पाँचका अनुसार कक्षाको परिस्थिति र विद्यार्थीको स्तरलाई दृष्टिगत गरी एक वा एकभन्दा बढी शिक्षण विधिहरू अँगाल्ने गरेको र यसक्रममा व्याख्यान, छलफल, प्रश्नोत्तर र प्रदर्शनलगायतका विधिलाई आवश्यकताअनुसार प्रयोग गर्ने गरिएको छ ।

शिक्षक छका अनुसार शिक्षणमा मौखिक र श्रव्यदृश्य सामग्रीको उपयोग गरेको, नमुनापठन, सस्वरपठन, व्याख्यात्मक, तुलनात्मक विधि एवम् समीक्षात्मक विधिद्वारा कार्यकलाप गर्ने गरिएको छ। शिक्षक सातका अनुसार सस्वरवाचन, भावपहिचान, प्रश्नोत्तर, सारांश र भावविस्तारसँग सम्बन्धित कार्यकलापहरू गराइएको छ । शिक्षक आठका अनुसार आवश्यकता हेरी विद्यार्थीहरूलाई साहित्यशास्त्रका पाठ्यविषयको अनुकरणात्मक र सिर्जनात्मक लेखनतर्फ प्रवृत्त गराइएको छ । शिक्षक नौका अनुसार शिक्षण गर्दा शब्दार्थ र वाक्यमा प्रयोग, संरचनाबोध, भावबोध र व्याख्याजस्ता क्रियाकलाप गराइएको छ । शिक्षक दशका अनुसार पूर्व तयारी, पठन वा श्रवण र पठनपश्चात्का चरणमा वर्गीकरण गरी पठन पृष्ठभूमि, उद्देश्य निर्धारण, प्रश्नको सूची, प्रश्नोत्तर, भावबोधजस्ता क्रियाकलाप गराइएको छ ।

यसरी समग्र शिक्षकका साझा धारणाका आधारमा साहित्यशास्त्र शिक्षणबाट विद्यार्थीलाई साहित्यिक कृतिको गहिरो विश्लेषण र आलोचना गर्न तथा पाठको भाषाशैली र संरचनालाई बुझ्न मदत मिलेको छ । अनुसन्धान र प्रस्तुति कौशलको विकास गर्न मदत मिलेको छ । यसबाट साहित्यिक सिद्धान्तसँग सम्बन्धित विशेषज्ञसँग अन्तर्वार्ता वा विद्यार्थीबीच बहस गराउनाले विश्लेषण र तार्किक विचार प्रस्तुत गर्न प्रेरणा प्राप्त भएको छ । अनलाइन स्रोतहरू, विद्युतीय पुस्तकहरू र डिजिटल उपकरणहरूको प्रयोग गरेर विद्यार्थीहरूलाई साहित्यिक सिद्धान्तहरूको अध्ययन गर्न प्रेरित गरी शिक्षण प्रक्रियालाई प्रविधिमैत्री बनाउन सहयोग मिलेको छ । शिक्षकका धारणाको निष्कर्षअनुसार स्वतन्त्र अध्ययन वा वाचन, सस्वरवाचन तथा मौन वाचनजस्ता कियाकलापबाट शिक्षणलाई प्रभावकारी बनाउने गरेको पाइन्छ । यसका लागि अनुकरणात्मक लेखन तथा सिर्जनात्मक अभ्यास सकेत गराउने गरिएको छ । महत्त्वपूर्ण हरफहरूको प्रसङ्गसहित लिखित रूपमा तत्काल व्याख्या गर्न लगाई कक्षा शिक्षणलाई उपयोगी बनाउने गरिएको छ ।

**साहित्यशास्त्र शिक्षणका विधिप्रति शिक्षकका अनुभवको विश्लेषण :** साहित्यशास्त्र शिक्षणका विधि, प्रक्रिया र क्रमका रूपमा प्रस्तावना वा परिचय, शब्दभण्डारसम्बन्धी कठिनाइ निवारण, भावबोध वा आशय टिपोट, बोधप्रश्नोत्तर, भावार्थसम्बन्धी अभ्यास, व्याख्या, बुँदाटिपोट, मूल्याङ्कन र पुनरावृत्तिजस्ता शिक्षण क्रमका आधारमा साहित्यशास्त्र शिक्षणलाई प्रभावकारी बनाउने गरिएको छ । अध्ययनमा आधारित वृत्तचित्र र चलचित्रको अवलोकन गराउनाले उनीहरूलाई दृश्यश्रव्य माध्यमको प्रयोगबाट सिद्धान्तहरूको गहिरो ज्ञान दिलाउन सकिएको छ । साहित्यिक कृतिहरूको विश्लेषण गर्न प्रेरित गर्नाले समूहिक कार्य र सामूहिक कार्यको महत्त्व बुझ्ने अवसर मिलेको छ । यसबाट साहित्यिक सिद्धान्तको प्रयोग गरेर साहित्यिक कृतिको आलोचना लेख्न सक्ने भएका छन् । यसले आफ्ना विचारहरूलाई स्पष्ट रूपमा व्यक्त गर्न र विश्लेषणात्मक क्षमताको विकास गर्न मदत मिलेको छ । साहित्यिक सिद्धान्तहरूको अध्ययन र तिनको प्रयोगका सन्दर्भमा विचार-विमर्श गर्ने मौका प्राप्त गरेका छन् । साहित्यिक सिद्धान्तसँग सम्बन्धित विशेषज्ञसँग अन्तर्वार्ता वा विद्यार्थीबीच बहस गराउनाले गहिरो विश्लेषण र तार्किक विचार प्रस्तुत गर्न प्रेरणा दिन सकिएको छ । अनलाइन स्रोतहरू, विद्युतीय पुस्तकहरू र डिजिटल उपकरणहरूको प्रयोग गरेर विद्यार्थीहरूलाई साहित्यिक सिद्धान्तहरूको अध्ययन गर्न प्रेरित गरिएको छ । यसबाट शिक्षण प्रक्रियालाई प्रविधिमैत्री बनाउन सहयोग मिलेको छ । यसबाट आलोचनात्मक दृष्टिकोण, सिर्जनात्मक र विश्लेषणात्मक क्षमताको विकास गराउन सहज भएको छ । यसबाट भाषिक सिप, शब्दभण्डार, सिर्जनात्मक प्रवृत्ति तथा कल्पनाशक्तिको विकासका निम्ति मदत मिलेको छ । कक्षाको परिस्थिति, पाठको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि र प्रक्रिया अँगाल्ने गरिएको छ । यहाँ शिक्षकका धारणाअनुसार उच्च तहमा साहित्यशास्त्र शिक्षणका विधिको उपयोगसम्बन्धी शिक्षकका अनुभवको विश्लेषण छ ।

उच्च तहमा साहित्यशास्त्रका विविध विषयवस्तुको सैद्धान्तिक पक्षको चर्चा गरी कृतिगत उदाहरण प्रस्तुत गरी शिक्षण गरिने विधि निगमन विधि हो । शिक्षक एकका अनुसार उच्च तहमा सिद्धान्तको परिचय र परिभाषा, त्यसका विशेषता, सवल तथा दुर्वल पक्षहरूको चर्चा गरी पुष्ट्याईंका लागि विभिन्न उदाहरणको प्रयोग गर्ने गरिएको छ । शिक्षक दुईका अनुसार साहित्यशास्त्रका विविध विषयवस्तुको सैद्धान्तिक पक्षको चर्चापरिचर्चा गरी कृतिगत उदाहरण प्रस्तुत गरी शिक्षण गरिएको छ । पहिले सम्बन्धित सिद्धान्तको परिचय, परिभाषा, विशेषताहरूको सैद्धान्तिक परिचय गराइएको र त्यसलाई पुष्टि गर्न उदाहरणहरू दिने गरिएको छ । शिक्षक तीनका अनुसार यसमा सिद्धान्तको परिचय, परिभाषा, विशेषताको सैद्धान्तिक परिचय र उदाहरण प्रस्तुत गर्ने

गरिएको छ । यसरी साहित्यशास्त्रका विविध विषयवस्तुको सैद्धान्तिक पक्षको चर्चा गरी कृतिगत उदाहरणसहित शिक्षण गर्ने गरिएको छ । यसमा सिद्धान्तको परिचय, परिभाषा, विशेषता, सवल तथा दुर्वल पक्षहरूको चर्चा गरी पुष्ट्याईंका लागि विभिन्न उदाहरणसमेत प्रस्तुत गर्ने गरिएको निचोड निकालिएको छ ।

आगमन विधि उदाहरण र प्रयोगका आधारमा छलफल तथा प्रश्नोत्तरका माध्यमबाट निष्कर्षमा पुग्न सकिने विधि हो । शिक्षकका अनुसार उच्च तहमा खास सिद्धान्तमा आधारित उदाहरण दिई त्यसको पहिचान गराउने, विशेषता पहिल्याउन लगाउने र कमीकमजोरी ठम्याउन लगाउने गरिएको छ । शिक्षणका क्रममा विद्यार्थीलाई सान्दर्भिक उदाहरण दिन लगाई तिनका आधारमा उक्त सिद्धान्तका विविध पक्षहरूको पुष्ट्याइँ गर्ने गरिएको छ । शिक्षकका अनुसार उदाहरण र प्रयोगका आधारमा छलफल र प्रश्नोत्तर गरी निष्कर्षमा पुगिएको छ । साहित्यशास्त्र शिक्षणका क्रममा विभिन्न उदाहरणका माध्यमबाट साहित्यशास्त्रका सिद्धान्ततर्फ जाने प्रक्रिया अपनाउने गरिएको छ । उदाहरण र प्रयोगका आधारमा छलफल तथा प्रश्नोत्तरका माध्यमबाट निष्कर्षमा पुग्ने गरिएको छ । साहित्यशास्त्रका विविध उदाहरण दिई त्यसको पहिचानसहित कमीकमजोरीसमेत पत्ता लगाउन सकिने निचोड रहेको छ ।

पहिचान तथा प्रयोग विधिमा साहित्यिक कृतिमा भएका साहित्यतत्त्व, वाद तथा प्रणालीलगायतको पहिचान गराएर समालोचनात्मक पक्षसँग परिचित गराउने गरिएको छ । कुनै कृतिको अध्ययन गरी त्यसमा प्रयोग भएका साहित्यिक सिद्धान्त, तत्त्व, वाद वा प्रणालीको पहिचान गर्न लगाई शिक्षण गर्ने गरिएको छ । त्यस्तै कृतिगत अध्ययन गरी साहित्यिक तत्त्वको खोजबिन गर्न र सिद्धान्तका आधारमा कृतिविश्लेषण गर्न लगाई शिक्षण गर्ने गरिएको छ । साहित्यिक कृतिमा प्रयोग भएका साहित्य तत्त्व, वाद, प्रणालीको पहिचान गराई ती समालोचकीय पक्षसँग परिचित गराउने गरिएको छ । साहित्य सिद्धान्त, वाद र प्रणालीहरू, अलङ्कार, रस, रीति, बक्रोक्ति तथा छन्दलगायतका विषयमा पहिचान र प्रयोग विधि अपनाउने गरिएको छ । कृतिको अध्ययन गरी साहित्यतत्त्व र साहित्य सिद्धान्तको खोजी गर्न लगाउने गरिएको छ । यसरी पहिचान तथा प्रयोगसहित साहित्यिक कृतिमा भएका साहित्यतत्त्व, वाद र प्रणालीलगायतको पहिचान गराएर समालोचनात्मक पक्षसँग परिचित गराउन सकिने यस विधिको निचोड रहेको छ ।

तुलना विधिमा एउटा साहित्यतत्त्व र साहित्य सिद्धान्तसँग अर्को साहित्यतत्त्व र साहित्य सिद्धान्तको तुलना गराउने गरिएको छ । यसमा सम्बन्धित पक्षको समान र असमान पक्षका आधारमा तुलना गर्न लगाउने गरिएको छ । पूर्वीय साहित्य सिद्धान्तको रीतिवाद र पाश्चात्य

साहित्य सिद्धान्तको शैलीविज्ञान, अस्तित्ववाद र विसङ्गतिवाद, रस निष्पत्ति र विरेचन प्रक्रियासँग परिचित गराउने गरिएको छ । एउटा साहित्य तत्त्व र साहित्य सिद्धान्तसँग अर्को साहित्य तत्त्व र साहित्य सिद्धान्तको तुलना गरी शिक्षण गर्ने गरिएको छ । साहित्य तत्त्व र सिद्धान्तहरूको पूर्वीय र पाश्चात्य सन्दर्भको तुलनाबाट शिक्षण सिकाइ सहज बन्न पुगेको निचोड निकालिएको छ ।

यसरी माथि उल्लेख गरिएका विधि र प्रक्रियाका आधारमा साहित्यशास्त्र शिक्षणमा विभिन्न विधि अपनाउन सकिन्छ । व्याख्यान विधिबाट साहित्यिक व्यक्तित्त्वहरूको जीवन, रचना र योगदानको विस्तृत विवरण प्रस्तुत गर्न सहज भएको छ । शिक्षकलाई विस्तृत तथ्याङ्क, घटना र ऐतिहासिक पृष्ठभूमि प्रदान गर्न मदत गरेको छ । विद्यार्थीलाई साहित्यिक रचना, पुस्तक र लेखको अनुसन्धान गर्न प्रेरित गरी खोजपूर्ण विचारको विकास गर्न मदत मिलेको छ । यसबाट साहित्यिक रचनाको समीक्षा र आलोचना गर्ने मौका प्राप्त भएको छ । आफ्ना विचार प्रस्तुत गर्न र आलोचनात्मक दृष्टिकोणको विकास गर्न सहयोग पुऱ्याउँछ । साहित्यिक सभा र सिम्पोजियमहरूमा सहभागिता गराउनाले उनीहरू साहित्यिक व्यक्तित्त्वका जीवन र कार्यबारे अन्तरक्रिया गर्न पाएका छन् । यसले गर्दा सिर्जनशीलता र लेखन कौशलको विकासमा मदत मिलेको छ । साहित्यिक व्यक्तित्त्वहरूको जीवनसँग सम्बन्धित स्थानको भ्रमण गराउनाले विद्यार्थीलाई प्रत्यक्ष अनुभव प्रदान गर्न सहज भएको छ । साहित्यिक व्यक्तित्त्वसँग प्रत्यक्ष वा अप्रत्यक्ष साक्षात्कार गर्न प्रेरित गर्नाले उनीहरूका जीवन र कार्यको गहिरो ज्ञान दिन मदत मिलेको छ । अनलाइनका स्रोतहरू, वृत्तचित्रहरू र इपुस्तकहरूको प्रयोग गरेर पनि साहित्यिक व्यक्तित्वका बारेमा जानकारीसहित शिक्षणप्रक्रियालाई प्रविधिमैत्री बनाउन मदत मिलेको छ ।

## निष्कर्ष

काव्य वा साहित्य कला हो । यसका सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृति साहित्यशास्त्र हो । पूर्वीय साहित्यमा *काव्य* भन्नेको साहित्य भनेर बुझिने बृहत् अर्थमा *काव्य* शब्दको प्रयोग भएको पाइन्छ । यसको प्रयोजन सिर्जनात्मक तथा साहित्यिक लेखनकै परिभाषा, कारक वा हेतु र उद्देश्य रहेको छ । साहित्यशास्त्रमा पूर्वीय र पाश्चात्य साहित्य समालोचनाका पद्धतिहरू, साहित्यिक मान्यता, विधागत स्वरूप र तिनका तत्त्वका बारेमा जानकारीसहित साहित्यिक कृतिको सूक्ष्म विश्लेषण गरिन्छ । साहित्यशास्त्र शिक्षणका थुप्रै विधि विकसित भएका छन् । उक्त विधिमध्ये व्याख्या, तुलना, पहिचान तथा प्रयोग तथा समीक्षा विधिलगायतलाई आवश्यकता र विद्यार्थीको स्तरअनुसार उपयोगमा ल्याउन सकिन्छ । प्रस्तावना वा परिचय, शब्दभण्डारसम्बन्धी कठिनाइ निवारण, भावबोध वा आशय टिपोट, बोधप्रश्नोत्तर, भावार्थसम्बन्धी अभ्यास, व्याख्या, बुँदाटिपोट,

मूल्याङ्कन र पुनरावृत्तिजस्ता शिक्षण क्रमका आधारमा शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । विद्यार्थीहरूलाई समूह परियोजनाहरूमा संलग्न गराउनाले उनीहरूले साहित्यिक व्यक्तित्त्वका जीवन तथा कार्यको अध्ययन र विश्लेषण गर्ने मौका प्राप्त गर्दछन् । साहित्यिक संगोष्ठी आयोजना गरी विद्यार्थीले साहित्यिक आलोचनासम्बन्धी अनुसन्धानपत्र प्रस्तुत गरी छलफल गर्ने मौका प्राप्त गर्दछन्। यसले उनीहरूको अनुसन्धान क्षमता र प्रस्तुति कौशलको विकासमा मदत मिलेको छ । यसबाट आलोचनात्मक दृष्टिकोण र विश्लेषणात्मक क्षमताको विकास गर्न मदत मिलेको छ ।

साहित्यिक कृतिहरूबाट उदाहरण दिन र तिनको विश्लेषण गर्न सहज भएको छ । विद्यार्थीहरूलाई आफ्ना रचनाहरू लेख्न प्रेरित गरी सिर्जनात्मक क्षमताको विकास गराउन मद्दत मिलेको छ । साहित्यशास्त्र शिक्षणबाट सिर्जनात्मक तथा भाषिक सिपको विकास गराउन सकिने भएकाले शब्दभण्डारको विकास, सिर्जनात्मक प्रवृत्ति तथा कल्पनाशक्तिको विकासका निम्ति सहयोग पुग्दछ । यस लेखमा शिक्षणका क्रममा कक्षाको परिस्थिति, पाठको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने निचोड निकालिएको छ । प्रस्तुत अध्ययन साहित्यशास्त्र शिक्षणका विधि र प्रक्रियाका क्षेत्रमा गहन अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ता, पाठ्यांश निर्माण तथा परिमार्जनका सन्दर्भमा समेत उपयोगी हुनेछ। यस अध्ययनले निर्दिष्ट साहित्यशास्त्रका पाठहरूको शिक्षण तथा मूल्याङ्कन गर्न सकिने आधार प्रदान गरेको छ । यस लेखमा साहित्यशास्त्र शिक्षणका क्रममा कक्षाको परिस्थिति, साहित्यशास्त्रको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने निचोड निकालिएको छ ।

**कृतज्ञताज्ञापन**

प्रस्तुत लेख तयारीका क्रममा प्रत्यक्ष रूपमा सहयोग प्राप्त भएका छन् । यसक्रममा विद्वान्हरूका सैद्धान्तिक लेखरचना तथा कृतिहरूको पनि उपयोग गरिएको छ । त्यसैले उक्त कृतिका लेखकप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस लेखको आवश्यक परिमार्जनका लागि गहन सुझाव उपलब्ध गराउनु भएका विषयविज्ञहरूप्रति आभार प्रकट गर्दछु । यस लेखमा निर्दिष्ट क्याम्पसका नेपाली विषय शिक्षकका धारणाका आधारमा उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण गरिएकाले उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६५). *नेपाली भाषा शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६५). *प्रारम्भिक नेपाली शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद ( २०६७). *पूर्वीय साहित्य सिद्धान्त* (पाँचौं संस्क.) साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* पैरवी प्रकाशन ।

ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका.* विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०७५). *भाषिक विधाशिक्षण.* पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद ( २०७०). *शाहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि.* एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पन्थ, नारायणप्रसाद (२०७८). *नेपाली भाषाशिक्षण.* बुटवल एजुकेसन फाउन्डेसन युनेस्को केन्द्र ।

पन्थ, नारायणप्रसाद (२०७८). *भाषिक विधाशिक्षण.* बुटवल एजुकेसन फाउन्डेसन युनेस्को केन्द्र ।

पौडेल, माधवप्रसाद (२०७०). *नेपाली भाषाशिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, विष्णुप्रसाद (२०५७). *संस्कृत काव्यशास्त्र.* भुँडीपुराण प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६९) *साहित्यशास्त्र र नेपाली समालोचना.* विद्यार्थी पुस्तक भण्डार ।

ब्ली / Blee, K. M. & Taylor, V. (2002). Seme structured interviewing in social movement research. In: Bert klandermans and Suzanne straggenborge (eds.). Methods of social movement research. Minnacapolis : University Minnacsota Press, pp. 92 - 117.

पोखरेल, बालकृष्ण र अन्य. ( सम्पा.) *नेपाली बृहत् शब्दकोश* ( २०७२). ( नवौं संस्क.). नेपाल प्रज्ञाप्रतिष्ठान ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७२). *नेपाली भाषा र साहित्य शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

BMC Research Journal
ISSN: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

Birendra Bidhya Mandir Campus
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# मैथिली मातृभाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने त्रुटिप्रति शिक्षकको दृष्टिकोण

**रामदेव मण्डल, पि.एचडी स्कलर**
उप प्राध्यापक
सू.स.मो.या.ब.क्याम्पस, सिरहा

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Ramdeo Mandal, m.ramdeo2013@gmail.com
Orcid: https://orcid.org/0009-0000-4422-6923
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80145

## लेखसार

त्रुटि विश्लेषण सिद्धान्तका आधारमा पहिलो मातृभाषी विद्यार्थीले दोस्रो भाषा सिकाइको क्रममा गर्ने त्रुटि व्याकरणिककोटि र उच्चारणगत त्रुटि क्षेत्रसँग सम्बन्धित रहेको छ । सामुदायिक विद्यालयमा नेपाली विषय अध्यापन गराउने दक्ष र अनुभवी शिक्षकहरूको अन्तर्वार्ताबाट मैथिली मातृभाषी विद्यार्थीहरूलाई नेपाली विषय शिक्षण गर्दा विद्यार्थीहरूले गर्ने त्रुटि पहिचान गरी त्रृटि सुधारका उपाय समेत विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित उद्देश्यमूलक तरिकाबाट नमुना छनोट गरिएको छ । प्राथमिक स्रोतका रूपमा अनुभवी शिक्षकबाट असंरचित खुल्ला प्रश्नावली निर्माण गरी र केही खुल्ला प्रश्न सोधी स्थलगत अध्ययन विधिबाट अन्तर्वार्ता लिई सामग्री सङ्कलन गरिएको छ । उक्त सामग्रीलाई कोडीकरण गरी थिमेटिक तरिकाबाट विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषामा व्याकरणिक कोटिगत त्रुटि र उच्चारण गर्दा वर्णगत त्रुटि गरिएको छ । घरपरिवार, साथीभाइको सङगत र सामुदायिक भाषिक वातावरणले प्रत्यक्ष प्रभाव परेको कारण सिकाइमा त्रुटि गर्छन् र त्रुटिले गर्दा उनीहरूको सिकाइप्रतिको रुचि पनि घटेको छ । ती त्रुटिहरू न्यूनीकरण गर्नको निम्ति शुद्ध उच्चारण अभ्यासको आवश्यकता देखिन्छ । उच्चारणमा वर्णगत समस्या, जस्तै : धर्मलाई धर्म्, विराटनगरलाई विलाटनगर आदि जस्ता समस्या र व्याकरणिककोटिगत समस्याहरूलाई पनि अभ्यासबाट नै निराकरण गर्न सकिन्छ । यी त्रुटिहरू

हटाउनको लागि नेपाली भाषिक वातावरणको सिर्जना गरी साहित्यिक अन्तरक्रिया, गोष्ठीमा भाग लिई लेख, रचना र पत्रपत्रिकाहरू अध्ययन गर्नु नितान्त आवश्यक देखिन्छ । यस अध्ययनले दोस्रो भाषा सिकाइको निम्ति अति नै उपयोगी रहेको देखिन्छ ।

**मुख्य शब्दावली :** त्रुटि, व्याकरणिककोटि, भाषिक वातावरण, अभ्यास, अन्तरक्रिया ।

## अध्ययनको पृष्ठभूमि

त्रुटि विश्लेषण सन् १९७० को दशकपछि भाषाशिक्षणको क्षेत्रमा प्रयोग भएको पाइन्छ । खासगरी दोस्रो भाषा सिकाइलाई बुझ्ने प्रयत्न गरिन्छ । दोस्रो भाषा सिकिरहेका व्यक्तिका गल्तीहरूलाई सङ्ग्रह वा सङ्कलन गरेर लक्षित भाषाका मान्यताहरूसँग दाँजिन्छ (आचार्य, २०६६)। यस पश्चात् ती त्रुटिहरूलाई वर्गीकरण गरिन्छ र ती त्रुटिहरू उत्पन्न हुने कारणहरू के के हुन सक्छन् भन्ने विषयमा एउटा अनुमानित सिद्धान्त प्रस्तुत गरिन्छ ।

दुई वा दुईभन्दा बढी भाषाहरूका व्यवस्था वा उपव्यवस्थाहरूको समता र भिन्नता सम्बन्धी तुलनात्मक भाषिक अध्ययनलाई व्यतिरेकी भाषाविज्ञान भनिन्छ (न्यौपाने, भण्डारी र न्यौपाने, २०७३) । व्यतिरेकी विश्लेषणमा कुनै पनि दुई भाषाबीचको तुलना गरिन्छ । यसले पहिलो भाषाको प्रभावले दोस्रो भाषा सिकाइमा कठिनाई उत्पन्न हुन्छ । स्रोत भाषा र लक्ष्य भाषाबीच तुलनात्मक गरी देखिने भिन्नताका आधारमा उत्पन्न हुने कठिनाईको पूर्वानुमान व्यतिरेकी विश्लेषणको आधारमा गरिन्छ । यसबाट दोस्रो भाषा सिकाइका क्रममा पहिलो भाषाको प्रभावले के कस्ता सम्भाव्य त्रुटि हुन सक्छन् भन्ने कुरा पहिचान गर्न सकिन्छ । यसले दोस्रो भाषाको शिक्षणलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेलिन्छ ।

नेपाल एक बहुभाषिक देश हो । यहाँ विभिन्न भाषाहरू बोलिन्छ । नेपाली भाषालाई सरकारी कामकाज, सञ्चार, अध्ययन-अध्यापन र सम्पर्क भाषाका रूपमा प्रयोग हुने गरिन्छ । २०६८ सालको जनगन्नानुसार नेपालमा जम्मा १२३ वटा भाषाहरू बोलिन्छ । यी भाषाहरूलाई जम्मा चार भाषा परिवारमा वाँडिएका छन् । जसमध्ये भारोपेली भाषा परिवारअन्तर्गत् नेपाली र मैथिली भाषा पर्दछन् ।

वि.स. २०६८ सालको जनगणनानुसार मैथिली भाषाका वक्ता सङ्ख्या १५ लाख २९ हजार ८ सय ७५ रहेको छ । त्यस्तै वि.स.२०७८ सालको जनगणनानुसार नेपालमा जम्मा १२४ भाषाहरूमध्ये नेपाली भाषाका वक्ता सङ्ख्या १ करोड ३० लाख ८४ हजार ४ सय ५७ रहेको छ र मैथिली भाषाका वक्ता स[3]ख्या ३२ लाख २२ हजार ३ सय ७९ रहेको छ (के.त.वि.रा.जनगणना

२०७८) । नेपाल तराईमा पूर्वदेखि पश्चिमसम्म फैलिएको समान आकृति भएका तर संस्कार, पोषाक भाषा, भाषा ठाउँअनुसार फरकफरक देखिन्छ । मैथिली भाषाका वक्ताहरू मुख्य रूपमा मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, वारा, पर्सा लगायत नेपालका पश्चिमी भागका जिल्लाहरूमा बसोबास गरिहेका छन् । २०५८ सालको जनगणनानुसार नेपालमा बोलिने नेपाली भाषाका वक्ताहरू १,१०,५३,२५५ जना रहेका छन् । कूल प्रतिशत ४८.६ रहेको छ भने, मैथिली भाषाका वक्ताहरू २७,९७,५८२ रहेका छन् । कूल प्रतिशत १२.३० रहेको पाइन्छ (के.त.वि.रा.जनगणना,२०५८) । २०६८ को जनगणनानुसार नेपाली भाषाका वक्ताहरू १,१८,२६,९५३ रहेका छन् । कूल प्रतिशत ४४.६ रहेको पाइन्छ । मैथिली भाषाका वक्ताहरू ३०,९२,५३० रहेका छन् । कूल प्रतिशत ११.७ रहेको पाइन्छ (के.त.वि.रा.जनगणना, २०६८) । त्यस्तै नेपाली भाषाको कूल प्रतिशत ४४.८६ रहेको छ र मैथिली भाषाको कूल प्रतिशत ११.०५ प्रतिशत रहेको छ (के.त.वि.रा.जनगणना, २०७८) । यसरी नै भाषिक अवस्था रहेको छ ।

नेपालको लागि नेपाली भाषा पहिलो भाषाको रूपमा रहेको छ । अर्को तरिकाले हेर्ने हो भन्ने, नेपाली मातृभाषी हुनेहरूका लागि पनि नेपाली भाषा पहिलो भाषा हो । मैथिली मातृभाषीका लागि नेपाली भाषा दोस्रो भाषाको रूपमा रहेको छ । मैथिली भाषी नेपाली भाषा सिक्नुपर्ने नितान्त आवश्यक देखिन्छ । भाषा सिकाइका क्रममा देखापर्ने भाषिक व्यवस्थापनगत भिन्नताका कारण सिकाइका क्रममा कठिनाई क्षेत्र पूर्वानुमान गर्न व्यतिरेकी विश्लेषण उपयोगी हुन्छ ।

मैथिली भाषा नेपालमा बोलिने भाषाहरूमध्ये दोस्रो स्थानमा रहेको भाषा हो । यस भाषाका वक्ताहरूलाई कामकाज, अध्ययन अध्यापन, सञ्चार र सम्पर्क भाषाको रूपमा आफ्नो भाषा प्रयोग नगरी नेपाली भाषा नै प्रयोग गर्नुपर्ने हुन्छ । त्यसैले नेपाली भाषा सिक्नुपर्ने अवस्था रहेको देखिन्छ । यसरी मैथिली भाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्दा कतिपय भाषिक संरचना र अभिव्यक्तिहरू नेपाली भाषासँग मिल्छन् भने, कतिपय भाषिक व्यवस्था नेपाली भाषाको भाषिक व्यवस्थासँग मिल्दैन । व्यतिरेकी विश्लेषणमा दुबै भाषामा समान देखिनेसँग सिकाइ सहज हुन्छ तर असमान अवस्थामा दोस्रो भाषा सिकाइको क्रममा असहज हुन्छ । यसरी भाषिक भिन्नताका कारण पहिलो भाषाको सिकाइले दोस्रो भाषा सिकाइमा कठिनाई उत्पन्न हुन्छ । तिनले के कस्ता त्रुटिहरू उत्पन्न गराउँछन् । त्यसका आधारमा पूर्वानुमान गरी त्रुटि सुधार गर्नु हो । यसै आधारमा भावी इतर-मैथिली मातृभाषी विद्यार्थीहरू विभिन्न वातावरणीय प्रभावका कारणले त्रुटि गर्छन् । यस अध्ययनले अनुसन्धानकर्ता, अध्ययनकर्मी र दोस्रो भाषा सिकाइको निम्ति उच्च प्रभावकारी भूमिका रहनेछ ।

## समस्याको कथन

नेपाल बहुभाषिक भएको देश हो । वि.स. २०६८ सालको जनगणनानुसार नेपालमा १२३ र वि.स.२०७८ सालको जनगणनानुसार१२४ वटा भाषाका वक्ताहरू नेपाल अधिराज्यभरि छरिएर बसेका छन्। ती वक्तहरूमध्ये मुख्य रूपमा नेपाली, मैथिली, भोजपुरी, थारु , अवधि, किराँत, राई, लिम्बू, चाम्लिङ, मगर, राजवंशी, नेवार, तामाङ, सुनुवार, दनुवार, बङ्गाली, झाँगड, खवास, दराई, थुलुङ, मेचे, दुरा, नाछिरिङ, बज्जिका, उर्दू, माझी, कुमाल, दुमी, मारवाडी, वोटे, वाहिङ, कोइ, चुरेटे, शेर्पा र राजी आदि रहेका छन् ।

नेपालको संविधान २०७२ अनुसार नेपालमा बोलिने मातृभाषालाई नेपालको राष्ट्र भाषा हुनेछ (नेपालको संविधान २०७२) । उल्लिखित संविधान अनुसार भाषाहरूको संरक्षण र संवर्द्धन हुनुपर्दछ । २०६८ सालको जनगणनानुसार नेपालभित्र बोलिने १२३ वटा भाषाहरूलाई जम्मा चार भाषा परिवारमा विभक्त गरिएका छन् तर वि.स.२०७८ सालको जनगन्नानुसार १२४ भाषा र ५ भाषा परिवार रहेका छन् । त्यसमध्ये सबैभन्दा बढी शक्तिशाली भारोपेली भाषा परिवारलाई मानिन्छ । यसै परिवारभित्र नेपाली र मैथिली भाषा पर्दछन् । यी दुबै भाषा एउटै परिवारमा परेकाले केही समानता र केही भिन्नता पनि देखिन्छ । यसरी समानता र भिन्नता पहिल्याइ अध्ययन आवश्यक देखिन्छ । मैथिली भाषा बोलचालमा मात्र सीमित नभई मैथिली भाषाको सञ्चार र साहित्यको इतिहास पनि रहेको छ । नेपाली भाषापछिको दोस्रो स्थानमा मैथिली भाषा रहेको छ । स्थानीय तहमा मैथिली भाषामा पठन पाठन भएता पनि उच्च शिक्षा, आम संचारको माध्यम र सम्पर्कको माध्यम भएकाले यसको अध्ययन आवश्यक देखिन्छ । भाषा राष्ट्रको साँस्कृति धरोहरसँग सम्बद्ध भएकाले भाषाको संरक्षण गर्नु आवश्यक देखिन्छ ।

'तामाङ र नेपाली भाषाबीच व्यतिरेकी' अध्ययनमा भाषा यादृच्छिद हुन्छ हरेक भाषाको आ-आफ्नै व्यवस्था हुन्छ । तामाङमा १० वटा स्वरवर्ण र ३७ वटा व्यञ्जन गरी जम्मा ४७ वटा वर्णहरू रहेको पाइन्छ । नेपाली भाषा जस्तो तामाङ भाषामा घ, झ, ढ,त्र, ध, क्ष, त्र, ज्ञ जस्ता वर्णहरू पाइदैन । त्यसैले कतिपय कुराहरू भिन्न भएको हुनाले वर्णगत, श्वसनका आधारमा पनि फरक देखिन्छ । त्यस्तै मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषा शिक्षणमा आधारित उच्चारणगत र व्याकरणिककोटिगत त्रुटि सम्बन्धी शिक्षकको अनुभवलाई अनुसन्धानको रूपमा नभेटिएकाले यसलाई अनुसन्धानको रिक्तताको रूपमा लिएको छ ।

**अध्ययनको उद्देश्य :**

प्रस्तुत अध्ययन मैथिली मातृभाषी विद्यार्थीलाई नेपाली भाषा शिक्षण गर्दा गर्ने त्रुटिको विश्लेषण गर्नु यसको मुख्य उद्देश्य हो । मैथिली मातृभाषी विद्यार्थीले नेपाली शिक्षणमा गर्ने त्रुटि पहिचान गर्नु, त्रुटिमा प्रभाव पार्ने प्रभावक कारक पहिचान गर्नु र त्रुटि सुधारका उपायहरू विश्लेषण गर्नु यसको विशिष्ट उद्देश्य हुन् ।

**अनुसन्धानात्मक प्रश्न**

(क) मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषा शिक्षणमा के-कस्ता त्रुटि गर्छन् ?

(क) मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषा शिक्षण त्रुटिका प्रभावक कारक के-के हुन् ?

(ग) उक्त त्रुटि सुधारका गर्ने उपायहरू के-के हुन ?

**अध्ययन विधि**

प्रस्तुत अध्ययनको ढाँचा गुणात्मक प्रकृतिको छ । संरचनात्मक दर्शनको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका लागि विद्यालयका प्रधानाध्यापकहरूबाट अनुमति लिई सहभागी शिक्षकहरूबाट सहमति लिई अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनलाई मैथिली भाषाको सामग्री सङ्कलनका लागि उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोटमा परेका सामुदायिक विद्यालयहरूमध्ये श्री च.न (प्राविधिक) मा.वि.सिरहा, सारश्वरनाथ मा.वि.सारश्वर, मा.वि.भलुवाही, मा.वि.बालमन्दिर र ला.श.मा.वि.माडर विद्यालयहरू परेका छन् । उक्त विद्यालयहरूमा दक्ष अनुभवी नेपाली विषय शिक्षकहरूबाट सामग्री सङ्कलनका लागि अन्तर्वार्ता लिइएको छ । Cresswell (2007) अनुसार अन्तर्वार्ता यसको प्रकृति सेटिङ हो, त्यसैले यसलाई छनोट गरिएको छ । नमुना छनोटका रूपमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका मुख्य साधन अन्तर्वार्तालाई आधार बनाइएको छ । सहभागी शिक्षकहरूसँग पटक पटक अन्तर्वार्ता लिंदा सामग्री सेचुरेसन नहुन्जेलसम्म सामग्री सङ्कलन गरिएको छ । नेपाली भाषाका शिक्षकहरूले मैथिली मातृभाषी विद्यार्थीहरूलाई नेपाली विषय पढाउँदा जे जस्तो अनुभव गरेका छन् त्यसैका आधारमा अन्तर्वार्ता लिई सामग्री सङ्कलनका मुख्य आधार बनाई थीम निर्माण गरी विश्लेषण गरिएको छ ।




उल्लिखित ढाँचाका आधारमा श्री च.न (प्राविधिक) मा.वि.सिरहा, सारश्वरनाथ मा.वि.सारश्वर, मा.वि.भलुवाही, मा.वि.बालमन्दिर र ला.श.मा.वि.माडरका नेपाली विषय अध्यापन गराउने दक्ष अनुभवी शिक्षकहरूमध्येबाट उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी प्रत्येक विद्यालयबाट दुईदुई जनाका दरले नेपाली विषय शिक्षकहरूलाई छनोट गरी उनीहरूबाट प्रत्यक्ष अन्तर्वार्ता विभिन्न मितिमा आलोपालो गरी लिइएको छ । Cresswell (2007) अनुसार अन्तर्वार्ता यसको प्रकृति सेटिङ हो, त्यसैले यसलाई छनोट गरिएको छ । नमुना छनोटका रूपमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ ।

यस अध्ययनका लागि मुख्यतया अन्तर्वार्ता र अवलोकनको उपयोग गरिएको छ । २० वटा असंरचित र केही खुल्ला प्रश्नहरू निर्माण गरी सूचकहरूबाट भाषिक सामग्री सङ्कलन गर्न उनीहरूको अनुभवमा आधारित रहेका छन् । यसरी अध्ययनका प्राथमिक स्रोतबाट लिइने तथ्याङ्का

लागि प्रश्नावली र शिक्षकको परीक्षणका प्रश्न नै मुख्य सामग्री रहेको छ, भने प्रश्नावलीमा भाषाका उच्चारण र व्याकरणिककोटि निर्देशनका आधारमा शिक्षकहरूबाट प्रश्न सोधी उनीहरूको अनुभव सङ्कलन गरिएको छ ।

**सहभागी**

उपत्यका बाहिरको पहिलो ऐतिहासिक विद्यालय श्री चन्द्र नमुना मा.वि. सिरहामा कार्यरत शिक्षकहरूमध्ये २० वर्षभन्दा पहिलादेखि नै अध्यापन गराउँदै आइराखेका दुई जनामा एकजना मधेशीमूलका र एकजना पहाडेमूलका दक्ष अनुभवी शिक्षकहरूलाई भलाकुसारीबाट सहज वातावरणमा आत्मीय प्रगाढ बनाई अन्तर्वार्ताका लागि उत्सुक बनाई अन्तर्वार्ता लिइएको छ । असंरचित र खुल्ला प्रश्नावलीद्वारा सम्बन्धित विद्यालयका एक जना अनुभवी शिक्षकबाट सहायक प्राचार्य सहभागीबाट तीन पल्ट अन्तर्वार्ता लिएपछि डेटा सेचुरेसन भएको थियो भन्ने, अर्को सहभागी शिक्षकबाट चार पल्ट अन्तर्वार्ता लिएपछि मात्र डेटा सेचुरेसन भएको थियो । त्यस्तै सारश्वरनाथ मा.वि.सारश्वरका दुईजना नेपाली विषय अध्यापन गराउने शिक्षकसँग आलोपालो गरेर तिन-तिन पल्टमा सामग्री पूर्ण सन्तुलित भएको थियो । क्रमशः मा.वि. भलुवाहीमा नेपाली विषय पढाउने शिक्षकबाट दुई दुई दिनको फरकमा तिन चार पल्टमा सामग्री पूर्ण भएको थियो । ला.श.मा.वि.माडरमा नेपाली विषय पढाउँने शिक्षकसँग चार चार पल्ट गएपछि सामग्री सन्तुलन भएको थियो । मा.वि.बालमन्दिरमा तिन तिन पल्टमा सामग्री सन्तुलन भएको थियो । एवम् प्रकारले विद्यालयका नेपाली शिक्षकहरूबाट दुईदुई जनाका दरले सामग्री सङ्कलन गर्दा मातृभाषा नेपाली र मातृभाषा मैथिली भएका शिक्षकहरूलाई समावेश गराई सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई पहिलो चरणमा ट्रान्सक्राइव गरेर दोस्रो चरणमा भनाइ राखी तेस्रो चरणमा फरक फरक कोडिङलाई छुट्टा - छुट्टै र साझा कोडलाई एकैठाउँमा राखेर ग्रुपिङ्ग गरेर चौथो चरणमा निर्माण गरिएका थीमहरू क्रमशः भाषा शिक्षण, वातावरणीय प्रभाव, व्याकरणगत समस्या र अभ्यास जस्ता थीम निर्माण गरी थेमेटिक तरिकाले व्याख्या तथा विश्लेषण गरिएको छ । अन्तर्वार्ताद्वारा प्राप्त सङ्कलित सामग्रीलाई 'त्रुटि विश्लेषण' सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

**पूर्वकार्यको अवलोकन**

कुनै पनि नयाँ कार्य गर्नुभन्दा पूर्व भएको कार्यको समीक्षा गर्नुलाई नै पूर्वकार्यको अवलोकन भनिन्छ। यस कार्यले नयाँ अनुसन्धानको लागि वाटो निर्देश गरिन्छ । अनुसन्धानका क्रममा सम्बन्धित विषयमा त्यसभन्दा अगाडि सम्पन्न गरिएका कार्यहरू ( पुस्तक, पत्रपत्रिका, लेख, शोधपत्र, प्रतिवेदन

आदि) को व्यवस्थित अध्ययन गरी ती सबै कार्यहरूको क्रमबद्ध समीक्षा गर्नु नै पूर्व समीक्षा हो (बन्धु, २०७०:२८) । यसबाट शोधार्थीमा त्यससँग सम्बन्धित विषय वा शीर्षकमा के कस्ता अध्ययन अनुसन्धान भएका छन् सो कुराको जानकारी पाउन सजिलो हुन्छ । यस कार्यले अनुसन्धानलाई सरल बनाउन मद्दत पुऱ्याउँछन् । साथै सम्बन्धित विषयमा त्यस पूर्व के कति अध्ययन अनुसन्धान भएका छन् र के कति काम हुन बाँकी छन् भन्ने कुराको जानकारी दिन्छ । यसभन्दा अगाडि भएको पूर्वकार्यलाई यसरी प्रस्तुत गरिएका छन् :

## सैद्धान्तिक पुनरावलोकन

### पुस्तक सम्बद्ध स्रोत

हर्लक (१९५६) ले आफ्नो पुस्तक ( पृ.१७२-१९०) मा बच्चाको भाषा विकासका प्रक्रियाबारे उल्लेख गरेकी छिन् । जसमा बच्चाको रुवाइ, फतफताइ, हाउभाउ हुँदै बोलीको विकास हुन्छ भन्ने कुरा स्पष्ट पारिएको छ । तिनमै बोलीको विकासका निम्ति भाग लिने अवयवहरूको विवरण दिनुको साथै बाल विकासका चरणहरूसँग जोडेर बच्चाको बोलाइ सीपको विकासलाई हेरिएको छ । यसमा आफूभन्दा ठूला मानिसले बोलेका कुराहरू सुनेर त्यही अनुसार नक्कल गर्न सिक्दा प्रारम्भ हुने बच्चाको भाषिक आवाज क्रमशः एउटै निश्चित संरचना वा ढाँचालाई पछ्याउने मात्र होइन कतिपय बच्चाहरूको मांसपेशीको विकास चाँडो हुने कारणले गर्दा सामान्य बच्चाहरूको तुलनामा तीव्रतालाई समेत पछ्याउन सक्छ भन्ने सम्भावनाहरूको उल्लेख गरिएको छ (आचार्य, २०६६) । यसका निम्ति सर्वप्रथम बालकले अरूले बोलेका कुराको बोध गर्नुपर्दछ र क्रमशः यो शब्द भण्डारको विकास, शब्द जोडेर वाक्य निर्माण गर्ने काम र तिनलाई बोलेर व्यक्त गर्ने चरणबाट अगाडि बढ्दछ भन्ने सन्दर्भको पनि उल्लेख गरिएको छ । यसमा भाषिक अवयवहरूको मांशपेशीय विकाससँग बच्चाको बोलीको चरणगत विकासलाई जोडेर विश्लेषण गरिएको छ (भण्डारी र पौड्याल, २०७३) । त्यस्तै स्किनरको भर्वल विहाभिअर (इसं.१९५७) मा मानिसले भाषा सिक्ने कार्यलाई शाब्दिक कार्य सम्पादनको एउटा प्रणालीका रूपमा व्याख्या गरिएको छ । उनको भाषा सिकाइ सम्बन्धी विचार विदेशी भाषा सिकाइको क्षेत्रलाई प्रतिनिधित्व गरेको छ । यसमा भाषा सिकाइका निम्ति सावधानीपूर्वक तयार पारिएको पुनर्बल तालिकाबाट हुने नियन्त्रित्र वातावरण आवश्यक हुन्छ भन्ने मान्यता रहेको कुरा ब्राउन (१९९४,पृ७८) ले बताएका छन् । यसरी भाषाशास्त्री नोम चमस्की (इसं.१९५९) ले आफ्नो आलोचनात्मक पुस्तक भर्वल विहाभिअरमा भाषिक सिर्जनशीलताको उपयोग गर्न मानिसले मात्र सक्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । उनका अनुसार जन्मजात रूपमा लिएर

आएका अमूर्त भाषिक नियमहरूको प्रयोग गर्ने सामर्थ्य सिकारुमा बढ्दै गई उसको मस्तिष्कको विकासको साथमा लामा वाक्य निर्माण गर्ने र आश्रित वाक्यांशहरूको प्रयोग गर्ने क्षमता पनि बढदै जान्छ । यसर्थ संसारभरिका प्रायः सबैजसो व्यक्तिले आफ्ना मातृभाषाका मूलभूत संरचनालाई ५-६ वर्षको उमेरभित्रै सिकिसकेका हुन्छन् । यसका निम्ति बालकले अनेक र प्रयत्न र भूलका सहजात र स्वतन्त्र प्रक्रियाबाट नियमहरूको सामान्यीकरण र अति सामान्यीकरण गर्दै आफ्नो बुद्धि र सुझको उपयोग गरेर भाषा सिक्छ भन्ने मान्यतालाई यस सिकाइ सिद्धान्तले आत्मसात गरेको छ भनी बन्धु ( विस.२०६६) ले आफ्नो पुस्तक (पृ.१४८-१७४) मा उल्लेख गरेका पाइन्छन् । त्यसरी नै जीन पियाजे (इस.१९७१) बाट आफ्नो अनुसन्धानात्मक पुस्तक (पृ.९) मा छ वर्षका दुई जना बच्चाको भाषा सम्प्रेषणको प्रक्रियाका बारेमा सामान्य अध्ययन गरिएको छ । उनले दुई जना बच्चाको भाषिक कुराकानीलाई आत्मकेन्द्री र समूहकेन्द्री गरी दुई भागमा बाँडेर तिनको भिन्नताको उल्लेख गरेका छन् । आत्मकेन्द्री कुराकानीमा आफ्ना विचारहरू प्रकट गर्दा श्रोताको चाहनालाई महत्त्व दिने सन्दर्भ अगाडि सरेर उनको छ वर्षका बाल बालिकाहरूको बोली विकासको प्रकृतिलाई चिनाएका छन् । बाल विकासको भिन्नताको असर भाषा सिकाइमा कसरी पर्दछ भन्ने बारेमा भने उनले भाषा विकासका चरणहरूमा उल्लेख गरेका पाइन्छन् । त्यस्तै ब्राउन (१९७३) ले आफ्नो अनुसन्धानात्मक पुस्तकमा भाषा शिक्षण सिकाइ सिपका सम्बन्धमा सम्बन्धित पक्षलाई विभिन्न चरणको ज्ञान हुनु आवश्यक भएको कुरा बताएका छन् । उनले ती विभिन्न चरणहरूलाई पाँच भागमा बाँडेर हेरेका छन् । पहिलो चरणका रूपमा १५-३० महिनाको समयलाई लिइएको छ । यस चरणमा बाल बालिकाहरूले आधारभूत शब्दहरू बोल्न सक्छन् भनिएको छ । दोस्रो चरण अन्तर्गत् २८-३६ महिनाको समयलाई लिइएको छ । यस समयमा सिकारुले अपूर्ण वर्तमानका क्रियाहरूको अतिरिक्त एक वचन, बहु वचन रूप र विभक्तिको समेत सामान्य प्रयोग गर्न सक्छन् भनिएको छ । त्यस्तै ३६-४२ महिनाको तेस्रो चरणमा सामान्य भूतकालका क्रियाहरूको प्रयोग गरी भाव व्यक्त गर्न र भेदक विशेषणको प्रयोगसमेत गर्न सक्छन् भनिएको छ । ४०-४६ महिनाको समयलाई चौथो चरण मानिएको छ । यस चरणमा सर्वनामको प्रयोगका अतिरिक्त सामान्य भूतकाल क्रियाहरूको शुद्ध प्रयोग गर्ने क्षमता हासिल हुने विश्वास गरिएको । ४२ महिनाभन्दा माथिको पाँचौ चरणभित्र भने प्रश्नार्थक वाक्य बनाउन सक्नुका अतिरिक्त मुख्य क्रिया तथा सहायक क्रियाहरू समेत प्रयोग गर्न समर्थ हुन्छन् भन्ने उनको तर्क रहेको छ । त्यस्तै फाइज (इसं. १९७७) ले आफ्नो पुस्तक (पृ.१०७-२०८) मा बाल बालिकाको भाषा ग्रहणका विषयमा उल्लेख गरेका छन् । उसले प्रथमतः बोलाइ सम्बन्धको बुझाइलाई लिएका छन् र यो जहिले पनि बोल्नुभन्दा अगाडि प्राप्त हुने गर्दछ भनेका छन् ।

त्यस्तै उनको दोस्रो मान्यता बुझाइ प्रणालीसँग सम्बन्धित छ र यो बालकले प्रत्येक सिकाइको चरणमा प्राप्त गर्दै जान्छ अनि बोलाइका क्रममा प्रकट गर्ने ध्वनिहरू छुट्याउँदै जान्छ भन्ने रहेको छ । यसमा बोल्नुभन्दा अगाडि बालकको मस्तिष्कमा भाषिक संरचना हुने र सिकाइको क्रममा त्यसले निरन्तरता पाइरहँदा ध्वनि विभेदीकरणको दक्षता प्राप्त गर्न सक्ने सत्यको उद्घाटन गरेर चमस्कीको सिद्धान्तकै आलोकमा जन्मजात रूपमा रहेको भाषिक सामर्थ्यको पक्षमा उनले आफूलाई सशक्त ढङ्गले उभ्याएका छन् ।

भिगोत्स्की (इसं.१९७८) ले बच्चाहरूको संज्ञानात्मक विकासका लागि अन्य व्यक्तिहरूसहितको सामाजिक अन्तरक्रिया र सन्दर्भ अति महत्त्वपूर्ण हुने कुरा बताएका छन् । सामाजिक अन्तरक्रिया निम्ति सबभन्दा बलियो पक्ष भनेकै संस्कृति हो भन्ने मान्यतामा आधारित यस सिद्धान्तको मूल सरोकार भनेकै सामाजिक अन्तरक्रिया र सन्दर्भ हो भन्ने उनको विचार छ । बच्चा जन्मेपछि प्रथम पटक उच्चारण वा बोलीका रूपमा आउने शब्दले नै संस्कृतिलाई प्रतिविम्बित गर्दछ र बच्चाको संस्कृति अन्य मानिसहरूका बीचमा र आफैभित्र गरी दुई तहमा देखा पर्दछ भन्ने कुरा उनले सुझाएका छन् । यसले बच्चाको स्वैच्छिक ध्यान, तार्किक स्मरण र सोच निर्माणलाई देखाउँछ भन्ने उनको भाषा सिकाइ सम्बन्धमा सैद्धान्तिक मान्यता रहेको पाइन्छ । त्यस्तै इन्ग्राम (इस.१९८९) बाट आफ्नो पुस्तकका शीर्षक तथा उपशीर्षकहरू(पृ.३८-३९) मा स्टनले प्रतिपादन गरेका भाषा ग्रहणका चरणहरूलाई देखाइएको छ । यसमा स्टनले निर्धारण गरेका भाषा ग्रहणका प्रारम्भिक, प्रथम, द्वितीय, तृतीय र चतुर्थ गरी पाँच ओटा चरणहरू उल्लेख गरी तिनमा चरणगत भाषा सिकाइहरूलाई प्रस्ट्याउने काम गरेका छन् । यस्तै मतिलाल (इसं.१९९०) ले आफ्नो अनुसन्धानमा प्राचीन समाजमा भाषा चिन्तकहरूलाई मानवले भाषा सिकाइ कसरी गर्दछन्, कसरी बुझ्दछन् र कसरी उत्पादन गर्दछन् भन्ने बारेमा अनुसन्धानात्मक विधिभन्दा पनि अवधारणात्मक चिन्तनका आधारमा विश्लेषण गर्थे भन्ने टिप्पणी गरेका छन् । यसमा ग्रिसेली भाषा चिन्तक प्लेटोको उदाहरण दिएर बालकले वाक्यको अर्थ लगाउने काम कुनै शैक्षिक सिकाइमार्फत् भन्दा पनि जन्मजात रूपमा प्राप्त गर्ने भाषिक गुण बताएका छन् भनेर उनले प्लेटो बालकको भाषा सिकाइको सन्दर्भमा जन्मजात भाषिक सामर्थ्यको पक्षमा थिए भन्ने आधार प्रस्तुत गरेका छन् । त्यस्तै संस्कृत भाषाका वैयाकरणहरूले भने व्यक्तिले भाषा सिकाइका क्रममा प्राप्त गर्ने शब्दहरू ईश्वरीय देनका रूपमा रहने कारण तिनलाई एक पुस्ताबाट अर्को पुस्तामा क्रमशः हस्ताणतरण गर्दै जाने प्रक्रियाका रूपमा व्याख्या गरेका छन् भन्दै उनले उनीहरु पश्चिमी दार्शनिक प्लेटोको भाषिक चिन्तनको विपरीत भाषिक यादृच्छिकता वा परम्परावादी चिन्तनका पक्षमा थिए भन्ने प्रमाण प्रस्तुत गरेका छन् ।

अधिकारी (२०७४) ले भाषा र व्याकरण सम्बन्धित समसामयिक व्याख्या गरिएको पाइन्छ । यसमा भाषाको परिचय, विशेषता, भाषिक परिवारको वर्गीकरणका आधारहरु, नेपालमा बोलिने प्रमुख मातृभाषाहरू तथा नेपाली व्याकरण आदिको व्याख्या गरिएको पाइन्छ ।

अधिकारी (२०७५) द्वारा लिखित 'समसामयिक नेपाली व्याकरण' नामक पुस्तकमा व्याकरण सम्बन्धी लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्यका दृष्टिले कायम हुने सङ्गति विशेष महत्त्वपूर्ण हुने कुराको चर्चा गरिएको पाइन्छ । यसरी पुस्तक समीक्षा थुप्रै भएता पनि प्रस्तुत अनुसन्धानसँग सम्बन्धी उल्लेखित पुस्तक समीक्षाले आधारशीला तयार पार्न टेवा पुऱ्याइएको छ ।

## प्रायोगिक कार्यको पुनरावलोकन

### शोध समीक्षा

नेपाली र मैथिली भाषाका आदरार्थी, नेपाली र मैथिली भाषामा लिङ्ग व्यवस्था, नामपदावलीमा नाम र कोटिकरका विचमा हुने पद सङ्गतिको तुलनात्मक अध्ययन गरिएको छ । पाँच अध्यायमा संरचित यो शोधमा उद्देश्य निर्धारित गरिएको देखिदैन । यो शोधपत्र नेपाली भाषामा माधव प्रसाद पोखरेल र मैथिली भाषामा योगेन्द्रप्रसाद यादवको लेखलाई सैद्धान्तिक आधार मानी प्रस्तुत गरिएको पाइन्छ (दाहाल, २०७० उद्धृतांश) । यसमा नेपाली र मैथिली भाषाका पद सङ्गतिको तुलनाको सतही अध्ययन भएको देखिन्छ । यसमा विश्लेषणात्मक अध्ययन हुन सकेको देखिदैन । यो अध्ययन नेपाली भाषामा विद्यमान् व्याकरण परम्परामा आधारित देखिन्छ । नेपाली र दुमी भाषाका शब्द निर्माण र व्याकरणिक कोटिहरूको तुलनात्मक अध्ययन गरिएको छ । यस कार्यमा नेपाली र दुमी भाषाका शब्दवर्ग र शब्द निर्माणका साथै लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष, भाव आदिका आधारमा तुलनात्मक अध्ययन गरिएको छ (राई, २०५५) । दुमी राई जाति र भाषाको परिचय सहित नेपाली भाषाको शब्दवर्ग शब्द , व्युत्पन्न प्रक्रिया तथा व्याकरणात्मक कोटिहरूसँग दुमी भाषाको शब्दवर्ग, शब्द व्युत्पन्न र व्याकरणात्मक कोटिहरूको तुलनात्मक अध्ययन गरिएको पाइन्छ । तापनि दुमी भाषा र नेपाली भाषाका वाक्यात्मक स्वरूपको तुलनात्मक अध्ययन यसमा समेटिएको छैन । यसको शोधपत्रमा दुमीहरूको मूल बसोबास क्षेत्रमा पुगेर तथ्याङ्क सङ्कलन गरी परम्परागत व्याकरणका आधारमा तुलनात्मक अध्ययन गरिएको पाइन्छ । श्रेष्ठ (२०५५) द्वारा मोरङियया थारु र नेपाली भाषाको बीच तुलनात्मक अध्ययन गरिएको छ । अन्तर्वार्ता, प्रश्नवली, सहभागी अवलोकन र पुस्तकालयीय कार्य गरी विश्लेषण गरिएको छ । यसमा नेपाली भाषाको व्याकरणात्मक ढाँचामा मोरङ्मा बोलिने थारु भाषाको शब्दवर्ग , व्याकरणिक धारामा चर्चा

गरिएको पाइन्छ । यस अध्ययनमा नेपाली भाषाका वर्ण र व्यवस्थासँग मोरङ्ियया थारु भाषाको वर्ण व्यवस्थाको तुलना गरिएको छ । यो अध्ययन प्रस्तावित पद्धतिमा आधारित देखिन्छ । प्रस्तुत अध्ययनमा मोरङ्ियया थारु भाषाको व्याकरण व्यवस्था र नेपाली भाषाको व्याकरण व्यवस्थाबीच तुलनात्मक स्वरुप प्रस्तुत गरेको देखिन्छ । यस्तै राई (२०५५क) द्वारा नेपाली र चामलिङ भाषाका क्रियापदावलीको तुलनात्मक अध्ययन गरिएको छ । यस शोधपत्रमा लिङ्ग, वचन, पुरुष, सर्वनामिकता र क्रियान्त निपातबीच समानता असमानता छुट्टायाइएको देखिन्छ । यस शोधपत्रमा नेपाली र चामलिङ भाषाका क्रियाका भाव, काल र पक्ष विषयहरूमा पनि तुलनात्मक अध्ययन गरिएको छ । यसमा चामलिङ भाषाका वाक्ताहरूसँग लिखित वा मैखिक प्रश्नावलीहरू बनाई सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ (दाहाल, २०७०) । यो कार्य नेपाली व्याकरणगत प्रवृत्तिका आधारमा तयार पारिएको छ । यो समानता र असमानता छुट्याउने तुलनात्मक अध्ययनमा सीमित देखिन्छ ।

## परिणा तथा छलफल

प्रस्तुत अध्ययन मैथिली मातृभाषी विद्यार्थीले नेपाली विषय शिक्षणमा गर्ने त्रुटिलाई आधार मानी अध्यापन गराउने शिक्षकहरूको दृष्टिकोणलाई उद्धृत गरिएको छ । सामग्री सङ्कलनका स्रोत पनि अध्यापन गराउने शिक्षकहरू नै हुन् । उल्लिखित पाँचवटा विद्यालयहरूमा अध्यापनरत अनुभवी दक्ष शिक्षकहरूबाट निर्माण गरिएका सामग्री र केही खुल्ला प्रश्नहरूद्वारा अन्तर्वार्ता लिएका आधारमा प्रश्नहरूसँग सम्बन्धित शिक्षकहरूका विचारहरूलाई दृष्टिगत गरी गुणात्मक विधिद्वारा प्रकिया अगाडि बढाइएको छ । यसरी आएका विभिन्न थीमहरू क्रमशः भाषिक शिक्षण, वातावरणीय प्रभाव, व्याकरणगत समस्या र अभ्यास जस्ता छन् । उक्त थीमहरूलाई तल विस्तृतमा व्याख्या तथा विश्लेषण गरिएको छ :

### भाषिक शिक्षण

भाषा विचार सम्प्रेषण गर्ने माध्यम हो । भाषिक शिक्षण भनेको भाषाका चार वटा सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसम्बन्धी शिक्षण गरी भाषिक सीपहरूमा दक्ष गराउनु नै यसको मुख्य धेय रहेको छ ।

विमातृभाषी मैथिली विद्यार्थीहरूमा भाषिक सीपको विकासमा कमी आउनुको मुख्य कारण वातावरण हो । एक जना शिक्षकबाट लिएको अन्तर्वार्ताका आधारमा मैथिली भाषीले नेपाली समुदायसँग घुलमेल हुन नपाउनु, घरपरिवार र साथीसँग मातृभाषामा सम्प्रेषण गर्दछन् । त्यस्तै नेपाली भाषासँग सम्बन्धी गोष्ठी, प्रतियोगिता छलफल अन्तरक्रिया जस्ता कार्य निरन्तर नहुनु ।

त्यस्तै मैथिली मातृभाषी विद्यार्थीहरूमा नेपाली विषयप्रति रुचि न्युन देखिन्छ । अर्का एकजना सहभागी नेपाली विषय पढाउने अनुभवी शिक्षकको अन्तर्वार्ताबाट आएको भनाइअनुसार न्युन १०-२० प्रतिशत बुझिराखेका छन् । त्यस बाहेक बाध्य भएर पढ्नु पऱ्यो जस्तो व्यवहार देखाउँछ । मैथिली भाषी विद्यार्थीहरूमा नेपाली विषयप्रतिको त्यति चाँसो देखिएको छैन ।

नेपाली भाषाको सान्दर्भिकताका दृष्टिकोणले यसको महत्त्व र सान्दर्भिकता राम्रो देखिन्छ । यसै सन्दर्भमा एक जना अन्तर्वार्तामा सहभागी शिक्षकको भनाइ अनुसार सान्दर्भिक छ नि त हाम्रो हरेक सरकारी कामकाजको भाषा नेपाली नै हो । त्यसैले एकदम सान्दर्भिक छ । एकीकृत पाठ्यक्रम भन्नाले विभिन्न कुराहरूलाई समेटेर बनाएको पाठ्यक्रम हो । यस पाठ्यक्रममा नेपाली भाषाको पढाइ सीपमा जोड दिने उद्देश्यले बनाएको हो । यसरी मैथिली मातृभाषी विद्यार्थीहरूलाई अनुकूलको वातावरण नपाउँदा भाषिक सीपमा समस्या आउने कुरा देखिन्छ । त्यसैले उपयुक्त भाषिक वातावरणको सृजना हुनु जरुरी देखिन्छ ।

**वातावरणीय प्रभाव**

मानिसलाई प्रभाव पार्ने तत्त्वलाई वातावरण भनिन्छ । वातावरणमा पनि विभिन्न प्रकारका हुन्छन् । त्यसमध्ये भाषिक वातावरण भनेको भाषासम्बन्धी हो । मैथिली मातृभाषी विद्यार्थीहरुले नेपाली उच्चारण गर्दा आफ्नो मातृभाषाको प्रभाव परेको देखिन्छ । एक सहभागी दक्ष अनुभवी शिक्षकका अनुसार "उच्चारणमा धर्मलाई-धर्म्, कर्मलाई-कर्म्, भक्तलाई-भक्त् यस्ता खालका उच्चारणगत समस्याहरू देखिएका छन् ।" नेपाली भाषा शिक्षणको कममा विदेशी भाषाले समेत प्रभाव परेको पाइन्छ । एक जना सहभागी शिक्षकको भनाइलाई उद्धृत गर्दै अन्तर्वार्तालाई जस्ताको त्यस्तै राखिएको छ, "नेपाली भाषा सरकारी कामकाजको भाषा भएको हुनाले एकदम सान्दर्भिक छ तर दुःख लाग्छ, खस्किदो अवस्थामा छ । विदेशी भाषाको प्रभाव बढ्दो रहेको छ । त्यस्तै मैथिली भाषीलाई नेपाली भाषा पढाउँदा १०-२० प्रतिशत मात्र रुचि बुझि राखेका छन् । यसै प्रसङ्गसँग सम्बन्धित साह (२०६७) अनुसार थारू र नेपाली भाषाको व्याकरणिककोटिको आधारमा व्यतिरेकी विश्लेषण गर्दा गल्तीमा वातावरणीय प्रभावमाथि नै जोड दिइएको पाइन्छ ।"

उल्लिखित कुराहरूका आधारमा नेपाली भाषामा मातृभाषाको प्रभाव देखिन्छ किनभने, भाषिक वातावरण मातृभाषाको छत्रछायामा परेकाले भाषाको प्रत्यक्ष प्रभाव परेको हो यस्ता किसिमका प्रभाव हटाउनको लागि नेपाली भाषाको वातावरणमा बस्नुपर्ने हुन्छ अनि मात्र यस किसिमका त्रुटिहरू सुधार हुन सक्छन् । खासगरी नेपाली शब्दमा विदेशी अङ्ग्रेजी भाषाको

प्रभावलाई नियन्त्रण गर्नुपर्ने अवस्था समेत देखिन्छ । यसरी भाषा बुझाई सहज भएमा सिकाइप्रति रुचि बढ्छ तर भाषा बुझाई असहज भएमा सिकाइप्रति रुचि घट्छ । त्यसैले सकारात्मक सिकाइको निम्ति भाषिक शिक्षणमाथि विशेष जोड दिनुपर्दछ ।

**व्याकरणगत समस्या**

भाषालाई शुद्ध बनाउने काम व्याकरणले गर्छ । त्यसैले भाषामा व्याकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारण गर्दा आदरगत पनि अन्तर देखिएको पाइन्छ । एक जना अनुभवी दक्ष शिक्षकले दिइएका अन्तर्वार्तालाई जस्ताको त्यस्तै उद्धृत गर्दै, ''आदर सङ्गतिमा जस्तो दुईवटा आदर हुन्छन् । मैथिली भाषामा 'तु' र 'आहाँ' यतातिर पाँचवटा मान दियाछन् । चार वटा मान दियाछन् । वचनमा पनि त्यस्तै हामीहरू लाउँछौ, उता सब लाउँछन्, हुन्छ यस्ता खालका थुप्रै समस्याहरू छन् ।'' शब्दको अन्त्यमा उच्चारणगत भिन्नता देखिन्छ । अर्का सहभागी दक्ष र अनुभवी शिक्षकको अन्तर्वार्ताका आधारमा, ''वचन, वचनका सङ्गति मिलाउँदा 'हरू' लाई नबुझ्ने एकवचन भएपनि बहुवचन भएपनि एउटै प्रयोग गर्ने, लैङ्गिक भिन्नताहरू पहिचान गर्न नसक्ने जस्तै मैथिलीको प्रभाव यहाँनिर यस्तो खालको प्रभाव तिम्रो र तिम्री जस्ता कुरा छुट्टयाउन नसक्ने देखिन्छ ।'' समग्रमा हेर्दा भाषापिच्छे व्याकरणको संरचना फरकफरक देखिन्छ । यस्ता किसिमका समस्या समाधानका लागि भाषा अनुवाद विधिद्वारा त्यस्ता त्रुटिहरू सुधारका अभ्यासहरू गर्दै जाँदा यस्ता खालका त्रुटिहरूलाई न्युनीकरण गर्दै लैजानुपर्दछ ।

**अभ्यास**

अभ्यास भनेको कुनै कुरालाई पटक पटक दोहो-याउनुलाई अभ्यास भनिन्छ । भए गरेका कुराको बानी बस्छ पनि र हट्छ पनि अभ्यासबाट नै । मैथिली भाषीहरूको अभ्यास केही गलत उच्चारणमा बसिएको देखिन्छ । जस्तै एक जना अनुभवी शिक्षकको अन्तर्वार्तालाई उद्धृत गर्दै, ''लैङ्गिक भिन्नताहरू पहिचान गर्न नसक्ने खालका प्रभाव तिम्रो र तिम्री जस्ता कुरा छुट्टयाउन नसक्ने । भाषिक वातावरणले पनि निकै नै प्रभाव पारेका हुन्छन् । विद्यालयमा एउटा पिरियड नेपाली घण्टी पढ्दा नेपालीमा कुराकानी गर्छन् । नेपालीमा अभ्यास हुन्छ तर बाँकी समय उनीहरू आफ्नै मैथिली मातृभाषामा नै कुरा गर्छन् । सङ्गीसाथीसित पनि आफ्नै मातृभाषामा कुरा गर्छन् । घरपरिवारमा पनि आफ्नै मातृभाषाको प्रयोग गर्छन् ।'' विनाडी (२०७४) ले कठरिया थारु र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययनमा अभ्यासद्वारा त्रुटि हटाउने पुष्टि गरेका छन् । यसरी उनीहरूको भाषिक वातावरण पनि उपयुक्त नहुँदा बढी गल्ती गर्ने अभ्यस्त भैसकेका हुन्छन् ।

उल्लिखित तथ्यहरूका आधारमा भाषा सिक्ने क्रममा सिकारुले के कस्ता त्रुटिहरू गर्छन् र ती त्रुटिहरू के कसरी हुन्छन् भनी अध्ययन गर्ने विषयलाई त्रुटि विश्लेषण भनिन्छ (ढकाल, शान्तिप्रसाद २०६८)। सिकारुले सिकाइका क्रममा त्रुटि गर्नु स्वभाविक प्रक्रिया हुन्छ। सिकारुले मातृभाषा प्रयोग गर्दा होस् कि विमातृभाषी प्रयोग गरी सिक्दा होस् गल्ती गर्छ त्रुटिलाई सिकाइ प्रक्रियाको कमजोरी ठान्नु हुँदैन। निराकरणका उपायहरूतिर जानुपर्दछ। त्यसरी नै 'त्रुटि विश्लेषण सिद्धान्त' का आधारमा मैथिली मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषाको रूपमा नेपाली भाषा उच्चारण गर्दा त्रुटि गर्छन् नै। त्रुटि हटाउन अभ्यासमाथि जोड दिनुपर्दछ।

डेभिड, क्रिस्टलका अनुसार भाषाशिक्षण र सिकाइमा त्रुटि विश्लेषण एउटा प्रविधि हो जसको माध्यमद्वारा विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने त्रुटि वा भूलहरूको पहिचान, वर्गीकरण तथा व्यवस्थित व्याख्या गरिन्छ। सिकारुले भाषिक सामर्थ्यको कुन तह प्राप्त गर्न सकेको छ यो कुरा उसले गरेका त्रुटिहरूबाट व्यवस्थित ढङ्गले झल्किन्छ (ढुङ्गेल र दाहाल २०६७)। भाषा सिकाइमा विभिन्न प्रकृतिका त्रुटिहरू गर्छन्। ती त्रुटिहरू हटाउन उपयुक्त वातावरण सिर्जना गर्नुपर्दछ।

यसरी लिङ्गगत, वचनगत र विशेषणगत भएका त्रुटिहरूको सुरुमा गलत तरिकाबाट अभ्यास बसेकाले त्यस्ता त्रुटिहरू हटाउन पनि शुद्ध उच्चारणबाट पटक पटक अभ्यास गराएर गलत अभ्यासलाई शुद्ध तरिकाले अभ्यास गराउँदा गराउँदै अभ्यस्त बनाउनुपर्दछ। अर्थात गलत अभ्यासलाई पनि शुद्ध अभ्यासबाट नै न्युनीकरण गर्न सकिन्छ। भाषिक अशुद्धीलाई पनि शुद्धी गर्ने भाषिक वातावरणको सृजना गरेर हटाउन सकिन्छ। सकभर नेपाली भाषाको प्रयोग गर्ने वातावरण नै सिर्जित गरेर अभ्यास गराउनुपर्दछ।

यसरी यस अध्ययनभन्दा पहिलो दुर्गाप्रसाद दाहाल (वि.स.२०७०) का अनुसार विद्यावारिधि तहमा दनुवारी र नेपाली भाषाको व्यतिरेकी अध्ययन गर्दा कक्षाकोठाभित्र दोस्रो भाषाको रूपमा नेपाली भाषा अध्ययन-अध्यापन गराउँदा मातृभाषी नेपाली विद्यार्थी जस्तो सहज इतर-दनुवारी मातृभाषीलाई विद्यार्थीहरूमा देखिएको छैन। यस्तै अनुसन्धानको क्रममा माधवप्रसाद पोखरेल र योगेन्द्र प्रसाद यादवको लेखहरूमा पदसङ्गतिसम्बन्धी सैद्धान्तिक र तुलनात्मक सतही अध्ययन गरिएको देखिन्छ अर्थात् ठिक त्यस्तै प्रस्तुत अध्ययन नेपाली विषय अध्यापन गराउने दक्ष तथा अनुभवी शिक्षकहरूको अनुभवलाई आधार स्रोत लिइएको छ। कक्षाकोठाभित्र मैथिली मातृभाषी विद्यार्थीहरूलाई नेपाली विषय शिक्षण गर्दा उच्चारण र व्याकरणिककोटिगत त्रुटि गर्नु पूर्व अध्ययनका आधारमा स्वभाविकै हो किनभने, इतर मातृभाषीले दोस्रो भाषा सिकाइ गर्दा पृष्ठभूमि वातावरणले प्रत्यक्ष प्रभाव पार्दछ। कक्षा ८ मा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूलाई

नेपाली विषय अध्यापन गराउँदा उच्चारणगत र व्याकरणिककोटिमा मात्र सीमाङ्कन गरिएको हो । यस अध्ययनका निम्ति आधारभूत तहमा दोस्रो भाषीका रूपमा अध्यापन गराउने दक्ष र अनुभवी शिक्षकहरूलाई सामग्री सङ्कलनका मुख्य स्रोतमा सीमित गरिएको छ ।

समग्रमा भन्दा मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइका क्रममा विभिन्न प्रकृतिका त्रुटिहरू गर्छन् । वर्णगत त्रुटि, शब्दगत त्रुटि व्याकरणिककोटिगत त्रुटिहरू गरेका छन् । ती त्रुटिहरू हुने प्रभावक तत्त्वहरूमा घरपरिवार, सङ्गीसाथी, सामुदायिक वातावरणीय प्रभाव रहेका छन् । उक्त त्रुटिहरू न्यूनीकरण गर्न अभ्यासमाथि जोड दिनुको साथसाथै विभिन्न पत्रपत्रिका, लेख, पुस्तक, अनुसन्धानमूलक कार्यहरूको अध्ययन गर्नुपर्दछ । विद्यालयीय वातावरण, विभिन्न गोष्ठी, सेमिनार, अन्तरक्रिया गर्नुपर्दछ ।

**निष्कर्ष**

लामो समयदेखि नेपाली विषय पढाउने दक्ष र अनुभवी शिक्षकहरूसँग लिएका अन्तर्वार्ताका आधारमा मैथिली मातृभाषी विद्यार्थीहरूलाई नेपाली विषय पढाउँदा मातृभाषी नेपाली हुने जस्तो सजिलो देखिएन । मैथिली मातृभाषी विद्यार्थीहरूले शुद्ध उच्चारणगतमा बढी त्रुटि गरेका छन् । खासगरी व्याकरणिक कोटिगत त्रुटि, वर्ण उच्चारणगत त्रुटिहरू देखियो । यस्ता किसिमका त्रुटिले विद्यार्थीहरूको भाषिक सीप विकासमा पनि समस्या ल्याउने गर्दछन् । जसले गर्दा विद्यार्थीहरूको सिकाइप्रतिको रुचि पनि घटेको पाइयो । यस्ता किसिमका त्रुटिहरूलाई हटाउन वा न्युनीकरण गर्नको लागि उचित भाषिक वातावरण सिर्जना तल्लै कक्षादेखि अभ्यास गराउँदै लैजानुपर्दछ । विभिन्न बैंठक, गोष्ठी, परियोजना कार्य र भाषिक वा साहित्यिक अन्तक्रियाहरूमा सहभागी गराउँदै लग्नुपर्दछ । सकभर घरपरिवार, साथीहरूसित नेपालीमा नै बोल्ने वातावरण सिर्जित गर्नुपर्दछ । यसका लागि अभ्यासमाथि उतिकै जोड दिनु आवश्यक देखिन्छ । त्रुटि गर्ने बेलामा नै पृष्ठपोषण दिंदै जानुपर्दछ । मुख्य कुरा भाषिक नियन्त्रणलाई प्राथमिकता दिएर अभ्यासमाथि विशेष जोड दिनुपर्दछ । यस अध्ययनले अन्य अध्ययन अनुसन्धानकर्ताहरूलाई सहयोग मिल्नेछ । खासगरी दोस्रो भाषा शिक्षण सिकाइको क्रममा कक्षाकोठाभित्र सहजीकरण गर्न महत्त्वपूर्ण उपयोगी देखिन्छ ।

## सन्दर्भ सामग्री


आचार्य, कृष्णप्रसाद (२०६६), *सामान्य भाषा विज्ञान,* क्षितिज प्रकाशन ।

अधिकारी, विष्णुप्रसाद (२०७४), *निम्न माध्यमिक शिक्षक स्रोत सामग्री -२,* आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०७५), *समसामयिक नेपाली व्याकरण ,* विद्यार्थी पुस्तक भण्डार ।

गडेरी, सत्य नारायण (२०५४), *नेपाली र मैथिली भाषाको पद सङ्गतिको तुलनात्मक अध्ययन, (* अप्रकाशित स्नातकोत्तर शोधपत्र) नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

ढकाल, शान्तिप्रसाद (२०६८), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), सामान्य र प्रायोगिक भाषाविज्ञान, एम.के.पब्लिसर्स डिस्ट्रिब्युटर्स ।

दाहाल, दुर्गाप्रसाद (२०७०), *दनुवारी र नेपाली भाषाको व्यतिरेकी विश्लेषण* (विद्यावारिधि शोधप्रबन्ध), ग्राजुएट स्कुल अफ एजुकेशन, त्रि.वि. ।

नेपाल किताबखाना समिति (२०७२), नेपालको संविधान २०७२ ।

न्यौपाने, टंकप्रसाद, भण्डारी, पारसमणि र न्यौपाने, दीपकप्रसाद (२०७३), *भाषा विज्ञानका प्रमुख सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चुडामणि (२०७०), अनुसन्धान तथा प्रतिवेदन लेखन, रत्न पुस्तक भण्डार ।

बिनाडी,दीर्घराज (२०७४), *कठरिया थारू भाषा र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन (* स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०७३), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

राई, कैलाश कुमार (२०५५क), *नेपाली र चामलिङ भाषाका क्रिया पदावलीको तुलनात्मक अध्ययन,* ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

राई, राम कुमार (२०५५), *नेपाली र दुमी भाषाका शब्द निर्माण र व्याकरणिक कोटिहरुको तुलनात्मक अध्ययन*, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा विभाग, त्रि.वि. ।

राष्ट्रिय जनगणना (२०५८), केन्द्रीय तथ्याङ्क विभाग ।

राष्ट्रिय जनगणना (२०६८), केन्द्रीय तथ्याङ्क विभाग ।

राष्ट्रिय जनगणना (२०७८), केन्द्रीय तथ्याङ्क विभाग ।

शाह, भरत (२०६७), *कैलाली जिल्लामा बोलिने थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।

श्रेष्ठ, मेघ नारायण (२०५५), मोरङियया थारु भाषाको व्याकरणात्मक स्वरूपको अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा विभाग, त्रि.वि. ।

Cresswell, J., & Planoclark, W. (2007). Combined Research Methods, translated by Alireza Kiamanesh. Javid Sarai, Tehran: Abijah Publishing .

पाउन सकिँदैन र ईश्वरको स्वरूप भनेकै उदार मानवतावादी चिन्तन हो भन्दै सेवा, सहयोग, उपकार तथा दीनदुःखीका पीडालाई आत्मीकरण गरेर उनीहरूको आत्मा हँसाउने काममा नै सच्चा देवत्वको निवास हुने मूल विचार कवितामा आएको छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ । दिनानुदिन मानवताविहीन बन्दै गएको मानवसमाजलाई मानवताले भरिपूर्ण मानव शरीर नै पवित्र मन्दिर हो र सच्चा मानवसेवामा नै देवत्व रहने विषय 'यात्री' कविताको मूल विचार हो भन्ने विषय व्यक्त गर्नु नै यस लेखको प्राप्ति हो ।

**मुख्य शब्दावली** : अन्तरात्मा, दुःखीगरिब, देवत्व, निवास, मानवसेवा ।

## अध्ययनको पृष्ठभूमि

लक्ष्मीप्रसाद देवकोटा (१९६६ –२०१६) नेपाली साहित्यका बहुआयामिक प्रतिभा हुन् । *पुतली भाग* १ र २ (२००९), *भिखारी* (२०१०), *जन्मोत्सव र मुटुका थोपा* (२०१५), *छहरा* (द्वितीय खण्ड २०१६), *मृत्यु शैय्याबाट* (२०१६), *चिल्ला पातहरू* (२०२१), *मनोरञ्जन* (२०२४), *भावना गाङ्गेय* (२०२४), *गाइने गीत* (२०२४), *आकाश बोल्छ* (२०२५), *छाँगासँग कुरा* (२०२६), *लक्ष्मी कवितासङ्ग्रह* (२०३३), *लक्ष्मी गीतिसङ्ग्रह* (२०४०) आदि कविता तथा गीतका कृति प्रकाशन गरेका उनले वभिन्न खण्डकाव्य, महाकाव्य तथा निबन्ध सङ्ग्रहको रचना गरेका छन् । दस वर्षकै उमेरबाट कविता लेख्न थाले पनि १९९१ सालमा 'गरिब' र 'पूर्णिमाको जलधि' दुईओटा कविता प्रकाशित गरेर आफ्नो कविता यात्रा सुरु गरेका उनले आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी धाराको प्रवर्तन गरी त्यसलाई विकसित र विस्तारित गर्ने कार्य गरेका छन् । २००४ सालपछि स्वच्छन्दतावादी धाराभित्रै प्रगतिवादी धारालाई समाहित गरेर स्वच्छन्दतावादी प्रगतिवादी धाराको विकास गर्ने श्रेय पनि उनलाई नै जान्छ । उनका कवितामा नेपालको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रकृति, धर्मसंस्कृति, क्रान्ति, ईश्वरी चिन्तन, मानवता, देशप्रेम जस्ता कुराहरू विषयवस्तुका रूपमा आएका छन् । उनका कविताको मूल प्रवृत्ति स्वच्छन्दतावादी द्रुततर आशुलेखन हो । मानवताका पुजारी देवकोटाका कवितामा मानवतावादी चेत पाइन्छ भने प्रकृतिप्रेमी देवकोटाका कवितामा प्रकृतिका विविध रूपको चित्रणका साथै प्रकृतिको मानवीकरण पनि भेटिन्छ । भावनामा रमाउन चाहने उनका कवितामा हार्दिकता पाइन्छ । मानिसलाई मानिसको नजरबाट हेरेर मानिसकै व्यवहार गर्ने प्रवृत्तिलाई मानवतावाद भनिन्छ । विशेषगरी स्वच्छन्दतावादी लेखनमा मानवतावादी चिन्तन प्रस्तुत भएको पाइन्छ । मानिसको मूल्यको खोजी नै मानवतावादको मुख्य अभीष्ट हो । यही मानवतावादी अवधारणाका आधारमा लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' कविताको विश्लेषण गर्नु यस लेखको प्राज्ञिक समस्या रहेको छ भने कवितामा प्रकट भएको मानवतावादी चिन्तन प्रस्तुत गर्नु

उद्देश्य रहेको छ । नित्यराज पाण्डेको *महाकवि देवकोटा* (२०१७), मोहनराज शर्माको *नेपालीका केही आधुनिक साहित्यकार* (२०४०), हीरामणि शर्माको *समालोचनाको बाटोमा* (२०४१), कुमारबहादुर जोशीको *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना* (२०४८), चूडामणि बन्धुको *देवकोटा* (२०५८), नेत्रप्रसाद न्यौपानेको *देवकोटाका काव्यकृतिमा मानवतावाद* (२०६७) जस्ता समालोचनात्मक कृतिमा देवकोटाका कविताकृतिका बारेमा समीक्षा गरिएको छ । नेत्रप्रसाद न्यौपानेको *देवकोटाका काव्यकृतिमा मानवतावाद* (२०६७) नामक कृतिमा मानवतावादमा आधारित अध्ययन पनि भएको छ तर 'यात्री' कवितालाई मानवतावादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छैन । त्यसैले यस अध्ययनमा 'यात्री' कवितालाई मानवतावादका प्रमुख पक्ष मानव शरीरलाई मन्दिर मान्ने, मानिसको मनमा देवताको निवास हुने, मानव र प्रकृतिको सम्बन्ध रहने तथा मानवसेवाको भावना हनुपर्ने जस्ता आधारमा विश्लेषण गरिएको छ । 'यात्री' कवितामा अभिव्यक्त मानवतावादी चिन्तनलाई स्पष्ट पार्ने किसिमको अध्ययनको अभाव रहेको परिप्रेक्ष्यमा यो अनुसन्धान कार्य अगाडि बढाइएकाले यसको महत्त्व र औचित्य स्पष्ट हुन्छ ।

## अध्ययन विधि

गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययन सोद्देश्यमूलक छनोटसँग सम्बन्धित रहेको छ । यो अध्ययन पुस्तकालयीय कार्यमा आधारित छ । यस अध्ययनमा प्राथमिक स्रोतको सामग्री देवकोटाको भिखारी (२०६०) कवितासङ्ग्रहमा सङ्कलित 'यात्री' कविता हो भने द्वितीयक स्रोतका सामग्री विभिन्न सन्दर्भपुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिकाबाट लिइएका देवकोटा वा मानवतावादी चिन्तनसँग जोडिएका सूचना हुन् । 'यात्री' कविताको विश्लेषणका लागि मूलतः मानवतावादको सिद्धान्त उपयोग गरिएको छ । यस अध्ययनमा विशेष गरी सामग्री विश्लेषण लागि निगमनात्मक तथा आगमनात्मक पद्धतिको उपयोग गरेर व्याख्या र विश्लेषणका आधारमा पाठविश्लेषण गरी अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

'मानव' शब्दको निर्माण 'मनु' मूलमा अण् प्रत्यय जोडिएर हुन्छ । मनुलाई मानव सृष्टिका प्रारम्भकर्ता मानिएको छ । सृष्टिकर्ता ब्रह्माका मानसपुत्र मनुलाई मनुष्यका मूल पुरुषका रूपमा चिनिन्छ (आप्टे, सन् १९९९, पृ. ७९४) । मानिसको हकअधिकारका विषयमा आवाज उठाउने विचार वा दृष्टिकोणलाई मानवतावाद भनिन्छ । मनुका सन्तानलाई मानव भनिन्छ र त्यही मानवसँग सम्बन्धित गुण वा विशेषता नै मानवतावाद हो । मानव हुनुको भाव वा विशेषतालाई नै मानवता

भनिएको पाइन्छ । मानवताले मानिसको प्रकृति, मानिसको प्रतिष्ठा तथा मानिस मानिसका बिचमा हुने व्यवहारलाई बुझाउँछ । मानिसले मानिसलाई राम्रो व्यवहार गर्ने, मानवीय व्यवहार गर्ने तथा मानिसको आदर्श, प्रतिष्ठा र प्रकृतिमा विश्वास गर्ने दर्शन नै मानवतावाद हो । मानवतावादले मानवीय मूल्यलाई उच्च महत्त्व दिँदै मानवहितलाई सर्वोपरि ठान्छ । मानवतावाद परम्परागत धर्म र ईश्वरको अलौकिक अस्तित्वतिरभन्दा दुःखी मानव आत्माको क्रन्दनमा ईश्वरीय वाणी सुन्छ र दीनदुःखीहरूको सेवालाई नै मानव धर्म मान्छ (सिंह, सन् १९९४, पृ. ३६५) । मानिसले मानिसलाई मानिसकै व्यवहार गर्नुपर्छ भन्ने मूल दर्शनको जगमा मानवतावाद उभिएको हुन्छ । मानिसको प्रकृति, प्रवृत्ति, विचार, चिन्तन, सिप जस्ता पक्षलाई मानवतावादले समेटेको हुन्छ (द इन्साइक्लोपिडिया अफ फिलोसफी, सन् १९६७, पृ.६९-७०) । मानिसमा रहेका विभिन्न अपूर्णतालाई पूर्ण गरी उसको स्वतन्त्रताको रक्षा गर्नु नै मानवतावादी दृष्टिकोण हो । मानवतावादमा विश्वास गर्ने, मानवतावादको अनुयायी र मानवतावादलाई महत्त्व दिने भावना नै मानवतावादी चिन्तन हो (पौड्याल, सन् २०२३, पृ. ५५) । कुनै अदृश्य अलौकिक शक्तिको उपासनाबाट प्राप्त हुने आनन्दभन्दा मानिसको सेवाबाट प्राप्त हुने आनन्द विशेष हुने बताउँदै मानवसेवामा समर्पित हुनुपर्ने धारणा मानवतावादमा प्रकट भएको हुन्छ । यसले धर्म वा ईश्वरको अलौकिक अस्तित्वलाई भन्दा मानवीय आत्माको चीत्कारलाई प्राथमिकतामा राखी मानवसेवामा समर्पित हुनुपर्ने विचार प्रकट गर्छ (सिंह, सन् १९९४, पृ. ३६५) । मानवतावादले मानिसलाई केन्द्रमा राखी उसका हक र अधिकार स्थापना हुनुपर्ने विषय अगाडि बढाउँछ । सबै मानिसमा समानता, स्वतन्त्रता र भ्रातृत्वको भाव विकास गरी आजको मानवसमाजमा देखिएका विकृति र विसङ्गतिका विरुद्धमा आवाज उठाउने काम मानवतावादले गरेको हुन्छ ।

आजको मानिसमा दिनानुदिन मानवतावादी धारणा हराउँदै गएका कारण नै विश्वमा मानव विरुद्धका गतिविधि मौलाइरहेका छन् । मान्छेमा रहेका दया, प्रेम, सहिष्णुता, सहयोग, सद्भावना आदि मानवीय गुणले मानवतालाई बुझाएका हुन्छन् भने मानवमा रहने सद्गुणले मानव समाजलाई प्रतिष्ठित बनाउन जोड दिएको हुन्छ । मानिस जातिमा पाइने विचार, दया, प्रेम, सहिष्णुता, सद्भावना, सहयोग, भ्रातृत्व आदिबाट नै मानवतावाद बुझिएको हुन्छ (अधिकारी र भट्टराई, २०६३, पृ. ७९८) । आज मानिसहरू जातजाति, भाषा, धर्म, संस्कृति तथा क्षेत्रीयताका आधारमा विभाजित छन् र एउटा मानिस अर्काको अस्तित्व समाप्त पार्नका लागि तत्पर भइरहेका छन् । विश्वमा दिनानुदिन मानवता विरोधी गतिविधि देखिँदै छन् । मानिसले मानिसको घाउमा मलमपट्टी लगाउनुको साटो मानिसकै विनाशको बाटो रोजिरहेको छ । मानिसप्रतिको आस्था र विश्वास नै

कमजोर बनिरहेको परिस्थितिमा मानवतामा आधारित समाजको निर्माणबाट पृथ्वीलाई स्वर्ग र मानवलाई देवताका रूपमा स्थापित गर्न सकिन्छ भन्ने अभीष्टका साथमा मानवसेवामा समर्पित सामाजिक संरचनाको निर्माणका लागि मानवतावाद आवश्यक छ (नागौरी, सन् १९८५, पृ.१४)। मानिसको मानिसप्रतिको विखण्डित विश्वास स्थापना गर्नु र एउटा मानिसले अर्को मानिसलाई सम्मान गर्ने वातावरण सिर्जना गर्नु नै मानवतावादको मुख्य कार्य हो। मानवतावादले मानिसका क्षमता र योग्यता मानिसकै हकहितका लागि उपयोग हुनुपर्छ भन्ने धारणा राख्छ। मानिसलाई स्वार्थी हुनबाट बचाउनु तथा उसमा नैतिकता, सकारात्मक चिन्तन, सद्भाव तथा भ्रातृतवको विकास गराउँदै परोकारमा लगाउनु नै मानवतावादको मूल लक्ष्य रहेको हुन्छ (न्यौपाने, २०६४, पृ.३९)। मानवताकै कारण मानिस अरू प्राणीभन्दा फरक र विशिष्ट बनेको हुन्छ। मानवतावादले मानिसलाई कर्मवादी र सकारात्मक हुनका लागि प्रेरणा मात्र दिँदैन यसले त मानिसमा रहेको निराशालाई समाप्त पारी आशा जगाउने काम पनि गरेको हुन्छ (पाठक, सन् २००४, पृ.४)। मानवतावादले नै मानिसलाई साँचो अर्थमा मानिसको जीवन बाँच्न सिकाउँछ। मानिसभित्रको देवत्व जगाउँछ र मानिसलाई परसेवामा समर्पित हुने इच्छाशक्तिको विकास गरिदिन्छ।

मानवताकै कारण मानिस मानिसका बिचमा भ्रातृत्वको विकास भएको हुन्छ। मानवताले जात, धर्म, वर्ग, क्षेत्र आदिका आधारमा गरिने मानिसको विभाजनलाई स्वीकार गर्दैन। एउटा मानिसले मानिस हुनाका कारणले पाउने अधिकारको रक्षाका लागि आवाज उठाउँछ। हाम्रो समाजमा युगौँयुगदेखि जरो गाडेर बसेका असमानता, भेदभाव, कुरीति, अन्धविश्वासलाई परित्याग गरी सर्वशक्तिमान् मानव जातिको हितमा समर्पित हुनका लागि सबै मानिसलाई आह्वान गर्छ। मानिसमा रहेका सङ्कीर्णतालाई समाप्त पारी सबै मानिसका पक्षमा लाग्नुपर्ने सन्देश पनि मानवतावादले दिएको हुन्छ।

प्रस्तुत लेखमा मानव शरीरलाई मन्दिर, मानिसको मनमा देवताको निवास हुने विचार, मानव र प्रकृतिको सम्बन्ध, मानवसेवाको भावना जस्ता मानवतावादी चिन्तनले कवितालाई मानवतावादी बनाएका छन् भन्दै यिनै पक्षका आधारमा मानवतावादको व्याख्या गर्ने कार्य गरिएको छ।

## परिणाम तथा छलफल

*शारदा* (१९९१) पत्रिकामा प्रथम पटक प्रकाशित भएको तथा *भिखारी* कवितासङ्ग्रह (२०१०) मा सङ्कलित भएको 'यात्री' मानवतावादी विचार प्रस्तुत गरिएको लक्ष्मीप्रसाद देवकोटाको उत्कृष्ट कविता हो। शिवरात्रिताका कुनै एक शोषक पुँजीपति मानिसको काँधमा चढेर पशुपतितिर जाँदै

गरेको देखेर मानिसमा हराउँदै गएको मानवतालाई लक्षित गर्दै यस कविताको रचना गरिएको कुरा देवकोटा स्वयम्ले उल्लेख गरेका छन् (जोशी, २०४८, पृ. ४३१) । मानिसले मानिसलाई सम्मान गर्न नसकेको बरु सम्पन्न परिवारका मानिसले विपन्न परिवारका मानिसलाई पशुको सट्टामा काममा लगाउँदै आएको विषय कवितामा प्रकट भएको छ ।

## यात्री कवितामा मानवतावाद

'यात्री' कवितामा मानवतावादलाई मुख्य विचारका रूपमा प्रस्तुत गरिएको छ । मानिसले मानिसलाई मानिसकै व्यवहार गर्नुपर्छ भन्ने जगमा मावतावाद उभिएको छ । धर्तीका सबै मानिसलाई हेर्ने दृष्टिकोण एकै प्रकारको हुनुपर्छ भन्ने अवधारणालाई मानवतावादले मानवतावादले अगाडि सारेको हुन्छ । यस लेखमा 'यात्री' कवितामा अभिव्यक्त मानवतावादलाई स्पष्ट पार्नका लागि मानव शरीरलाई मन्दिर, मानिसको मनमा देवताको निवास हुने विचार, मानिस र प्रकृतिको सम्बन्ध अनि मानवसेवाको भावनालाई आधार बनाइएको छ ।

## मानव शरीरलाई मन्दिर

'यात्री' कविता मानवतावादी विचार व्यक्त भएको छ । यस कवितामा संसारका सबै मानिस मानवको सेवामा लाग्नुपर्ने विचार व्यक्त गरिएको छ । यस कविताको सुरुमा नै कुनै मानिसको काँधमा चढेर मन्दिर दर्शनका लागि हिँडेका यात्रीलाई प्रश्न गर्दै तिमी कुन मन्दिरको यात्राका लागि निस्किएका हौ भनी प्रश्न गरिएको छ । मन्दिरको यात्रामा निस्किएका यात्रीलाई देवताको पूजाका लागि कुन सामग्री ल्याएका छौ भन्दै मन्दिरमा विभिन्न फूल र प्रसादका साथमा पुगेर पूजा आराधना गर्ने प्रवृत्तिप्रति कसिलो व्यङ्ग्य प्रहार गर्दै मानिसको काँधमा चढेर देवपुरीको यात्रा हुन नसक्ने विषय स्पष्ट पारिएको छ । मानिसको शरीर आफैँमा पवित्र मन्दिर भएकाले मानिसले मानिसको सेवा गर्नुपर्ने विचार यस कवितामा यसरी अभिव्यक्त भएको छ :

> कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरमा जाने हो ?
>
> कुन सामग्री पूजा गर्ने, साथ कसोरी लाने हो ?
>
> मानिसहरूको काँध चढी, कुन देवपुरीमा जाने हो ? (यात्री, प. १ –३)

माथिको कवितांशमा मन्दिर जाने, पूजासामग्री लाने, मानिसको काँधमा चढेर देवपुरीसम्मको यात्रा गर्न लागेको व्यक्तिलाई प्रश्न सोधिएको छ । मानिसको काँध चढेर देवपुरीको यात्रा गरिरहेको मानिसले मानिसको महत्त्व बुझ्न नसकेको विषय माथिको कवितांशमा स्पष्ट पारिएको छ । मानिस अरू कसैको काँधमा चढेर देवपुरीको यात्रामा निस्कनै पर्दैन बरु मानिसको सेवामा नै समर्पित भयो

भने उसले पुण्य प्राप्त गर्न सक्छ भन्ने कुरा माथिको कवितांशमा प्रकट भएको छ । मानवको सबैभन्दा ठुलो धर्म मानवसेवा हो । हाम्रो समाजका गरिब मानिसलाई अरू कसैको सहयोगको अपेक्षा रहेको हुन्छ, त्यस्ता मानिसलाई सहयोग गर्नुको साटो उल्टै पशुलाई जस्तो व्यवहार गर्न खोज्ने मानवीय प्रवृत्ति राम्रो होइन । मानिसले मानिसलाई नै पशुको जस्तो व्यवहार प्रदर्शन गर्ने कार्यप्रति विमति जनाउँदै मानवसेवाबाट नै ईश्वर खुसी हुन्छन् र त्यस्तो ईश्वरको प्राप्ति मन्दिरमा होइन मानवसेवाबाट प्राप्त हुन्छ भन्ने मानवतावादी चिन्तन माथिको कवितांशमा अभिव्यक्त भएको छ । मानिस देवताको खोजीका लागि कुनै मन्दिर मन्दिर धाउनुपर्दैन भन्ने कुरालाई स्पष्ट पार्दै कवितामा मानिसको शरीरलाई नै मन्दिरका रूपमा यसरी चिनाइएको छ :

हाडहरूका सुन्दर खम्बा, मांस पिण्डका दिवार
मस्तिष्कको यो सुनको छाना, इन्द्रियहरूका द्वार
नसा नदीका तरल तरङ्ग, मन्दिर आफू अपार
कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरको द्वार ? (यात्री, प. ४–७)

माथिको कवितांशमा मानव शरीरलाई हाडहरूको खम्बा, मांशपिण्डको पर्खाल, सुनको छानो मस्तिष्क, मानिसको शरीरमा रहेका इन्द्रियहरू द्वार, नसा नदी जस्तै बग्ने पवित्र स्थल भएको पवित्र मन्दिरका रूपमा चिनाइएको छ । यहाँ मानिस आफैँमा मन्दिर हो भन्ने आशय माथिको कवितांश प्रकट भएको छ । मानिस मन्दिरको खोजीका लागि कतै टाढा जानु नै पर्दैन किनभने प्रत्येक मानिसको शरीर नै मन्दिर हो भन्दै मन्दिरमा गएर देवतासँग साक्षत्कार हुनै सक्दैन बरु प्रत्येक मानिसको शरीरलाई मन्दिरलाई जत्तिकै सम्मान गर्ने हो भने समाजमा सद्भावको विकास हुन्छ र यसैको बलियो जगमा मानवता उभिन सक्छ भन्ने मानवतावादी चिन्तन अभिव्यक्त भएको छ । यहाँ मानिसको शरीरलाई नै मन्दिर स्वीकार गर्न सकियो भने देवत्व वा धर्म प्राप्त गर्नका लागि कुनै मन्दिरको द्वारमा धाउनुपर्दैन भन्ने मानवकेन्द्री विचार प्रकट भएको छ । यस कवितामा मानिसको शरीर नै सबैभन्दा पवित्र मन्दिर हो र यसैको सेवा नै सच्चा पूजा हो भन्दै मानवमूल्य खोज्ने कार्य गरिएको छ ।

## मानिसको मनमा देवताको निवास हुने विचार

'यात्री' कवितामा मानिसको शरीरलाई मन्दिरका रूपमा चिनाइएको छ भने मानिसको आत्मामा नै देवताको निवास हुने कुरा उल्लेख गर्दै मनलाई देवताका रूपमा स्थापित गरिएको छ । मानिसका सबैजसो शुभकार्यको प्रारम्भ मनबाट नै हुने भएकाले त्यसलाई देवत्वकरण गरिएको छ । कवितामा

शरीर मन्दिर तथा मानिसको मन वा आत्मालाई देवता बनाइएकाले मानवतावादी चिन्तनका दृष्टिले यो कविता निकै उत्कृष्ट रहेको छ । मानिसले निर्माण गरेका मन्दिरमा होइन कि मानिसकै पवित्र आत्मामा बसेका हुन्छन् भन्ने विचार यस कवितामा आएको छ । यस कवितामा मानिसको मनमा देवताको राज हुने विषयलाई तलका कविांशमा स्पष्ट पारिएको छ :

मनको सुन्दर सिंहासनमा, जगदीश्वरको राज
चेतनको यो ज्योति हिरण्मय, उसको शिरको ताज
शरीरको यो सुन्दर मन्दिर, विश्वक्षेत्रको माझ । (यात्री, प. ८–१०)

माथिको कवितांशमा मानिसको सुन्दर मनमा नै ईश्वरको निवास रहन्छ भन्दै जगत्का परिचालक ईश्वर बाहिर कुनै मठमन्दिरमा नभई मानिसको सर्वोच्च निकायका रूपमा रहेको मनमा विराजमान हुन्छन् भन्ने कुरा अभिव्यक्त भएको छ । मानिसलाई सञ्चालन गर्ने मुख्य निकाय भनेकै मानिसको मन हो र मानिसको चिनारी पनि त्यही मनका आधारमा हुन्छ । जसको मनमा ईश्वरको निवास हुन्छ त्यसको मन निकै पवित्र हुने गर्छ अनि पवित्र मनमा नै सहयोगी भावना लुकेको हुन्छ भन्दै मानवमा ईश्वरीय सामर्थ्य पाइने मानवतावादको उद्घोष मात्र यस कवितामा गरिएको छैन बरु आफू र आफ्नो मनको पहिचान गरी मानवतावादी विचार प्रसार गर्ने सन्देश पनि दिइएको छ । मानिसलाई कुनै दैवी शक्तिले शक्तिशाली बनाउँदैन भन्दै यस कवितामा उसलाई शक्तिशाली बनाउने भनेकै उसको अन्तरआत्मामा रहेको मानवतावादी विचारले हो भन्ने कुरा स्थापित गरिएको छ । मानिसमा रहेको मानवतालाई स्पष्ट पार्दै ईश्वर मानिसभित्रको सद्भाव र सहयोगी भावनामा रहेको रहेको हुन्छ तर मानिस भने बाहिर दृश्य जगत्मा ईश्वरको खोजी गरिरहेका हुन्छन् भन्ने कुरालाई तलका कवितांशबाट स्पष्ट पारिएको छ :

भित्र छ ईश्वर बाहिर आँखा, खोजी हिँड्छौ कुन पुर ?
ईश्वर बस्तछ गहिराइमा, सतह बहन्छौ कति दूर ?
खोजी गर्छौं ? हृदय लगाऊ, बत्ती बाली तेज प्रचुर । (यात्री, प. ११–१३)

माथिको कवितांशमा ईश्वरीय सत्ता भनेकै मानव मन हो भन्ने कुरालाई स्पष्ट पार्दै आफैँभित्रको ईश्वर पहिचान नगरी मानिस बाहिरी जगत्मा ईश्वर खोजिरहेको मानिसलाई अन्तर्निरीक्षणका लागि आग्रह गरिएको छ । मानव देवतालाई बाहिरी विभिन्न मठमन्दिरका ढोकामा खोज्दै हिँड्छ तर वास्तवमा उसले आफूभित्रै रहेको मानवतारूपी देवत्वको पहिचान गर्न सकेको छैन भन्ने कुरालाई कवितांशमा स्पष्ट पारिएको छ । ईश्वर मानिसको मनको गहिराइमा हुन्छ र त्यसको मापन

मानिसमा रहेको मानवतावादी धारणाका आधारमा गर्न सकिन्छ भन्ने कुरालाई कवितामा जोडका साथ उठाइएको छ । ईश्वर न कुनै सहरमा छ न त कुनै देवालयमा नै छ बरु ईश्वर त मानिसमा रहेको सेवाभावमा छ अनि मनको गहिराइमा छ भन्दै मानव मनमा रहेको ईश्वरको पहिचानका लागि मानवलाई आग्रह गरिएको छ । बाहिरी उज्यालाले देवताको खोजी सम्भव छैन । यसका लागि मानिसको मनको बत्ती बलेको हुनुपर्छ र अन्तरात्माबाट प्रकाशित मानवसेवाको भावमा नै देवत्व रहन्छ भन्दै बाहिरी कुरामा नभई आफ्नै आत्मामा ईश्वरको खोजी गर्नुपर्ने विचार यस कवितामा पोखिएको छ । सतही र स्वार्थी विचारले होइन सेवायुक्त मानवतावादी विचारले नै मानिसको मानवता मापन गर्छ । त्यही मानिसमा रहेको मानवता नै देवताका रूपमा प्रकट भएको हुन्छ भन्ने कुरालाई यस कवितामा विशेष महत्त्वका साथ स्थापित गरिएको छ । बरु देवता र दानव अरू कोही नभएर मानवमा नै रहने प्रवृत्तिगत विशेषता हो भन्ने कुरा पनि यस कवितामा अभिव्यक्त भएको छ । दीनदुःखी, गरिब, असहाय व्यक्तिहरूलाई सहयोग गर्ने मानवतावादी विचारमा नै ईश्वरको सत्ता रहेको हुन्छ भन्ने कुरालाई तलको कवितांशबाट स्पष्ट पारिएको छ :

साथी यात्री ! बिच सडकमा, ईश्वर हिँड्दछ साथ
चुम्दछ ईश्वर काम सुनौला, गरिरहेको हात
छुन्छ तिलस्मी करले उसले, सेवकहरूको माथ । (यात्री, प. १४ –१६)

माथिको कवितांशमा परिश्रमी मानिसको कर्मशील यात्रालाई ईश्वरले सधैँ समर्थन गर्ने र कर्ममा नै ईश्वरको प्राप्ति छ भन्ने मानवतावादी विचार मुख्य रूपमा प्रकट भएको छ । ईश्वर सधैँ मानिसकै साथमा नै रहन्छ र मानिसलाई सकारात्मक बाटामा लैजाने काम पनि मानवतारूपी ईश्वरले नै गरेको हुन्छ । मानिसको कर्मशील जीवनमा ईश्वरको निवास हुन्छ र सकारात्मक सोचाइका साथ निरन्तर काममा खटिएका मानिसप्रति रहने सकारात्मक भाव नै मानवतावाद हो अनि सच्चा अर्थमा त्यही नै देवत्वको प्राप्ति पनि हो भन्ने कुरा यस कवितामा आएको छ । सिर्जनशील भई आफ्नो जीवन बिताउने र अरूलाई पनि सकारात्मक कामका लागि उत्प्रेरित गर्ने सोचाइमा नै मानवतारूपी देवत्व रहेको हुन्छ भन्ने कुरा यस कवितामा अभिव्यक्त भएको छ । यही आधारमा हेर्दा मानिसभित्र रहने सकारात्मक र मानवतावादी विचार नै ईश्वरीय गुण हो भन्दै कर्मशील जीवनबाट नै ईश्वरको प्राप्ति हुने आशय यस कवितामा मानवतावादी चिन्तनका रूपमा प्रकट भएको छ ।

**मानव र प्रकृतिको सम्बन्ध**

'यात्री' मानिसको सर्वाधिकार खोजी गर्दै रचना गरिएको कविता हो । यस कवितामा मानिसभित्र मानवताका रूपमा लुकेर बसेको ईश्वरको खोजी गरिएको छ । यस कवितामा ईश्वरको निवास कुनै बाहिरी स्थलमा हुँदैन भन्दै मानिसको आत्मामा नै ईश्वरको निवास हुने कुरा अभिव्यक्त भएको छ । यस कवितामा प्राकृतिक मानव जीवनको समर्थन गरिएको छ । सडकको किनारामा सुनिने चराको प्राकृतिक बोलीमा ईश्वरीय सत्ता रहने भन्दै कविले मानिसको जीवन पनि प्राकृतिक हुन सक्यो भने त्यसमा थप सौन्दर्य पाइने कुरा मात्र उल्लेख गरेका छैनन् बरु दुःखीदरिद्रीको सेवाबाट नै ईश्वर प्रसन्न हुने धारणा पनि राखेका छन् । ईश्वरको दर्शन चर्मचक्षुबाट गर्न सकिँदैन बरु आर्तमा छटपटाइरहेका मानिसको सेवाभावबाट गर्न सकिन्छ भन्ने कुरालाई तलको कवितांशका माध्यमबाट स्पष्ट पारिएको छ :

सडक किनारा गाउँछ ईश्वर, चराहरूको तानामा
बोल्दछ ईश्वर मानिसहरूको पीडा, दुःखको गानामा
दर्शन किन्तु कहीँ दिँदैन, चर्मचक्षुले कानामा
कुन मन्दिरमा जान्छौ यात्री, कुन नव देश बिरानामा ? (यात्री, प. १७ –२०)

माथिको कवितांशमा मानिसका स्वाभाविक तथा स्वार्थरहित क्रियाकलाप नै मानवताका परिचायक रूपमा लिइएको छ । यस कवितामा सहज स्वाभाविक तथा स्वच्छन्द जीवनशैलीप्रति झुकाव देखाइएको छ । यस कवितामा सबै मानिसमा मानवतावादी विचार अङ्कुरण भएको देख्न चाहने मानवतावादी अवधारणा आएको छ । यस कवितामा कुनै एक मानिसले अर्को मानिसको पीडा बुझेर सहयोग गरोस् भन्ने मूल विचार प्रकट भएको छ । यस कवितामा ईश्वरको भौतिक उपस्थिति हुँदैन तर दुःखीको सेवामा ईश्वरको उपस्थिति रहेको हुन्छ भन्ने कुरा विशेष जोडका साथ उठाइएको छ । यस कवितामा मानवतारूपी ईश्वरीय सत्ता हाम्रा छालाका आँखाले नभई मानवताका आँखाले मात्र देख्न सक्ने विषय भएकाले सेवा, सहयोग, आदर, सद्भाव, सौहार्द सम्बन्धमा नै ईश्वर मानवताको स्वरूपमा प्रकट भएको हुन्छ भन्दै मानवतावादी चिन्तनलाई ईश्वरीय सत्ताका रूपमा स्थापित गरिएको छ ।

**मानवसेवाको भावना**

'यात्री' कवितामा मानिसको सेवालाई नै सबैभन्दा ठुलो धर्मका रूपमा हेरिएको छ भने सेवाको भावनाबाट प्रेरित भई सबै मानिसप्रति सम भाव राख्ने व्यक्तिमा नै देवताको निवास हुने कुरा उल्लेख गरिएको छ । यस कवितामा हाम्रो समाजमा एक पेट मात्र पनि मिठो मसिनोको

अनुभूति गर्न नपाएका मानिसको सेवाबाट नै सच्चा ईश्वर प्राप्त हुने कुरा उल्लेख गरिएको छ । कुनै भौतिक स्थलमा गरिने पूजापाठका तुलनामा मानवसेवा नै पवित्र पूजा बन्न सक्छ भन्ने आशय कवितामा अभिव्यक्त भएको छ । यस कवितामा पीडामा परेका व्यक्तिको सहयोगमा नै देवत्व रहने विषयलाई तलको कवितांशबाट स्पष्ट पारिएको छ :

फर्क फर्क हे ! जाऊ समाऊ, मानिसहरूको पाउ
मलम लगाऊ आर्तहरूको, चहराइरहेको घाउ
मानिसहरू भई ईश्वरको यो दिव्य मुहार हँसाऊ । (यात्री, प. २१ –२३)

माथिको कवितांशमा मानिसको काँधमा चढेर कुनै देवपुरीमा पुगी आफ्ना सम्पूर्ण अभीष्ट पूरा गर्न लालायित मानवलाई दृष्टान्तका रूपमा प्रस्तुत गर्दै समग्र मानव जगत्मा मानवतावादी विचार जगाउने काम गरिएको छ । यस कवितामा कुनै देवालयमा देवता नपाइने बरु मानवको सेवामा देवता प्रसन्न हुने धारणा प्रकट भएको छ । यस कवितामा मानिसको सेवा नै मानवको धर्म हो र धर्म गर्ने चाहना भएको मनमा नै ईश्वरको वास हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । दुःखीको सेवा, पीडितलाई सहयोग, समस्यामा परेका मानिसको समस्या समाधानबाट नै वास्तविक देवतात्व प्राप्त हुने कुरा उल्लेख गर्दै देवता मानिसभन्दा बाहिर होइन कि मानिसभित्रै हुने मानवतावादी विचारको प्रकटीकरण भएको विषय यस कवितामा स्पष्ट पारिएको छ ।

'यात्री' कवितामा कुनै देवता बस्ने स्थलमा जाँदा ईश्वर प्राप्त हुन्छ भन्ने अन्धविश्वासी परम्पराको विरोध गरी मानिसको सेवाबाट नै ईश्वर प्राप्त गर्न सकिने विषय मूल विचारका रूपमा प्रकट भएको छ । देवतारूपी दिव्यतत्त्वको बास शरीररूपी मन्दिरको मनरूपी सिंहासनमा हुने कुरा यस कवितामा प्रस्तुत आएको छ । यस कवितामा दीनदुःखीप्रतिको सहानुभूति, मानवसेवाको भावना तथा मानवतावादी जीवनदृष्टि अभिव्यक्त भएको पाइन्छ (जोशी, २०५७, पृ. ३९) । मानवप्रति समभाव व्यक्त गर्ने यस कविताले सबैलाई सम्मान गर्नुपर्ने र त्यसमा पनि गरिब दुःखीको सेवामा समर्पित हुनुपर्ने धारणा प्रस्तुत गरेको छ । धर्मको प्रतिच्छाया मानिसको मानवतामा प्रतिविम्बित हुने भएकाले मानिसको सेवामा लाग्नुपर्ने विषय यस कवितामा निकै बलियो बनेर प्रकट भएको छ । कर्मवादी आवधारणा, सेवाको भाव, मानवताको पुकारलाई सबै मानिसमा पुऱ्याएर मानवताले भरिएको मानवतावादी संसारको निर्माण गर्ने कविको विश्वदृष्टि यस कविताको मूल प्रतिपाद्य विषय बनेर अभिव्यञ्जित भएको छ । मानिसको शरीर नै मन्दिर भएको र त्यही मन्दिररूपी मनमा ईश्वरको बास हुने भएकाले एक सजीव सुनौलो मूर्ति स्वयम् मानिसभित्र लुकेको अदृश्य ईश्वर (मानवतावादी चेत) लाई जगाएर मानव जगत्को कल्याण गर्न चाहने उच्च मानवतावादी विचार यस कवितामा

आएको छ । देवकोटाका कवितामा प्रचलित परम्पराका ठाउँमा नयाँ आध्यात्मिक र मानवतावादी भावना स्थापित गर्ने चाहना प्रकट भएको पाइन्छ (ठाकुर, २०७६ कात्तिक ९, शनिवार ) । त्यसैले मानिसलाई चिन्न सक्नुपर्छ अनि मात्र ईश्वर प्राप्त हुन सक्छ भन्दै सच्चा मानवीय धर्मको प्राप्ति सेवा मार्गबाट हुने भएकाले ईश्वरलाई पाउने मार्ग भनेको धार्मिक स्थलको गमन नभई मानवसेवा नै हो भन्ने भाव यस कवितामा मूल प्रतिपद्य विषय बनेर प्रकट भएको छ ।

'यात्री' कवितामा मूलतः ईश्वर प्राप्तिका लागि कुनै मठमन्दिरमा धाउने मानिसका क्रियाकलापप्रति असहमति प्रकट गर्दै मानव मनमा रहेको मानवतावादी प्रवृत्तिलाई नै देवताका रूपमा स्थापित गरिएको छ । यस कवितामा मानिसको मन नै सुन्दर मन्दिर हो र त्यही मनमा रहने मनवतासम्बन्धी चेत नै देवता वा ईश्वर हो भन्ने उच्च मानवतावादी विचार प्रकट भएको छ । सत्कर्ममा रमाउने मानिसका साथमा ईश्वर रहेको हुन्छ र त्यो ईश्वरीय चेतना मानवतावादको स्वरूपमा अभिव्यक्त भएको हुन्छ भन्ने कुरा कविताको मूलभावका रूपमा आएको छ । समाजमा व्याप्त धार्मिक रुढिवाद एवम् अन्धपरम्पराप्रति विद्रोह तथा समाज सुधारको चाहना राखी लेखिएको 'यात्री' कविता मूलतः मानवतावादी कविता हो (जोशी, २०४८, पृ. १०६) । दुःखीगरिबको भेषमा ईश्वर बोलिरहेको हुन्छ र तिनको सेवाबाट नै ईश्वरको सच्चा पूजाआराधना हुन्छ भन्दै मानिसले मानिसका पीडामा मलम लगाउन सक्नुपर्छ भन्ने कुरालाई यस कवितामा विशेष जोड दिइएको छ । ईश्वरको भौतिक सत्ता नहुने भएकाले भौतिक स्थानमा धाउनु पनि व्यर्थ छ भन्दै मासु, हाड, छाला आदिबाट बनेको मानव शरीर नै मन्दिर हो र त्यही मानवको आर्तपुकार सुन्न सक्नु र त्यसलाई सक्दो सहयोग गर्नुमा नै देवत्वको प्राप्ति छ भन्ने कुरा कवितामा देखाइएको छ ।

## निष्कर्ष

'यात्री' कवितामा परम्परित अन्धविश्वासी मान्यताबाट डोरिएको यात्री कुनै भौतिक स्थालमा देवता हुन्छ भन्ने सोचाइबाट प्रेरित भई मानिसको काँधमा चढेर त्यही देवस्थलतर्फ जाँदै गरेको प्रसङ्गलाई माध्यम बनाएर मानवतावादी विचार पोखिएको छ । यस कवितामा हाम्रै समाजका विभिन्न दृष्टान्तका माध्यमबाट ईश्वरीय सत्ता भौतिकतामा होइन मानसिकतामा हुन्छ र त्यो मानवतावादका रूपमा प्रकट भएको हुन्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ । हाम्रा आँखाले देख्ने देवताका स्वरूप सबै भ्रमका खेती मात्र हुन्, वास्तविक देवता त मानिसको मनमन्दिरमा विराजमान हुन्छन् र सहयोगी हातका रूपमा मानव समुदायमा प्रकट हुने गर्छन् भन्ने मानवताको जगमा यो कविता उभिएको छ । हाम्रा चर्मचक्षुले कहिल्यै पनि ईश्वरलाई साक्षात् गराउन सक्दैनन् भन्दै बाहिरी आँखाका माध्यमबाट ईश्वर कहिल्यै दृष्टिगोचर हुँदैन र ईश्वर त मानिसको सहयोगी

भावनाबाट प्रकट भएको हुन्छ अनि मानिसको उदार र पवित्र भावनाबाट देखिएको हुन्छ भन्दै यी सबै ईश्वरीय स्वरूपको प्राप्ति त केवल मानवतावादी चिन्तनबाट मात्र सम्भव छ भन्ने कुरालाई यस कवितामा राम्रोसँग स्थापित गरिएको छ । कर्मलाई अवलम्बन गरी सेवाको मार्ग अपनाएर मानव जातिको सेवामा समर्पित हुनुबाट नै ईश्वरत्व प्राप्त हुन सक्ने धारणा यस कवितामा पोखिएको छ । त्यसैले मानवीय सत्कर्म नै ईश्वर पूजा हो र ईश्वरको मुहार हँसाउनका लागि सेवारूपी मार्गबाट चल्नुपर्ने विचार यस कवितामा आएको छ । देवकोटाको स्वच्छन्दतावादी भावसौन्दर्यका रूपमा रहेको प्रकृतिको पूजनबाट पनि ईश्वर प्रसन्न हुन सक्ने विषय यस कविता आएको छ । चराहरूको गीतमा अनि दरिद्रीहरूको आर्तपुकारमा ईश्वर बोल्ने, ईश्वर मानिसको मनमा बसेर उसैसँग सडक, गल्ली, डाँडा, पाखा, पखेरा आदिमा घुम्ने जस्ता स्वच्छन्दतावादी विचार यस कवितामा आएका छन् । यस कवितामा जब मानवसेवालाई ईश्वरले साक्षात् गर्छ तब मात्र उसले आफ्नो प्रसन्न रूप देखाउँछ भन्दै मानवता र ईश्वरलाई एउटै स्वरूपमा उभ्याइएको छ । दुःखी दरिद्रीको चीत्कार सुन्नु ईश्वरको आवाज सुन्नु हो भन्दै दुःखी दरिद्रीको पीडारूपी चहराइरहेको घाउमा सेवारूपी मलम सिञ्चन गरेको देखेर ईश्वरले आफ्नो हँसिलो मुहार देखाउने आशय यस कवितामा व्यक्त गरिएको छ । तिनै गरिब दुःखीको हँसाइ नै ईश्वरको हँसाइ हो भन्ने विषय यस कवितामा आएको छ । मानवतावादी सन्देश दिने, सेवा भावलाई धर्मको मूल जरो मान्ने, सामाजिक सुधारको चाहना बोक्ने, आधुनिकताको सन्देश प्रवाहित गर्ने र अन्धविश्वासी परम्पराबाट मानिसलाई अग्रगति दिन चाहने प्रस्तुत कविताले मूलतः मानवतावादी अवधारणालाई मुखर गरेको छ । यस कवितामा मानव शरीरलाई मन्दिर, मानिसको मनमा देवताको निवास हुने विचार, मानव र प्रकृतिको सम्बन्ध अनि मानवसेवाको भावना जस्ता मानवतावादी विचार प्रकट भएका छन् । यस कवितामा मानवलाई उच्च मूल्य प्रदान गर्दै देवतत्व शक्ति भनेकै मानवभित्रको मानवतावादी चिन्तन हो र यसैको प्रकटीकरणबाट नै मानिसमा सेवाभाव जाग्छ भन्ने मानवतावादी अवधारणा प्रस्तुत भएको छ । यस कविताले मानवभित्र रहेको देवत्वलाई जगाई मानवसमाजलाई सबै दुःखीदरिद्रीको सेवामा समर्पित हुने बाटामा लगाउने कार्य गरेको छ । मानवसमाजमा मानवमूल्य स्थापित गर्ने 'यात्री' कवितामा अभिव्यञ्जित मानवतावादी चिन्तनलाई प्रसार गर्दै आम मानिसलाई मावनसेवामा समर्पित हुनुपर्छ भन्ने विचार बोध गराउनु नै यस लेखको मूल प्राप्ति रहेको छ ।

## सन्दर्भ सामग्री

अधिकारी हेमाङ्गराज र बदरीविशाल भट्टराई (२०६३). *प्रयोगात्मक नेपाली शब्दकोश.* दोस्रो संस्क. विद्यार्थी पुस्तक भण्डार ।

आप्टे, वामन शिवराम. (सन्. १९६९). *संस्कृत हिन्दी कोश* (दोस्रो संस्क.). मोतीलाल बनारसीदास पब्लिसर्स ।

ठाकुर, उषा (२०७६ कात्तिक ९). मानवतावादी कविद्वय देवकोटा र पन्त, https://beta.gorkhapatraonline.com/saturday/2019-10-26-3276.

जोशी, कुमारबहादुर (२०४८०). *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना.* प्राज्ञिक परिषद् सिद्धार्थ वनस्थली ।

जोशी, कुमारबहादुर (२०५७). *देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन.* साझा प्रकाशन ।

*द इन्साइक्लोपेडिया अफ फिलसफी.* (सन्. १९६७). द म्याकमिलन कम्पनी ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०६०). *भिखारी.* (अठारौँ संस्क.). साझा प्रकाशन ।

नागौरी, एस.एल. (सन्. १९८५). *आधुनिक विश्वका इतिहास.* आर. बी.एस. पब्लिसर्स ।

न्यौपाने, नेत्रप्रसाद (२०६४). देवकोटाका काव्यकृतिमा मानवतावाद. अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

पाठक, रंगनाथ (सन्. २००२). *मानव मूल्य और प्रसाद का गद्य साहित्य.* एस. भी. एस. प्रकाशन ।

पौड्याल, शालिकराम (सन् २०२३). विश्वबन्धु कवितामा मानवतावादी चिन्तन. Pragyan , 7(1), 53–61. https://doi.org/10.3126/pragyan.v7i1.55155

लामिछाने, भीमप्रसाद (२०७४ आश्विन २३). मानवतावादी दार्शनिक. https://nagariknews.nagariknetwork.com/opinion.

BMC Research Journal
ISSN: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

Birendra Bidhya Mandir Campus
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# संवादात्मक र सहकार्यात्मक सिद्धान्तको अवधारणा

**शालिकराम पौड्याल, पि.एचडी.**
उपप्राध्यापक
बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Shalikram Paudyal, paudyalshalikram@gmail.com
Orcid: https://orcid.org/0009-0007-6023-9864
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80170

## लेखसार

प्रस्तुत लेखमा संवादात्मक र सहकार्यात्मक सिद्धान्त अवधारणालाई अध्ययन गरिएको छ । यस लेखमा आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । गुणात्मक ढाँचामा आधारित रहेको यस लेखमा विभिन्न उदाहरणका माध्यमबाट संवादात्मक र सहकार्यात्मक सिद्धान्त र त्यसको अवधारणालाई स्पष्ट पारिएको छ । ग्राइसको संवादात्मक सिद्धान्तले संवादका क्रममा सहभागी हुने वक्ता र श्रोता बिचको सम्बन्ध र सहभागिताको अध्ययन गर्छ । त्यस्तै संवादका क्रममा संवादलाई सफल बनाउन सहभागी दुवैको पारस्परिक सहयोग र सहकार्यको अध्ययन सहकार्यात्मक सिद्धान्तले गर्दछ । संवादका क्रममा एकअर्कामा सहयोग नभएमा संवाद सफल नहुने र सहयोग भएमा संवाद सफल हुने ग्राइसको धारणा रहेको छ । संवाद सफल हुन वक्ता र श्रोतामा कतैबाट पनि आघात हुन नहुने मान्यता राख्दै ग्राइसले गुणोक्ति परिमाणोक्ति, सम्बन्धोक्ति र व्यवहारोक्ति गरी चार किसिमका उक्ति तथा मान्यताको चर्चा गरेका छन् । ग्राइसले प्रस्तुत गरेका यी उक्ति वा मान्यताको पालना भएमा संवाद आदर्श र प्रभावकारी हुने एवम् पालना नभएमा संवाद अविश्वसनीय हुने कुराको विभिन्न दृष्टान्तका माध्यमबाट पुष्टि गर्दै संवादमा वक्ता र श्रोताको योगदान र भूमिका कति, कस्तो र कुन रूपमा हुनुपर्छ भन्ने कुरा यसै सिद्धान्तबाट जानकारी लिन सकिने निष्कर्ष निकालिएको छ ।

**मुख्य शब्दावली :** गुणोक्ति, परिमाणोक्ति, व्यवहारोक्ति, सम्बन्धोक्ति, संवादात्मक ।

## अध्ययनको पृष्ठभूमि

हर्बर्ट पाउल ग्राइस (सन् १९१३-१९८८) को संवादात्मक र सहकार्यात्मक सिद्धान्तको अध्ययनमा प्रस्तुत लेख केन्द्रित रहेको छ । ग्राइस भाषाका एक ब्रिटिश दार्शनिक थिए । उनले व्यावहारिक भाषाविज्ञानका क्षेत्रमा आधारभूत अवधारणा संवादात्मक र सहकार्यात्मक सिद्धान्त प्रतिपादन गरेका छन् । भाषा र सञ्चारको अध्ययनमा अर्थको सिद्धान्त उनको महत्त्वपूर्ण योगदान हो। ग्राइसले सन् १९६७ मा हार्वर्ड विश्वविद्यालयमा विलियम जेम्स भाषणमालाअन्तर्गत दिएका 'धारणाको कारण सिद्धान्त' तथा 'तर्क र संवाद' सम्बन्धी व्याख्यानहरूमा अर्थको सिद्धान्तको विकास गरे । यी दुई व्याख्यानहरू सुरुमा वक्ताको *वक्ताको अर्थ, वाक्यको अर्थ र शब्दको अर्थ* (१९६८) र *अर्थ र आशय* (१९६९) मा प्रकाशित भएका थिए । उनको *तर्क र संवाद* १९७५ लेखबाट यस सिद्धान्तले विस्तार हुने मौका पाएको हो । उनका अन्य व्याख्यान पछि 'शब्दको अध्ययनको मार्ग' (१९८९) को पहिलो खण्डको रूपमा अन्य व्याख्यानहरूसँग यसलाई सङ्कलन गरिएको छ । ग्राइसको सिद्धान्तले संवादमा सहभागी भएका वक्ता र श्रोताको भूमिका र संवादको अध्ययन गर्छ । वक्ता र श्रोता बिच हुने कुराकानी संवादात्मक कार्य हो भने उक्त अन्तर्क्रियामा एकअर्कामा हुने सहयोग नै सहकार्यात्मक कार्य हो । भाषाको सामाजिक कार्य व्यक्तिहरूका बिचको संवादात्मक अन्तर्क्रिया हो । यही संवादबाट सामाजिक कार्यहरू निष्पन्न हुन्छन् । ग्राइसको सिद्धान्तका बारेमा चूडामणि बन्धु, योगेन्द्रप्रसाद यादव र भीमनारायण रेग्मी, देवीप्रसाद गौतम र प्रेमप्रसाद चौलागाई, टङ्कप्रसाद न्यौपाने, हेरम्बराज बास्तोला, महेशप्रसाद भट्ट आदिले अध्ययन गरेका छन् । यी अध्ययनमा संवादात्मक र सहकार्यात्मक सिद्धान्तको परिचय मात्र भएकाले नेपाली भाषाका सन्दर्भका यसको उपयोगिताका बारेमा अध्ययन गरिएकाले यस लेखको औचित्य देखिन्छ । प्रस्तुत लेखमा ग्राइसले प्रतिपादन गरेको संवादात्मक र सहकार्यात्मक सिद्धान्तको धारणा के कस्तो रहेको छ भन्ने मुख्य समस्यामा केन्द्रित रहेर संवादात्मक व्यञ्जना र सहकार्यात्मक सिद्धान्तको अवधारणालाई नेपाली उदाहरणबाट स्पष्ट पार्नु मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा प्राथमिक स्रोतको सामग्रीका रूपमा ग्राइसले हार्वर्ड विश्वविद्यालयमा विलियम जेम्स भाषणमालाअन्तर्गत गरेका व्याख्यानहरूमा आधारित लेख 'तर्क र संवाद' लाई लिइएको छ । द्वितीयक स्रोतका सामग्रीका रूपमा सम्बन्धित विषयका प्रकाशित पुस्तकहरू, अनुसन्धान सार, जर्नलमा प्रकाशित लेख र विद्युतीय माध्यममा रहेका सामग्रीलाई लिइएको छ । दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचाको प्रस्तुत

लेखमा संवादात्मक र सहकार्यात्मक सिद्धान्तको अवधारणालाई प्रस्तुत गरी नेपाली भाषाका उदाहरण दिई व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक परिचय

कुनै पनि वक्ताले विशेष सन्दर्भमा अभिव्यक्त गरेको कथनलाई श्रोताले पनि त्यसैअनुरूप विशेष अर्थमा बुझ्छ । भाषिक सन्दर्भले बुझाउने वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न अर्थ सन्दर्भ र प्रयोगअनुसार निर्धारण हुन्छ र त्यहीअनुसारको अर्थ भाषाले प्रवाहित गरेको हुन्छ भन्ने कुराको अध्ययन प्रकरणार्थ विज्ञानले गर्दछ । त्यसैले खास प्रसङ्गमा प्रयोग भएको भाषाको अध्ययन नै प्रकरणार्थ विज्ञान हो । यही प्रकरणार्थविज्ञानको विकाससँगै यसैको केन्द्रीयतामा वाक्क्रिया सिद्धान्त, संवादात्मक र सहकार्यात्मक सिद्धान्त जस्ता अवधारणा विकास भएको हो । सहकार्यात्मक सिद्धान्तलाई प्रकरणार्थ विज्ञानको केन्द्रका रूपमा लिने गरिन्छ । विचार आदान प्रदानका सन्दर्भमा आफ्नो भूमिकालाई बढीभन्दाबढी क्रियाशील र शक्तिशाली बनाउनुपर्छ भन्ने कुरामा यसले जोड दिन्छ । यस सिद्धान्तमा  गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति एवं व्यावहारोक्ति जस्ता उक्तिगत नियमहरूको चर्चा गरी यिनको पालना भएमा संवाद सफल हुने र नभएमा संवाद सफल नहुने मान्यता राखिएको छ (ग्राइस, सन् १९८९, पृ.२४) । सहकार्यात्मक सिद्धान्त भाषा प्रयोगका अर्थको अध्ययनसँग सम्बन्धित छ । यसका सहायताले साहित्यमा यस्ता भषिक प्रयोगले खेलेको भूमिकाको अध्ययन गर्ने गरिन्छ (भट्ट, सन् २०२३, पृ. ५१) । वक्ताले भाषाका माध्यमबाट आफ्ना विचारलाई श्रोतासम्म पुऱ्याउँछ भने श्रोताले वक्ताका कुराको प्रक्रिया जनाउँछ । यही वक्ता र श्रोताका बिचमा हुने भाषिक अन्तर्क्रिया नै संवाद हो । संवादका क्रममा वक्ता र श्रोताको समान भूमिका रहन्छ । संवादका क्रममा वक्ता र श्रोताको अनिवार्य उपस्थिति आवश्यक हुन्छ । संवादमा सहभागीको पालो, सहभागिता, क्रमबद्धता, पारस्परिक सहयोग, वक्ता र श्रोताको सम्बन्ध, तात्कालिक परिस्थितिका आधारमा प्रयुक्त भाषिक उच्चारको अर्थ आदिको अध्ययन गर्ने सिद्धान्त संवादात्मक सिद्धान्त हो । संवाद अध्ययनका लागि अघि सारिएका सिद्धान्तले संवादका दुई पक्ष बिचको सम्बन्ध र सहभागिताको अध्ययन गर्दछन् (यादव र रेग्मी, २०५८, पृ. ३१२) । संवादात्मक कार्य सम्पन्न गर्नका लागि संवादका सहभागीहरू बिच हुने परस्परको सहयोगलाई सहयोगात्मक वा सहकार्यात्मक सिद्धान्त भनिन्छ । यस सिद्धान्तको सार आफू सहभागी भएको वार्तालापमा स्वीकृत उद्देश्य र दिशाअनुसार एकले अर्कालाई सहयोग र योगदान गर्नुपर्दछ भन्ने हो । सहयोग नभएमा वार्तालापमा व्यञ्जनाको अभिव्यक्ति हुन्छ भने सहयोग भएमा दैनिक वार्तालाप सम्पन्न हुन्छ (बन्धु, २०७७, पृ. १५९) । ग्राइसले प्रस्ताव गरेका सामान्य सिद्धान्त सहकार्यात्मक र संवादात्मक हो । सन् १९६७ मा

ग्राइसले सहयोगात्मक सिद्धान्तको प्रतिपादन गर्दा अभिव्यक्ति र सम्प्रेषणबिच भिन्नता छुट्याउँदै अभिव्यक्तिलाई वाक्यको अर्थ तथा सम्प्रेषणलाई वक्ताको अर्थ मानेका छन् (सन् १९८९, पृ.२६) । भाषिक उच्चारलाई वक्ताको आशयका आधारमा अर्थ्याउनुपर्ने र त्यसो नहुँदा वास्तविक भाषिक विश्लेषण हुन नसक्ने कुरालाई जोड दिँदै ग्राइसले जबसम्म सहभागीहरू संवादको उद्देश्य र वातावरणअनुरूप आफ्नो भूमिकालाई अनुकूल बनाउदैनन् तबसम्म संवादले गति लिदैन भन्ने अवधारणा राखेका छन् (सन् १९८९, पृ.२५) । स्कुलफिल्ड (२००७) का अनुसार ग्राइसले संवादमा सहकार्यात्मक पूर्णताको लागि खास खास नियम प्रतिपादन गरेका छन् र संवादात्मक उक्तिहरू, उक्ति अतिक्रमण, उक्ति उलङ्घन एवम् अन्तरोक्ति जस्ता पक्षको समावेश गरी पूर्णता दिएका छन् । यस्ता उक्तिहरूले संवादको नियमबद्धतालाई अध्ययन गर्छन् । ग्राइसले प्रस्तुत गरेका यी दुई मुख्य अवधारणा संवादात्मक व्यञ्जना र सहकार्यात्मक सिद्धान्तको परिचय दिई नेपाली वाक्यका सन्दर्भबाट उदाहरण दिई स्पष्ट पारिएको छ ।

**परिणाम तथा छलफल**

प्रस्तुत लेखमा हर्बट पाउल ग्राइसद्वारा प्रतिपादित संवादात्मक र सहकार्यात्मक सिद्धान्तको परिचय प्रस्तुत गरी विभिन्न उदाहरणबाट उक्त सिद्धान्तको अध्ययन विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा संवादात्मक व्यञ्जना, सहकार्यात्मक सिद्धान्त र ग्राइसले प्रस्तुत गरेका चारओटा उक्ति गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति र व्यवहारोक्तिको अध्ययन गरिएको छ । ग्राइसले संवादलाई अर्थपूर्ण, उद्देश्यपूर्ण र सहज बनाउन गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति र व्यवहारोक्ति जस्ता चार सूत्रहरू अघि सारे । यसले संवादको गुणस्तर, संवादको मात्रा, संवादमा अन्तरसम्बन्ध तथा संवादको तरिकाका बारेमा स्पष्ट पारेको छ (बास्तोला, सन् २०२३, पृ. १५५) । ग्राइसले भनेका चारओटा उक्तिले संवादका क्रममा वक्ताले असत्य र प्रमाणहीन कुरा बोल्नुहुँदैन, सत्य बोलेर संवादलाई गुणस्तरीय बनाउनुपर्छ, आवश्यक कुरा बोल्नुपर्छ र अनावश्यक कुरा बोल्नुहुँदैन, संवादलाई सफल बनाउन संवादको प्रसङ्ग मिल्नुपर्छ, अभिव्यक्तिमा अस्पष्टता र आशंका हटाएर सङ्क्षेपमा र क्रमैसँग भन्नुपर्छ भन्ने बुझाएका छन् (ग्राइस, सन् १९८९, पृ.२४) । संवादलाई सहज, स्पष्ट, प्रभावकारी बनाउन र संवादका एकअर्कालाई सहयोग गर्न ग्राइसको संवादात्मक र सहकार्यात्मक सिद्धान्त एक महत्त्वपूर्ण मार्गदर्शन रहेको छ ।

**संवादात्मक व्यञ्जना**

ग्राइसले सहयोगात्मक भाषिक व्यवहारमा प्रयोग हुने नियमलाई आधार मानी केही उक्तिहरूको चर्चा गरेका छन्, तिनलाई नै संवादात्मक उक्ति भनिन्छ । संवादमा सहभागीहरूले अप्रत्यक्ष रूपमा निश्चित नियमहरू पालन गरेको हुनुपर्छ । यी नियमहरूको पूर्णतः पालन गरिएको संवाद संरचनात्मक तहमा सफल हुन्छ (भट्ट, सन् २०२३, पृ. ४४) । भाषाका कथ्य र लेख्य रूपमध्ये ग्राइसले कथ्य रूप अर्थात् संवादलाई आफ्नो विषय बनाएर व्यञ्जनात्मकको चर्चा गरेका छन् । व्यञ्जनात्मकता भनेको अभिव्यक्तिबाट व्यञ्जित हुनु हो र निहितार्थभन्दा फरक हुनु हो (बन्धु, २०७७, पृ. १५८) । जस्तै : 'भाइ विद्यालय जान छोड्यो' भन्ने वाक्यमा 'भाइ विद्यालय जान्थ्यो' भन्ने अर्थ निहित भएकाले यसलाई निहितार्थ भनिन्छ ।

ग्राइसका अनुसार व्यञ्जना भनेको संवादमा वक्ताले बुझाउन खोजेको अर्थ हो । व्यञ्जना कथित व्यञ्जना (वाच्यार्थ) तथा व्यञ्जित व्यञ्जना (वाच्यार्थभन्दा भिन्न) गरी दुई किसिमका हुन्छन् । भाषाको वाच्यार्थ वा भाषिक संरचनाबाट प्राप्त अर्थ कथित व्यञ्जना हो । व्यञ्जित व्यञ्जना भनेको वाच्यार्थभन्दा भिन्न व्यङ्ग्यार्थ हो । व्यञ्जित व्यञ्जना परम्परागत र संवादात्मक हुन्छ । भाषाको परम्परागत प्रयोगबाट प्राप्त हुने अर्थ परम्परागत व्यञ्जना हो । संवादको पृष्ठभूमिबाट प्राप्त हुने अर्थ संवादात्मक व्यञ्जना हो । संवादात्मक व्यञ्जना सामान्यीकृत र विशिष्टीकृत हुन्छन् । सामान्यरूपमा प्राप्त हुने अर्थलाई सामान्यीकृत व्यञ्जना र विशेष परिवेशबाट प्राप्त हुने अर्थ विशिष्टीकृत व्यञ्जना हो (ग्राइस, सन् १९८९, पृ.२६) । ग्राइसले संवादात्मक व्यञ्जनाको प्रयोगार्थ विज्ञान र संवादात्मक सिद्धान्तका सन्दर्भमा विशेष महत्त्व हुने बताएका हुन् । संवादमा वक्ता र श्रोताको योगदान र भूमिका के र कति, कस्तो र कुन रूपमा हुनुपर्ने हो भन्ने कुरा यसै सिद्धान्तबाट प्राप्त गर्न सकिन्छ । बन्धु (२०७७) ले यसलाई निम्नलिखित उदाहरणबाट स्पष्ट पारेका छन् : जस्तैः

> लोग्ने : आज रामु काका बेलुकाको खानाका लागि आउँदै हुनुहुन्छ ।
>
> स्वास्नी : रक्सीको बोतल दराजमा बन्द गर्नुपर्ला ।
>
> माथिको उदाहरणमा स्वास्नीको उत्तरबाट दुई किसिमका व्यञ्जनाको अभिव्यक्ति भएको छ : (क) काकालाई रक्सी देखाउनुहुँदैन, गाली गर्नुहुन्छ । (ख) काका रक्सीबाज भएकाले रक्सी देखेपछि सबै खानुहुन्छ । (पृ. १५९)

माथिको उदाहरणका 'रक्सी लुकाउनुपर्ला' भन्ने व्यञ्जना अभिव्यक्त हुँदा संवादात्मक अभिव्यक्ति हुन गएको छ । यदि स्वास्नीको उत्तरमा 'उसो भए चाँडै खाना तयार गर्नु पर्ला' भए सहकार्यात्मक हुन जान्छ ।

ग्राइसका अनुसार वक्ताको एउटा कथनद्वारा वक्ताले के भनेको छ र वक्ताको भनाइमा निहित अर्थ के हो भन्ने अध्ययन गरिन्छ । ग्राइसले वक्ताको मनमा रहेको भनाइको धारणा शब्दको बोलचाल अर्थसँग सम्बन्धित हुन्छ । ग्राइसले वक्ताको भनाइलाई एक प्रकारको अर्थ मानेका छन् । नियल (सन् १९९२) ले ग्राइसको धारणाको विवादको बिन्दु भनेको वक्ताको अभिव्यक्ति र अभिव्यक्तिको अनन्त अर्थ बिचको सम्बन्ध हो । वक्ताले जुन अर्थमा शब्द वा वाक्य बोलेको हुन्छ त्यसको परम्परागत अर्थसँग घनिष्ठ रूपमा सम्बन्ध हुन्छ । वक्ताले परम्परागत रूपमा वाक्य उच्चारण गरेर भन्न खोजेको आशय अनन्त अर्थसँग पनि जोडिएको हुन्छ । नियल (सन् १९९२) ले ग्राइसको परम्परागत निहितार्थको सबैभन्दा प्रसिद्ध उदाहरणमा 'तर' शब्द समावेश भएको बताएका छन् ।

(क) उनी गरिब थिइन् तर उनी इमानदार थिइन् ।

(ख) उनी गरिब थिइन् र उनी इमानदार थिइन् । (पृ. ५१०)

ग्राइसले परम्परागत निहितार्थको धारणामा धेरै विस्तार गरेनन्, तर धेरै अन्य लेखकहरूले यसको थप व्याख्या दिने प्रयास गरेका छन्, जसमा लौरी कार्टुनेन र स्टेनली पिटर्स, केन्ट बाख, स्टिफन नियल, क्रिस्टोफ पोट्स आदि रहेका छन् । ग्राइसका अनुसार बोल्नु भनेको कुनै कुरालाई वार्तालापमा संलग्न गराउनु हो । यो त्यस्तो कुरा हो जुन कुनै व्यक्तिले बोलेको कुराभन्दा बाहिर जान्छ । यसलाई सञ्चार र सहयोगात्मक सिद्धान्तहरूको साथमा गैरभाषिक विशेषताहरूबाट अनुमान लगाउनुपर्छ । ग्राइसको अध्ययन गैरप्राकृतिक अर्थको अध्ययनलाई पछि आशयमा आधारित शब्दार्थ भनियो किनभने यसले वक्ताको अभिप्रायका आधारमा गैरप्राकृतिक अर्थको व्याख्या गर्ने प्रयास गर्दछ । ग्राइसले गैरप्राकृतिक अर्थका वक्ताको अर्थ र अनन्त अर्थ गरी दुईओटा भेद देखाएका छन् (नियल, सन् १९९२, पृ. ५११) । वक्ताको उच्चारणको अर्थ वक्ताको अर्थ हो भने शब्द वा वाक्य आदिको कथनद्वारा निहित अर्थ अनन्त अर्थ हो ।

**सहकार्यात्मक सिद्धान्त**

ग्राइसका अनुसार सहकार्यात्मक सिद्धान्त भनेको मानवबिचको सबै सहकार्य अन्तरक्रियालाई नियन्त्रित गर्ने नियम हो । यसले तपाईं संलग्न भएको वार्तालापमा आदानप्रदानको स्वीकृत उद्देश्य वा निर्देशनअनुसार आवश्यक योगदान गर्नुहोस् भन्ने मान्दछ (ग्राइस, सन् १९८९, पृ.२६) । ग्राइसद्वारा प्रतिपादित सहकार्यात्मक सिद्धान्तले संवादलाई सफल बनाउन वक्ता र श्रोता दुवैले एक आपसमा सहयोग र सहकार्य गर्नुपर्छ भन्ने अवधारणा राखेको छ । त्यसैले संवादका क्रममा संवादलाई सफल बनाउन सहभागी दुवै पक्षको पारस्परिक सहयोग र सहकार्यसम्बन्धी अध्ययन नै सहकार्यात्मक सिद्धान्त हो । "यस सिद्धान्तले आफू सहभागी भएको संवादका स्वीकृत उद्देश्य र

दिशानुरूप जव आफ्नो पालो आउँछ त्यस अवस्थामा आवश्यक परेजति योगदान गर्नुपर्छ भन्ने मान्यता राख्दछ" (यादव र रेग्मी, २०५८, पृ. ३१२) । ग्राइसले १९६७ मा सहकार्यात्मक सिद्धान्तको प्रतिपादन गर्ने क्रममा अभिव्यक्ति र सम्प्रेषणबिच भिन्नता देखाउँदै अभिव्यक्तिलाई वाक्यको अर्थ र सम्प्रेषणलाई वक्ताको अर्थ मानेका छन् (भट्ट, सन् २०२३, पृ. ४४) । भाषिक उच्चारलाई वक्ताको आशयका आधारमा नअर्थ्याउँदा वास्तविक भाषिक विश्लेषण हुन नसक्ने ग्राइसको धारणा छ । सहभागीले संवादको उद्देश्य र वातावरणअनुसार आफ्नो भूमिका अनुकूल नबनाएसम्म संवादले गति लिँदैन । ग्राइसका अनुसार "वार्तालापमा वक्ता र श्रोताका बिचको सहयोग नै सहयोगात्मक वा सहकार्यात्मक सिद्धान्त हो र त्यसैले उनले सहकार्यात्मक हुनका लागि गुणोक्ति, परिमाणोक्ति, व्यवहारोक्ति र सम्बन्धोक्ति गरी चार किसिमका उक्ति वा सिद्धान्तहरू आवश्यक हुने बताएका छन्" (बन्धु, २०७७, पृ. १५९) । यी उक्तिको पालना भएमा सहयोगात्मक वा सहकार्यात्मक हुने ठानेका छन्, ती हुन्:

***गुणोक्ति***

वार्तालापका क्रममा आफ्नो भनाइलाई गुणात्मक बनाउनु गुणोक्ति हो । गुणोक्तिमा सत्यता, सूचनात्मकता, प्रासङ्गिकता र स्पष्टता हुनुपर्छ (विल्सन र स्परबेर, सन् २०१२, पृ. ४८) । ग्राइसका अनुसार कुनै पनि संवादमा असत्य कुरा बहिष्कृत तथा अस्वीकार्य ठानिन्छ र केवल प्रामाणिक, विश्वसनीय र सत्य कुरा मात्र स्वीकार्य मानिन्छ । कुनै घटनाका बारेमा बताउँदा आफूले देखेको र सत्य ठानेको कुरा बोलेमा त्यसप्रति श्रोताको विश्वास हुन्छ । त्यसैले आफ्नो भनाइलाई भरपर्दो विश्वासिलो बनाउनुपर्छ । संवादलाई सफल बनाउन गुणोक्तिको पालना हुनुपर्छ । ग्राइसले यसअन्तर्गत तीनओटा उक्ति हुने बताएका छन् :

(अ) आफ्नो योगदानलाई सत्य बनाउन प्रयास गर्नुहोस् ।

(आ) आफूले असत्य ठानेको कुरा नभन्नुहोस् ।

(इ) पर्याप्त प्रमाण नभएको कुरा नभन्नुहोस् ।

(ग्राइस, सन् १९८९, पृ.२७) जस्तै :

(क) कक्षामा शिक्षक विद्यार्थीलाई पुस्तक पढ्न लगाएर आफू कुर्चीमा बसेर निदाउँछन् रे ।

(ख) यस्तो नचाहिने कुरा पनि गर्ने हो ? कसले भन्यो तिमीलाई ?

(ग) पत्यार त म गर्दिनँ तर यस्तै सुनेको थिएँ ।

माथिको संवादमा क वक्ता न विषयवस्तुमा आफू स्पष्ट छ, न त आफ्नो भनाइलाई पुष्टि गर्ने कुनै प्रमाण नै छ । तसर्थ, गुणोक्ति सूत्रका आधारमा यो संवाद कमजोर छ । यहाँ गुणोक्तिको पालना नभएकाले संवाद सफल भएको छैन र सहकार्यात्मक हुन सकेको छैन ।

(क) ऊ चोर रहेछ ।

(ख) कसरी थाहा पायौ ?

(क) पसलबाट सामान चोरेको आरोपमा प्रहरीले चौकीमा थुनेको छ ।

(ख) अब हामी पनि सावधान हुनुपर्छ ।

माथिको संवादमा पसलबाट सामान चोरेको व्यक्तिलाई प्रहरीले चौकीमा थुनेको कुरा गरिएको छ । यस संवादमा सत्य र प्रमाण भएका कुरा भएकाले गुणोक्तिको पालना भएको छ र संवाद सफल भएको छ ।

***परिमाणोक्ति***

संवादका क्रममा आफ्ना योगदानलाई चाहिँदो मात्रामा सूचनापूर्ण बनाउनु परिमाणोक्ति हो । यसले वक्ताले श्रोतालाई सूचना दिँदा त्यतिमात्र सूचना दिनुपर्छ जति श्रोतालाई आवश्यक र उपयोगी हुन्छ (ग्राइस, सन् १९८९, पृ.२६) । अनावश्यक गफ र बढाइचढाइले श्रोतलाई विश्वास हुँदैन । यसमा दुई उक्ति छन् :

(अ) वर्तमान उद्देश्यका लागि आवश्यक भएअनुसार आफ्नो योगदानलाई जानकारीमूलक बनाउनुहोस् ।

(आ) आफ्नो योगदान आवश्यक भन्दा बढी जानकारीपूर्ण नबनाउनुहोस् ।

(ग्राइस, १९८९, पृ. २६)

(क) तिमी हिजो किन विद्यालय नआएको ?

(ख) अँ म आइनँ ।

यस उदाहरणमा विद्यालय नआउनुको कारणसहित पर्याप्त सूचना नभएकाले संवाद सफल हुन सकेको छैन ।

(क) तिमी हिजो विद्यालय किन नआएको ?

(ख) हिजो म अस्वस्थ भएकाले विद्यालय आउन सकिनँ सर ।

यस उदाहरणमा विद्यालय नआउनुको कारण अस्वस्थ भएको भन्ने उपयुक्त र पर्याप्त सूचना भएकाले संवाद सफल भएको छ ।

(क) तिमी हिजो विद्यालय किन नआएको ?

(ख) हिजो म बिहान ढिलो उठेँ । चिया र खाजा खाएँ । साथीसँग खेल्न गएँ । आमाले भात ढिला पकाउनुभयो । भात ढिलो खाएँ । एकछिन सुतेँ । उठेर फेरि खाजा खाएँ । त्यसैले हिजो विद्यालय आइनँ ।

यस उदाहरणमा आएका वाक्यमा अनावश्यक सूचना दिइएको छ । यस्ता अनावश्यक सूचना दिइएकाले परिमाणोक्तिको पालना नभई संवाद सफल भएको छैन ।

***सम्बन्धोक्ति***

वार्तालापका क्रममा सहभागीहरूको योगदान संवादको उद्देश्य र दिशासँग सम्बन्धित हुनु सम्बन्धोक्ति हो । यो विशिष्ट संवादको विशेषताबाट निर्धारित हुन्छ (ग्राइस, १९८९, पृ. २७) । वार्तालापका सहभागीहरुले के विचार गर्ने निर्णय गर्छन् त्यो सान्दर्भिक छ वा छैन ?, श्रोताले वक्ताले सान्दर्भिक सूचना दिएको छ वा छैन ? यसले समस्या ल्याउन सक्छ । त्यसैले जे विषय र प्रसङ्गका बारेमा कुराकानी भएको छ त्योबाहेकको विषय र प्रसङ्गमा प्रवेश नगर्नु नै सम्बन्धोक्ति हो । वक्ता र श्रोताको संवादमा सम्बन्ध, सङ्गति र अन्विति हुनुपर्छ । वक्ताले पहिले बोलेको र पछि बोलेको कुरामा अन्विति नभएमा श्रोताले विश्वास गर्दैन । यसले संवाद प्रभावकारी हुँदैन । यसमा एउटा उक्ति छः

(अ) सम्बन्धित कुरा मात्र भन्नुहोस् ।

(ग्राइस, १९८९, पृ. २७)

(क) एमबिबिएसको प्रवेश परीक्षाको नतिजा आएछ नि ।

(ख) हो, म सफल भएँ ।

(क) एमबिबिएसको प्रवेश परीक्षाको नतिजा आएछ नि ।

(ख) हो, सोझासाझाका दिन गए ।

पहिलो उदाहरणमा सफल भएँ भनेर प्रश्नसँग सम्बन्धित उत्तर आएको छ र संवाद सफल भएको छ । तर दोस्रो उदाहरणमा विषयबाहेकको कुरा भएकाले संवाद सफल भएको छैन ।

***व्यवहारोक्ति***

संवादका क्रममा सहभागीहरूको योगदान स्पष्ट, सङ्क्षिप्त र क्रमबद्ध हुनु व्यवहारोक्ति हो । कुनै पनि कुराकानी सफल हुन संवाद व्यावहारिक र स्पष्ट हुनुपर्छ (ग्राइस, १९८९, पृ. ३०) ।

वक्ताले जे कुरा गरेको छ, व्यवहार पनि त्यस्तै हुनुपर्छ । वक्ताको बोली र व्यवहारमा अन्विति नभएमा संवाद सफल हुन सक्दैन ।। यसमा चार उक्ति छन् :

(अ) अभिव्यक्तिको अस्पष्टताबाट बच्नुहोस् ।

(आ) भनाइलाई अनेकार्थक नबनाउनुहोस् ।

(इ) सङ्क्षेपमा भन्नुहोस् ।

(ई) व्यवस्थित र क्रमिकतामा भन्नुहोस् ।

(ग्राइस, १९८९, पृ. २७)

बिरामी : डाक्टर साहेब, मेरो रोग निको हुन्छ ?

डाक्टर : इच्छा लागेको कुरा गर्नुहोस् ।

बिरामी : डाक्टर साहेब, मेरो रोग निको हुन्छ ?

डाक्टर : औषधी समयमा खानुहोस्, ठिक हुन्छ ।

पहिलो उदाहरणमा भनाइ अनेकार्थक र अस्पष्ट भएकाले संवाद सफल भएको छैन भने दोस्रो उदाहरणमा भनाइ स्पष्ट भएकाले संवाद सफल भएको छ ।

## निष्कर्ष

ग्राइसको संवादात्मक र सहकार्यात्मक सिद्धान्त पाश्चात्य भाषिक चिन्तन परम्पराको एक महत्त्वपूर्ण उपलब्धि हो । ग्राइसले हार्वर्ड विश्वविद्यालयमा दिएका व्याख्यानहरूमा आधारित छ । ग्राइसका अनुसार संवादको पृष्ठभूमिबाट प्राप्त हुने अर्थ संवादात्मक व्यञ्जना हो । ग्राइसले संवादात्मक व्यञ्जनाको प्रयोगार्थ विज्ञान र संवादात्मक सिद्धान्तका सन्दर्भमा विशेष महत्त्व हुने बताएका हुन् । संवादमा वक्ता र श्रोताको योगदान र भूमिका के र कति, कस्तो र कुन रूपमा हुनुपर्ने हो भन्ने कुरा यसै सिद्धान्तबाट प्राप्त गर्न सकिन्छ । ग्राइसको सिद्धान्तले वक्ता र श्रोता बिच हुने कुराकानी संवादात्मक कार्य हो भने उक्त अन्तर्क्रियामा एकअर्कामा हुने सहयोग नै सहकार्यात्मक कार्य हो भनी परिभाषित गरेको छ । भाषाको सामाजिक कार्य व्यक्तिहरूका बिचको संवादात्मक अन्तर्क्रिया हो । यही संवादबाट सामाजिक कार्यहरू निष्पन्न हुन्छन् । ग्राइसको सिद्धान्तले संवादलाई अर्थपूर्ण, उद्देश्यपूर्ण र सहज बनाउन, संवादको गुणस्तर, संवादको मात्रा, संवादमा अन्तरसम्बन्ध तथा संवादको तरिकामा ध्यान दिनुपर्छ । यस क्रममा ग्राइसले गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति र व्यवहारोक्ति जस्ता चार सूत्रहरू प्रयोग गर्दै संवादका सिलसिलामा वक्ताले असत्य र प्रमाणहीन कुरा नबोली सत्य र प्रामाणिक कुरा बोलेर संवादलाई गुणस्तरीय बनाउनुपर्छ, आवश्यक कुरा मात्र बोल्नुपर्छ र अनावश्यक कुरा बोल्नुहुँदैन, संवादलाई लक्ष्योन्मुख र

BMC Research Journal
ISSN: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

Birendra Bidhya Mandir Campus
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# थैले खत्रीको इतिहास कथामा अनुभूतिको संरचना

**होमनाथ जोशी, पि.एचडी स्कलर**
उपप्राध्यापक
डोटी बहुमुखी क्याम्पस, त्रि.वि.

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Homnath Joshi, joshi.homnath123@gmail.com
Orcid: https://orcid.org/0009-0004-7178-1075
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80171

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेख साहित्यको समाजशास्त्रीय अध्ययनको प्रमुख मान्यताका रूपमा रहेको रेमन्ड विलियम्सको अनुभूतिको संरचनाका आधारमा कथाकार प्रदीप नेपालको 'थैले खत्रीको इतिहास' कथाको विश्लेषण गरिएको छ । समाजशास्त्रीय अध्ययनका लागि उपयुक्त रहेको कथाकार प्रदीप नेपालको 'थैले खत्रीको इतिहास' कथालाई विश्लेष्य सामग्रीको रूपमा प्रस्तुत गर्दै कथामा प्रस्तुत पिँढी र प्रभुत्वको अध्ययन गरिएको छ । प्रस्तुत कथामा केकस्तो पिँढी र प्रभुत्व छ र कथामा कसरी अनुभूतिको विशिष्ट संरचना निर्माण हुनपुगेको छ भन्ने सन्दर्भलाई सैद्धान्तिक आधारबाट विश्लेषण गरिएको छ । कथाकार प्रदीप नेपालको यस कथालाई अन्य विभिन्न समाजशास्त्रीय मान्यताका आधारमा अध्ययन गर्न सकिने भए तापनि यस लेखमा रेमन्ड विलियम्सको साहित्यको समाजशास्त्रीय अध्ययनको केन्द्रीय मान्यताका रूपमा रहेको सांस्कृतिक भौतिकवादमा आधारित अनुभूतिको संरचनाका आधारमा मात्र विश्लेषण गरिएको छ । सोद्देश्य नमुना छनौटका आधारमा अनुभूतिको संरचनाको प्रधानता भएको 'थैले खत्रीको इतिहास' कथालाईप्रस्तुत गरिएको छ भने कथाविश्लेषणका लागि पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । कथाका साक्ष्यका आधारमा प्रस्तुत कथा अनुभूतिको संरचनाका दृष्टिले सफल रहेको छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

**मुख्य शब्दावली** : अधीनस्थ, उदीयमान, पिँढी, प्रभुत्व, संस्कृति ।

**अध्ययनको पृष्ठभूमि**

प्रदीप नेपाल (२०१०) नेपाली साहित्यमा कविता, कथा, उपन्यास र संस्मरण जस्ता फरक क्षेत्रमा कलम चलाई २०३० को दशकबाट हालसम्म निरन्तर क्रियाशील व्यक्तित्व हुन् । उनका हालसम्म सूर्यमानको कथा शृङ्खला (२०४१), कथाभित्रका नारी अनुहारहरू (२०४७), बेचिएका चेलीहरू (२०४८), परोपकार यात्रा (२०५०), धरहराको सहर (२०६२), बाघ मारेको लालसलाम (२०६४) लगायत कथासङ्ग्रहका साथै बालउपन्यास र संस्मरण प्रकाशित भएको पाइन्छ । उनका कथामा सामाजिक राजनीतिक चेतनाका साथै नेपाली समाजमा रहेका सामाजिक एवम् आर्थिक विषमताको चित्रण पाइन्छ । उनले कथामा वर्गीय, जातीय तथा लैङ्गिक समस्यालाई प्रमुख विषय बनाएर चित्रण गरिएको पाइन्छ । साथै उनका कथामा नेपाली समाजमा हुने गरेका जातीय, लैङ्गकि, सामाजिक तथा आर्थिक विभेदको चित्रण मात्रै नभई समाजमा पछि पारिएकाहरूप्रति सहानुभूतिका साथै समतामूलक समाज निर्माणको अभिव्यक्ति पनि कथाका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ । कथामा निम्न वर्गीय पात्रको नायकत्व प्रस्तुत गरी प्रभुत्वशाली पिँढीको चिन्तन र व्यवहारबाट प्रताडित बन्दै कसरी विशिष्ट अनुभूतिको संरचना निर्माण हुन पुगेको छ भन्ने सन्दर्भ कथामा प्रस्तुत गरिएको छ ।

'थैले खत्रीको इतिहास' कथा कथाकार प्रदीप नेपालको 'धरहराको सहर' कथासङ्ग्रह (२०६२) भित्र सङ्ग्रहित कथा हो । यो कथा सर्वप्रथम 'उत्साह' पत्रिका (२०४३) मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथामा समाजमा प्रभुत्वशाली वर्गले निम्न वर्गप्रति कस्तो व्यवहार गर्दछन् त्यस प्रभुत्वशाली पिँढीका विचारका विरुद्धमा अर्को नयाँ विचारको जन्म कसरी हुन्छ भन्ने सन्दर्भ प्रस्तुत गरिएकाले यो कथा रेमन्ड विलियम्सको साहित्यको समाजशास्त्रीय मान्यताका रूपमा रहेको सांस्कृतिक भौतिकबाद अन्तर्गत अनुभूतिको संरचनाका आधारमा विश्लेषण गर्न उपयोगी रहेको छ । प्रस्तुत कथामा कथाकारले थैले खत्रीलाई प्रमुख पात्र बनाई ख्याउटे कार्की जस्तो प्रभुत्वशाली संस्कृति बोकेको पात्रका कारण थैले खत्रीले कसरी घरबार विहीन बन्नु पऱ्यो र समाजको त्यो प्रभुत्वशाली विचारका विरुद्ध कसरी नयाँ विचारले जन्म लियो भन्ने अभिव्यक्ति पाइने यस कथामा थैले खत्रीको आफ्नो पुख्यौंली दश मुरी धान फल्ने खेतमा ख्याउटे कार्कीले आफ्ना गोरु नार्न थालेपछि आफूमाथि गरेको अन्याका विरुद्ध धाबा बोल्न थाल्छ । थैले खत्री आफ्नो खेतबारी हडप्ने, स्वास्नीमाथि दुर्वचन बोल्ने, र घरमा आगो लगाउने ख्याउटे कार्कीका विरुद्ध प्रतिकार गर्छ । यसरी प्रभुत्वशाली वर्गले कसरी आफ्नो विचार अरुमाथि प्रयोग गरेको छ । साथै दबाव तनावका बिचमा

कसरी अनुभूतिको विशिष्ट संरचना निर्माण भएको भन्ने विश्लेषण गर्न सकिने भएकाले साहित्यको समाजशास्त्रीय अध्ययनका लागि थैले खत्रीको यो कथा निकै सान्दर्भिक र उपयोगी रहेको छ ।

'अनुभूतिको संरचना' प्रसिद्ध बेलायती बेलायती समाजशास्त्री तथा चिन्तक रेमन्ड विलियम्सको महत्त्वपूर्ण मान्यता हो । रेमन्ड विलियम्सका विचारमा संरचनाले सुनिश्चित रूपको बोध गराउँछ भने अनुभूतिले कलाको अनुभव पक्षलाई प्रस्तुत गर्छ । अनुभूतिको संरचनालाई एउटा कालखण्डको संस्कृति पनि भन्न सकिन्छ । कुनै एउटा समयबिन्दुमा तीन तहको अनुभूतिको संरचना व्यवहारमा देखिन्छ । त्यस समयमा वाँचिरहेका तीन पिँढीहरू आफ्नो समयको संसारसँगको क्रिया प्रतिक्रियामा अनुभूतिको संरचना निर्माण गर्छन् । यसै क्रममा उनले प्रभुत्वशाली, अवशिष्ट र उदीयमान गरी तीन पिँढीको चर्चा गरेको पाइन्छ । प्रभुत्वशाली पिँढी शासकको हैसियतमा रहेको हुन्छ । दोस्रो वा तेस्रो पिँढीले दबाब र तनाबको बिचमा वैकल्पिक बाटो रोज्छ र परिणामस्वरूप नयाँ अनुभूतिको संरचना निर्माण हुन्छ । विश्लेष्य कथामा केकस्तो पिँढी र प्रभुत्त्व विद्यमा छ र यसमा कसरी अनुभूतिको संरचना निर्माण भएको छ भन्ने विषयलाई प्रमुख समस्या बनाई प्रस्तुत कथामा पिँढी र प्रभुत्वका साथै अनुभूतिको संरचनाको विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

## अध्ययनको समस्या

प्रस्तुत अनुसन्धानात्मक लेख कथाकार प्रदीप नेपालद्वारा लिखित 'थैले खत्रीको इतिहास' कथाको विश्लेषण समाजशास्त्रीय अध्ययनको महत्त्वपूर्ण मान्यताका रूपमा रहेको अनुभूतिको संरचनामा केन्द्रित भएकाले कथामा के-कस्तो पिँढी र प्रभुत्त्व विद्यमान छ र कथामा कसरी अनुभूतिको विशिष्ट संरचना निर्माण हुनपुगेको छ भन्ने कुरालाई प्रमुख समस्याका रूपमा प्रस्तुत गरिएको छ । यही नै यस अध्यनको शोधअन्तराल रहेको छ ।

## अध्ययनको उद्देश्य

'थैले खत्रीको इतिहास' कथामा अनुभूतिको संरचनालाई मुख्य समस्याका रूपमा प्रस्तुत गर्दै यसै मुख्य समस्याको प्राज्ञिक समाधान स्वरूप उक्त कथामा अनुभूतिको संरचनाको निरूपण गर्नु नै यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखका लागि कथाकार प्रदीप नेपालद्वारा लिखित 'थैले खत्रीको इतिहास' कथालाई साहित्यको समाजशास्त्रीय मान्यताअन्तर्गत अनुभूतिको संरचनाका आधारमा अध्ययन गरिएको छ ।

अध्ययनको क्रममा थैले खत्रीको इतिहास कथालाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ, भने अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । कथाकार प्रदीप नेपालका अन्य कथाहरू पनि अनुसन्धानका लागि उत्तिकै महत्त्वपूर्ण भए तापनि यसमा सोद्देश्य नमुना छनौटका आधारमा अनुभूतिको संरचना पाइने थैले खत्रिको इतिहास कथालाई मात्र विश्लेष्य सामग्रीको रूपमा प्रस्तुत गरिएको छ । सङ्कलनमा पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । प्रस्तुत कथालाई निगमनात्मक पद्धतिका आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । सङ्कलित सामग्रीको अर्थापन गर्न पाठविश्लेषण विधिको उपयोग गरिएको छ । समग्रमा यो लेख गुणात्मक पद्धतिमा आधारित रहेको छ ।

## पूर्वकार्यको पुनरावलोकन

साहित्यको समाजशास्त्रीय मान्यताका आधारमा नेपाली आख्यानको अध्ययन गर्ने परम्परा रहे तापनि कथाकार प्रदीप नेपालको थैले खत्रिको इतिहास कथालाई साहित्यको समाजशास्त्री मान्यता अन्तर्गत पर्ने 'अनुभूतिको संरचना' का आधारमा अध्ययन विश्लेषण भएको पाइँदैन । हालसम्म अध्ययन हुन बाँकी रहेको 'थैले खत्रीको इतिहास' कथामा अनुभूतिको संरचनाको अध्ययन गर्नु नै यस लेखको शोध अन्तराल रहेको छ । हालसम्म अनुभूतिको संरचनासम्बन्धी भएगरेका अनुसन्धान तथा सैद्धान्तिक पुस्तकको कालक्रमिक विवरणसहितको समीक्षा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

मैनेजर पाण्डेय (सन् १९७४) *साहित्य के समाजशास्त्रीय भूमिका नामक* पुस्तकमा साहित्यको समाजशास्त्रीय मान्यताअन्तर्गत रेमन्ड विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधार प्रस्तुत गरिएको पाइन्छ । यस पुस्तकमा आख्यान विश्लेषणका मान्यता प्रस्तुत गरिएकाले प्रस्तुत लेखमा सामग्री विश्लेषणको अवधारणा निर्माणका लागि उपयागी रहेको छ ।

निर्मला जैन (सन् १९८६) द्वारा लिखित *साहित्यका समाजशास्त्रीय चिन्तन* नामक पुस्तकमा साहित्यको समाजशास्त्रीय अध्ययनसम्बन्धी मान्यताहरू प्रस्तुत गर्ने क्रममा अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरिएको पाइन्छ । उक्त पुस्तकमा साहित्य र समाजबिचको अन्तर्सम्बन्धलाई प्रस्तुत गरिएकाले प्रस्तुत 'थैले खत्रीको इतिहास' कथामा अनुभूतिको संरचना शीर्षको लेखका लागि अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

कृष्ण गौतम (२०५९) *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* नामक पुस्तकअन्तर्गतको समाजशास्त्रीय आलोचना शीर्षकको लेखमा साहित्य एक प्रकारको समाजशास्त्र हो भन्दै साहित्य र समाजशास्त्रको काम समाजको अवस्थालाई देखाउनु हो भन्ने उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा साहित्यको समाजशास्त्रीय मान्यताका साथै प्रह्लाद नाटकको समाजशास्त्रीय पठन प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा कथाको विश्लेण नगरिएको भए पनि प्रदीप नेपालद्वारा रचना गरिएको थैले खत्रीको इतिहास कथा विश्लेषणको अवधारणा निर्माणका लागि उपयोगी रहेको छ ।

बिदुला घिमिरे (२०६९) *बानिरा गिरीका उपन्यासहरूमा अनुभूतिको संरचना* शीर्षक रहेको दर्शनाचार्य शोधप्रबन्धमा साहित्यको समाजशास्त्रका व्याख्याता रेमन्ड विलियम्सको प्रमुख मान्यताका रूपमा रहेको सांस्कृतिक भौतिकवादमा आधारित अनुभूतिको संरचनाको सैद्धान्तिक जगमा रहेर विश्लेषण प्रस्तुत गरिएको पाइन्छ तर कथाकार प्रदीप नेपालको थैले खत्रीको इतिहास कथाको विश्लेषण भने पाइँदैन । उक्त अध्ययनमा अनुभूतिको संरचना विश्लेणको सैद्धान्तिक आधार प्रस्तुत गरिएकाले यस लेखमा विश्लेषणको अवधारणा निर्माणका लागि सहयोगी रहेको छ ।

ताराकान्त पाण्डेय (२०७३) *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* नामक पुस्तकमा रेमन्ड विलियम्सको प्रमुख मान्यताका रूपमा रहेको सांस्कतिक भौतिकवादअन्तर्गत अनुभूतिको संरचनाका आधारमा बसाइँ उपन्यासको विश्लेषण प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा कथाकार प्रदीप नेपालका कथाहरूको विश्लेषण भने पाइँदैन । प्रस्तुत अध्ययनमा अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक परिचयका साथै विश्लेषणको ढाँचा निर्माण गर्न यो पुस्तक उपयोगी रहेको छ ।

विदुला घिमिरे (२०७४) *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना* शीर्षक रहेको विद्यावारिधि शोधप्रबन्धमा अनुभूतिको संरचनासम्बन्धी मान्यता प्रस्तुत गर्दै प्रभुत्वशाली संस्कृति, अवशिष्ट संस्कृति र उदीयमान संस्कृतिबारे सैद्धान्तिक चर्चा गरिएको छ । उक्त शोधप्रबन्धमा मुलुकबाहिर, बसाइँ, एक पालुवा अनेकौँ याम, बैसको मान्छे, आगत, घामका पाइलाहरू र अविरल बग्दछ इन्द्रावती उपन्यासलाई अनुभूतिको संरचनाका आधारमा विश्लेषण गरिएको पाइन्छ तर कथाका प्रदीप नेपालको थैले खत्रीको इतिहास कथाको अध्ययन भने पाइँदैन । प्रस्तुत अध्ययनमा अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधारका साथै अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

कृष्ण गौतम (२०७५) *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म* नामक पुस्तकमा साहित्यको समाजशास्त्रीय अध्ययनका अवधारणा प्रस्तुत गर्ने क्रममा रेमन्ड विलियम्सको साहित्यको समाजशास्त्रीय अध्ययनको प्रमुख मानयताका रूपमा रहेको सांस्कृतिक भौतिकवाद अन्तर्गत अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा कथाकार प्रदीप नेपालद्वारा रचना गरिएको थैले खत्रीको इतिहास कथाको विश्लेषणका लागि अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

तोयानाथ सुवेदी (२०७८) *ऋषिराज बरालका कथामा अनुभूतिको संरचना* शीर्षक रहेको दर्शनाचार्य शोधप्रबन्धमा अनुभूतिको संरचनासम्बन्धी मान्यताका आधारमा कथाको विश्लेषण गरिएको पाइन्छ तर उक्त शोधप्रबन्धमा प्रदीप नेपालद्वारा रचना गरिएको थैले खत्रीको इतिहास कथाको अध्ययन भने भएको पाइँदैन । यसरी उक्त अध्ययनमा कथा विश्लेषणको आधार प्रस्तुत गरिएकाले यस लेखमा विश्लेषणको अवधारणा निर्माणका लागि उपयोगी रहेको छ ।

दुर्गाबहादुर घर्ती (२०७९) *केही दृष्टिकोण केही विश्लेषण* नामक पुस्तकमा आख्यान अध्ययनका आधारहरू प्रस्तुत गर्दै साहित्यको समाजशास्त्रका अवधारणा र पद्धतिअन्तर्गत रेमन्डविलियम्सको प्रमुख मान्यताका रूपमा रहेको सांस्कृतिक भौतिकवादसँगै अनुभूतिको संरचनासम्बन्धी मान्यता प्रस्तुत गरिएको छ । यस पुस्तकमा साहित्यको समाजशास्त्रीय अध्ययनका आधार प्रस्तुत गरिएकाले यस अध्ययनको अवधारणा निर्माणका लागि उपयोगी रहेको छ ।

साहित्यको समाजशास्त्रीय मान्यताअन्तर्गत 'अनुभूतिको संरचना' साहित्य अध्ययनको महत्त्वपूर्ण मान्यता हो । हालसम्म भएगरेका यससम्बन्धी कार्यको पुनरावलोकनपश्चात् नेपाली साहित्यको क्षेत्रमा विभिन्न कथाकारहरूका कथाकृतिहरूको समाजशास्त्रीय अध्ययन भए तापनि प्रदीप नेपालद्वारा रचना गरिएको 'थैले खत्रीको इतिहास' कथामा अनुभूतिको संरचनाको अध्ययन भएको छैन । यही नै यस लेखको मुख्य समस्या रहेको छ । यसै समस्याको पूर्तिका लागि यो लेख केन्द्रित रहेको छ ।

## सैद्धान्तिक आधार

रेमन्ड विलियम्स (१९२१-१९८८) द्वितीय विश्वयुद्धपछिको कला तथा सांस्कृतिक चिन्तनका क्षेत्रमा केन्द्रीय व्यक्तित्वका रूपमा रहेका चिन्तक समाजशास्त्री हुन् । उनको अनुभूतिको संरचना समाजसँग संस्कृतिको जीवनत र सिर्जनात्मक सम्बन्धको व्याख्याका क्रममा आएको केन्द्रीय अवधारणा हो । साहित्यको समाजशास्त्रीय अध्ययनमा गोल्डमानको विश्वदृष्टि, र लावेन्थलको

अर्थको संरचना जस्तै रेमन्ड विलियम्सको अनुभूतिको संरचना पनि महत्त्वपूर्ण मान्यता हो । अनुभूतिले कलाको अनुभव पक्षलाई सङ्केत गर्छ भने संरचनाले सुनिश्चित रूपको बोध गराउँछ (पाण्डेय, सन् २००६, पृ. १८०) । अनुभूतिको संरचनालाई एउटा कालखण्डको अनुभूति पनि मान्न सकिन्छ । साथै कलाका माध्यमबाट नै अनुभूतिको संरचना प्राप्त गर्न सकिन्छ । कुनै कालविशेषको समाजको अध्ययनका लागि अनुभूतिको संरचना महत्त्वपूर्ण छ । अनुभूतिको संरचना एउटा कालविशेषको चरित्रको द्योतक पनि हो तर एउटा कालविशेषको समाजमा सबैतिर संस्कृतिको एउटै रूप पाउन सकिदैन । अनुभूतिको संरचना कसैले निर्माण गर्न खोजेर प्राप्त हुने चिज पनि होइन । यो स्वतः अनायास रूपमा नै निमार्ण हुने गर्छ र अचेतन अवस्थामा नै गतिशील बन्छ (पाण्डेय, २०७३ पृ. ३१) । यो सिकेर सिकिने चिज नभएर एक पिँढीबाट दोस्रो पिँढीमा सहज ढङ्गले प्राप्त हुन्छ । यो स्वतःरूपमा एकपिँढीले अर्को पिँढीलाई सामाजिक चरित्र र सांस्कृतिक ढाँचाको अनुभव गराउँछ । कुनै पनि नयाँ पिँढीको अनुभूतिको संरचना आफ्नो हुन्छ । अनुभूतिको संरचना एउटा कालविशेषको समुदायको एउटा पिँढीको आफ्जो जीवनानुभव हुन्छ । यस अवधारणामा विलियमसले विचारभन्दा अनुभूति, वर्गभन्दा समुदाय र सामाजिक संरचनाभन्दा पिँढीलाई महत्त्व दिएको पाइन्छ (पाण्डेय, सन्. २००६ पृ. १८१) । मजदुरहरूको जीवन र उनीहरूको आन्दोलनलाई नजिकबाट हेर्ने अवसर पाएका विलियम्सले मजदुरहरूको जीवनमूल्यका साथै सांस्कृतिक चेतनालाई आत्मसात गरेको पाइन्छ । मार्क्सवादी चिन्तनबाट प्रभावित विलियम्सको चिन्तनमा ग्रामीण जनसंस्कृतिप्रतिको झुकाव देखिन्छ । सामाजिक चरित्र नैतिकता वा आदर्श हो भने अनुभूतिको संरचना त्यसैबाट जन्मिने त्यस्तो अनुभव हो जसले उच्चारण नगरी वा प्रत्यक्ष नभई कुनै मूर्त किसिमको दबाब जन्माउन सक्छ । समाधानका रूपमा कुनै कुनै प्रभुत्वशाली संस्कृतिलाई पछाडि छोडेर नषँ संस्कृतिको विकास गर्ने तत्त्व हुन्छ, यसै आधारमा विलियम्सले समाधानतर्फ उन्मुख सामाजिक संज्ञा दिएका छन् (पाण्डेय, २०७३, पृ.८२) । विलियम्सले ग्राम्सीको पिँढी र प्रभुत्वसम्बन्धी अवधारणाबाट प्रभाव ग्रहण गर्दै त्यसलाई थप व्यवस्थित र नवीन दृष्टिकोणका साथ प्रस्तुत गरेका छन् । विलियम्सले तीन प्रकाारका पिँढीको चर्चा गर्दै पहिलो प्रभुत्वशाली पिँढी जसको समाजमा एक किसिमको दबदबा हुन्छ अथवा शासको हैसियतमा हुन्छ । दोस्रो पिँढीले अगिल्लो पिँढीका प्रभुत्वका विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्छ । यसबिचमा दबाब र तनाव सिर्जना भई अर्को पिँढीको उदय हुन्छ भन्दै प्रभुत्वशाली, अवशिष्ट र उदीयमान पिढीको चर्चा गरेका छन् (पाण्डेय, २०७३, पृ ३७) । कुनै एउटा समयविन्दुमा तीन तहको अनुभूतिको संरचना व्यवहारमा देखिन्छ । त्यस समय बाँचिरहेको पीढी आफ्नो जीवन, आफ्नो समय र संसारसँगको क्रियाप्रतिक्रियामा

आफ्नो अनुभूतिको संरचना निर्माण गर्छन् । विलियम्सको अध्ययन संस्कृति केन्द्री रहेको छ । उनले समाज र संस्कृतिको व्याख्या गर्दै लेखकलाई संस्कृति र समाजमा आएको परिवर्तनका बारेमा बोध हुनु पर्ने कुरालाई जोड दिएका छन् । उनको अध्ययन क्षेत्र व्यापक रहे तापनि उनले मूलतः संस्कतिलाई जोड दिएका छन् । उनको अध्ययनलाई सांस्कृतिक भौतिकवाद, सांस्कृतिक इतिहास, विचारहरूको इतिहास, सामाजिक आलोचना, साहित्यको समाजशास्त्र आदि विभिन्न नाउँ दिइएको पाइन्छ ( पाण्डेय, २०७३, पृ. २९) । उनले बेलायतको प्रभुत्वशाली अभिजात संस्कृतिसँग सङ्घर्ष गर्दै आफ्नो ठाउँ बनाएका हुन् । उनले संस्कृतिका तीन रूप र स्तरको चर्चा गर्दै पहिलो संस्कृति जीवन्त अनुभवका रूपमा रहन्छ । दोस्रो यसको रूप दस्ताबेजी हुन्छ जुन कलाकृतिदेखि अन्य वस्तुमा प्रकट हुन्छ । तेस्रो यी दुबैका सम्बन्धबाट बन्छ भन्ने विचार अगि सारेका छन् (पाण्डेय, २०७३ पृ. २९) । प्रस्तु मान्यताका आधारमा कुनै कालविशेषका समुदायका अनुभव अनुभूतिलाई पिँढी र प्रभुत्वको आधारमा विश्लेषण गरी साहित्यिक रचनामा कसरी अनुभूतिको संरचना निर्माण हुनपुगेको छ भन्ने सन्दर्भको अध्ययन गर्न सकिने भएकाले 'थैले खत्रीको इतिहास' कथालाई यसै मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

**छलफल तथा परिणाम**

'थैले खत्रीको इतिहास' कथाका कथांशलाई साक्ष्यका रूपमा प्रस्तुत गरी निम्नबमोजिमका उपशीर्षकमा केन्द्रित रही विश्लेषण गरिएको छ :

**थैले खत्रीको इतिहास कथामा पिँढी र प्रभुत्व**

'थैले खत्रीको इतिहास' कथा समयका दृष्टिले २०४६ सालअगिको नेपालको पञ्चायती व्यवस्थामा रहेको सामन्तवादी समाजको पृष्ठभूमिलाई आधार बनाएर रचना गरिएको यथार्थवादी कथा हो । नेपालमा समयसमयमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि विचारधारा एवम् सामाजिक सांस्कृतिक चेतना यथावत रहेको तत्कालीन सामाजिक अवस्थाको चित्रण गरिएको छ । यस कथामा थैले खत्री आर्थिक रूपमा अत्यन्त कमजोर र दीनहीन अवस्था भएकै कारण उसको वास्तविक नाम नरबहादुर खत्री हुँदाहुदै समाजमा ऊ आफ्नो वास्तविक नामबाट परिचित नभएर थैले खत्रीको नामबाट परिचित छ । तत्कालीन सामन्तवादी संरचनाले परिचित गराउने नाम नै थेले खत्री हो । थैले खत्रीले भोग्नु परेको आर्थिक सामाजिक उत्पीडन सामन्तवादी सामाजिक संरचनाको परिणाम हो । त्यसैले प्रस्तुत कथाको अनुभूतिको संरचना पनि त्यही सामन्तवादी सामाजिक संरचनाको सांस्कृतिक उत्पादकका रूपमा देखा पर्दछ । आर्थिक दृष्टिले यस कथाका ख्याउटे

(हरिप्रसाद) कार्की, बडाहाकिम, पुलिस जस्ता पात्रहरू सामन्त वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् भने पिँढीगत दृष्टिले ती तत्कालीन नेपाली समाजका प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्ने पात्र हुन् । ती पात्रहरू एउटा पिँढीको प्रतिनिधित्व गर्न सक्षम रहेका छन् । ती पात्र व्यक्तिपात्र भएर पनि तिनले एउटा पिँढीको प्रतिनिधित्व गरेका छन् । थैले खत्री, थैलेकी स्वास्नी, किस्ने भुजेल आर्थक दृष्टिले विपन्न वर्गका व्यक्ति हुन् । प्रस्तुत कथामा आएका ख्याउटे, बडाहाकिम, पुलिस आदि पात्रहरू आर्थिक रूपमा मात्रै नभएर विचारधाराका दृष्टिकोण पनि प्रभुत्वशाली पिँढीका पात्र हुन् । यो पिँढी आफ्नो आफ्नो आर्थिक हैसियत मात्रै नभएर समाजमा आफ्नो सांस्कृतिक प्रभुत्व कायम गर्न र अर्को पिँढीलाई आफ्नो अधीनस्थ बनाउन प्रयासरत रहेको कुरालाई यस भनाइबाट पुष्टि हुन्छ ।

"नवलपुरको पुछारमा थैले खत्रीको एउटा खेत थियो । त्यो खेत उसको बाबुले अंशमा पाएको थियो र एक मात्र छोरो थैलेले आफ्नो बाबुबाटै त्यो खेत पाएको थियो । अड्डामा भएका प्रमाणले पनि थैलेलाई नै मालिक सकारेका थिए । दस मुरी मात्रै धान फल्ने भए पनि खेत हिराकै टुक्रा थियो । सिरानमा पानीको मूल थियो अनि पन्ध्र मुरी धान उमार्ने त्यो खेतमा जम्माजम्मी चारवटा गराहरू थिए अर्थात् एक गरा बराबर साढे दुई मुरी धान । खेतको गुणले गर्दा ख्याउटे कार्कीलाई पनि खेत साह्रै मन परको थियो " (पृ. १ ) ।

प्रस्तुत कथांशमा प्रभुत्वशाली विचारको पिँढीको प्रतिनिधित्व गर्ने ख्याउटे कार्की समाजमा आर्थिक हैसियत भएको व्यक्ति हो । यति मात्रै नभएर ऊ सामन्तवादी राज्यव्यवस्थामा प्रभुत्वशाली पिँढीको विचारको वाहक बनेको छ । ख्याउटेलाई कसैको कुनै वस्तु मन पर्‌यो भने ऊ त्यस वस्तुलाई प्राप्त गरेरै छोड्छ । यस कथामा पनि थैले खत्रीको पैतृक सम्पत्तीका रूपमा रहेको एक मात्र खेत उसलाई मन पर्छ । ऊ थैलेलाई सके प्रलोभनमा पारेर नसके जबर्जस्ती गुण्डा लगाएर भए पनि खेत प्राप्त गर्न चाहन्छ । यहाँ प्रभुत्वशाली पिँढी अरुमाथि आफ्नो आर्थिक मात्रै नभएर सामाजिक तथा सांस्कृतिक प्रभाव बनाइरहन क्रियाशील देखिन्छ । यहाँ ख्याउटेले जुन पिँढीको प्रतिनिधित्व गरेको छ त्यो प्रभुत्वशाली पिँढीको चरित्रको रूपमा प्रस्तुत भएको छ । घरमा नोकरचाकर, सम्पत्ती भए पनि ऊ अरुमाथि हैकम गर्न छाड्दैन । अरुमाथि डर, धाक, धम्की देखाएर भए पनि आफ्नो बसमा पार्न चाहन्छ र आफ्नै विचारको मुनि दबिएर बस्न विवस पार्छ । कथामा आएको बडाहाकिमले प्रभुत्वशाली पिँडीकै विचारलाई निरन्तरता दिएको छ । प्रारम्भमा ख्याउटे कार्कीले थैले खत्रीको दश मुरी थान फल्ने खेत हडपेपछि थैले खत्रीले विरोध गर्दा उल्टै ख्याउटेले थैले माथि गोली चलाउँछ । यस घटनापछि थैले लामो समयसम्म गाउँबाट बेपत्ता हुन्छ । ऊ बेपत्ता

भएपछि उसकी पत्नीमाथि ख्याउटेले अपशब्द मात्रै नबोलेर घरगोठमा समेत आगो लगाएर थैलेको परिबारलाई घरबार विहीन बनाउँछ :

"थैले हिँडेको २७ दिनका दिन ख्याउटेले थैलेको झुप्रोमा आगो लगाइदियो । थैलेकी गर्भवती पत्नीले रूँदैरूँदै ख्याउटेलाई सरापी- असत्ती मोरा, तेरा हाताँ किरा परिजाऊन् । अवला भनेर हेप्या होइनस् ?"

कथांशमा थैले गाउँमा फर्केपछि आफ्नो खेत कब्जा गर्ने र आफ्नो पविारलाई बेघर पार्ने ख्याउटेलाई चुनौती दिन्छ । परिणामस्वरूप थैलेले ख्याउटेको गोदाममा आगो लगाउँछ । यस घटनापछि ख्याउटेको मनमा डर र आसङ्काले जन्म लिन्छ । ऊ सदरमुकाम गएर बडाहाकिमसँग विन्ती गर्छ । बडाहाकिमले घटनाको सत्यतथ्यको जानकारी नलिएरै ख्याउटेको सुरक्षार्थ प्रहरी पठाउँछ । यस सन्दर्भमा विद्यमान नेपाली समाजमा प्रभुत्वशाली पिँढी आफ्नो विचारका आधारमा निमुखा सोझासाझा गाउँले माथि शासन गर्न चाहन्छन् । यति मात्रै नभएर सामाजिक नीतिनियमका साथै तत्कालीन राज्यव्यवस्थाले प्रभुत्वशाली वर्गको पृष्टपोषण गरेको छ :

"गाउँ उस्तै ढङ्गले चलिरहेको थियो । ख्याउटे घरमा सुराकी पठाउँथ्यो, तर कतैबाट पनि थैलेको समाचार आइरहेको थिएन । ख्याउटे झन आत्तियो । उसले आफ्नो गोदामघर जलाएको समेत जानकारी दिई थैलेको बारेमा बढाइचढाइ गरी भोजपुरका बडाहाकिमलाई एउटा चिठी पठायो। उसको छोरो लप्टन (ख्याउटेले खाफ्नो छोरालाई माया गरेर बोलाउँदा लप्टन भन्थ्यो ) चिठी बोकेर भोजपुर बजारतिर गयो ।" (पृ.४)

प्रस्तुत कथांशका आधारमा थैले खत्रीको पटकपटकको चेतावनीपछि पनि ख्याउटेले आफ्नो पुरानो बानी व्यवहार नसच्याउँदा पहिले ख्याउटेको गोदाममा आगो लगाउँछ । यस घटनाबाट आत्तिएर सुरक्षार्थ बडाहाकिमललाई पत्र पढाउनुले पुरानो पिँढीको विचारको विकल्पमा नयाँ पिँढीको सङ्केत पाइन्छ । यस कथामा ख्याउटे, बडाहाकिम, प्रहरी प्रभुत्वशाली पिँढीका रूपमा देखापरेका छन् भने गाउँलेहरूले थैले खत्रीलाई ख्याउटेका विरुद्ध नलाग्न सल्लाह दिएबाट यहाँ पुरानो पिँढीकै अवशिष्टका रूपमा देखापरेको छ :

"...मान्छेले थैलेको दुर्भाग्य सम्झेर खुइय सुस्केरा ताने । तिनीहरूमध्येका जेठाबाठाले थैलेलाई सम्झाउँदै भने- थैले तेरा दुर्दिन आए बाबै । के गर्छस्, ख्याउटेसँग पौंठेजोरी खेल्न सकिन्न । संसारै उसको हातमा छ । माया मार्दे अब एउटा खेत ।" (पृ.२)

थैले खत्री कसैका कुरा सुन्दैन । ख्याउटे थैले खत्रीलाई आफ्नो अधीनमा पार्न धेरै प्रयत्न गर्छ । उसको खोजीका लागि ख्याउटे सुराकी पठाउँछ । थैले खत्रीले भौतिक रूपमा नै विद्रोह गर्न

थालेपछि बडा हाकिमसँग सहयोग माग्छ । यसको परिणाम स्वरूप प्रहरी ख्याउटेको जीवन धनको सुक्षार्थ उसै घरमा डेरा गरी बस्छन् तर थैले खत्री आफ्नो उद्देश्यबाट पछाडि हट्दैन । ऊ सामान्तवादी प्रवृत्तिका विरुद्धमा डटेर सामना गर्छ । अरुले ख्याउटेका विरुद्द नलाग्ने सल्लाह दिँदा पनि पर्वाह नगरी अगाडि बढ्छ । उसमाथि भएको अन्यायका कारण थैले खत्रीमा नयाँ विचारले जन्म लिएको छ :

"कस्तो कुरा गऱ्या ? ख्याउटेलाई किनारा लाउने आँट गरेपछि पार पाउँन किन सकिदैन ? रुसमा मान्छेले जारबाट पार पाए भने ख्याउटेबाट पार पाउन सकिदैन ? अलिकति हिम्मत गर्नु पर्छ । हिम्मत गर्ने मान्छेले पार पाउन नसक्ने केही छैन ।" (पृ.५)

प्रस्तुत कथांशमा गाउँलेहरूले थैले खत्रीलाई ख्याउटे कार्कीका विरुद्ध नलाग्न भनेपछि त्यसको जबाफस्वरूप थैले खत्री आफूमाथि अन्याय गर्ने ख्याउटेका विरुद्ध सङ्घर्षमा उत्रिनुले प्रभुत्वशाली पिँढीका विकल्पमा उदीयमान पिँढीको निर्माण हुन थालेको देखिन्छ । कथामा थैले खत्रीले रुसमा जारको प्रसङ्ग लिई अव प्रभुत्वशाली विचारधारा र संस्कृतिको अन्त्य गर्नु पर्छ भनेको प्रसङ्गबाट थाहा हुन्छ । कथाको घटनाप्रसङ्ग अनुसार थैले खत्रीसँगै यस कथामा आएकी थैलेकी स्वास्नीले पनि ख्याउटेले अपशब्द बोल्दै उसको झुप्रोमा आगो लगाउँदा प्रतिवादस्वरूप गाली गर्छे । गाउँलेहरू ख्याउटेले गरेको निन्दनीय कार्यप्रति प्रत्यक्ष रूपमा विरोध गर्न नसके पनि ख्याउटेले गरेको कार्यप्रति सन्तुष्ट भने देखिदैनन् । यसबाट पनि समाजमा प्रभुत्वशाली पिँढीका विकल्पमा उदीयमान पिँढीको सङ्केत देखापरेको छ । समाजमा एकातिर सामन्तवादी संस्कृति र विचारधारालाई प्रभुत्वशाली पिँढीले निरन्तरता दिएको देखिन्छ भने अर्कोतिर थैले खत्री त्यस प्रभुत्वशाली पिँढीगत विचारधाराका विरुद्धमा सङ्घषरर्त देखिए पनि कथाको अन्त्यतिर थैले खत्रीले- "मैले अल्लि बुद्धि पुर्‍याएनछु । एक्लै सबै थोक गर्न सकिन्छ भन्नु हुँदो रहेनछ ।" यसरी प्रस्तुत कथामा एक्लैले केही गर्न नसकिदो रहेछ भन्ने थैलेको स्वीकारोक्तिपूर्ण अभिव्यक्तिले पूर्ण रूपमा वैकल्पिक पिँढीको निर्माण हुन सकेको भने देखिदैन ।

## थैले खत्रीको इतिहास कथामा अनुभूतिको संरचना

**थैले खत्रीको इतिहास** कथाको अनुभूतिको संरचना प्रभुत्वशाली सामन्ती संस्कृतिका दबावमा अर्को पिँढीले गरेको विशिष्ट अनुभूतिको संरचनामा आधारित छ । कथामा ख्याउटे कार्की, बडाहाकिम, प्रहरीको पिँढीले गरको आर्थिक शोषण र हेपाहा प्रवत्तिका कारण थैले खत्री, थैले खत्रीकी स्वास्नीलगायत गाउँका मानिसहरूमा जन्माएको अनुभूतिसँग सम्बन्धित छ । सामन्तवादी समाजमा आर्थिक दृष्टिले अत्यन्तै कमजोर समुदायले गरेको जीवनको अनुभूति कथामा प्रस्तुत भएको छ ।

साथै कथामा प्रभुत्वशाली पिँढीको अमानवीय चिन्तन र दबाबजन्य व्यवहारले छुट्टै अनुभूतिको संरचना निर्माण गरेको छ । कथाको प्रारम्भ नै ख्याउटेले थैलेको दश मुरी धान फल्ने सम्पत्तिका नाममा रहेको एक मात्र पुर्ख्यौली खेत कब्जा गर्छ । यतिमात्रै नभएर थैले गाउँबाट बेपत्ता भएको बेलामा उसको झुप्रोमा आगो लगाउँछ र थैलेकी स्वास्नीसँग दुर्वाच्य बोल्छ । पछि नोकरको सहयोगमा थैलेकी दुई जिउकी स्वास्नीलाई मार्छ । ख्याउटेलाई थैलेबाट खतरा हुने महसुस भएपछि प्रहरीको सहयोगमा थैलेलाई पक्रेर कुटपिट गरी जेल पुर्याउँछ । यिनै कथामा व्यक्त समाजका घटना परिघटनाबाट थैलेमा दबाब र तनावको स्थिति सिर्जना भएको छ । थैले खत्रीमा सुरुमा दबाव र तनाव सिर्जना हुनुको मुख्य कारण ख्याउटेले बुबाको अंशबाट प्राप्त गरेको खेतलाई ख्याउटेले कब्जा गर्नु हो । थैले खत्रीमा सिर्जित दबाब र तनाव थैले खत्रीको मात्रै नभईकन त्यस समाजका आर्थिक शोषणमा परेको पिँढीकै दबाव र तनाव हो । यसबाट नेपालको पहाडी समाजको पुस्ता कसरी दबाव तनावका बिच जीबन बाँचिरहेको छ भन्ने कुरा तलको कथांशबाट पुष्टि हुन्छ :

"...थैलेले आफ्नो खेतमा ख्याउटेले गोरु नारेको थाहै पाएन । भोलिपल्ट एकैचोटि नवलपुर र प्याउलीका घरघरमा ख्याउटे र थैलेका कुरा उठे । मान्छेले थैलेको दुर्भाग्य सम्झेर खुइया सुस्केरा ताने..." (पृ. २) ।

तत्कालीन समाजमा ख्याउटेमा सिर्जना भएको दबाव र तनाव उसको व्यक्तिगत मात्रै नभएर समाजमा आर्थिक शोषणमा परेका समुदायकै दनाब र तनाव हो । किन भने यो घटना थैलेमा केन्द्रित रहे पनि उसमा मात्रै सीमित छैन । थैलेमाथि घटेको यस घटनाले समाजका विपन्न समुदायमा आशङ्का र भय सिर्जना गरेको छ । कथामा प्रभुत्वशाली समुदायले गरेको ज्यादतीको यो घटनाबाट थेले खत्री ख्याउटेले आफूमाथि ठुलो अन्याय गरेको अनुभुति गर्छ :

"नामर्दको छोरो भए छोडुँला त्यसै ....थैलेले उत्तेजित भएर भन्यो- ख्याउटेले के सम्झ्या छ हँ मलाई ? कि आफूजस्तै दुई बाबुको छारो सम्झ्या छ ? उसबेला त पत्तै पाइनँ र पो । अब हालोस् त मेरो खेताँ खुट्टा घुँडा खुस्काइनँ भने....." (पृ. ३)

प्रस्तुत कथांशबाट ख्याउटेले थैले खत्रीको खेत कब्जा गरेपछि उसले गरेकोको विरोधजन्य अभिव्यक्ति नै विशिष्ट अनुभूति बन्न पुगेको छ । समुदायका अन्य मानिसहरू पनि ख्याउटेले थैले माथि ठुलो अन्याय गरेको अनुभव गर्छन् । कथामा आफ्नो बुबाको अंशबाट पाएको एउटा मात्र खेत ख्याउटेले हडप्दा थैलेमा मात्रै पीडाजन्य अनुभूति नभएर उसकी स्वास्नीमा पनि देखापरेको छ । थैले गाएबाट बेपत्ता भएपछि थैलेको घरमा आगो लगाई उसकी स्वास्नीसित अपशब्द बोली बेघर बनाएको घटनाबाट थाहा हुन्छ । गाउँलेले ख्याउटे शक्तिसम्पन्न भएकाले उसँग जोरी खोज्नु हुँदैन

भन्ने सल्लाह दिनु गाउँलेमा उत्पन्न त्रास र पीडाजन्य अनुभूतिकै उपज हो । थैले खत्री गाउँलेको यस्तो सल्लाह मान्न तयार छैन । ऊ जुनसुकै परिस्थितिको सामना गरेर भए पनि आफ्नो सम्पत्ति फिर्ता लिने र ख्याउलेलाई उसले गरेका गल्तीको सजाय दिएरै छाड्ने अठोट गर्छ । परिणामस्वरूप तीन वषपछि गाउँ फर्केर ख्याउटेलाई पहिले चेतावनीस्वरूप पत्र पठाउँछ । पत्रबाट ख्याउटेलाई कुनै प्रभाव नपरेपछि थैले खत्री ख्याउटेको गोदाममा आगो लगाउँछ । थैलेले ख्याउटेको गोदाममा आगो लगाएको घटनापछि भने ख्याउटे खाफू विरुद्ध सङ्घर्ष गर्ने थैलेलाई पक्रिन बडाहाकिमसँग सहयोग माग्छ । प्रहरीको निगरानीमा रहेको थैले ख्याउटेलाई आफ्नो बानी व्यवहार सुधार्न पुनः चेतावनी दिन्छ तर ख्याउटेमा कुनै पवितर्न नआएपछि उसको गोठमा आगो लगाउँछ । प्रहरी र ख्याउटेका बिच जम्काभेट हुँदा दोहोरो भिडन्त हुन्छ । यस घटनामा एक जना प्रहरीको मृत्यु हुन्छ भने ख्याउटे समातिन्छ । कथामा प्रभुत्वशाली सामाजिक मान्यताका विरुद्ध एक्लै सङ्घर्ष गरिरहेको थैले खत्री कथान्तमा भने एक्लैले समाजलाई परिवर्तन गर्न नसकिँदो रहेछ भन्ने निष्कर्षमा पुग्छ । यसरी प्रस्तुत कथामा प्रभुत्वशाली समुदायको शोषण र अन्यायका बिचमा थैले खत्रीमा दबाव र तनावका बिच अनुभूतिको संरचना निर्माण भएको छ । त्यो दबाब र तनावको स्थितिको मुख्य कारण नै ख्याउटे कार्की र उसको अमानवीय व्यवहार हो । त्यो अमानवीय व्यवहारको विरुद्धमा थैले उत्रिएको छ । ऊ विद्रोही बनेर ख्याउटेसँग आफूमाथि गरेको अन्यायको बदला लिएरै छाड्ने प्रण गर्छ । यसरी कथामा प्रभुत्वशाली संस्कृतिका कारणले थिचोमिचो सहन विवश थैले खत्री जस्ता पात्रको चारित्रिक विकासका साथै सहानुभूति र विश्वास प्रकट भएको पाइन्छ ।

**आख्यान सन्दर्भ**

'थैले खत्रीको इतिहास' कथा यथार्थवादी कथा हो । यस कथामा घटनाक्रमलाई विभिन्न ससाना सात अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ । साथै यस कथामा समाख्याताले घटनाक्रमसँगै प्रत्येक अध्यायको समाप्तिको जानकारी दिएका छन् । कथाको पहिलो अध्यायमा थैले खत्रीको परिचयदेखि ख्याउटे कार्कीले थैले खत्रीका खेत कब्जा गरेको र त्यस कार्यको विरोध गर्दा ख्याउटेले थैले खत्रीमाथी गोली चलाएको घटना प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा ख्याउटे कार्कीले थैले खत्रीको घरमा आगो लगाएको, उसकी स्वास्नीसँग दुर्वाच्य बोलेको र मारेको घटना समेटिएको छ । तेस्रो अध्यायमा थैले खत्रीले ख्याउटे कार्कीको भकारी र गोठमा आगो लगाएको र ख्याउटेको हातमा गोली लागेको घटना उल्लेख गरिएको छ । चौथो अध्यायमा प्रहरी ख्याउटेको सुरक्षामा लागि घरमा आई बस्नुका साथै थैलेले ख्याउटेका प्रत्येक क्रियाकलाप चिठीमार्फत प्रहरीलाई जानकारी गराउँदै आफू तीन महिनासम्म बेपत्ता भएको, प्रहरी फर्केपछि ख्याउटेले कब्जा

गरको आफ्नो खेतको धान काटेर लगेको सन्दर्भ प्रस्तुत गरिएको छ । कथाको पाँचौँ अध्यायमा थैले खत्रीलाई प्रहरीले समातेर ल्याएपछि उसमाथि कुटपिट गरी मरणासन्न बनाएको घटना उल्लेख गरिएको छ । साथै छैटौँ अध्यायमा थैले खत्री जेल परेको सन्दर्भ उल्लेख गरिएको छ भने सातौँ अध्यायमा उसको चिहान चितवन जिल्लाको राप्ती खोलाको किनारमा रहेको घटनासन्दर्भ प्रस्तुत गरी कथान्त गरिएको छ ।

प्रस्तुत कथामा ख्याउटे कार्कीले थैले खत्रीको जग्गा कब्जा गर्छ । जग्गा कब्जा गरको घटनाले थैले खत्री र ख्याउटे कार्कीकाबिच प्रतिशोध सिर्जना हुन्छ । यस कथामा थैले खत्रीले पुख्यौंली अंशका रूपमा पाएको खेत ख्याउटेले कब्जा गरेपछि ऊ आतङ्कित मात्र नभएर उसमा प्रतिशोध सिर्जना हुन्छ । बिरोध गर्दा पनि ख्याउटेले खेत हडप्न नछाडेपछि ऊ प्रतिकारमा उत्रिन्छ । यसै क्रममा ख्याउटेले गोली हानेपछि गाउँ छोडेर भाग्छ । गाउँ छोडेर गएको तीन वर्षपछि थैले खत्री पुनः गाउँ फर्कन्छ र आफूमाथि अन्याय गर्ने ख्याउटे माथि चेतावनीस्वरूप गोठमा आगो लगाउँछ । ख्याउटेले नमान्दा आफ्नो खेतमा लगाएको धानबाली सबै सखाप पार्छ । ऊ ख्याउटेको तीनवर्षसम्म अन्न जम्मा गरेको गोदाममा आगो लगाउनसमेत पछि पदैन । ऊ अन्तमा ख्याउटेको सुरक्षार्थ खटिएका प्रहरीको जालमा फस्छ र उनीहरूबाट निर्घात पिटाइ खाँदै जेल पुग्छ । यसरी कथामा नेपाली समाजमा प्रभुत्त्वशाली समुदायले गरिब समुदायमाथि कसरी अन्याय गर्दछन्, भन्ने तत्कालीन सामाजिक संस्कृतिको ज्वलन्त उदाहरणको रूपमा यो कथा प्रस्तुत भएको छ ।

## निष्कर्ष

'थैले खत्रीको इतिहास' कथामा २०४६ निरङ्कुश पञ्चायती व्यवस्थामा हुने बेथिति अत्याचारका साथै शासकको ममोमालिन्यको चित्रण पाइन्छ । कथामा आएका नेपाली समाजका ख्याउटेजस्ता प्रभुत्वशशाली वर्गलाई सरकारी अड्डामा रहेका बडाहाकिमजस्ता राज्यव्यवस्था सञ्भालनमा खटिएका सरकारी कर्मचारीबाट संरक्षण भउको पाइन्छ । यस कथाको समाज नै पञ्चायतकालीन नेपाली समाज हो । तत्कालीन राज्यव्यवस्थामा समाजमा गरिबमाथि हुनेगरेको दमन र शोषणका कारण समाजका थैले खत्री जस्ता विपन्न र असहाय मानिसमाथि भएको अन्यायको परिणति नै तत्कालीन रामाजिक व्यवस्थाप्रतिको विदोह हो । यस कथामा सामन्तवादी प्रभुत्वशाली मान्यताको वर्चस्व रहेको तत्कालीन समय परिवेशमा थेले खत्रीजस्ता व्यक्तिमाथि भएको शोषणका कारण दबाव सिर्जना गरेको पाइन्छ । यस कुराको पुष्टि ख्याउटे कार्कीले थैलेको दश मुरी धान फल्ने खेतमा जबरर्जस्ती आफ्ना गोरु जोतेको घटनाबाट प्रस्ट हुन्छ । ख्याउटेले आफ्नो खेतमा जबर्जस्ती गोरु जोतेको थाहा पाएपछि खेतमा गई ख्याउटेसँग प्रतिवाद गर्छ तर

ख्याउटे उल्टै थैलेमाथि गोली चलाउँछ । यस घटनापछि थैले ख्याउटेलाई चेतावनी दिँदै गाउँबाट बेपत्ता हुन्छ । तीन वर्षपछि फर्केर आउँदासम्म ख्याउटेले थैलेको घरमा आगो लगाउनुका साथै नोकरको सहयोगमा दुई जिउकी स्वास्नीलाई मारेको घटना थाहा पाउँ छ । यस कथामा प्रभुत्वशाली पिँढीको विचार क्रियाकलापबाट उत्पन्न दबाब र तनावका कारण थैलेलाई विद्रोही बनाई जबसम्म समाजमा भएका प्रभुत्वशाली सामन्तवाली विचारधाराको अन्त्य हुँदैन तबसम्म समाजमा आफ्नो मूल्य स्थापना गर्न सकिदैन । यसरी तत्कालीन नेपाली समाजको सामन्तवादी प्रभुत्वशाली मान्यताले अधीनस्थमाथि गरेको हैकमस्वरूप दबाब सिर्जना गरेको छ । तत्कालीन पञ्चायती निरङ्कुश राज्यव्यवस्था सामन्तवर्गकै विचारको संवाहक भएकाले त्यस मान्यताका विरुद्ध कुनै ठोस वैकल्पिक संस्कृति निर्माण हुन नसके पनि सामाजिक परिघटनाले  विशिष्ट अनुभूतिको संरचना निर्माण गरेको छ ।

## सन्दर्भ सामग्री

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दो.संस्क.). साझा प्रकाशन ।

गौतम, कृष्ण (२०७५) मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म. भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

घर्ती, दुर्गाबहादुर (२०७९). *केही दृष्टिकोण केही विश्लेषण.* ओरियन्टल पब्लिकेशन ।

घिमिरे, विदुला (२०६९), *बानिरा गिरीका उयपन्यासमा अनुभूतिको संरचना.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध.नेपाली केन्द्रीय विभाग. त्रि.वि. ।

घिमिरे, विदुला (२०७४). *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

जैन, निर्मला (सन् १९८६). *साहित्यका समाजशास्त्रीय चिन्तन.* हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९७४). *साहित्य के समाजशास्त्र की भूमिका.* साहित्य अकादमी ।

बराल, ऋषिराज (२०६४). *साहित्य र समाज.* साझा प्रकाशन ।

नेपाल, प्रदीप (२०६२). *धरहराको सहर.* साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, तोयानाथ (२०७८). *ऋषिराज बरालका कथामा अनुभूतिको संरचना.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रि.त्रि. ।

Gramsci, Antonio (1973). The Prison *Notebooks :* Selections, Trans. and Ed. Hoare and Smith. London : Lawrence and wishart.